विश्वासीहरूका निम्ति लेखिएको
पवित्र बाइबलको टिप्पणी

# पहिलो कोरिन्थीको पुस्तकको टिप्पणी

विलियम म्याक डोनाल्ड

Title of the English Original:
**Believer's Bible Commentary by William MacDonald**

Indian Publisher of the English Original:
**Authentic Media, Medchal Road, Suchitra Junction, Secunderabad – 500 067, India**

ISBN of the English Original: ISBN 9789381905593

Copyright of the English Original: © 1995 by Christian Mission in Many Lands, Inc. P.O. Box 13, Spring Lake, NJ 07762, USA www.cmml.us

Copyright of the Nepali translation: © 2015 by Christian Mission in Many Lands, , Inc. P.O. Box 13, Spring Lake, NJ 07762, USA www.cmml.us

Publisher of the Nepali translation:

जीवन मार्ग प्रकाशन
पी.ओ. बोक्स नं. २३
पी.ओ. कालिम्पोङ्ग - ७३४३०१
दार्जीलिङ्ग, पश्चिम बंगाल
भारत

Printed at:

# कोरिन्थीहरूलाई लेखिएको प्रेरित पावलको पहिलो पत्रको भूमिका

*'यो पुस्तक मण्डली-इतिहासको एक बेजोड़ अंश हो'*

*श्री कार्ल हाइन्रिक वाइजेकर*

## १) नयाँ नियमको कानुनमा त्यस पुस्तकको अद्वितीय स्थान

'पहिलो कोरिन्थी'को पुस्तक समस्याहरूको पुस्तक भनिन्छ; किनभने प्रेरित पावलले यस पत्रमा यी समस्याहरू समाधान गर्न आफ्नो हातमा लिएका छन्, जुन समस्याहरू कोरिन्थको मण्डलीले त्यस दुष्ट शहरमा सामना गर्नुपरेको थियो। अनि वर्तमान समयका समस्याग्रस्त मण्डलीहरूलाई यस पत्रको शिक्षा नितान्त आवश्यक परेको छ। फाटोहरू, अगुवाहरूको वीरपूजा, व्यभिचार, मामिलाहरू, वैवाहिक समस्याहरू, शङ्कास्पद चालहरू र आत्मिक वरदानहरूको उचित प्रयोगको निम्ति नियम आदि विषयहरू यस पुस्तकमा व्यवहार गरिएका छन्।

तर पहिलो कोरिन्थीको पत्र केवल समस्यै-समस्याहरूले भरिएको पुस्तक ठान्नुहुँदैन। यस पत्रको तेह्र अध्यायमा प्रेमको परम सुन्दर निबन्ध छ, यस्तो उच्च निबन्ध पवित्र धर्मशास्त्र बाइबलको अन्य ठाउँमा, अँ, संसारका अरू कुनै ग्रन्थ, लेख र साहित्यमा पाइँदैन। ख्रीष्ट येशू र हामी

विश्वासीहरूको पुनरुत्थानको विषयमा अद्‌भुत शिक्षा पाउनु हो भने पहिलो कोरिन्थीको पन्ध्र अध्याय पढ्नुहोस्! प्रभुभोजको नियम जान्नलाई पहिलो कोरिन्थीको एघार अध्याय पढ्नुपर्छ। अनि चन्दा उठाउने काममा भाग लिने आदेश पहिलो कोरिन्थीको सोह्र अध्यायमा पेश गरिएको छ; यी सबै कुराहरू यस पुस्तकमा समावेश छन्।

पहिलो कोरिन्थीको पुस्तकविना हाम्रो आत्मिक धन निक्कै घटेको हामी महसुस गर्छौं; किनकि इसाई जीवनको व्यवहार कसरी सञ्चालन गर्नु पर्छ, यस सम्बन्धमा यो पुस्तक शिक्षाको खानी हो।

## २) त्यस पुस्तकको लेखक को हुन्?

पहिलो कोरिन्थीको पुस्तकचाहिँ प्रेरित पावलको कलमको रचना हो भन्ने कुरामा सबै विद्वान्‌हरूको एउटै राय छ। शास्त्रसम्मत नभएका कतिजना धर्मविज्ञानी लेखकहरूले यस पत्रमा बीचमा केही थपनीहरू हालिएको भेट्टाएका भन्छन्, तर तिनीहरूले आफ्ना व्यक्तिगत अड्‌कल-हरूका निम्ति ग्रीक पाण्डुलिपिहरूबाट कुनै प्रमाण दिन सक्दैनन्। १ किरन्थी ५ः९ पदमा पावलले पहिलो कोरिन्थीको पत्रभन्दा अघि लेखेको अर्को एउटा चिट्ठीको कुरा गरेका छन्, जुन चिट्ठी नयाँ नियमको कानुनमा समावेश गरिएको छैन, जुन चिट्ठीमा लेखिएका कति कुराहरू कोरिन्थका विश्वासीहरूले बुझ्न सकेनन्।

पहिलो कोरिन्थीको पुस्तकको बाहिरी प्रमाण धेरै अघिको हो; किनभने रोमको क्लेमेन्टले यस पत्रलाई 'स्मरणीय प्रेरित पावलको पत्र' भने (इस्वी संवत् ९५)। अरू मण्डली-पितृहरूले पनि यस पत्रबाट उद्धृत गरे, जस्तै पोलिकार्प (इस्वी ६९-१५५), जस्टिन मार्टर (इस्वी संवत् १००-१६५), अथेनारोअस (इस्वी संवत् १३३-१९०), इरनेयस (इस्वी संवत् १३०-२०२), आलेकजान्ड्रियाको क्लेमेन्ट (इस्वी संवत् १५०-२३०) र टेर्टुल्यान (इस्वी संवत् १६०-२३०)। मुराटोरी कानुनअन्तर्गत त्यसको नाम आउँछ (इस्वी संवत् १७०-२००), अनि मार्किओनको 'अपोस्टोलिकोन' कानुनमा गलातीको पुस्तकपछि पहिलो कोरिन्थी राखिएको छ (इस्वी संवत् १२०-१३०)।

भित्री प्रमाण पनि बलियो छ। १ कोरिन्थी १:१ र १६:२१ पदमा लेखकले पावल भनेर आफ्नो नाम प्रकट गरेका छन्। अनि १ कोरिन्थी १:१२-१७, ३:४, ६ र २२ पदका खण्डहरूले पनि प्रेरित पावल यस पत्रको लेखक हुन् भन्ने कुरा पुष्टि गर्छन्। 'प्रेरितहरूका कामहरू' भन्ने पुस्तकमा र पावलका अन्य पत्रहरूमा लेखिएका कतिपय घटनाहरू अनि पहिलो कोरिन्थीमा उल्लेख गरिएका घटनाहरूले आपसमा मेल खान्छन्; अनि यस पत्रमा यी विश्वासीहरूका निम्ति प्रकट गरिएको चिन्ताले प्रेरित पावललाई चिनाइदिन्छ। यसको नकल गर्न सकिँदैन। यस प्रकारका कुराहरूले पहिलो कोरिन्थीको पत्र पावलको सकली पत्र हो भन्ने तर्कहरू गठिला र गहकिला तुल्याएका छन्।

## ३) त्यस पुस्तकको लेख्ने मिति के हो ?

प्रेरित पावलले 'म एफेससबाट लेख्दैछु' भनेका छन् (१ कोरिन्थी १६:८-९ र १९)। तिनले एफेससमा तीन वर्ष सेवकाइ गरे; यसकारण पहिलो कोरिन्थीको पत्र त्यही समयमा लेखिएको हुनुपर्छ; हुन सक्छ, इस्वी संवत् ५५ वा ५६ सालतिर, जब त्यहाँ तिनको सेवाको समय सक्न लागेको थियो। कति विद्वान्हरूले लेख्ने मिति अझै यसभन्दा अघि सारेका छन्।

## ४) सन्दर्भ र विषयवस्तु

प्राचीन कोरिन्थ र वर्तमान कोरिन्थ शहरचाहिँ ग्रीसको दक्षिण भागमा पर्छ, एथेन्सदेखि पश्चिम; त्यस जमानाका व्यापार-मार्गहरू भेटिने र छुट्टिने अनुकूल ठाउँमा यो अवस्थित थियो, अनि अन्तर्राष्ट्रिय वाणिज्यको ठूलो केन्द्र बनेको थियो; यसकारण अपरिमित मालहरू र प्रशस्त मानिसहरूले यस शहरमा आउजाउ गर्थे। तर त्यस शहरको धर्मले मानिसहरूमा भ्रष्टाचार र चरित्रहीनता पैदा गर्‍यो; अनि कोरिन्थ वेश्यावृत्ति, अश्लीलता र यौनका हर प्रकारका अनैतिक सम्बन्धहरूले पूर्ण व्यभिचारको केन्द्र पनि भयो। यसकारण कोरिन्थको नाम अशुद्ध र

कामुक भएको जुनसुकै कुराको दुर्नामको रूपमा प्रयोग गरिन्थ्यो। व्यभिचारको सम्बन्धमा यस शहरको कुख्याती यहाँसम्म चलेको थियो, कि त्यसबाट ग्रीक भाषाको 'कोरिन्थिअजोमाइ' भन्ने क्रियापद रचियो, जसको अर्थ 'भ्रष्ट जीवन व्यतीत गर्नु' हो।

प्रेरित पावलको दोस्रो सुसमाचार-धावारूपी यात्रामा तिनले कोरिन्थको भ्रमण गरे (प्रेरितको पुस्तकको अठार अध्याय)। पहिले तिनले त्यहाँ यहूदीहरूको बीचमा परिश्रम गरे। त्यस बेलामा तिनी तम्बू बनाउने अक्विला र उनकी पत्नी प्रिस्किल्लाको साथमा थिए। तर प्रायः सबै यहूदी मानिसहरूले तिनको प्रचारको वचन इन्कार गरे। यसकारण तिनी कोरिन्थमा भएका अन्यजातिका मानिसहरूतिर फर्के। सुसमाचारको प्रचारद्वारा आत्माहरू बाँचे, र त्यहाँ एउटा मण्डली स्थापित भयो।

लगभग तीन वर्षपछिको कुरा होः पावलले एफेससमा प्रचारको काम गर्दैथिए, जब तिनले कोरिन्थबाट एउटा चिट्ठी पाए। कोरिन्थको मण्डलीमा ठूला समस्याहरू थिए। अनि त्यस चिट्ठीमा इसाई जीवनका कति व्यवहारिक बुँदाहरू पनि प्रश्नहरूको रूपमा उठाइएका थिए। अनि कोरिन्थीहरूको त्यस चिट्ठीको उत्तरमा पावलले पहिलो कोरिन्थीको पत्र लेखे।

सांसारिक र शारीरिक मण्डलीको सुधार पावलको यस पत्रको विषयवस्तु हो; किनभने कोरिन्थका विश्वासीहरू आफ्ना कति कुव्यवहारहरू, भूलहरू र कामकुराहरूको विषयमा गम्भीर थिएनन्, जसको विषयमा प्रेरित पावल साह्रै डराएका थिए। श्री मोफटको सारगर्भित शब्दमा भन्नु हो भने 'ख्रीष्टको मण्डली संसारमा छ, अनि यो यसो हुनु पनि आवश्यक पर्छ; तर कोरिन्थमा संसार मण्डलीभित्र आएको थियो; अनि त्यो कुरा हुनुहुँदैनथियो।'

अनि वर्तमान मण्डलीहरूको अवस्था कोरिन्थको मण्डलीको जस्तो छ; यसकारण पहिलो कोरिन्थीको पत्रको सन्देशको महत्त्व अलिकति पनि घटेको छैन।

## रूपरेखाः

**खण्ड १) १ कोरिन्थी १:१-९: परिचय**

**क) १ कोरिन्थी १:१-३:** अभिवादन

**ख) १ कोरिन्थी १:४-९:** धन्यवादको प्रार्थना

**खण्ड २) १ कोरिन्थी १:१०-६:२०: मण्डलीका आत्मिक रोगहरू**

**क) १ कोरिन्थी १:१०-४:२१:** विश्वासीहरूको बीचमा भएका अमेल र फाटोहरू

**ख) १ कोरिन्थी ५ अध्यायः** विश्वासीहरूको बीचमा भएको व्यभिचार

**ग) १ कोरिन्थी ६:१-११:** विश्वासीहरूको बीचमा भएका मामिलाहरू

**घ) १ कोरिन्थी ६:१२-२०:** विश्वासीहरूको बीचमा भएको नैतिक लापरवाही

**खण्ड ३) १ कोरिन्थी ७-१४ अध्यायः मण्डलीले सोधेका प्रश्नहरूमा प्रेरितले दिएका उत्तरहरू**

**क) १ कोरिन्थी ७ अध्यायः** विवाह र अविवाहित जीवनको विषयमा सोधिएको प्रश्नको उत्तर

**ख) १ कोरिन्थी ८:१-११:१:** मूर्तिहरूलाई चढ़ाएका चीजहरू खाने विषयमा सोधिएको प्रश्नको उत्तर

**ग) १ कोरिन्थी ११:२-१६:** स्त्रीहरूको शिर ढाक्ने विषयमा सोधिएको प्रश्नको उत्तर

**घ) १ कोरिन्थी ११:१७-३४:** प्रभुभोजको विषयमा सोधिएको प्रश्नको उत्तर

**ङ) १ कोरिन्थी १२-१४ अध्यायः** आत्मिक वरदानहरू र तिनको प्रयोगको विषयमा सोधिएको प्रश्नको उत्तर

**खण्ड ४) १ कोरिन्थी १५ अध्यायः मरेकाहरूको पुनरुत्थान इन्कार गर्नेहरूलाई प्रेरित पावलको जवाफ**

**क) १ कोरिन्थी १५ः१-३४ः** पुनरुत्थानको विषयमा पूरा निश्चयता छ

**ख) १ कोरिन्थी १५ः३५-५७ः** पुनरुत्थानको विषयमा उठेका आपत्तिहरूको विषयमा पावलका तर्कहरू

**ग) १ कोरिन्थी १५ः५८ः** पुनरुत्थानबाट अभिप्रेरित आह्वान

**खण्ड ५) १ कोरिन्थी १६ अध्यायः प्रेरित पावलको अन्तिम सल्लाह**

**क) १ कोरिन्थी १६ः१-४ः** चन्दा उठाउने सम्बन्धमा दिइएको सल्लाह

**ख) १ कोरिन्थी १६ः५-९ः** पावलका व्यक्तिगत योजनाको सम्बन्धमा दिइएको सल्लाह

**ग) १ कोरिन्थी १६ः१०-२४ः** अन्तिम अर्तीहरू र अभिवादन

# कोरिन्थीहरूलाई लेखिएको प्रेरित पावलको पहिलो पत्रको टिप्पणी

## खण्ड १) १ कोरिन्थी १:१-९: परिचय

### क) १ कोरिन्थी १:१-३: अभिवादन

**१ कोरिन्थी १:१:** येशू ख्रीष्टको प्रेरित हुनलाई पावलले दमस्कसको बाटोमा बोलावट पाएका थिए। त्यो बोलावट मानिसहरूबाट वा अरू कसैद्वारा होइन, तर सीधा प्रभु येशूबाट भएको थियो। प्रेरितको अर्थ 'पठाइएको जन' हो। ख्रीष्ट येशूका बाह्र प्रेरितहरू उहाँको बौरिउठाइका प्रत्यक्ष साक्षीहरू थिए। अनि उनीहरूले प्रचार गरेको सुसमाचार परमेश्वरबाटको हो भन्ने कुरा प्रमाणित गर्न उनीहरूलाई आश्चर्यकर्महरू गर्ने वरदान दिइएको थियो। पावलको विषयमा श्री गेर्हार्ड टेरस्टेगनका निम्न शब्दहरू बिलकुल सत्य ठहर्छन्:

*परमेश्वरको पुत्र ख्रीष्ट येशूले मलाई मध्यरातका देशहरूमा पठाउनुभएको हो;*

*उहाँका घायल हातहरूद्वारा शक्तिको साथ मेरो नियुक्ति भएको छ।*

जब प्रेरित पावलले यो पत्र लेखे, तब भाइ सोस्थेनेस पनि तिनको साथमा थिए। यसकारण पावलले आफ्नो अभिवादनमा उनको नाम पनि हालेका छन्। अनि सोस्थेनेसको विषयमा, उनी प्रेरित १८:१७ पदमा बताइएको सोस्थेनेस हुन् भनेर हामी पूरा निश्चयतासाथ भन्न सक्दैनौं। त्यहाँको सोस्थेनेसचाहिँ सभाघरको मुख्य शासक थिए, जसले ग्रीकहरूको हातबाट सबैको सामु पिटाइ खाएका थिए। हुन सक्छ, यी अगुवाजन पावलको सेवकाइद्वारा बाँचेका थिए, र अहिले तिनलाई सुसमाचारको काममा सहायता गर्दैथिए।

**१ कोरिन्थी १:२:** यो पत्रको प्रापकचाहिँ कोरिन्थमा भएको परमेश्वरको मण्डली थियो। कोरिन्थजस्तै व्यभिचारले भरिएको ठाउँमा परमेश्वरको मण्डली स्थापित हुन सक्यो भने संसारभरि यस्तो कुनै ठाउँ नै छैन, जहाँ उहाँले आफ्नो मण्डली स्थापित गर्न सक्नुहुन्न। यसबाट हामी उत्साह पाउँछौं। कोरिन्थमा स्थापित भएको मण्डलीमा को थिए? यसमा ख्रीष्ट येशूमा पवित्र पारिएकाहरू थिए, जसले पवित्र जनहरू हुने बोलावट पाएका थिए। पवित्र पारिएकाहरू संसारबाट अगल, परमेश्वरका निम्ति अलग गरिएका हुन्। ख्रीष्ट येशूमा भएकाहरू सबैको आत्मिक स्तर यही हो। अनि पवित्र जीवन जिउनलाई उनीहरूले दिन प्रतिदिन आफूलाई अलग राख्नुपर्छ; उनीहरूको व्यवहारिक अवस्था यस्तै हुनुपर्छ।

कति मानिसहरूले जिद्दी गरेर के भन्छन् भने, पवित्रीकरणचाहिँ अनुग्रहको छुट्टै काम हो, जुन कामद्वारा मानिसमा उसको पापी स्वभाव पूरा शेष हुन्छ। तर यस प्रकारको शिक्षासित यस पदले मेल खाँदैन। यस पदमा अर्को कुरा लेखिएको छः कोरिन्थका विश्वासीहरू परमेश्वरद्वारा पवित्र पारिएको स्तरमा उठाइएका थिए, तर उनीहरूको व्यवहारिक पवित्रता जस्तो हुनुपर्थ्यो, त्यस्तै भएन।

पवित्र जनहरूको परिवार ठूलो छ। कोरिन्थीहरू एउटा ठूलो सङ्घका सदस्य भएका थिए; किनभने हरेक ठाउँमा येशू ख्रीष्ट हाम्रा प्रभुको नाम पुकार्नेहरू छन्। उहाँ तिनीहरूको र हाम्रा प्रभु हुनुहुन्छ। कोरिन्थमा भएका पवित्र जनहरू यस पत्रको प्रापक थिए, अनि यस पत्रका शिक्षाहरू सर्वप्रथम उनीहरूका निम्ति लेखिएका हुन्, तर ख्रीष्ट येशूलाई

प्रभुको रूपमा स्वीकार गर्नेहरू सबैका निम्ति पनि लेखिएका छन्, अर्थात् विश्वभरिको सम्पूर्ण इसाई सङ्गतिका निम्ति हुन् ।

**१ कोरिन्थी १ः३ः** विशेष गरी पहिलो कोरिन्थीको पत्र प्रभु येशूको प्रभुत्वको माग र दाबी गर्ने पत्र हो । यी विश्वासीहरूको व्यक्तिगत जीवनमा र उनीहरूको मण्डलीका थुप्रै समस्याहरू कसरी हल हुन्छन्? यसका निम्ति पावलको एउटा उपाय छः येशू ख्रीष्ट उनीहरूको प्रभु हुनुपर्छ। तिनले आफ्नो पत्रमा पाठकवर्गलाई सम्झाउँदै लगातार यस एउटै कुरामा जोड़ दिँदैछन्। यो महान् सत्यता हामीले जान्नुपर्छ, हामीले स्वीकार गर्नुपर्छ, हामीले ग्रहण गर्नुपर्छ।

तीन पदमा पावललाई चिनाइदिने तिनको अभिवादन छ। अनुग्रह र शान्ति! तिनले प्रचार गरेको सुसमाचारभित्र जेजति आशिषहरू छन्, अनुग्रह र शान्ति ती आशिषहरूको सार हुन् । अनुग्रह हरेक आशिषको स्रोत हो । अनि जुन मानिसले परमेश्वरको अनुग्रह ग्रहण गर्छ, उसको जीवनमा शान्ति हुन्छ। यी महान् आशिषहरू परमेश्वर हाम्रा पिताबाट र प्रभु येशू ख्रीष्टबाट आउँछन्। परमेश्वर हाम्रा पितासँगै प्रभु येशूको नाम लिन पावललाई यहाँ अलिकति पनि अप्ठ्यारो लाग्दैन; किनभने परमेश्वर पिता र प्रभु येशू समान हुनुहुन्छ भन्ने कुरामा तिनलाई कुनै शङ्का छैन। नयाँ नियमभरि यस प्रकारको अर्थ दिने वाक्यहरू सयौं छन् ।

## ख) १ कोरिन्थी १ः४-९ः धन्यवादको प्रार्थना

**१ कोरिन्थी १ः४ः** कोरिन्थका विश्वासीहरूलाई अभिवादन चढ़ाएपछि प्रेरित पावलले उनीहरूका निम्ति र उनीहरूको जीवनमा भएको परमेश्वरको अचम्मको कामका निम्ति उहाँलाई धन्यवाद चढ़ाउँछन्। आफ्ना सङ्गी-विश्वासीहरूको जीवनमा तिनले सधैं धन्यवाद दिन लायकको कुनै न कुनै कुरा खोजी गर्ने तिनको राम्रो आदत थियो । ख्रीष्ट-विश्वासीहरूको व्यवहारमा तिनले यस्तो कुनै सद्गुण पाउन नसके ता पनि तिनले आफ्ना परमेश्वरलाई उहाँले तिनीहरूका निम्ति गर्नुभएको उपकारको कामका निम्ति धन्यवाद नदिई रहन सकेनन्। कोरिन्थका

विश्वासीहरू आत्मिक इसाईहरू थिएनन् । तर येशू ख्रीष्टद्वारा उनीहरूलाई दिइएको परमेश्वरको अनुग्रहका निम्ति पावलले परमेश्वरलाई धन्यवाद चढ़ाउँछन् ।

**१ कोरिन्थी १ः५ः** परमेश्वरको अनुग्रह कोरिन्थका विश्वासीहरूकहाँ विशेष प्रकारले प्रकट भएको थियो; किनकि उनीहरूलाई प्रशस्त मात्रामा पवित्र आत्माका वरदानहरू दिइएका थिए। पावलले यी आत्मिक वरदानहरूमध्ये दुईवटाको नाम लिन्छन्ः सारा वचन र सारा ज्ञान। यसो भन्दाखेरि उनीहरूसँग भाषाहरू बोल्ने र भाषाहरूको अर्थ खोल्ने वरदान, साथै असाधारण मात्राले ज्ञान पाएको वरदान पनि थियो होला भन्ने अर्थ सम्भव छ। वचन भन्नाले शब्दहरू व्यक्त गर्ने क्षमता हो भने ज्ञानचाहिँ बुझ्ने क्षमता, मनको समझशक्ति हो ।

**१ कोरिन्थी १ः६ः** उनीहरूको जीवनमा पक्का पनि परमेश्वरको काम भएको हो भन्ने कुरा यी वरदानहरूले पुष्टि गर्छन्। *'जसरी ख्रीष्टको साक्षी तिमीहरूमा पक्का गरिएको हो'* भनेर पावलले भनेको वाक्यको अर्थ यही हो। उनीहरूले ख्रीष्टको गवाही सुने; उनीहरूले त्यसलाई विश्वासद्वारा ग्रहण गरे; अनि उनीहरूले साँचो तवरले मुक्ति पाएको सम्बन्धमा परमेश्वरले उनीहरूलाई यी आत्मिक वरदानहरू, यी अलौकिक क्षमताहरू प्रदान गरेर उनीहरूको जीवनमा यसको साक्षी दिनुभयो ।

**१ कोरिन्थी १ः७ः** उनीहरूलाई दिइएका आत्मिक वरदानहरूको सम्बन्धमा कोरिन्थको मण्डली अरू कुनै मण्डलीभन्दा कम थिएन। उनीहरूसँग नभएको के पो थियो ? तर यी आत्मिक वरदानहरूरूपी प्रशस्त सम्पत्ति आत्मिकताको लक्षण होइन। पावलले प्रभुलाई केको निम्ति धन्यवाद चढ़ाउँछन् ? वास्तवमा तिनले यहाँ उहाँलाई यस्तो एउटा कुराका निम्ति धन्यवाद दिएका छन्, जुन कुरा प्रत्यक्ष रूपले कोरिन्थीहरूको कुनै हात थिएन। स्वर्गारोही प्रभुले कसैको योग्यता नहेरीकन विश्वासीहरूलाई आत्मिक वरदानहरू दिनुहुन्छ। कसैसँग कुनै आत्मिक वरदान छ भने, त्यो उसका निम्ति कुनै घमण्ड गर्ने कारण हुँदैन; बरु नम्र भई उसले यो वरदान प्रभुको महिमाका निम्ति चलाउँदै गरोस् !

आत्माको फल बिलकुल अर्को कुरा हो; किनभने यसका निम्ति विश्वासीले आफूलाई पवित्र आत्माको अनुशासनको अधीनतामा राखि-छोड्नुपर्छ। प्रेरित पावलले कोरिन्थका विश्वासीहरूको जीवनमा प्रकट भएको आत्माको फलका निम्ति परमेश्वरलाई धन्यवाद चढ़ाउन सकेनन्, तर सर्वाधिकारी प्रभुले उनीहरूको जीवनमा हाल्नुभएका वरदानहरूका निम्ति धन्यवाद दिए, जुन कुरामा उनीहरूको हातै थिएन।

यस पत्रमा अघि बढ्दै जाँदा प्रेरित पावलले यी पवित्र जनहरूलाई यी आत्मिक वरदानहरूको बेप्रयोगको विषयमा हप्काएको हामीलाई थाहा लाग्छ। तर यहाँ, यस खण्डमा उनीहरूले असाधारण प्रकारले प्रशस्त आत्मिक वरदानहरू पाएकोमा तिनले धन्यवाद चढ़ाएका छन्।

कोरिन्थका विश्वासीहरूले प्रभु येशू ख्रीष्टको आगमनको बाटो हेर्दैथिए। अनि यस पदको सन्दर्भ १ थेस्सलोनिकी ४ः१३-१८ पदको खण्ड अर्थात् आफ्ना पवित्र जनहरूलाई लिन आउने ख्रीष्ट येशूको आगमन हो कि आफ्ना पवित्र जनहरूको साथमा प्रभुको दोस्रो आगमन हो, सो कुराको बारेमा बाइबल-अध्ययन गर्नेहरूमा एकमत छैन (२ थेस्सलोनिकी १ः६-१०)। हुन सक्छ, यी दुईवटा कुराहरू यसको सन्दर्भ हुन्। पहिलो घटनामा ख्रीष्ट येशू आफ्ना विश्वासीहरूकहाँ प्रकट हुनुहुनेछ। अनि दोस्रो घटनामा उहाँ सारा संसारकहाँ प्रकट हुनुहुनेछ। चाहे ख्रीष्ट-विश्वासीहरू उठाइलगिएको क्षण होस्, वा प्रभु येशूको महिमित आगमन होस्, यी कुराहरू विश्वासीहरूको उत्कट इच्छा गरिने विषयवस्तुहरू हुन्।

**१ कोरिन्थी १ः८ः** प्रभु येशूले यी पवित्र जनहरूलाई अन्तसम्म स्थिर पार्नुहुनेछ, र उनीहरू प्रभु येशू ख्रीष्टको दिनमा निर्दोष भएका होऊन् भन्ने कुरामा पावल निश्चित भएका थिए। कोरिन्थका विश्वासीहरूले गरेको कुराका निम्ति होइन, तर परमेश्वरले उनीहरूका निम्ति गरिदिनुहुने कुरा फेरि पनि पावलको धन्यवादको अर्को बुँदा हो। यो घतलाग्दो कुरा हो। उनीहरूले ख्रीष्ट येशूमाथि आफ्नो विश्वास राखे; अनि परमेश्वरले उनीहरूलाई आत्माका वरदानहरू दिएर उनीहरूको विश्वास पुष्टि गर्नुभयो; यसकारण परमेश्वरले उनीहरूलाई ख्रीष्ट येशूको आगमन नभएसम्म आफ्ना निम्ति सुरक्षित राख्नुहुनेछ – त्यस क्षणसम्म, जब प्रभु

येशू आफ्ना जनहरूलाई लिन आउनुहुनेछ। यस कुरामा पावलको अटल विश्वास थियो।

**१ कोरिन्थी १:९:** कोरिन्थका विश्वासीहरूको विषयमा पावल ढुक्कै थियो; किनभने तिनको आशा परमेश्वरको विश्वासयोग्यतामाथि अड़ेसिएको थियो; किनकि उहाँले उनीहरूलाई उहाँको पुत्रको सङ्गतिमा बोलाउनुभयो। तिनलाई थाहा थियो, कि परमेश्वरले उनीहरूलाई हाम्रा प्रभुमा सहभागिता दिनलाई त्यत्रो मूल्य जुटाउनुभयो; यसकारण उहाँले उनीहरूलाई कहिल्यै आफ्ना हातबाट खोस्न दिनुहुनेछैन।

# खण्ड २) १ कोरिन्थी १:१०-६:२०: मण्डलीका आत्मिक रोगहरू

## क) १ कोरिन्थी १:१०-४:२१: विश्वासीहरूको बीचमा भएका अमेल र फाटोहरू

**१ कोरिन्थी १:१०:** प्रेरित पावल यस मण्डलीमा भइरहेका फाटोहरूको विषय उठाउन तयार छन् (१ कोरिन्थी १:१०-४:२१)। पहिले तिनले एकता कायम राख्ने न्यानो अर्ती दिन्छन्। प्रेरितको अधिकार प्रयोग गरेर उनीहरूलाई आज्ञा गर्नुको सट्टामा पावलले उनीहरूको दाजुको ठाउँ ओगटेर उनीहरूलाई कोमलापूर्वक आग्रह गर्दछन्। अनि एकता कायम राख्ने यो विन्ती हाम्रा प्रभु येशू ख्रीष्टको नाममा पेश गरिन्छ। उहाँको नाममा उहाँको सारा व्यक्तित्व बाँधिएको छ; यसकारण प्रभु येशूको नाम उहाँ को हुनुहुन्छ र उहाँले के-के गर्नुभयो, यी सबै कुराहरूको सार

हो। यस आधारमा पावलको आग्रह स्थापित भएको छ। कोरिन्थका विश्वासीहरूले विभिन्न मानिसहरूका नामहरू उच्च पारे। यसको फल फाटोहरू हुनेछ। तर पावलले प्रभु येशूको नाम उच्च पार्छन्; किनभने केवल यसरी नै परमेश्वरका जनहरूको बीचमा एकता पैदा गरिन्छ भन्ने कुरा तिनले जानेका छन्। *'तिमीहरू सबैजना एकै कुरा बोल !'* अनि *'तिमीहरू एउटै मनका र एउटै रायका होओ'* भन्ने अर्थ एउटा हो। निष्ठावान् स्वामिभक्ति एकताको सुत्रा हो। ख्रीष्ट-विश्वासीहरूमा ख्रीष्टको मन हुनुपर्छ; त्यसले उनीहरूको बीचमा एकता पैदा गर्छ। अनि निम्न पदहरूमा पावलले उनीहरूलाई प्रभुको मन पाउनलाई व्यवहारिक कदमहरू प्रस्तुत गर्नेछन्; किनभने ख्रीष्ट येशूको अनुसारीले उहाँका विचारहरू पत्ता लगाउन सक्दो रहेछ।

**१ कोरिन्थी १:११:** कोरिन्थमा भइरहेका फाटोहरूको विषयमा पावलले क्लोएको घरानाबाट सुन्न पाए। तिनलाई सूचना दिने व्यक्ति को थियो, सो नामसमेत बताउँदै तिनले ख्रीष्टीय चालचलनका निम्ति एउटा बलियो जग बसालेका छन्। अरू विश्वासीहरूलाई पोल लगाइएको विषयमा साक्षी बस्न नसक्नु हो भने तिनीहरूको विषयमा कुनै नराम्रो खबर नफैलाऔं ! वर्तमान समयमा यस नमुना र नियमअनुसार व्यवहार गरिएको भए हामीले प्रायः सबै व्यर्थ गफ र अरूको निन्दारूपी चर्चामा रोकटोक लगाउन र यस्ता कुराहरू बन्द गर्न सक्नेथियौं। तर के गर्ने ? मण्डलीलाई सताउने र पिरोल्ने यो रोग आजको दिनसम्म निको भएकै छैन।

**१ कोरिन्थी १:१२:** यस स्थानीय मण्डलीभित्र दलहरू र गुटबन्दीहरू बनेका थिए। एक-एक दलले आ-आफ्ना अगुवा दाबी गरेको थियो। कतिजनाले पावललाई, कतिजनाले अपोल्लोसलाई, कतिजनाले पत्रुसलाई मन पराएका थिए। अनि फेरि अरूले 'हामी त ख्रीष्टका हौं, उहाँकी दुलही हौं' भन्ने दाबी गरे। यसरी शायद तिनीहरूले आफू मात्र ख्रीष्टका हुन्, अरू सबैजना ख्रीष्टका होइनन् भन्ने कुरा भन्न खोजे होलान्।

**१ कोरिन्थी १:१३:** अबको खण्डमा अर्थात् १ कोरिन्थी १:१३-१७ पदको खण्डमा यस प्रकारको गुटबन्दीको विरोधमा पावलको रापिलो हप्की पढ्नुहोस् ! ख्रीष्टको शरीरमा जुन एकता छ, यो एकता यस प्रकारका

गुटबन्दीहरूले अस्वीकार गर्छन् । कुनै मानवी अगुवाको पछि लागेर हामी ती प्रभुलाई नै तुच्छ ठानेका छौं, जो हामी सबैका निम्ति मर्नुभयो । अरू कुनै मानिसको नाम कसरी लिऔं, जब हामीले प्रभु येशूको नाममा बप्तिस्मा लियौं ? के हामीले यो कुरा बिर्सेका छौं ? हामीले बप्तिस्माद्वारा आफूमाथि प्रभु येशूको एकमात्र स्वामीत्व स्वीकार गरेका छौं ।

**१ कोरिन्थी १ः१४ः** कोरिन्थको मण्डलीमा गुटबन्दीहरू भएको हुनाले पावलले त्यहाँका विश्वासीहरूमध्ये एक-दुईजनालाई मात्र बप्तिस्मा दिएकोमा परमेश्वरलाई धन्यवाद चढ़ाउँछन् । तिनले बप्तिस्मा दिएकाहरू क्रिस्पस र गायस थिए ।

**१ कोरिन्थी १ः१५-१६ः** 'पावलले आफ्नै नाममा बप्तिस्मा दिए' भन्ने कुरा कसैले कहिल्यै भन्न नपाओस् । अर्को शब्दमा भन्नु हो भने, तिनले जितेका आत्माहरू आफ्नो जितको मालरूपी सम्पत्ति सम्झेनन्; अनि तिनले आफ्नो निम्ति नाम कमाउन पनि चाहेका थिएनन् । मानिसहरूको मन प्रभु येशू ख्रीष्टतिर खिच्न तिनको एकमात्र उद्देश्य थियो ।

अँ, स्टिफनसको परिवारलाई पनि पावलले बप्तिस्मा दिएका रहेछन् । बल्ल तिनलाई यो कुरा याद भयो, तर अरू कसैको याद तिनलाई भएन ।

**१ कोरिन्थी १ः१७ः** तिनले यसको स्पस्टीकरण दिन्छन्ः ख्रीष्ट येशूले तिनलाई बप्तिस्मा दिन पठाउनुभएन, तर सुसमाचार प्रचार गर्न पठाउनु-भएको हो । प्रमुख कुरा यही थियो । पावलले बप्तिस्मामा विश्वास गरेनन् भन्ने कुरा एकक्षण सोच्नुहुँदैन । किनभने अघिका पदहरूमा तिनले बप्तिस्मा दिएका कतिजना व्यक्तिका नामहरू दिइसके । तर बप्तिस्मा दिनु तिनको मुख्य सेवकाइ थिएन । हुन सक्छ, तिनले त्यो काम अरूलाई सुम्पे होलान्; हुन सक्छ, तिनले स्थानीय मण्डलीका कति भाइहरूलाई त्यो जिम्मा दिए होलान् । मुक्ति पाउनलाई बप्तिस्मा नभई नहुने अनिवार्य कुरा हो भन्ने धारणा नकार्ने यो पद साक्षी बसेको छ । किनभने बप्तिस्मा मुक्तिको निम्ति नभई नहुने कुरा हो भने, तिनले क्रिस्पस र गायसलाई मात्र बप्तिस्मा दिएर बचाएकोमा परमेश्वरलाई धन्यवाद कसरी चढ़ाउन सक्नेथिए त ? यस प्रकारको तर्क न्यायसँगत छैन ।

सत्र पदको बाँकी भाग अबका पदहरूसित सजिलोसँग आफ्नो सम्बन्ध जोड्छ। तिनले बुद्धिले पूर्ण शब्दहरू चलाएर मानिसहरूलाई सुसमाचार प्रचार गरेनन्; नत्र ता तिनले ख्रीष्टको क्रूसको शक्ति घटाउनेथिए। मानिसहरू तिनको प्रभावशाली भाषण, शब्दाडम्बर वा शब्दजालमा फसेमा तिनको हार हुनेथियो र ख्रीष्टको क्रूसको खास अर्थ प्रस्तुत गर्नुमा तिनले फेल खानेथिए।

निम्न खण्डको अर्थ बुझ्नुमा एउटा कुराले हामीलाई निक्कै मद्दत गर्छः यी कोरिन्थीहरू ग्रीक जातिका मानिसहरू भएको कारणले मानवी बुद्धिमा मक्ख हुन्थे। यो कुरा हामीले सम्झना गर्नुपर्छ। तिनीहरूका दार्शनिकहरू राष्ट्रिय वीरको रूपमा मानिन्थे। अनि यस प्रकारको धारणा कोरिन्थको मण्डलीभित्र पसेको थियो। उनीहरूको बीचका कतिजनामा बुद्धिजिवी मानिसहरूका निम्ति सुसमाचारको वचन बढ़ी ग्रहणयोग्य र आकर्षक तुल्याउने इच्छा थियो। तिनीहरूको विचारमा, विद्वान्हरूको बीचमा त्यसले पाउनुपर्ने स्थान पाएको थिएन। यसकारण तिनीहरूले सुसमाचारमा ज्ञानशक्तिरूपी मसला हाल्न खोजे। तर मानवी अगुवाहरूको नाममा गुटबन्दीहरू स्थापित गर्ने एउटा कारण यस प्रकारको बुद्धिवादको भक्ति गरेको फल थियो। सुसमाचारको सन्देशलाई पोत्याएर बढ़ी ग्रहणयोग्य बनाउने प्रयासहरू सरासर भूलचूक हुन्। परमेश्वरको बुद्धि र मानिसहरूको बुद्धिको बीचमा आकाश-पातालको भिन्नता छ, अनि यी दुई कुराहरूको बीचमा सम्झौता ल्याउने कुनै जग्गा छैन।

अब पावलले के देखाउँछन् र कुन कुरामा जोड़ दिन्छन् भने, मानिसहरूलाई उच्च सम्मान दिनु मूर्खता हो। अनि यस प्रकारको प्रयासले सुसमाचारको गुण र स्वादसित मेल खाँदैन (१ कोरिन्थी १:१७-३:४)। क्रूसको सुसमाचारचाहिँ मानिसले बुद्धि सम्झेको हरेक कुराको ठीक उल्टो छ (१ कोरिन्थी १:१८-२५)।

**१ कोरिन्थी १:१८ :** क्रूसको सुसमाचार नाश हुने मानिसहरूका निम्ति मूर्खता हो। श्री अल्बर्ट बार्नसले यसको विषयमा उचित टिप्पणी गरेका छन्ः

> ‘क्रूसको मृत्युसित शर्म र अनादरको जुनसुकै कुरा जोड़िन्थ्यो। यसकारण केवल ख्रीष्ट येशूले सहनुभएको कष्ट र क्रूसको मृत्युद्वारा मुक्ति पाइन्छ भन्ने दाबीले मानिसहरूको हृदयमा एकछाँटे निन्दा मच्चाउँछ।’ 1)

ग्रीक जातिका मानिसहरू बुद्धिलाई अति प्रिय मान्नेहरू थिए। ‘दार्शनिक’को ग्रीक शब्दको अक्षरशः अर्थ यही हो। तर सुसमाचारको सन्देशमा तिनीहरू आफ्नो ज्ञानमा घमण्डले फुल्न केही पनि थिएन।

मुक्ति पाउनेहरूका निम्ति ख्रीष्टको सुसमाचार परमेश्वरको शक्ति हो। तिनीहरूले सुसमाचार सुन्छन्; तिनीहरूले त्यो सन्देश विश्वासद्वारा ग्रहण गर्छन्; अनि तिनीहरूको जीवनमा एउटा अचम्मको काम हुन्छः तिनीहरूले नयाँ जन्म पाउँछन्। यस पदमा प्रस्तुत गरिएको गम्भीर जानकारी मानिलिनुहोस्! यस संसारमा दुई प्रकारका मानिसहरू हुन्छन्ः नाश हुने मानिसहरू र मुक्ति पाएका मानिसहरू। तिनीहरूको बीचमा कुनै तेस्रो श्रेणी छैन। मानिसहरूले मानवी बुद्धिलाई मन पराउँछन्, तर ख्रीष्टको सुसमाचारमा मात्र मुक्ति छ।

**१ कोरिन्थी १ः१९ः** सुसमाचारचाहिँ मानिसको बुद्धिका निम्ति ठक्करको कारण बन्छ; भविष्यवक्ता यशैयाले यस सम्बन्धमा यसो भन्दै भविष्यवाणी गरेका थिएः *‘म बुद्धिमान्‌हरूको बुद्धि नष्ट गर्नेछु र समझदारहरूको समझ शून्य पारिदिनेछु’* (यशैया २९ः१४)।

The Wycliffe Bible Commentary का टिप्पणीहरूमा श्री एस. लेविस जोह्नसनले सन्दर्भ-अर्थमा यसो भनेका छन्ः

> ‘अश्शूरका राजा सनहेरिबले यहूदाका मानिसहरूलाई धम्की दिएको बेलामा तिनीहरूमध्ये कति बुद्धिजीविहरूले मिस्र देशसित सम्झौता गर्न खोजे। अनि यशैयाको पुस्तकको यही पदका शब्दहरूद्वारा परमेश्वरले यस प्रकारको कुनीतिमा आफ्नो दोषारोपण लगाउनुभयो।’ 2)

यो कुरा बिलकुल सत्य होः परमेश्वरले आफ्ना उद्देश्यहरू पूरा गर्न यस प्रकारका प्रणालीहरू अपनाउनुहुन्छ, जुन प्रणालीहरू मानिसहरूको दृष्टिमा मूर्खता हुन्। उहाँ यसमा आनन्द लिनुहुन्छ। यस संसारका

बुद्धिमान् मानिसहरूले प्रायः परमेश्वरले प्रयोगमा ल्याएका तरिकाहरू खिसी गर्छन् । तर उहाँका यी तरिकाहरूले चिताएअनुसार अपूर्व सफलता ल्याउँछन्-ल्याउँछन्, जसको परिशुद्धता र कार्यकुशलता अद्‌भुत हुन्छन् । उदाहरणको निम्ति, मानिसको बुद्धिले मानिसहरूलाई मुक्ति कमाउने आश्वासन दिन्छ र मुक्ति तिनीहरूको पुण्यफल हो भन्छ । तर सुसमाचारको वचनले मानिसहरूका मुक्ति पाउने सबै प्रयासहरू रद्द गर्छ र ख्रीष्ट येशूलाई परमेश्वरकहाँ पुर्‍याइदिने एकमात्र बाटोको रूपमा प्रस्तुत गर्छ ।

**१ कोरिन्थी १ः२०ः** *'खोइ, बुद्धिमान् मानिस कहाँ छ ? शास्त्री कहाँ छ ? यस संसारको प्रतिवादी कहाँ छ ?'* भनेर पावलले चुनौतीको प्रक्षेप हुत्त्याउँछन् । के परमेश्वरले मुक्तिको योजना रच्दाखेरि तिनीहरूबाट सल्लाह लिनुभयो ? तिनीहरूलाई आफ्नो बुद्धिमा छोड़िएको भए के तिनीहरूले कुनै हालतमा पनि यस प्रकारको मुक्तिको सुन्दर योजना आविस्कार गर्न सक्नेथिए ? अनि परमेश्वरले भन्नुभएको कुनचाहिँ कुरा तिनीहरूले झूट साबित गर्न सके त ? तिनीहरूले एउटै त्रुटि पनि पाउन सकेनन् । किनकि परमेश्वरले यस संसारको बुद्धिलाई मूर्ख तुल्याउनु-भयो ।

**१ कोरिन्थी १ः२१ः** आफ्नो बुद्धि लगाएर कुनै पनि मानिस कहिल्यै परमेश्वरको चिन्ने ज्ञानमा आइपुग्दैन । सयौं वर्षहरूसम्म परमेश्वरले मानिस जातिलाई यसका निम्ति मौका दिनुभएको थियो, तर यस योजनाले फेल खायो । त्यसपछि एउटा सन्देशद्वारा, जुन सन्देश मानिसहरूको दृष्टिमा मूर्ख देखिन्छ, अर्थात् क्रूसको प्रचारद्वारा विश्वास गर्नेहरूलाई बचाउन परमेश्वरलाई ठीक लाग्यो । यस प्रचारमा मूर्ख लाग्ने कुरा ख्रीष्टको क्रूस हो । हामी जान्दछौं, क्रूसमा मूर्ख कुरा केही पनि छैन; तर यो त प्रकाश नपाएको मानिसको अँध्यारो मनको सोच मात्र हो । यस विषयमा श्री एफ. एल. गोडेटले यसो भनेका छन्ः '१ कोरिन्थी १ः२१ पद छिटो-छिटो पढ़ेर अघि बढ़्नुमा हामीले हतार गर्नुहुँदैन; किनभने यसमा ठूला-ठूला ग्रन्थहरूको सार, अँ, मानिस जातिको लामो इतिहास अध्ययन गरिएको योगफल पाइन्छ । हामीले यसमा प्रस्तुत गरिएका महान् सत्यताहरू मनन गर्नु समुचित छ ।'

**१ कोरिन्थी १:२२:** यहूदीहरूका निम्ति चिन्ह खोज्नु स्वाभाविक कुरा थियो; किनकि तिनीहरूलाई कुनै आश्चर्यकर्म देखाएमा तिनीहरूले विश्वास गर्ने तिनीहरूको आदत थियो । अनि ग्रीकहरूचाहिँ – यिनीहरूले बुद्धि खोज्थे । छलफल गर्नुमा, कार्य-कारण पत्ता लगाउनुमा र तर्कसङ्गति आदि ज्ञान बढ़ाउने कुराहरूमा यिनीहरूलाई चासो लाग्थ्यो ।

**१ कोरिन्थी १:२३:** तर पावलले यी मानिसहरूको रुचिअनुसार यिनीहरूसित व्यवहार गर्दैनथिए । *'तर हामीचाहिँ क्रूसमा टाँगिनुभएको ख्रीष्टको प्रचार गर्छौं ।'* पावलको विषयमा एकजनाले यसो भनेका छन्ः 'तिनी चिन्हहरूमा रुचि राख्ने यहूदी थिएनन्, तिनी बुद्धिलाई मन पराउने ग्रीक पनि थिएनन्, तर तिनीचाहिँ मुक्तिदाता प्रभुलाई प्रेम गर्ने इसाई थिए ।'

यहूदीहरूले क्रूसमा टाँगिनुभएको ख्रीष्टमा ठक्कर खाए । तिनीहरूले परमेश्वरको अभिषिक्त जनमा एकजना शक्तिशाली सेनापतिलाई देखे, जसले तिनीहरूलाई रोमी सरकारको थिचोमिचोबाट छुटकारा दिनुहुन्छ । तर सुसमाचारमा तिनीहरूलाई एकजना मुक्तिदाता प्रस्तुत गरिन्थ्यो, जसका हातखुट्टाहरू एउटा शर्मलाग्यो क्रूसमा कीला ठोकिएका थिए । अनि ग्रीकहरूले क्रूसमा टाँगिनुभएको ख्रीष्टमा मूर्खता मात्र देख्न सके । तिनीहरूको विचारमा, क्रूसमा कमजोर र लाचारी अवस्थामा मर्नुभएको येशू आफै विफल हुनुभयो; तब उहाँले तिनीहरूका समस्याहरू कसरी हल गर्न सक्नुहुन्छ, सो तिनीहरूले बुझ्न सकेनन् ।

**१ कोरिन्थी १:२४:** तर कति अचम्म ! यहूदीहरूले मागेका र अन्यजातिका मानिसहरूले खोजेका कुराहरू त प्रभु येशूमा पो छन् । यी सबै कुराहरू अद्भुत रीतिले उहाँमा पाइँदा रहेछन् । मानिसहरू चाहे यहूदीहरू, चाहे ग्रीकहरू होऊन्, जतिजनाले ख्रीष्ट येशूको बोलावट सुन्छन् र उहाँमाथि विश्वास गर्छन्, उहाँ तिनीहरूका निम्ति परमेश्वरको शक्ति र परमेश्वरको बुद्धि बनिदिनुहुन्छ ।

**१ कोरिन्थी १:२५:** वास्तवमा, परमेश्वरमा न कुनै मूर्खता हुन्छ, न कमजोरता नै । तर यस पदमा जुन कुरालाई प्रेरित पावलले परमेश्वरको मूर्खता भन्छन्, त्यो कुरा अर्थात् ख्रीष्टको सुसमाचार मानिसहरूको दृष्टिमा

मात्र मूर्खता हो, तर वास्तवमा, उहाँ त्यही कुरामा मानिसहरूभन्दा कता-हो-कता बुद्धिमान् हुनुहुन्छ। अनि जुन कुरामा मानिसहरूले परमेश्वरको कोमजोरता देख्छन्, त्यही कुरा अर्थात् ख्रीष्टको क्रूसको बलिदान मानिसहरूले उत्पादन गर्न सक्ने जुनसुकै चीजभन्दा बलियो हुन्छ।

**१ कोरिन्थी १ः२६ः** अघिको खण्डमा प्रेरित पावलले सुसमाचारको विषयमा कुरा गरे। तर अहिले तिनले यी मानिसहरूमाथि आफ्नो ध्यान लगाउँछन्, जुन मानिसहरूलाई परमेश्वरले सुसमाचारद्वारा बोलाउनुहुन्छ (१ कोरिन्थी १ः२६-२९)। तिनले कोरिन्थका विश्वासीहरूलाई के सम्झाउँछन् भने, शरीरको दृष्टिकोणले हेर्दा बोलावट पाएकाहरू प्रायः न बुद्धिमान्, न बलवान्, न ता खानदानी हुन्छन्। धेरैपल्ट कुरा के उठ्यो भने, यहाँ, यस पदमा 'धेरैजना छैनन्' भनिएको छ, तर 'कोही छैन' भनिएको छैन। यस सम्बन्धमा एकजना उच्च कुलकी महिलाले साक्षी दिएर भनिन्, कि 'धेरैजना छैनन्' र 'कोही पनि छैन' भन्नमा अङ्ग्रजी शब्दमा एउटा अक्षर मात्र फरक छ, अनि यस भिन्नताले गर्दा तिनले मुक्ति पाउन सके (many minus m- is any)। यहाँ, यस पदमा 'कोही खानदानी छैन' भनिएको भए तिनी बाँच्न सक्नेथिइनन्।

कोरिन्थका विश्वासीहरू समाजको उच्च श्रेणी मानिएका बुद्धिजिवीहरू थिएनन्। अनि प्रेरित पावल दर्शनशास्त्रको उच्च कुरा लिएर उनीहरूकहाँ आएका थिएनन्; तर उनीहरूले तिनको मुखबाट साधारण सुसमाचार सुनेका थिए। तब मानवी बुद्धिमा यति मक्ख परेर उनीहरूले यस्ता प्रचारकहरूलाई किन उच्च मान दिन्थे, जसले यस सरल सन्देशमा आफ्ना मरमसला हालेर यसलाई संसारका बुद्धिमान् व्यक्ति-हरूका निम्ति स्वादिष्ठ तुल्याउन खोजे ?

मण्डली स्थापित गर्ने काम संसारका मानिसहरूको विचारबाट पैदा भएको भए तिनीहरूले समाजका सबैभन्दा गण्यमान्य व्यक्तिहरूलाई त्यसका सदस्यहरू तुल्याउने प्रयास गर्नेथिए। तर १ कोरिन्थी १ः२६ पदबाट हामी के सिक्छौं भने, जुन व्यक्तिहरू समाजमा उच्च मानिएका छन्, ती व्यक्तिहरूलाई परमेश्वरले छोड़िदिनुहुन्छ। जुन मानिसहरू उहाँको बोलावट पाउँछन्, ती मानिसहरू संसारमा प्रायः केही पनि गनिँदैनन्।

**१ कोरिन्थी १ः२७ः** परमेश्वरले यस संसारका मूर्ख कुराहरू छान्नुभयो, बुद्धिमान् मानिसहरूलाई शर्ममा पार्नलाई। अनि परमेश्वरले यस संसारका कमजोर कुराहरू चुन्नुभयो, शक्तिशाली कुराहरू शर्ममा पार्नलाई। अनि यस विषयमा श्री एरिक साउरले यसो भनेका छन्ः

> 'नाइकेले घर बनाउन जुन सामानहरू प्रयोग गरेका छन्, ती सामानहरू जति कच्चा र जति बढ़ी साधारण भएमा घर बनाउने नाइकेले बढ़ी सम्मान पाउँछन्, यदि निर्माण-कार्य उस्तै स्तरमा बनाउन तिनी सफल भए भने। अनि सेनापतिका सिपाहीहरूको सङ्ख्या जति कम हुन्छ, त्यत्ति बढ़ी प्रशंसा तिनको हुन्छ, यदि तिनले उस्तै प्रकारको विजय प्राप्त गर्न सफल भए भने।' **3)**

यरिहो शहरको पर्खाल ढाल्नलाई परमेश्वरले तुरहीहरू प्रयोग गर्नुभयो। मिद्यानी सेनाहरूलाई पूरा परास्त गर्न उहाँले गिदोनको सेनाका सिपाहीहरूको सङ्ख्या बत्तीस हजारबाट तीन सयमा घटाउनुभयो। पलिस्तीहरूलाई मार्न उहाँले शम्गरको हातमा भएको गोरु हाँक्ने सुइरा चलाउनुभयो। अनि एउटा गधाको बङ्गाराको हड्डी लिएर शिमसोन परमप्रभुको सहायताद्वारा शत्रुको जम्मै सेनामाथि विजयी भए। अनि प्रभु येशूले पाँचवटा रोटी र दुईवटा माछा लिएर पाँच हजारभन्दा बढ़ी मानिसहरूलाई अघाउने गरी खुवाउनुभयो।

**१ कोरिन्थी १ः२८ः** यस संसारका मूर्ख कुराहरू र यसका कमजोर कुराहरूमा पावलले यस संसारका नीज कुराहरू, यसका तुच्छा मानिएका कुराहरू र नभएका कुराहरू थपेर यी कुराहरूको सङ्ख्या पाँच तुल्याउँछन्। एकजनाले यी पाँचवटा कुराहरूलाई 'परमेश्वरको पाँच मूर्ख कुरारूपी फौज' भन्ने नाम दिएका छन्। यस प्रकारका, काममा नआउने समाग्रीहरू लिएर परमेश्वरले भएका कुराहरू बेकम्मा तुल्याउनुहुन्छ। अर्को शब्दमा भन्नु हो भने, संसारको दृष्टिमा नगण्य मानिसहरूलाई लिएर तिनीहरूलाई आफ्नो महिमाका निम्ति प्रयोग गर्न परमेश्वरलाई खूबै मन पर्छ। यी पदहरूले यस प्रकारका इसाईहरूलाई हप्कीको रूपमा काम गर्छन्, जुन इसाईहरूले सुप्रसिद्ध र गण्यमान्य व्यक्तिहरूको कृपा पाउन

तिनीहरूलाई चिप्लो घस्छन्, तर परमेश्वरका दीन पवित्रजनहरूको वास्ता गर्दैनन्।

**१ कोरिन्थी १ः२९ः** संसारको दृष्टिमा नगण्य कुराहरू चुन्दाखेरि परमेश्वरको एउटा उद्देश्य छः सारा महिमा उहाँले पाउनुपर्छ, मानिसले होइन। मुक्तिको प्रबन्ध पूरापूर उहाँको काम हो; यसकारण यसको सारा श्रेय उहाँकहाँ जान्छ। अरू कोही होइन, केवल उहाँ सारा प्रशंसाको योग्य हुनुहुन्छ।

**१ कोरिन्थी १ः३०ः** हामी जे छौं, र हामीसँग जे छ, त्यो सबै उहाँबाट भएको हो; अनि तत्त्वज्ञानका निम्ति त्यसमा कुनै स्थानै छैन भन्ने कुरामा यस पदले अझै जोड़ दिन्छ। यसकारण मानिसका निम्ति गर्व गर्ने कारणै छैन। सबैभन्दा पहिले, ख्रीष्ट येशू हाम्रा निम्ति बुद्धि हुनुभयो र हुनुहुन्छ। उहाँ परमेश्वरको बुद्धि हुनुहुन्छ (१ कोरिन्थी १ः२४)। परमेश्वरले आफ्नो बुद्धिमा उहाँलाई नै मुक्तिको बाटोको रूपमा चुन्नुभयो। हामीसँग ख्रीष्ट येशू हुनुहुन्छ; यसकारण उहाँमा हाम्रो मुक्ति बिलकुल सुरक्षित छ। यस हाम्रो ठहरमा बुद्धि छ। दोस्रो, ख्रीष्ट येशू हाम्रो धार्मिकता हुनुहुन्छ। उहाँमाथि राखिएको विश्वासद्वारा हामी पवित्र परमेश्वरको सामु धर्मी ठहरिएका हुन्छौं। तेस्रो, उहाँ हाम्रो पवित्रता हुनुहुन्छ। व्यक्तिगत पवित्रता दाबी गर्ने सम्बन्धमा हामीसँग र हामीमा केही पनि छैन। तर ख्रीष्ट येशूमा हामी पवित्र पारिएका छौं। हाम्रो ठहरअनुसार हामी पवित्र गनिएका हौं। अनि उहाँको शक्तिद्वारा हामी पवित्रतारूपी सिँढ़ीमा एक कदमदेखि अर्को कदममा चढ्दै बदली हुँदै जान्छौं। अन्तमा, ख्रीष्ट येशू हाम्रो छुटकारा हुनुहुन्छ। छुटकाराका अंशहरूमा योचाहिँ त्यसको अन्तिम चरम हो, जब हाम्रा प्रभु हामीलाई लिन र आफ्नो घरमा लैजान आउनुहुनेछ र तब हामी – हाम्रो आत्मा, प्राण र शरीर लगायत हाम्रो पूरा छुटकारा भएको हुनेछ।

श्री रोबर्ट ट्रेलले उपरोक्त तथ्यको सफा नक्सा कोरेर यसो भनेका छन्ः

> 'ख्रीष्टदेखि बाहिरको बुद्धि मूर्खता हो, जुन मूर्खताले मानिसहरूलाई नरकमा पुर्‍याउँछ; ख्रीष्टदेखि अलग भएको धार्मिकता मानिसलाई दोषी ठहराउने अधार्मिकता हो; ख्रीष्टदेखि बाहिरको पवित्रताचाहिँ अशुद्धता र

पाप हो। अनि ख्रीष्टदेखि अलग भएको छुटकाराचाहिँ केवल बन्धन र दासत्व हो।' 4)

अनि श्री ए. टी. पिर्सनले १ कोरिन्थी १ः३० पदको अर्थ हाम्रा प्रभु येशूको जीवन र सेवकाइमा लागू गराएर यसो भनेका छन्ः

'प्रभु येशूका काम र शब्दहरूमा, अँ, उहाँको चालमा हामी परमेश्वरको बुद्धि देख्छौं। अनि उहाँको मृत्यु, गड़ाइ र बौरिउठाइमाथि हाम्रो धार्मिकता आधारित हुन्छ। अनि चालीस दिनसम्म उहाँले आफूलाई जीवित देखाउनुभएपछि स्वर्गारोहण हुनुभएको, हामीलाई पवित्र आत्माको वरदान दिनुभएको र परमेश्वरको दाहिने हातमा विराजमान हुनुभएको प्रभु हाम्रो पवित्रता हुनुहुन्छ। अनि अन्तमा उहाँ हामीलाई लिन फेरि आउनुहुनेछ, र यसैमा हाम्रो छुटकारा हुनेछ।' 5)

**१ कोरिन्थी १ः३१ः** परमेश्वरले हाम्रा निम्ति यी सबै आशिषहरूको प्रबन्ध प्रभु येशूमा गर्नुभएको छ। यसकारण पावलको निष्कर्ष यस प्रकारको छः मानिसहरूमा गर्व किन गर्ने, जब तिनीहरूले यी कुराहरूमध्ये एउटा पनि हाम्रा निम्ति गर्न सक्दैनन्?

**१ कोरिन्थी २ः१ः** अब कोरिन्थीहरूको बीचमा प्रेरित पावलको सेवकाइको कुरा आयो। तिनले उनीहरूको बीचमा आफ्नो महिमा खोजेका थिएनन्, तर परमेश्वरको महिमा बढ़ाउन खोजेका थिए। तिनले उनीहरूको सामु परमेश्वरको साक्षी राखेका थिए; यसो गर्न तिनले न भाषणको श्रेष्ठता, न बुद्धिको उत्तमता प्रयोगमा ल्याएका थिए। तिनले आफूलाई पोख्त प्रवक्ता वा निपुण दार्शनिकको रूपमा प्रस्तुत गरेका थिएनन्। यसो भन्दाखेरि प्रेरित पावलले आत्मिक सेवकाइ र भावमूलक सेवकाइको बीचमा छुट्ट्याउँछन्। भावात्मक सेवकाइ भन्नाले हामीले श्रोतागणको हृदय खुशी र आनन्दित तुल्याउने, तिनीहरूको मनोरञ्जन गर्ने र मानिसहरूको आवेगसित खेल्ने वचनको सेवकाइ बुझ्छौं। तर आत्मिक सेवकाइले ख्रीष्टको महिमा हुने किसिमले परमेश्वरको वचनको सत्यताको प्रभावरूपी छाप श्रोताहरूको हृदय र विवेकमाथि लगाउन खोज्छ।

**१ कोरिन्थी २ः२ः** पावलले प्रचार गर्ने सुसमाचारको विषयवस्तु येशू ख्रीष्ट हुनुहुन्थ्यो, र तिनको सन्देश क्रूसमा टाँगिनुभएको प्रभु येशूमा

केन्द्रित थियो, येशू ख्रीष्ट र उहाँ क्रूसमा टाँगिनुभएको कुरा थियो। येशू ख्रीष्टको प्रचारले उहाँको व्यक्तित्वमा जोड़ दिन्छ भने उहाँ क्रूसमा टाँगिनुभएको कुराले उहाँको त्राणको काममा जोड़ दिन्छ। उहाँको व्यक्तित्व र उहाँको त्राणको काम ख्रीष्टको सुसमाचारको मुटु हुन्।

**१ कोरिन्थी २ः३ः** पावलको आचरणमा प्रभावित वा आकर्षित पार्ने कुरा के पो थियो ? कोरिन्थीहरूको बीचमा तिनी कमजोर थिए, डराएका थिए र कामेका थिए। सुसमाचारको धन माटोको भाँड़ामा थियो, यस हेतुले कि शक्तिको सर्वश्रेष्ठता पावलको होइन, तर परमेश्वरको भएको होस्। परमेश्वरले शक्तिशाली मानिसहरूलाई शर्ममा पार्न कसरी एउटा कमजोर पात्र चलाउनुहुन्छ, यसको उदाहरण पावल आफै हुन्।

**१ कोरिन्थी २ः४ः** पावलले न आफ्नो बोलीमा न आफ्नो प्रचारमा मानिसको बुद्धिबाट पैदा भएका फुस्ल्याउने शब्दहरू प्रयोग गर्थे। तर तिनको प्रचार पवित्र आत्मा र परमेश्वरको शक्तिको प्रदर्शन थियो। कतिजनाको सुझाउअनुसार यस पदमा 'तिनको वचन' भन्नाले प्रचारको अन्तर्वस्तुरूपी उपकरणहरू बुझिन्छ भने 'तिनको प्रचार' भनेको मतलब प्रवचनको प्रस्तुति बुझिन्छ अरे। अरूको विचारआनुसार 'तिनको वचन'को अर्थ तिनले व्यक्ति-व्यक्तिलाई दिएको साक्षी हो, अनि 'तिनको प्रचार' भन्ने शब्दले आम-प्रवचनलाई सङ्केत गरेको हो रे। यस संसारका चल्ती नापजोखहरूअनुसार प्रेरित पावल कहिल्यै पोख्त प्रवक्ता हुनु योग्य हुनेथिएनन् होलान्। तर परमेश्वरको आत्माले तिनको सन्देश लिनुभयो, त्योसित मानिसहरूलाई आफ्ना पापहरूको विषयमा कायल पार्नुभयो र तिनीहरूलाई परमेश्वरकहाँ फर्कने तुल्याउनुभयो।

**१ कोरिन्थी २ः५ः** पावललाई थाहा थियो, कि तिनको प्रवचन सुन्नेहरूले जीवित प्रभुमा होइन, तर तिनमा वा तिनको व्यक्तित्वमा चासो राख्ने ठूलो खतरा थियो। अरूलाई आशिष दिन वा तिनीहरूलाई बचाइदिन आफ्नो क्षमता केही पनि छैन रहेछ भन्ने कुरा तिनले राम्ररी जान्दथिए; तब मानिसहरूको बुद्धिमाथि भरोसा गर्ने के काम ! यसकारण तिनले मानिसहरूलाई केवल परमेश्वरमाथि भरोसा गर्न लगाउने निश्चय

गरे। ख्रीष्टको सुसमाचार प्रचार गर्नेहरू र परमेश्वरको वचनको शिक्षा दिनेहरू सबैले यो आफ्नो लक्ष्य बनाउनुपर्छ।

**१ कोरिन्थी २ः६ः** सर्वप्रथम, सुसमाचारमा देखिने बुद्धिको स्रोत परमेश्वर हुनुहुन्छ (१ कोरिन्थी २ः६-७)। *'परिपक्व भएकाहरूको बीचमा, प्रौढ़हरूको बीचमा हामी बुद्धिको कुरा गर्छौं।'* यो ईश्वरीय बुद्धि यस युगको बुद्धि होइन, यस युगका शासकहरूको बुद्धि पनि होइन। किनभने तिनीहरूको बुद्धि क्षणिक हो र नष्ट हुनेछ, जसरी तिनीहरू पनि नाश हुनेछन्।

**१ कोरिन्थी २ः७ः** *'हामी परमेश्वरको बुद्धि रहस्यमा बोल्छौं।'* नयाँ नियमको अर्थमा रहस्यचाहिँ एउटा नयाँ सत्यता हो, जुन सत्यता पहिले प्रकट भएको थिएन, तर अहिले मण्डलीको इतिहासको शुरुमा प्रेरितहरू र भविष्यवक्ताहरूद्वारा ख्रीष्ट-विश्वासीहरूलाई प्रकट गरियो। रहस्यको रूपमा परमेश्वरले जुन कुरा संसारका युगहरू शुरु हुनुभन्दा अघि हाम्रो महिमाका निम्ति ठहराउनुभएको थियो, त्यो कुरा गुप्तमा राखिएको बुद्धि भनिन्छ। सुसमाचारको रहस्यअन्तर्गत निम्न अद्‌भुत तथ्यहरू समावेश छन्, जस्तै

**क)** यहूदीहरू र अन्यजातिका मानिसहरू अहिले ख्रीष्ट येशूमा एक छन्,

**ख)** प्रभु येशू फेरि आउनुहुनेछ, र उहाँको बाटो हेर्ने उहाँका जनहरूलाई साथमा लिएर उनीहरूलाई आफ्नो घरमा लैजानुहुनेछ, अनि

**ग)** सबै ख्रीष्ट-विश्वासीहरू मर्नुपर्नेछैन, तर उनीहरू सबैजना बदली हुनेछन्।

**१ कोरिन्थी २ः८ः** यस युगका शासकहरूले यहाँ, यस ठाउँमा कि ता आकाशमा भएका दुष्ट आत्माहरूलाई, कि ता यस संसारमा दुष्ट आत्मा-हरूको प्रतिनिधि गर्ने तिनीहरूका मानिसरूपी एजेन्टहरूलाई सङ्केत गर्छन्। तिनीहरूले आफ्नो समझले ख्रीष्ट येशूको क्रूसको मृत्युमा तिनीहरूबाट गुप्तमा राखिएको परमेश्वरको बुद्धि पक्रन सकेनन्। परमेश्वरको पवित्र

पुत्रको हत्या गरेर तिनीहरूले आफ्नो विनाश तयार पारे भन्ने कुरा तिनीहरूबाट लुकेको थियो। तिनीहरूले यसमा परमेश्वरका योजनाहरू जानेका भए, तिनीहरूले महिमाको प्रभुलाई क्रूसमा टाँग्नेथिएनन्।

**१ कोरिन्थी २:९:** प्रकाश/प्रकटीकरण, प्रेरणा र ज्ञानोदय के हो, सो कुरा १ कोरिन्थी २:९-१६ पदको खण्डमा बुझाइदिइको छ। पवित्र आत्माले प्रेरितहरूलाई कसरी अचम्मका तथ्यहरू प्रकट गर्नुभयो, (यसलाई प्रकाश वा प्रकटीकरण भनिन्छ); उनीहरूले पवित्र आत्माको प्रेरणाद्वारा कसरी यी तथ्यहरू हामी विश्वासीहरूलाई भने (यो क्रिया प्रेरणा भनिन्छ), र हामीले यी तथ्यहरूको अर्थ कसरी पवित्र आत्माले दिनुभएको प्रकाशरूपी ज्ञानद्वारा बुझ्छौं (जुन कुरा ज्ञानोदय भनिन्छ), सो कुरा यी पदहरूले स्पष्ट पार्छन्।

नौ पदमा यशैया ६४:४ पद उद्धृत गरिएको छ। योचाहिँ परमेश्वरले कति अचम्मका सत्यताहरू बाँकी राख्नुभएको विषयमा दिइएको भविष्यवाणी हो। यी तथ्यहरू शरीरका ज्ञानेन्द्रियहरूले पत्ता लगाउन सक्दैनन्। तर परमेश्वरले यी तथ्यहरू आफ्नो समयमा ती मानिसहरूलाई प्रकट गर्नुहुन्छ, जसले उहाँलाई प्रेम गर्छन्। यहाँ उल्लेख गरिएका तीनवटा ज्ञानेन्द्रियहरू आँखा, कान र हृदय वा मन हुन्। यी ज्ञानेन्द्रियहरूद्वारा हामी पृथ्वीका कुराहरू बुझ्छौं। तर यी ज्ञानेन्द्रियहरू ईश्वरीय सत्यताहरू बुझ्न उपयोगी हुँदैनन्। यसका निम्ति परमेश्वरको आत्माको खाँचो पर्छ।

यस पदको अर्थ प्रायः स्वर्गका महिमित कुराहरूमा लगाइन्छ। अनि जब मानिसले आफ्नो मनमा यस प्रकारको दृष्टिकोण अपनाउँछौं, तब उसको पूर्वधारणा निकाल्न र यसको सट्टामा अर्को नयाँ अर्थ स्वीकार गर्न उसलाई गाह्रो पर्छ। तर पावलले यहाँ यस प्रकारका तथ्यहरू प्रकट गर्छन्, जुन तथ्यहरू नयाँ नियमको समयमा प्रथम चोटि प्रकट भए। वैज्ञानिक अनुसन्धनहरू वा दार्शनिक खोजतलाशहरूद्वारा कुनै मानिसले कहिल्यै यी तथ्यहरू पत्ता लगाउन सक्दैन, र सक्नेछैन। मानिसको मनमस्तिष्क कुनै सहायताविना एकलै छोड्नु हो भने त्यसले यी अद्भुत रहस्यहरू कहिल्यै खोजेर निकाल्न सक्दैन र सक्नेछैन, जुन रहस्यहरू सुसमाचारको युगको शुरुमा प्रकट भए। परमेश्वरको सत्यता पत्ता लगाउन मानिसको समझशक्ति उपयोगी हुँदैन।

**१ कोरिन्थी २:१०:** *'परमेश्वरले यी कुराहरू आफ्नो आत्माद्वारा हामीलाई प्रकट गर्नुभएको छ'* भन्ने वाक्यले नौ पदमा लेखिएको कुरा स्वर्गको विषयमा भनिएको होइन रहेछ भन्ने प्रमाण दिन्छ। यसको अर्थ यस प्रकारको छः पुरानो नियममा भविष्यवाणी गरिएका तथ्यहरू नयाँ नियमको समयमा प्रेरितहरूकहाँ पूरा रूपले प्रकट भए। यस वाक्यमा 'हामीलाई' भनेको अर्थ नयाँ नियमका लेखकहरू बुझिन्छ। परमेश्वरको आत्माले प्रेरितहरू र भविष्यवक्ताहरूलाई यी तथ्यहरूको ज्ञान दिनुभयो; किनभने परमेश्वरको आत्माले सबै कुराहरू, अँ, परमेश्वरका गहिरा-गहिरा कुराहरू तलाश गर्नुहुन्छ। अर्को शब्दमा भन्नु हो भने, परमेश्वरको आत्मा त्रिएक परमेश्वरको एक व्यक्ति हुनुहुन्छ। यसकारण उहाँको बुद्धि अपार छ; उहाँले परमेश्वरको विषयमा सबै तथ्यहरू बुझ्नुभएको छ, र यी कुराहरू मानिसहरूलाई प्रकट गर्न सक्नुहुन्छ।

**१ कोरिन्थी २:११:** अनि मानिसको विषयमा कुरा पनि उस्तै छ। मानिसले के विचार गर्छ, अरू कसैले होइन, ऊ आफूले मात्र जान्दछ। मानिसले आफ्नो विचार व्यक्त गरेपछि उसले सोचेको कुरा थाहा लाग्छ, नत्र ता यो कुरा कुनै हालतमा जान्न सकिँदैन, तर ऊभित्र लुकेको हुन्छ। अनि मानिसको कुरा जान्नलाई कसैसँग मानिसको आत्मा हुनुपर्छ; किनभने कुनै पशुले हाम्रो सोचाइ बुझ्न सक्दैन। परमेश्वरको विषयमा कुरा पनि यस्तै छः परमेश्वरका कुराहरू जान्ने एकमात्र व्यक्ति परमेश्वरको आत्मा हुनुहुन्छ।

**१ कोरिन्थी २:१२:** *'हामीले परमेश्वरको आत्मा पाएका छौं'*; यहाँ 'हामी' भन्ने सर्वनामले नयाँ नियमका लेखकहरूलाई सङ्केत गरेको हो। तर पवित्र धर्मशास्त्र बाइबलका सबै लेखकहरूका निम्ति यहाँ, यस वाक्यमा भनेको कुरा उस्तै प्रकारले सत्य ठहरिन्छ। प्रेरितहरू र भविष्यवक्ताहरूले पवित्र आत्मा पाएका हुनाले उहाँले परमेश्वरको सम्बन्धमा उनीहरूलाई गहिरा-गहिरा तथ्यहरू प्रकट गर्न सक्नुभयो र उनीहरूलाई जान्ने तुल्याउनुभयो। *'हामीले संसारको आत्मा होइन, तर परमेश्वरबाटको आत्मा पाएका छौं, यस हेतुले कि हामीलाई परमेश्वरबाट सित्तैंमा दिइएका कुराहरू हामीले जान्न सकौं'* भन्दाखेरि प्रेरित पावलले यसो भन्न खोजेका

हुन् । जुन पवित्र आत्मा परमेश्वरबाट आउनुहुन्छ, यही पवित्र आत्माको सहायताविना प्रेरितहरूले कहिल्यै यी ईश्वरीय सत्यताहरू जान्न सक्ने-थिएनन्, जुन सत्यताहरूको विषयमा पावलले यहाँ कुरा गरेका छन् र जुन सत्यताहरू अब नयाँ नियममा हाम्रा निम्ति सुरक्षित राखिएका छन् ।

**१ कोरिन्थी २ः१३ः** प्रकाश कसरी दिइन्थ्यो, अर्थात् पवित्र धर्मशास्त्र बाइबलका लेखकहरूले कसरी परमेश्वरबाट यी सत्यताहरू प्राप्त गरेका थिए, सो कुरा वर्णन गरेपछि पावलले अबचाहिँ प्रेरणा दिइने क्रियाको बयान गर्न थाल्छन्, जुन क्रियाद्वारा त्यो सत्यता हामीलाई बताइएको थियो । पवित्र बाइबलको एक-एक शब्द परमेश्वरको आत्माको प्रेरणाले दिइएको सम्बन्धमा ठोकुवा दिन परमेश्वरको वचनको यो पद सुयोग्य हो । किनकि यी सत्यताहरू हामीलाई बताउन प्रेरितहरूले आफ्नो खुशी गरेका थिएनन्, न मानिसको बुद्धिले सिकाएका शब्दहरू प्रयोग गरे भन्ने कुरा प्रेरित पावलले सफासँग यहाँ, यस पदमा भनेका छन् । तर प्रेरितहरूले प्रयोग गरेका शब्दहरू पवित्र आत्माले उनीहरूलाई सिकाउनुभएका शब्दहरू थिए । यसकारण गुरुकापीहरूमा प्रयोग गरिएका पवित्र धर्मशास्त्र बाइबका सबै शब्दहरू परमेश्वरका आफ्नै शब्दहरू हुन्, र हाम्रो हातमा भएको पवित्र बाइबल परमेश्वरका शब्दहरूको पूरा रूपले विश्वासयोग्य अनुवाद हो भनी हामी विश्वास गर्छौं ।

उक्त शाब्दिक प्रेरणा टाइपराइटरले लेखिएको जस्तै एउटा *यान्त्रिक लेख* सम्झेर यस सम्बन्धमा कति मानिसहरूले आफ्नो आपत्ति जनाएर भन्छन्ः 'यसर्थ परमेश्वरले यी लेखकहरूलाई आफ्नो शैलीमा लेख्न दिनुभएन, कि के हो ?' तर यस सम्बन्धमा हामीलाई थाहा छः पावलको लेख्ने शैली र लूकाको लेख्ने शैली फरक छ । यसो हो भने, लेखकहरूको आ-आफ्नो लेख्ने शैली हुँदा एक-एक शब्द परमेश्वरको प्रेरणाको फल हुनु अद्‌भुत कुरा हो । यी दुई कुराले आपसमा मेल नखाने यो समस्या हामी कसरी समाधान गरौं ? पवित्र शास्त्रको एक-एक शब्द परमेश्वरले दिनुभएको हो; अनि उहाँले लेखकहरूलाई आ-आफ्नो शैलीमा लेख्न दिनुभएको हो । तर आफ्नो सिद्ध र विशुद्ध वचन तयार गर्न उहाँले कसरी लेखकहरूको व्यक्तित्वले भाग लिन दिनुभयो, सो हामी जान्दैनौं ।

*'आत्मिक कुराहरू आत्मिक कुराहरूसित तुलना गर्दै'* भन्ने वाक्य विभिन्न प्रकारले बुझ्न सकिन्छ। **क)** आत्मा-प्रेरित शब्दहरू लिएर आत्मिक तथ्यहरूको शिक्षा दिनु, **ख)** आत्मिक मानिसहरूलाई आत्मिक तथ्यहरू बताउनु, वा **ग)** पवित्र बाइबलको एक खण्डमा पेश गरिएको सत्यता त्यसको अर्को खण्डमा पेश गरिएको सत्यतासित तुलना गर्नु यस वाक्यको अर्थ हुन सक्छ। हाम्रो विचारअनुसार सन्दर्भअनुकूल अर्थ **क)** नै हो। प्रेरणा दिइने सिलसिलामा पावलले के भन्छन् भने, ईश्वरीय सत्यता प्रस्तुत गर्न पवित्र आत्माले यस उद्देश्यका निम्ति उपयोगी शब्दहरू छान्नुभएको र ती शब्दहरू लेखकहरूलाई दिनुभएको छ। यसकारण 'आत्मिक सत्यताहरू आत्मिक शब्दहरूद्वारा प्रस्तुत गर्दै' यस वाक्यको अर्थ खुलस्त पार्ने हाम्रो भावात्मक अनुवाद हो।

पावलले 'हामी लेख्दछौं' नभनेर 'हामी बोल्दछौं' भनेको हुनाले 'यस खण्डको सन्दर्भ लेख्ने प्ररणा कहाँ हो र' भनेर अर्को आपत्ति कताकतै सुन्नमा आएको छ। तर यूहन्ना १२:३८ र ४१, प्रेरित २८:२५ र २ पत्रुस १:२१ पद आदि खण्डहरूमा आत्माको प्रेरणाले लेखिएका लेखहरूको सम्बन्धमा घरीघरी परमप्रभुले भविष्यवक्ताहरूद्वारा 'बोल्नुभएको' वा 'भन्नुभएको' क्रियापद-शब्द प्रयोग गरिन्छ।

**१ कोरिन्थी २:१४:** ख्रीष्टको सुसमाचार परमेश्वरको प्रकाश हो। यति मात्र होइन, तर यो परमेश्वरको आत्माको प्रेरणाले दिइएको पवित्र लेख हो। अनि अबचाहिँ हामी यस सम्बन्धमा के सिक्छौं भने, सुसमाचार ग्रहण गर्नलाई पनि परमेश्वरको आत्माको शक्ति चाहिन्छ। उहाँको सहायताविना *'स्वाभाविक मानिसले परमेश्वरको आत्माका कुराहरू ग्रहण गर्दैन; किनकि यी कुराहरू उसका निम्ति मूर्खता हुन्।'* उसले यी कुराहरू जान्न सक्दैन; किनकि यी कुराहरू आत्मिक रीतिले बुझ्नुपर्छ।

यस सम्बन्धमा श्री वान्स हव्नेरले रोचक ढङ्गमा यसो भन्दै आफ्नो सल्लाह दिएका छन्ः

> 'बुद्धिमान् ख्रीष्ट-विश्वासीले नयाँ जन्म नपाएको मानिसलाई परमेश्वरको योजनाको बेलीबिस्तार गर्दैन। त्यो उसका निम्ति समय खेर फाल्नु मात्र हो। त्यो सुँगुरहरूको सामु आफ्ना मोतीहरू फाल्ने काम

हुनेथियो। त्यो त अन्धा मानिसलाई सूर्यास्तको सुन्दरता बयान गरेको जस्तै, अथवा कुनै शहरको पार्कमा बसालिएको स्मारकसित नाभिक विज्ञानको कुरा गरेको जस्तै व्यर्थ प्रयास हुनेथियो। स्वाभाविक मानिसले आत्मिक कुराहरू ग्रहण गर्न सक्दैन। परमेश्वरको प्रकाश बुझ्न खोज्ने मानिसले पवित्र आत्माको सहायता पाउँदैन भने, उसको यो प्रयास घामका किरणहरू माछा पक्रने बल्छीले पक्रन खोजेको जस्तै हो। पवित्र आत्माद्वारा मानिसको नयाँ जन्म भएको हुनुपर्छ; उसले उहाँबाट शिक्षा पाएको हुनुपर्छ; नत्र यो सबै "कागलाई बेल पाक्यो हर्ष र बिस्मात" भनेजस्तै हुन्छ। पी.एच.डी.ले कुनै सहायता गर्दैन; किनभने आत्मिक क्षेत्रमा पी.एच.डी.को अर्थ "निकम्मा" हुन सक्छ।' **6)**

**१ कोरिन्थी २:१५:** तर परमेश्वरको आत्माबाट आत्मिक ज्ञान र समझ पाएको मानिसले यी अचम्मका सत्यताहरू जाँचेर पत्ता लगाउँछ। तर प्रभुलाई नपाएको मानिसले आत्मिक मानिसको सठीक मूल्याङ्कन गर्न के सक्थ्यो र? हुन सक्छ, त्यो आत्मिक भाइ सिकर्मी, वा फिटर वा जलाहारी वा अरू साधारण काम गर्ने व्यक्ति किन नहोस्, तर ऊ पवित्र शास्त्रको अर्थ बुझ्ने सक्षम विद्यार्थी हुन सक्छ। 'पवित्र आत्माको नियन्त्रणमा रहेको ख्रीष्ट-विश्वासीले पवित्र बाइबलमा पढ़ेको कुरा जाँच गर्छ, तलाश गर्छ र छानबिन गर्छ, र यसरी त्यसमा भनिएका कुराहरू बुझ्छ र ती कुराबाट आनन्द लिन्छ' (केन्नेथ. एस. व्यूस्ट)। संसारका निम्ति ऊ एक अनौठो मानिस हो। ऊ कलेज नपढ़ेको, धर्मविज्ञानमा उपाधि नपाएको मानिस होस्, तर उसले परमेश्वरको वचनका गहिरा-गहिरा रहस्यहरू बुझेको हुन्छ, र हुन सक्छ, ऊ यी कुराहरू अरू मानिसहरूलाई सिकाउनमा सक्षम मानिस पनि होला।

**१ कोरिन्थी २:१६:** *'कसले प्रभुको मन जानेको छ र? कसले उहाँलाई शिक्षा दिनेछ र?'* यशैयाका यी शब्दहरू लिएर पावलले अब यस भाषणगत प्रश्न सोध्छन्, जसको उत्तर तिनले यहाँ दिनुपर्छ। मानिसको बुद्धि वा उसको अरू कुनै क्षमताले परमेश्वरलाई चिन्न सकिँदैन। जब परमेश्वरले आफूलाई प्रकट गर्नुहुन्छ, तब उहाँलाई चिन्न सकिन्छ। तर जस-जससँग ख्रीष्टको मन हुन्छ, यिनीहरूले चाहिँ परमेश्वरका गहिरा-गहिरा सत्यताहरू बुझेका छन्।

यस खण्डमा सिकाइएका कुराहरूमा फेरि एकपल्ट नजर लगाएर हामी दोहोर्‍याउँछौंः प्रथम, प्रकाश वा प्रकटीकरण के हो? जब परमेश्वरले पवित्र आत्माद्वारा मानिसहरूकहाँ अघि नजानिएका सत्यताहरू प्रकट गर्नुहुन्छ, तब यस क्रियालाई प्रकाश व प्रकटीकरण भनिन्छ। अनि यी ईश्वरीय तथ्यहरू परमेश्वरको आत्माद्वारा अलौकिक प्रकारले प्रेरितहरू र भविष्यवक्ताहरूकहाँ प्रकट भए (१ कोरन्थी २ः९-१२)।

दोस्रो कुराः प्रेरणा के हो? जुन सत्यताहरू प्रेरितहरू र पवित्र बाइबलका सबै लेखकहरूकहाँ प्रकट भए, यी सत्यताहरू अरू मानिसहरूलाई बताउन पवित्र आत्माले उनीहरूलाई भन्नुपर्ने, लेख्नुपर्ने शब्दहरूको विषयमा सिकाएर उनीहरूलाई लेखेको एक-एक शब्द दिनुभयो, र उनीहरूले उहाँबाट पाएकै शब्दहरू लेखे (१ कोरिन्थी २ः१३)।

तेस्रो कुराः ज्ञानोदय के हो? ईश्वरीय सत्यताहरू अलौकिक प्रकाशको फल हुन्; यी सत्यताहरू आत्माको अलौकिक प्रेरणाले लेखिए; अनि यिनको अर्थ अलौकिक रूपले बुझिन्छ। यसैले पवित्र आत्माको अलौकिक शक्ति पाउनेले मात्र यी सत्यताहरू बुझ्न सक्छ (१ कोरिन्थी २ः१४-१६)।

**१ कोरिन्थी ३ः१ः** पावल कोरिन्थमा पहिलो चोटि पुगेको बेलामा तिनले यी विश्वासीहरूलाई प्रारम्भिक शिक्षा दिएर वचनरूपी दूध मात्र खुवाए; किनभने उनीहरू आत्मामा कमजोर थिए, विश्वासमा दूधेबालक थिए। अनि जुन शिक्षा उनीहरूले पाएका थिए, त्यो शिक्षा उनीहरूको आत्मिक स्तर-अनुसार उपयोगी थियो। उनीहरू गहिरा-गहिरा आत्मिक शिक्षा पाउनु योग्यका थिएनन्, किनभने उनीहरू नयाँ विश्वासी थिए। उनीहरू ख्रीष्टमा दूधेबालक थिए।

**१ कोरिन्थी ३ः२ः** त्यस बेलामा पावलले उनीहरूलाई ख्रीष्ट येशूको शिक्षाको सम्बन्धमा केवल प्राथमिक सत्यताहरू सिकाएका थिए, जुन प्राथमिक सत्यताहरू दूधसित तुलना गरिन्छन्। परिपक्व नभएका हुनाले उनीहरूले लिटो वा खँदिलो खानेकुरा खान सक्दैनथिए। *'तिमीहरूलाई भन्नुपर्ने कुराहरू मसँग अझै धेरै छन्, तर तिमीहरू अहिले ती कुराहरू*

*सहन सक्दैनौ'* भनेर प्रभु येशूले ठीक त्यो कुरा आफ्ना चेलाहरूलाई भन्नुपरेको थियो (यूहन्ना १६:१२)। कोरिन्थीका विश्वासीहरूको विषयमा दुःखलाग्दो कुरा के थियो भने, प्रेरित पावलबाट सत्यताको गहिरा शिक्षा प्राप्त गर्न उनीहरूको आत्मिक वृद्धि भएकै थिएन।

**१ कोरिन्थी ३:३:** यी विश्वासीहरू अझै पनि शारीरिक थिए, अर्थात् उनीहरूको आत्मा शरीरको वशमा थियो; किनकि उनीहरूको बीचमा डाहा र झैझगड़ा थियो। यस प्रकारको व्यवहार यस संसारका मानिसहरूमा पो पाइन्छ; तर परमेश्वरको आत्माको अगुवाइमा हिँड्नेहरूमा यस्तो कुरा हुँदैन।

**१ कोरिन्थी ३:४:** पावल वा अपोल्लोसजस्तै अगुवाहरूको नाममा गुटबन्दी गठन गरेर उनीहरूले संसारका मानिसहरूको व्यवहार देखाए। आदमका सन्तानहरूको स्तर यस्तै हो। *'जब तिमीहरूको बीचमा डाहा, झगड़ा र फूटहरू हुन्छन्,* ***तब के तिमीहरू मानिसको चालमा हिँड्दैनौ र?'*** भनेर पावलले उनीहरूलाई प्रश्न गरेको अर्थ यही हो।

यहाँसम्म प्रेरित पावलले सुसमाचारको वास्तविकता, त्यसको गुण र स्वादको बारेमा विचार गर्दा मानिसहरूलाई उच्च पार्ने काम मूर्खता हो र सुसमाचारको आत्मासित अलिकति पनि मेल खाँदैन भन्ने कुरा देखाएका छन्। अबचाहिँ तिनले इसाई सेवकाइको दृष्टिकोणबाट पनि धर्मनेता-हरूलाई उच्च पारेर तिनीहरूको नाममा गुटबन्दीहरू गठन गर्ने काम मूर्खता हो भन्ने तर्क पेश गर्छन्।

**१ कोरिन्थी ३:५:** अपोल्लोस र पावल को हुन्? तिनीहरू केवक सेवकहरू हुन्, जसद्वारा कोरिन्थका विश्वासीहरूले प्रभु येशूमाथि विश्वास गरेका थिए। तिनीहरू एकै प्रभुका प्रतिनिधिहरू थिए, भिन्न मत र सम्प्रदायका प्रमुख अगुवाहरू वा जन्मदाताहरू होइनन्। तब तिनीहरूको बीचमा के प्रतिस्पर्धा वा होड़बाजी हुन्थ्यो र? कोरिन्थका विश्वासीहरूको गल्ती यसैमा थियोः उनीहरूले यी सेवकहरूलाई आफ्ना स्वामी तुल्याएका थिए। श्री एच. ए. आइरनसाइडले आफ्नो टिप्पणीमा उनीहरूको गल्ती पक्रिहालेर यसो भनेका छन्ः 'विचरा, यहाँ एकै घरानाका नोकरहरूको विषयमा आपसी फूट भएछ!'

**१ कोरिन्थी ३:६:** खेतीपातीको कुरा लिएर पावलले कृषी-सेवकको आफूले गर्न सक्ने कामको सीमा देखाउँछन्। पावलले रोपे; अपोल्लोसले पानी हाले; तर वृद्धिचाहिँ परमेश्वरबाट आउँछ। वर्तमान समयमा कुरा पनि ठीक यस्तै छः हामीमध्ये कतिजनाले वचन प्रचार गर्न सक्छन्; अनि हामी सबैले मुक्ति नपाएका छरछिमेकी र साथीहरूका निम्ति प्रार्थना गर्न सक्छौं। तर बचाउने काम प्रभुले गर्नुपर्छ। त्यो हामीले गर्न सक्दैनौं; त्यो उहाँको काम हो।

**१ कोरिन्थी ३:७:** खेतीपातीको दृष्टिकोण लिएर हामीले सजिलो देख्न सक्छौंः हो, रोप्ने काम गर्ने खेताला र पानी हाल्ने खेतालाले वृद्धि गर्नुहुनेको तुलनामा के पो गर्न सक्छन् र? किनभने तिनीहरूमा जीवन पैदा गर्ने शक्ति नै छैन। तब एकै प्रभुको सेवा गर्ने यी दासहरूको बीचमा डाहा वा होड़बाजी किन हुने? हरेकले आफ्नो जिम्मामा सुम्पिएको सेवाको काम पूरा गरोस्! अनि प्रभुले उसको काममा आशिष दिनुभयो भने ऊ यसैमा आनन्दित भएको होस्!

**१ कोरिन्थी ३:८:** रोप्ने खेताला र पानी हाल्ने खेतालाको एउटै स्तरका हुन्छन्। अनि तिनीहरूको उद्देश्य र लक्ष्य पनि एउटै हो। यसकारण तिनीहरूको बीचमा डाहा हुनुहुँदैन। सेवाको सम्बन्धमा तिनीहरू स्तरमा ठूला-साना हुँदैनन्। तर आउँदो दिनमा, ख्रीष्टको न्यायआसनको सामु उभिँदा तिनीहरूमा हरेकले आफ्नो मेहनतअनुसार आफ्नो इनाम पाउनेछन्।

**१ कोरिन्थी ३:९:** परमेश्वरप्रति सबैजना जवाफदेही हुन्छन्। अनि उहाँका सबै सेवकहरू सहकर्मीहरू हुन्। परमेश्वरको खेतमा तिनीहरूले एकसाथ मेहनत गरेका छन्। अथवा अर्को चित्रण लिनु हो भने, एकै भवनमा तिनीहरूले सँगसँगै निर्माण गरिरहेका छन्। यसको विषयमा श्री चार्लस आर. एर्डम्यानले आफ्नो विचार यसरी व्यक्त गरेका छन्ः

> 'हामी परमेश्वरका हौं, सबै सहकर्मी हौं र एक-अर्कोसँग मिलेर काम गर्दैछौं।' **7)**

**१ कोरिन्थी ३:१०:** घर बनाउने चित्रणमा रहेर प्रेरित पावलले पहिले यसो स्वीकार गर्छन्ः 'मैले जेजति गरें, मैले परमेश्वरको अनुग्रहले गरेको

हुँ।' अनुग्रह भन्नाले प्रेरितको काम गर्ने तिनको आफ्नो योग्यता थिएन, तर यसका निम्ति सम्पूर्ण क्षमता परमेश्वरबाट आएको हो। त्यसपछि कोरिन्थको मण्डलीको स्थापनामा तिनको भूमिका के थियो, सो बयान दिएर भन्छन्ः *'एउटा बुद्धिमान् घर बनाउने नाइकेले जस्तै मैले त्यसको जग बसालें।'* तिनी कोरिन्थमा आएका थिए; तिनले उनीहरूलाई ख्रीष्टको सुसमाचार प्रचार गरेका थिए। ख्रीष्ट येशू र उहाँ क्रूसमा टाँगिनुभएको कुरा तिनको प्रचारको प्रमुख विषयवस्तु थियो। अनि मानिसहरूले मुक्ति पाएका थिए र एउटा स्थानीय मण्डली स्थापित भएको थियो। त्यसपछि यी बितेका दिनहरूको सम्झना गर्दै तिनले थपेर भन्छन्ः *'त्यस जगमाथि अर्कोले बनाउँदै लैजान्छ।'* निस्सन्देह पछिबाट कोरिन्थमा आएका शिक्षकहरू यस वाक्यको सन्दर्भ हुन्, जसले त्यस बसालिसकेको जगमाथि बनाउँदै त्यहाँको निर्माण-कार्य अगाड़ि बढ़ाएर लगे। प्रेरित पावलले सतर्क गराएर भन्छन्ः *'तर त्यसमाथि उसले कसरी बनाउँदै लैजान्छ, त्यस विषयमा हरेक होशियार बसोस्!'* स्थानीय मण्डलीमा शिक्षाको सेवकाइमा कार्यरत हुनु गम्भीर कुरा हो र शिक्षकको भूमिका खेल्नेले आफ्नो सेवकाइमा खेलाँची गर्नुहुँदैन। कोरिन्थमा कोही-कोही मानिसहरू आए, जसले फूट ल्याउने सिद्धान्तहरू सिकाए र परमेश्वरको वचनको विपरीत शिक्षा दिए। त्यस्ता शिक्षकहरूको ख्यालमा पावलले यी शब्दहरू लेखेका छन्, यसमा शङ्का छैन।

**१ कोरिन्थी ३ः११ः** घरको एकै जग भए पुग्छ। त्यसको जग बसालिसकेपछि फेरि कहिल्यै अर्को जग लगाउनुपर्दैन। प्रेरित पावलले कोरिन्थको मण्डलीको जग बसालेका थिए, अनि त्यो जग येशू ख्रीष्ट हुनुहुन्थ्यो। उहाँ र उहाँको त्राणको काम मण्डलीको जग हुन्।

**१ कोरिन्थी ३ः१२ः** जगरूपी शिक्षा छोड़ेर अरू शिक्षाहरू स्थानीय मण्डलीमा धेरथोर लाभदायक हुन सक्छन्; कुनै शिक्षाको गुण-स्तर माथि-तल हुन सक्छ। कतिपय शिक्षाको मूल्य सुन, चाँदी र बहुमूल्य पत्थरको जस्तै हुन्छ। यहाँ बहुमूल्य पत्थर भनेको हीरा, मणि वा अरू रत्न बुझिँदैन, तर मन्दिर बनाउन उपयोगी ढुङ्गाहरू बुझिन्छ, जस्तै ग्रनाइट/ कणाश्म, सङ्गमर्मर वा खरी-ढुङ्गा आदि। तर स्थानीय मण्डलीमा

दिइएको शिक्षाको मूल्य क्षणित वा निकम्मा पनि हुन सक्छ। यस प्रकारको शिक्षा यहाँ काठ, घाँस र परालसित तुलना गरिएको छ।

यस खण्डको अर्थ प्रायः सबै ख्रीष्ट-विश्वासीहरूमाथि लागू गरिन्छ। अनि कुरा साँचो होः हामी सबैले दिन-प्रतिदिन केही न केही कुरा बनाउँदै लगिरहेका छौं, अनि आउँदो दिनमा हाम्रा कामहरूको नतिजा प्रकट हुनेछ। तर पवित्र बाइबलको अध्ययन होशियारसाथ गर्नाले के थाहा लाग्छ भने, यो खण्ड सबै विश्वासीहरूको सम्बन्धमा होइन, तर खास गरी प्रचारक र शिक्षकहरूको सन्दर्भमा लेखिएको हो।

**१ कोरिन्थी ३ः१३ः** आउँदो दिनमा हरेकको काम केकस्तो थियो, सो प्रकट हुनेछ। त्यो दिन ख्रीष्टको न्यायआसनको सामु आफ्नो जीवनको लेखा दिनुपर्ने दिन हो। त्यस दिनमा प्रभुका निम्ति गरिएको सबै सेवाको जाँच हुनेछ। अनि त्यो जाँच आगोको जाँच रहेछ। जुन सेवाद्वारा परमेश्वरको महिमा र मानिसहरूको आशिष भयो, त्यस सेवाका निम्ति आगोको जाँचबाट कुनै नराम्रो असर हुनेछैन, जस्तै सुन, चाँदी र बहुमूल्य पत्थरहरू आगोमा हाले भने तिनलाई कुनै हानि हुँदैन। तर परमेश्वरको जनहरूको बीचमा समस्या सृजना गरिएको सेवा, र जुन सेवाबाट उनीहरूलाई कुनै आत्मिक उन्नति र लाभ भएन, त्यसको स्वाहा हुनेछ। किनकि आगोले हरेकको कामको जाँच गर्नेछ। तपाईं र मेरो काम कस्तो किसिमको छ होला ?

**१ कोरिन्थी ३ः१४ः** मण्डलीको सम्बन्धमा सेवाको काम तीन किसिमको हुँदो रहेछ। चौध पदअनुसार सेवा मूल्यवान् र लाभदायक हुन्छ। यसो हो भने, प्रभुको सेवकले जीवनभरि गरेको सेवकाइ आगोको जाँचबाट कुनै हानि हुनेछैन, र यस सेवकले ख्रीष्टको न्यायआसनको सामु इनाम पाउनेछ।

**१ कोरिन्थी ३ः१५ः** दोस्रो किसिमको सेवाचाहिँ काम नलाग्ने हुन्छ। यसो हो भने, प्रभुको सेवकले हानि उठाउनुपर्नेछ। तर आगोबाट गएर उम्केजस्तो ऊ आफै बाँच्नेछ। यस सम्बन्धमा श्री ए. डब्ल्यू. रोजर्सले यसो भनेका छन्ः

‘ “उसले हानि उठाउनुपर्छ” भन्ने वाक्यमा हामीले ‘एक समयमा त्यस मानिसको सम्पत्तिरूपी मुक्ति उसले अबचाहिँ गुमाउनुपर्नेछ’ भन्ने अर्थ लगाउनुहुँदैन है।’ **8)**

यसकारण यस पदबाट कुरा स्पष्ट हुन्छ, कि ख्रीष्टको न्यायआसनको सामु उभिएको ख्रीष्ट-विश्वासीले आफ्ना पापहरूको लेखा दिनेछैन, न ता आफ्ना पापहरूका निम्ति सजाय भोग्नेछ। किनभने ख्रीष्ट-विश्वासी-हरूका पापहरूको दण्ड प्रभु येशूले गलगथामा उनीहरूका निम्ति क्रूसमा भोगिदिनुभयो। अनि एकै कुराको जाँच फेरि दोहोरिँदैन। त्यो एकपल्टमा सधैंका निम्ति पूरा भयो। यसकारण ख्रीष्टको न्यायआसनको सामु ख्रीष्ट-विश्वासीको मुक्ति भयो कि भएन भन्ने जाँच गरिनेछैन; किनकि त्यहाँ उसको सेवाको जाँच हुनेछ।

मुक्ति र इनामको बीचमा छुट्ट्याउन नसकेर रोमन क्याथोलिक मण्डलीले यस पदको सन्दर्भ शोधन-स्थान हो भनेको छ र यसरी आफ्नो झूटो शिक्षाका निम्ति यस पदबाट समर्थन पाउन खोजेको हो। तर यस पदको अध्ययन होशियारसँग गर्नुपरेको छ, तब के देखिन्छ भने, यहाँ शोधन-स्थानको कुरै छैन, त्यसको अल्प-सङ्केत पनि छैन। तब एउटा आगो जसले मानिसको चरित्र शुद्ध पार्छ, त्यसको शिक्षा कहाँबाट आयो त? होइन, यहाँ, यस खण्डअनुसार आगोद्वारा मानिसको काम र सेवाको जाँच गरिनेछ। यस जाँचद्वारा मानिसको सेवारूपी कामको गुण कस्तो रहेछ, सो पत्ता लगाइनेछ। अनि मानिसका कामहरू आगोद्वारा भस्म भए पनि ऊचाहिँ बाँच्नेछ।

यस पदको सम्बन्धमा चाखलाग्दो कुरा के हो भने, परमेश्वरको वचन कहिलेकाहीं आगोसित तुलना गरिएको छ (यशैया ५:२४ र यर्मिया २३:२९)। यसर्थ ख्रीष्टको न्यायआसनको सामु हाम्रो सेवाको जाँच गर्ने आगो परमेश्वरको वचन हुँदो रहेछ। अनि परमेश्वरको यही वचन हालैमा हाम्रा निम्ति उपलब्ध हुन्छ। पवित्र बाइबलको शिक्षाअनुसार हामी बनाउँछौं भने आउँदो दिनमा हाम्रो कामको जाँच हुँदा त्यो दिगो रहनेछ, रहने रहेछ।

**१ कोरिन्थी ३:१६:** *‘तिमीहरू परमेश्वरको मन्दिर हौ, र परमेश्वरको आत्मा तिमीहरूभित्र वास गर्नुहुन्छ’* भन्ने सम्झना यी ख्रीष्ट-

विश्वासीहरूलाई गराउन खाँचो परेको थियो। (मन्दिर भन्नाले मन्दिरको चोक होइन, तर त्यसको भित्री पवित्रस्थान बुझिन्छ।) एक-एक विश्वासी परमेश्वरको मन्दिर भएको र पवित्र आत्मा उसभित्र वास गर्नुभएको कुरा सत्य हो, तर यहाँ त्यसमाथि दृष्टि लगाइएको कुरा होइन। यसो भनेर पावलले ख्रीष्टको मण्डलीमाथि यहाँ त्यसलाई एउटा सामूहिक गण सम्झेर आफ्नो नजर लगाएका छन्, र यस सम्बन्धमा तिनको चाहना थियो, कि कोरिन्थका विश्वासीहरूले परमेश्वरको मन्दिर हुने आफ्नो यस बोलावटमा कति पवित्र गौरव छ, सो देख्न सकून्।

**१ कोरिन्थी ३ः१७ः** अनि स्थानीय मण्डलीमा तेस्रो प्रकारको काम विनाशकारी हुन सक्छ। कोरिन्थको मण्डलीको कुरा गरौंः कुरा स्पष्ट छ, कि झूटा शिक्षकहरू उनीहरूकहाँ आएका थिए, जसले पवित्रताको सट्टामा बरु पाप बढ़ाउने शिक्षा दिन्थे। परमेश्वरको मन्दिरमा गड़बड़ र बरबादी ल्याएकोमा तिनीहरूलाई कुनै परवाह थिएन। यसकारण पावललाई यो मेघरूपी गम्भीर घोषणा गरिदिन करै लाग्छः 'होशियार! *कसैले परमेश्वरको मन्दिर नष्ट गर्दछ भने त्यसलाई परमेश्वरले नाश गर्नुहुनेछ।'* कुन सन्दर्भमा पावलले यो कुरा भनेका छन्, सो याद गर्नुहोस्! यसको मतलब यस प्रकारको छः जुन मानिस कुनै स्थानीय मण्डलीमा आउँछ, र जसले त्यस मण्डलीको साक्षी बिगार्छ, त्यस मानिसलाई परमेश्वरले नाश गर्नुहुनेछ। यस खण्डमा ध्यान झूटा शिक्षकहरूमाथि लगाइएको छ। तिनीहरू प्रभु येशूमाथि विश्वास गर्ने सच्चा विश्वासीहरू होइनन्। *'परमेश्वरको मन्दिर पवित्र हुन्छ, अनि त्यो मन्दिरचाहिँ तिमीहरू हौ'* भन्ने सत्र पदका अन्तिम शब्दहरूले सङ्केत गरेअनुसार तिनीहरूको यो अपराध अति नै गम्भीर हो रहेछ।

**१ कोरिन्थी ३ः१८ः** ख्रीष्ट-विश्वासीको जीवन र सेवकाइको सम्बन्धमा एउटा खतरा सधैं जारी रहन्छः हामी आफ्नो विषयमा धोकामा पर्न सम्भव छ, अभिमान हुन सम्भव छ। हुन सक्छ, कोरिन्थमा आएका शिक्षकहरूले आफूलाई ठूलो बुद्धिसम्पन्न मानिस सम्झे होलान्। तर आफ्नो सांसारिक बुद्धिको विषयमा घमण्ड गर्नेहरू परमेश्वरको दृष्टिमा बुद्धिमान् गनिनलाई पहिले संसारको दृष्टिमा मूर्ख बन्नुपरेको छ।

श्री एफ. एल. गोडेटले यसको परिभाषा यसो गरेका छन्ः

> 'जुन मानिसले तपाईंहरूका मण्डलीहरूमा सुसमाचार प्रचार गर्छ, त्यो मानिस कोरिन्थको मानिस, वा अरू जुनसुकै ठाउँको मानिस किन नहोस्, यदि उसले आफूलाई बुद्धिमान् सम्झन्छ, र आफूलाई गहन विचारले पूर्ण समझदार मानिस ठान्छ भने, उसको विषयमा यो कुरा सुनिश्चित छः उसले तबसम्म साँचो बुद्धि प्राप्त गर्न सक्दैन, जबसम्म ऊ कुनै आपत्मा पर्दैन र उसको बुद्धि, जसको बारेमा ऊ घमण्डले फुलेको छ, नष्ट हुँदैन। त्यसपछि मात्र उसले माथिबाटको बुद्धि पाउन सक्छ।' [9)]

**१ कोरिन्थी ३ः१९ः** यस संसारको बुद्धि परमेश्वरको दृष्टिमा मूर्खता हो। खोजतलाश गरेर मानिसले परमेश्वरलाई चिन्न र उहाँको विषयमा जान्न सकेन, अँ, उहाँलाई भेट्टाउन सकेन। अनि मानिसको बुद्धिले कुनै हालतमा पनि मुक्तिको योजना रच्न सकेन, झन् दोषी, दुष्ट, विद्रोही, पापी मानिसहरूका निम्ति मर्न परमेश्वर आफूले मानिसको रूप धारण गर्ने योजना कहिल्यै कल्पना गर्नै सकेन। परमेश्वर मानिसहरूको तथाकथित बुद्धिमाथि विजयी हुनुहुन्छ र आफ्ना उद्देश्यहरू पूरा गर्नुहुन्छ भन्ने कुरा देखाउन यस ठाउँमा अय्यूब ५ः१३ पद उद्धृत गरिएको छ। मानिसले आफ्नो सारा विद्याले प्रभुका योजनाहरू विफल पार्न सक्दैन। बरु परमेश्वरले घरीघरी मानिसहरूको सांसारिक बुद्धि रद्द पारेर तिनीहरूलाई तिनीहरूको गरिब र लाचारी अवस्था देखाउनुहुन्छ।

**१ कोरिन्थी ३ः२०ः** यहाँ भजन ९४ः११ पद उद्धृत गरिएको छ; किनकि परमप्रभुले यस संसारका बुद्धिमान् मानिसहरूका सबै तर्कहरू जान्नुहुन्छ, अँ, मानिसका ती तर्कहरू कति व्यर्थ, खोक्रा र निष्फल हुन्छन्, सो कुरा पनि जान्नुहुन्छ। तर पावलले यति दुःख गरेर संसारको बुद्धिलाई किन यति विश्वास नलाग्ने पारेका छन्? यसको एकमात्र कारण यो होः कोरिन्थका विश्वासीहरूले संसारको बुद्धि अधिमूल्यवान् सम्झेर त्यसलाई बढ़ी मान्यता दिन्थे। उनीहरू ती अगुवाहरूको पछि लाग्थे, जसले आफू संसारको बुद्धिले सुसम्पन्न भएको फुर्ती देखाउँथे।

**१ कोरिन्थी ३ः२१ः** *'यसैकारण कसैले पनि मानिसहरूमा गर्व नगरोस् !'* उक्त कुराको निचोड़ हो । प्रभुका साँचो सेवकहरूको विषयमा 'हामी फलाना प्रभुको दासका हौं' भन्नेमा गर्व गर्नुहुँदैन, तर 'प्रभुका सबै सेवकहरू हाम्रै हुन्' भन्ने सम्बन्धमा हाम्रो होश खोल्नुपर्छ; किनकि लेखिएको छः *'सबै कुराहरू तिमीहरूकै हुन् ।'*

**१ कोरिन्थी ३ः२२ः** कसैले बाइस पदको शीर्षक यस प्रकारले दिएका छन्ः 'परमेश्वरका सन्तानको धनसम्पत्तिको सूचि'। ख्रीष्टका जम्मै सेवकहरू हाम्रै हुन् । चाहे पावल, ती सुसमाचार प्रचारक, चाहे अपोल्लोस, ती शिक्षक, चाहे पत्रुस, ती पास्टर किन नहोऊन्, तिनीहरू हाम्रै हुन् । अनि तिनीहरू सबका सब हाम्रै भएका हुनाले हामी तिनीहरूमध्ये एकजनाका हौं भन्ने दाबी मूर्खता हो । अनि संसार हाम्रै हो । ख्रीष्ट येशूका साझे-हकवाला भएका नाताले हामी एक दिन संसाररूपी आफ्नो उत्तराधिकारको सम्पत्ति प्राप्त गर्नेछौं । तर वर्तमान समयमा परमेश्वरको प्रतिज्ञाअनुसार संसार हाम्रै हुने भयो । जसले यस संसारका कामकाजको जिम्मेवारी उठाएर काम गर्छन्, तिनीहरूले यो काम हाम्रा निम्ति गरेको तिनीहरूलाई थाहै छैन । अनि जीवन हाम्रै हो । पृथ्वीमाथि हाम्रो अस्तित्व छ भनेर हामी यस शब्दको अर्थको सीमामा पुगेका छैनौं; किनभने साँचो जीवन, भरपूर जीवन यस शब्दको अर्थ हो । अनि मृत्यु हाम्रै हो । हाम्रा निम्ति मृत्यु त्यससँग डराउनुपर्ने शत्रु होइन, जसले हाम्रो आत्मा अज्ञात अन्धकारभित्र सुम्पिदिन्छ । त्यसलाई परमेश्वरको दूतको रूपमा लिनुपर्छ, जसले हाम्रो आत्मा स्वर्गमा पुर्‍याइदिन्छ । अँ, वर्तमान कुराहरू र भविष्यका कुराहरू सबै हाम्रै हुन् । जुन मानिसले ख्रीष्ट येशूको सेवा गर्छ, सबै कुराहरूको प्रयोग उसको सेवामा हुन्छन् । यो सही कुरा हो । यस विषयमा श्री ए. टी. रोबर्टसनले भनेका छन्ः

> 'जो मानिस संसारका मानिसहरूलाई छुटकारा दिलाउने काममा परमेश्वरको सहकर्मी भएको छ, त्यस मानिसका निम्ति आकाशका ताराहरूले समेत आ-आफ्ना नक्षत्रपथमा लड़ाइँ गर्दा रहेछन् ।'

**१ कोरिन्थी ३ः२३ः** सबै ख्रीष्ट-विश्वासीहरू ख्रीष्टका हुन् । कोरिन्थमा कतिजनाले 'तिमीहरू होइन, हामीचाहिँ ख्रीष्टका हौं' भन्ने दाबी

गर्थे। तिनीहरूले ख्रीष्टको दल स्थापित गरेका थिए। तर पावलले यस प्रकारको फूट र झगड़ा सृजना गर्ने कुरा पूरा खण्डन गर्छन्। हामी सबैजना ख्रीष्टका हौं; अनि ख्रीष्टचाहिँ परमेश्वरको हुनुहुन्छ। पवित्र जनहरूलाई उनीहरूको वास्तविक गौरवपूर्ण स्तर देखाइदिएका पावलले मण्डलीमा दलबन्दी गर्ने र फाटोहरू ल्याउने काम कति मूर्ख कुरा हो, सो कुरा प्रकट गरेपछि तिनको मनभित्रको तनाउ बल्ल सन्चै भयो।

**१ कोरिन्थी ४ः१ः** पहिले, पावल र अरू प्रेरितहरूको मूल्य जान्नलाई पवित्र जनहरूले तिनीहरूलाई ख्रीष्टका सेवकहरू वा सहकर्मीहरू सम्झनुपर्छ। तिनीहरू परमेश्वरका रहस्यहरूका भण्डारी हुन्। भण्डारी-चाहिँ अरू कसैको सम्पत्तिको हेरचाह गर्ने नोकर हो। अनि परमेश्वरका रहस्यहरू तिनीहरूकै जिम्मामा सुम्पिदिइएका हुन्। रहस्यहरू पहिले लुकिराखिएका ती कुराहरू हुन्, जुन कुराहरू परमेश्वरले नयाँ नियमको समयमा आफ्ना प्रेरितहरू र भविष्यवक्ताहरूकहाँ प्रकट गर्नुभयो।

**१ कोरिन्थी ४ः२ः** अनि भण्डारीमा नभई नहुने मुख्य सद्गुण विश्वासयोग्यता हो। मानिसको दृष्टिमा पढ़ाइ, चतुरता, बुद्धि, धन र सफलता मूल्यवान् कुराहरू हुन्। तर परमेश्वरले यस्ता मानिसहरूलाई खोज्नुहुन्छ, जो प्रभु येशूप्रति सबै कुराहरूमा विश्वासयोग्य हुन्छन्।

**१ कोरिन्थी ४ः३ः** प्रेरितहरूको मूल्याङ्कन गर्दा भण्डारीहरूमा कस्तो विश्वासयोग्यता भएको हुनुपर्छ, सो कुरा विश्वासीहरूले ख्याल गर्नुपरेको दोस्रो कुरा थियो। यसकारण पावलले यहाँ यसो भनेका छन्ः *'तिमीहरूद्वारा अथवा मानिसको अदालतद्वारा मेरो न्यायजाँच हुनु मेरा निम्ति अति सानो कुरा हो।'* किनभने तिनलाई थाहा थियो, कि तिनी परमेश्वरप्रति कति विश्वासयोग्य हुने-नहुने कुराको सम्बन्धमा ठीक प्रकारको निर्णय गर्न जुनसुकै मानिस पनि असमर्थ छ। तिनले यसमा थपेर भन्छन्ः *'म आफूले पनि आफ्नो न्यायजाँच गर्दिनँ।'* किनकि यस्तो मानव-जातिभित्र तिनको जन्म भएको हो, जुन जातिका मानिसहरूले सधैं आफ्नै पक्षमा मात्र न्याय गर्दछन्।

**१ कोरिन्थी ४ः४ः** *'कुनै पनि कुराको विषयमा आफू दोषी भएको मलाई लाग्दैन'* भनेर प्रेरित पावलले के भन्छन् भने, ख्रीष्टको सेवाको

सम्बन्धमा तिनी कतै अविश्वासयोग्य भएको तिनलाई महसुस छैन। कुनचाहिँ कुराको विषयमा मानिसले तिनलाई दोष लगाउन सक्छ? तिनको जीवनमा कुनै पापको विषयमा तिनलाई केही पनि थाहा छैन भन्ने कुरा तिनले भनेको तात्पर्य होइन। यो विचार तत्कालै छोड़िदिनुहोस्! तिनी सिद्ध मानिस थिएनन्। यो खण्ड हामीले यसको सन्दर्भमा पढ्नुपर्छ। अनि यसको सन्दर्भ ख्रीष्टको सेवा र त्यसमा प्रेरितको विश्वासयोग्यता नै हो। ठिक्कै छ, तिनलाई आफ्नो विषयमा कुनै दोष छ जस्तै लाग्दैनथियो; तर यस कुराले तिनलाई धर्मी ठहराउँदैन। यस सम्बन्धमा सठीक न्याय गर्न सक्ने तिनी नै होइन, केवल प्रभु येशू हुनुहुन्छ; उहाँ तिनको न्यायकर्ता हुनुहुनेछ।

**१ कोरिन्थी ४ः५ः** यस कुरामा हामीले नजर राख्नुपर्छ, र आफ्नो सेवा वा कसैले गरेको ख्रीष्टको सेवाको मूल्याङ्कन गर्नमा एकदम होशियार हुनुपर्छ; किनभने हाम्रो दृष्टिमा प्रभावशाली, उत्तेजक कुराको मूल्य धेरै हुन्छ, जब हामी घरको काम, हातले गरेको काम, नोकरले गर्ने काम वा आँखाले नदेखिएको काममा थोरै मूल्य देख्दछौं। यसमा उचित नीति यस प्रकारको छः हामीले समयभन्दा अघि कुनै कुराको न्याय गर्नुहुँदैन। हामी यसका निम्ति प्रभु नआउन्जेल पर्खनुपर्छ। उहाँले न्यायसँगत न्याय गर्नुहुनेछ, आँखाको सामु देखा परेअनुसार होइन, तर उहाँ हृदयका विचारहरू पनि जान्नुहुन्छ र जाँच्नुहुनेछ। जुन-जुन काम गरिएका थिए, त्यसको हिसाब मात्र होइन, तर एक-एक काम किन गरिएको थियो, सो कारण पनि खुलस्त पारिनेछ। उहाँले हृदयहरूका विचारहरू प्रकट गर्नुहुनेछ। आफ्नो सेखी गरेको र आफ्नो महिमा खोजेको कुनै कुराका निम्ति कुनै इनाम पाइनेछैन भन्ने कुरा भन्नुपर्दैन होला।

*'हरेकले परमेश्वरबाट प्रशंसा पाउनेछ।'* यो वाक्य न्यायको दिनमा हरेक विश्वासीले गरेको सेवाको इनाम हुनेछ भन्ने समान प्रतिज्ञाको रूपमा लिनुहुँदैन। प्रशंसाको योग्य हरेक व्यक्तिले मानिसबाट होइन, तर परमेश्वरबाट प्रशंसा पाउनेछ – यस वाक्यको अर्थ यही हो।

अबका आठ पदहरूमा प्रेरित पावलले कोरिन्थको मण्डलीमा आएका फाटोहरूको मूल कारण बताउँछन्, जुनचाहिँ घमण्ड हो।

**१ कोरिन्थी ४ः६ः** ख्रीष्टको सेवा र ख्रीष्टीय अगुवाहरूको पछि लाग्ने मानिसहरूको स्वभावको सिलसिलामा तिनले १ कोरिन्थी ३ः५-४ः५ पदसम्म जे लेखे, तिनले आफ्नो विषयमा र अपोल्लोसको विषयमा भनेका रहेछन्। तर कोरिन्थका विश्वासीहरूले पावल र अपोल्लोसको नाममा मात्र होइन, तर आफ्ना मण्डलीका कतिजना मानिसहरूको नाममा पनि गुटबन्दीहरू गठन गरेका थिए। तर इसाई शिष्टता र यस नाजुक विषयको माग थियो, कि तिनले भन्न खोजेको कुरा आफूमाथि र अपोल्लोसमाथि लागू गराऊन्; किनकि यी दुईजनाको उदाहरणबाट पवित्र जनहरूले आफ्ना अगुवाहरूको विषयमा चाहिएको भन्दा बढ़ी सोच्नुहुँदैन भन्ने कुरा सिकून् र आफ्नो घमण्डमा फुलेर गुटबन्दीहरू गठन नगरून् भन्ने आशा थियो। पवित्र जनहरूले हरेक कुरा र हरेक व्यक्तिको विषयमा पवित्र शास्त्रमा लेखिएको कुरा नाघ्नुहुँदैन – पावलको इच्छा यो थियो।

**१ कोरिन्थी ४ः७ः** इसाई शिक्षकहरूको बीचमा एक-अर्कोको सीप र क्षमतामा भिन्नता हुन्छ। यो भिन्नता कहाँबाट आउँछ? यो परमेश्वरको काम हो। प्रभुको शिक्षकसँग जे छ, त्यो उनले प्रभुबाट पाएका हुन्। अनि यो कुरा हामी सबैजनासँग लागू हुन्छ। हामीसँग जे छ, त्यो हामीले परमेश्वरबाट पाएका हौं। यसो हो भने, हामी किन घमण्ड गरौं, किन घमण्डले फुलौं? हाम्रा सीप र क्षमताहरू आफ्नो चतुरता वा प्रवीणताको फल होइनन्।

**१ कोरिन्थी ४ः८ः** कोरिन्थका विश्वासीहरूलाई अरूको सहायता चाहिँदैनथियो; उनीहरू आत्मनिर्भर थिए। उनीहरू तृप्त थिए, उनीहरू अघाएका थिए। उनीहरूको बीचमा प्रशस्त आत्मिक वरदानहरू भएकोमा उनीहरू खूब अहङ्कारी भए। उनीहरू धनवान् थिए। उनीहरूसँग उब्रोपाब्रो थियो; उनीहरूलाई कुनै चिन्ता थिएन; उनीहरू ढुक्कै, निर्धक्क थिए। उनीहरूलाई केको खाँचो परेको थियो र? उनीहरूले राज्य गर्न थाले; तर उनीहरूको शासनमा प्रेरितहरूका निम्ति कुनै ठावैं भएन। त्यो राज्य गर्ने समय आइसके कति असल हुनेथियो; किनभने त्यस समयमा पावलले उनीहरूसित राज्य गर्नेथिए! तर वर्तमान समय तालिम लिने समय हो, जुन तालिमले हामीलाई राज्य गर्न तयार पार्छ। पछि राज्य गर्ने समय

आउनेछ; हाम्रो जीवनकाल त्यसका निम्ति हामीलाई तालिम दिने समय हो। एक दिन प्रभु येशू यस संसारमा फर्केर आउनुहुनेछ, र आफ्नो राज्य स्थापित गर्नुहुनेछ; त्यस बेलामा ख्रीष्ट-विश्वासीहरूले उहाँसित राज्य गर्नेछन्। तर हालैमा तिरस्कृत मुक्तिदाता प्रभुको निन्दामा सहभागी हुनु ख्रीष्ट-विश्वासीहरूको सौभाग्य र हिस्सा हो। श्री एच. पी. पार्करले चेतावनीको रूपमा यसो भनेका छन्ः

> 'राजाले आफ्नो मुकुट पाउनुभन्दा अघि हामीले आफ्नो मुकुट लाउन खोज्ने हाम्रो प्रयास सक्रिय विश्वासघात मानिन्छ। अनि ठीक यही कुरा कोरिन्थका कतिजना विश्वासीहरूले गरेका थिए। प्रेरितहरूले ख्रीष्टको निन्दा भोगे; तर कोरिन्थका विश्वासीहरू धनवान् थिए, प्रतिष्ठित थिए। उनीहरूका प्रभु र स्वामीले दुःखकष्ट भोग्नुभएको संसारमा उनीहरूले मज्जा खोजिरहेका थिए।' [10)]

राज्याभिषेकको बेलामा राजाको शिरमाथि श्रीपेच नलगाएसम्म कुलीन दर्शकहरूले आफ्नो टोपी कहिल्यै लगाउँदैनन्। तर कोरिन्थका विश्वासीहरूले उल्टो काम गरे। उनीहरूका प्रभु तिरस्कृत भएको बेलामा उनीहरूले राज्य गर्न थालेका थिए।

**१ कोरिन्थी ४ः९ः** यता कोरिन्थका विश्वासीहरूको आत्मनिर्भरता थियो भने उता प्रभुका प्रेरितहरू थिए। अब पावलले प्रेरितहरूको दशा बयान गर्दछन्। रोमी स्टेडियममा जङ्गली पशुहरूको सामु फ्याँकिएका तिनीहरू ! मानिसहरू र स्वर्गदूतहरूका निम्ति तमाशा भएको कति विचित्र दशा तिनीहरूको ! ! यस विषयमा श्री एफ. एल. गोडेटले भनेका छन्ः

> 'कोरिन्थको मण्डली सिंहासनमाथि बसेको, तर प्रभुका प्रेरितहरू तरवारको धारमनि परेको समयमा कोरिन्थका विश्वासीहरूका निम्ति आत्मसन्तुष्ट हुनु र घमण्डमा फुल्नु समयानुकूल कुरा थिएन।'

**१ कोरिन्थी ४ः१०ः** प्रेरितहरू ख्रीष्ट येशूको खातिर मूर्ख सम्झिएका थिए। तर कोरिन्थको समाजमा ख्रीष्ट-विश्वासीहरूले बुद्धिमान् भएको सम्मान कमाएका थिए। प्रेरितहरू कमजोर थिए, तर कोरिन्थका विश्वासीहरूको कुनै कमजोरता थिएन। प्रेरितहरूले अनादर, तर यी

पवित्र जनहरूले आदर पाएका थिए। कसरी? यो भिन्नता किन भयो होला?

**१ कोरिन्थी ४:११:** प्रेरितहरूका निम्ति विजयको उत्सव मनाउने वा राज्य गर्ने समय आएको थिएन। तिनीहरू भोका थिए, तिनीहरू तिर्खाएका थिए, तिनीहरू नङ्गा थिए; तिनीहरू सतावटमा परेका थिए। तिनीहरूलाई खेदो गरिन्थ्यो, तिनीहरूलाई पीछा गरिन्थ्यो, तिनीहरूलाई घरविहीन बनाइन्थ्यो।

**१ कोरिन्थी ४:१२:** तिनीहरूले आफ्नै हातले काम गरेर आफ्नो जीविका चलाउँथे। तिनीहरूले निन्दाको सट्टामा आशिष दिन्थे; सतावटमा परेर तिनीहरूले त्यो सहन्थे, तिनीहरूले बदला लिँदैनथिए।

**१ कोरिन्थी ४:१३:** आफू निन्दित भएका प्रेरितहरूले मानिसहरूलाई प्रभु येशूलाई ग्रहण गर्ने आह्वान र आग्रह गर्थे। संसारको कसिङ्गर तिनीहरू, सबैको फोहोर-मैला तिनीहरू। तिनीहरूले ख्रीष्ट येशूको खातिर भोगेका दुःखहरूको बयानले हाम्रा सबैको हृदय छोएको होस्! प्रेरित पावल वर्तमान समयमा बाँचेका भए तिनले हामीलाई पनि कोरिन्थका विश्वासीहरूलाई भन्नुपरेका यी शब्दहरू अवश्य भन्नेथिए: ‘हामीविना तिमीहरूले कसरी राजाले गरेजस्तै राज्य गरेका हौ?’

**१ कोरिन्थी ४:१४:** पावलले १ कोरिन्थी ४:१४-२१ पदको खण्डमा फाटोहरूको सम्बन्धमा यी विश्वासीहरूलाई आफ्नो अन्तिम अर्ती दिँदैछन्। तिनले व्यङ्ग्य शब्दहरू किन प्रयोग गरे, सो विषयमा तिनले स्पष्टीकरण दिन्छन्: उनीहरूलाई लाजमा पार्न होइन, तर उनीहरूलाई आफ्नो प्यारा छोराछोरीहरू सम्झेर तिनले यसो गरेका हुन्। मनको तीतोपन तिनको प्रेरणाको शक्ति थिएन। उनीहरूको आत्मिक भलाइ तिनको चिन्ताको कारण थियो।

**१ कोरिन्थी ४:१५:** उनीहरूको सम्झना आलो रहोस्: ख्रीष्टमा उनीहरूका दस हजार तालिम दिने शिक्षकहरू भए पनि विश्वासमा उनीहरूका बुबा केवल एकैजना थिए। पावलले उनीहरूलाई प्रभु येशूकहाँ डोर्‍याए। तिनी उनीहरूका आत्मिक बुबा थिए। उनीहरूलाई शिक्षा दिनेहरू त्यहाँ आउनेजाने धेरै थिए होलान्। तर परमेश्वरको थुमाकहाँ

बाटो देखाउने केवल तिनी नै थिए; अनि उनीहरूप्रति तिनको ममता र वास्ता थियो; अरूले यसो गर्न सक्दैनथिए। पावलले शिक्षाको सेवकाइको महत्त्व घटाउन खोजेका होइन, तर उनीहरूलाई ख्रीष्ट येशूकहाँ बाटो देखाउने व्यक्तिको हृदयमा पवित्र जनहरूको वास्ता र बोझ छ; तर ख्रीष्टको सेवा गर्नेहरू अरू धेरै छन्, जसले यसो नगर्लान्। पावलले भन्न चाहेको कुरा यही हो।

**१ कोरिन्थी ४:१६:** यसकारण पावलले उनीहरूलाई तिनको देखासिकी गर्ने आग्रह गरेका छन्। ख्रीष्ट येशूप्रति तिनको स्वार्थरहित भक्ति र सङ्गी-विश्वासीहरूका निम्ति तिनको अथक परिश्रम र विश्वासीहरूलाई देखाएको तिनको अटुट प्रेम उनीहरूले नकल गरून्, जसरी तिनले १ कोरिन्थी ४:९-१३ पदको खण्डमा बयान गरे।

**१ कोरिन्थी ४:१७:** यो लक्ष्यमा पुग्न उनीहरूलाई सहायताको खाँचो परेको थियो। यसकारण पावलले तिमोथीलाई उनीहरूकहाँ पठाए, जो प्रभुमा तिनको प्रिय र विश्वासयोग्य छोरा थिए। अनि उनीहरूलाई ख्रीष्टमा पावलका चालहरूको सम्झना गराउनु तिमोथीको काम थियो। यी चालहरू तिनले सबै मण्डलीहरूमा सिकाउने गर्थे। पावल आफूले प्रचार गरेको शिक्षा व्यवहारमा उतारेका थिए। अनि ख्रीष्टको सेवा गर्ने हरेक भाइबहिनीका निम्ति यो अनिवार्य कुरा हो।

**१ कोरिन्थी ४:१८:** पावलले 'म तिमोथीलाई तिमीहरूकहाँ पठाएको छु' भनेकोमा कोरिन्थमा पावलका निन्दा गर्नेहरूमध्ये कतिजनाले आफ्नो मनमा तुरुन्तै कुरा अर्को प्रकारले बुझेः 'अहो, पावल आफै हामीकहाँ आउन डराउँदा रहेछन्।' तर यी मानिसहरू घमण्डले फुलेका थिए। पावल उनीहरूकहाँ आउँदै आउँदैनन् भन्नेहरू यो कुरा आफ्नो जीवनबाट देखाए।

**१ कोरिन्थी ४:१९:** तर तिनले कबुल गरेर भन्छन्ः 'प्रभुको इच्छा भए म चाँड़ै तिमीहरूकहाँ आउनेछु।' अनि जब पावल उनीहरूकहाँ आउनेथिए, तब तिनले यी घमण्डले फुलिएकाहरूसित करवाही गर्नेथिए, जो जथाभावी बोल्थे, तर जसको आत्मिक शक्ति थिएन।

**१ कोरिन्थी ४ः२०ः** किनकि शक्ति गनिन्छ; परमेश्वरको राज्य शब्दहरू होइन, तर काममा परिणत हुने शक्तिको प्रदर्शन हो; यहाँ बोल्नेको होइन, तर काम गर्नेको भुस बिक्छ। परमेश्वरको राज्य मुखको स्वीकार मात्र होइन, तर हामीले त्यसको वास्तविकता धारण गर्नुपरेको छ।

**१ कोरिन्थी ४ः२१ः** पावल उनीहरूकहाँ कुन प्रकारले आउनुपर्ने थियो, त्यो उनीहरूमा भर पर्थ्यो। उनीहरूले ढीठपन देखाए भने तिनी छड़ी लिएर अउनेथिए। तर उनीहरू नम्र र आज्ञाकारी भए भने तिनी प्रेममा र नम्रताको आत्मामा भई उनीहरूकहाँ आउनेथिए।

## ख) १ कोरिन्थी ५ अध्यायः विश्वासीहरूको बीचमा भएको व्यभिचार

एउटा स्थानीय मण्डलीले खुलस्त रूपले गहकिलो पाप गरेको आफ्नो सदस्य/सदस्यासित कसरी अनुशासन गर्नुपर्छ, सो कुरा यस पाँच अध्यायमा देखाइएको छ। यस प्रकारको अनुशासन मण्डलीमा अनिवार्य छ, नत्र ता त्यसले संसारको सामु आफ्नो पवित्र चरित्ररूपी साक्षी कायम राख्न सक्दैन, नत्रभने पवित्र आत्मा शोकित भई विश्वासीहरूको बीचमा काम गर्न छोड्नुहुन्छ।

**१ कोरिन्थी ५ः१ः** कोरिन्थको मण्डलीको सङ्गतिमा रहेका भाइहरूमध्ये एकजनाले व्यभिचार गरेको कुरा चारैतिर चर्चा गरिएको रहेछ। जुन पाप त्यस व्यक्तिले गरेको थियो, त्यो पाप अति साह्रै नीच थियो, यतिसम्म कि अन्यजातिका भक्तिहीन मानिसहरूले धरि यस प्रकारको अधम पाप गर्दैनथिए। आफ्ना बुबाकी स्वास्नीसित त्यस भाइले कुकर्म गरेको रहेछ। पक्का पनि त्यसकी आमा मरेकी र त्यसका बुबाले फेरि विवाह गरेको हुनुपर्छ। यसकारण त्यसका बुबाकी दोस्री स्वास्नी त्यस भाइकी कान्छी आमा भई। हुन सक्छ, त्यो स्त्री विश्वासी थिइन कि के हो? किनभने उसको विरोधमा कुनै कारवाही गरेको बयान पाइँदैन। मण्डलीले उसको विषयमा कुनै फैसला गर्नुपरेन होला।

**१ कोरिन्थी ५ः२ः** कोरिन्थका विश्वासीहरूले यो कुरा कसरी लिए त? उनीहरू शोकित हुनुपर्नेथियो, उनीहरू अफसोसी हुनुपर्नेथियो, तर

यसको सट्टामा उनीहरू घमण्डी र अहङ्कारी थिए। अपराधीलाई अनुशासनमा नराखेकोमा उनीहरू आफ्नो उदारतामा फुलेका थिए कि? अथवा के मण्डलीका प्रशस्त आत्मिक दानवरदानहरूमा मक्ख परेर उनीहरूले त्यस घटनामाथि ध्यान नदिएका थिए कि? अथवा के उनीहरूले मण्डलीको पवित्रतामा भन्दा त्यसका सदस्यहरूको सङ्ख्यामा बढ़ी चासो लिएका थिए कि? जे होस्, उनीहरूले त्यो पाप गम्भीरतासाथ लिएनन्, उनीहरूलाई त्यसको धक्का लागेन।

*'तिमीहरू घमण्डले फुलेका छौ; यस्तो काम गर्ने तिमीहरूको बीचबाट निकालियोस् भन्ने हेतुले तिमीहरूले विलाप गर्नुपर्नेथियो।'* यी विश्वासी-हरूले प्रभुको सामु आफूलाई नम्र तुल्याएका भए उहाँ यस विषयमा उठ्नुहुनेथियो, र त्यस अपराधीलाई कुनै न कुनै ताड़ना दिनुहुनेथियो। यस विषयमा श्री चार्लस आर. एर्डम्यानले यसो भनेका छन्ः

> 'ख्रीष्टको स्थानीय मण्डलीको महिमा त्यसका महान् शिक्षकहरूको वाक्पटुतामा र तिनीहरूका वरदानहरूमा होइन, तर त्यसको नैतिक पवित्रता र त्यसका सदस्यहरूको उदाहरणीय जीवनमा पो छ भन्ने कुरा उनीहरूले बुझ्नुपर्नेथियो।' 11)

**१ कोरिन्थी ५ः३ः** तर उनीहरूले त्यस कुराको वास्ता गर्दैनथिए। तब प्रेरित पावलले, जो अनुपस्थित थिए, उपस्थित भएजस्तै अघिबाट त्यसको न्यायको फैसला गरिसकेका थिए।

**१ कोरिन्थी ५ः४ः** पावलको मन-चित्र यस प्रकारको छः त्यस अपराधीको विरोधमा करवाही गर्न कोरिन्थको मण्डली भेला भएको छ। हुन त, तिनी शरीरमा उपस्थित थिएनन्। तर उनीहरू प्रभु येशू ख्रीष्टको नाममा भेला हुँदा तिनी आत्मामा उनीहरूको बीचमा उपस्थित थिए। प्रभु येशूले मण्डलीलाई र विशेष गरी प्रेरितहरूलाई यस प्रकारका कारवाहीहरूमा अनुशासन गर्ने अधिकार दिनुभएको थियो। यसकारण पावलले 'हाम्रा प्रभु येशूको शक्ति वा अधिकारमा म कारवाही गर्छु' भनेर भन्न सक्थे।

**१ कोरिन्थी ५ः५ः** तिनले गर्न लागेको अनुशासन-कार्य यस प्रकारको थियोः तिनले त्यस भाइलाई शरीरको विनाशका निम्ति शैतानको हातमा

सुम्पनेथिए, यस हेतुले कि त्यसको आत्मा प्रभु येशूको दिनमा बाँचोस्। यस वाक्यको अर्थको विषयमा टिप्पणीकारहरूमा एकमत छैन। कतिजनाको विचारअनुसार यस वाक्यले स्थानीय मण्डलीबाट पापी मानिसलाई बहिष्कृत गर्ने कार्य बयान गरेको छ; किनकि १ यूहन्ना ५:१९ पदअनुसार शैतानको अधिकार-क्षेत्र मण्डलीदेखि बाहिर हो। यसकारण यस्ताहरूको विचारमा, शैतानको हातमा सुम्पनुको अर्थ मण्डलीबाट बहिष्कार गर्नु हो, बस यति। तर अरूले के तर्क गर्छन् भने, प्रेरितहरूसँग कसैलाई शैतानको हातमा सुम्पने विशेष अधिकार थियो, तर यस प्रकारको अधिकार वर्तमान समयमा कसैको हुँदैन।

'शरीरको विनाशका निम्ति' भन्ने वाक्य-अंशको विषयमा पनि विवाद छ। धेरैजनाको विचार के हो भने, यी शब्दहरूमा त्यस पाप गर्ने भाइको शारीरिक यातना बुझिन्छ, जुन यातनाद्वारा परमेश्वरले त्यसलाई त्यसका त्यसलाई वशमा राख्ने पापी अभिलाषाहरू र त्यसको जीवनका पापी आदतहरूको पक्राउबाट छुटाउनुहुन्छ। अरूले के भन्छन् भने, शरीरको विनाशले त्यस पाप गर्ने भाइको मृत्युलाई सङ्केत गरेको छ; त्यसमाथि शारीरिक मृत्यु बिस्तारै आइपरेकोले त्यो बाँचोस् भन्ने हेतुले त्यसलाई पश्चात्ताप गर्ने मौका दिइन्छ।

जे होस्, हामीले यस सम्बन्धमा एउटा कुरा बिर्सनुहुँदैन, तर सधैं याद गर्नुपर्छः विश्वासीलाई अनुशासनमा राखिने कारवाहीको उद्देश्य सधैं उसलाई प्रभुको सङ्गतिमा फर्काएर उसको पुनर्स्थापना हो। कसैको बहिष्कार गरेमा काम समाप्त हुँदैन। बहिष्कारमा पाप गर्ने भाइबहिनीलाई मण्डलीबाट निकालिएको भन्दा ठूलो उद्देश्य हुनुपर्छ। अनि उसको आत्मा प्रभु येशूको दिनमा बाँचोस् – यस बहिष्कारको कामको उद्देश्य हुनुपर्छ। अर्को शब्दमा भन्नु हो भने, त्यस मानिसको अनन्त विनाश यस वाक्यको विषय होइन, तर उसले गरेको पापको खातिर उसको जीवनकालमा उसलाई प्रभुद्वारा ताड़ना मिलेको होस्, तर प्रभु येशूको दिनमा ऊ बाँचोस् भन्ने उद्देश्य यस वाक्यको अर्थ हो।

**१ कोरिन्थी ५:६:** कोरिन्थका विश्वासीहरूले घमण्ड गरेकोमा पावलको हप्की खानुपर्‍यो। हुन सक्छ, त्यो पाप एकैपल्ट मात्र भएकोमा

तिनीहरूले आफूलाई निर्दोष ठानेका थिए होलान्। *'अलिकति खमिरले सारा ढिकालाई खमिरा बनाइदिन्छ'* भन्ने कुरा उनीहरूलाई थाहा हुनुपर्नेथियो। खमिरले यहाँ नैतिक पापको चित्रण गर्छ। प्रेरित पावलले के भन्न खोजेका छन् भने, स्थानीय मण्डलीमा नैतिक पाप त्यसको कारवाही नगरी रहन दिएमा यसको खराब प्रभाव तुरुन्तै बढ्नेछ, यहाँसम्म कि त्यसले सारा मण्डली-सङ्गतिलाई नराम्रोसँग चिन्ताजनक असर गर्छ। मण्डलीको चरित्ररूपी साक्षी कायम राख्नलाई अनुशासन अनिवार्य हो, तर जुनै पनि अनुशासन न्यायसँगत हुनुपर्छ र ईश्वरीय रीतिअनुसार गर्नुपर्छ।

**१ कोरिन्थी ५ः७ः** यसकारण उनीहरूलाई *'पुरानो खमिर निकाल !'* भन्ने आज्ञा दिइएको छ; अर्थात् त्यस खराबीप्रति उनीहरूले कड़ाकड़ी कारवाही गर्नुपर्छ, तब मात्र उनीहरू एक नयाँ, शुद्ध ढिका हुन सक्छन्। त्यसपछि भनेको कुरामा पावलले यति थप्छन्ः *'किनकि तिमीहरू अखमिरा छौ पनि।'* परमेश्वरले उनीहरूलाई ख्रीष्टमा पवित्र, धर्मी र शुद्ध भएका देख्नुहुन्छ। अनि प्रेरित पावलको यस भनाइअनुसार उनीहरूको व्यवहारिक जीवन यस पवित्र स्तरसँग मिल्नुपर्छ। उनीहरूको आत्मिक स्तरअनुसार उनीहरू अखमिरा थिए। तर अबचाहिँ उनीहरूको व्यवहार पनि अखमिरा हुनुपर्छ। उनीहरूले 'पवित्र जन' हुने नाम पाएका थिए; यसकारण उनीहरूको स्वभाव पनि यही नामसित मिल्नुपरेको थियो। अनि जुन विश्वास उनीहरूले स्वीका गरेका थिए, त्यस विश्वाससित उनीहरूको व्यवहार पनि मिल्नुपरेको थियो।

*'किनकि ख्रीष्ट पनि, जो हाम्रो निस्तारको पाठो हुनुहुन्छ, हाम्रा निम्ति बलिदान हुनुभएको छ।'* अखमिरे रोटीको सम्झनामा पावलको मन निस्तार-चाड़मा पुगेछ। किनभने निस्तार-चाड़को पहिलो दिनको साँझमा यहूदीहरूले आफ्ना घरहरूबाट सबै खमिर हटाउनुपर्थ्यो। तिनीहरूले पीठो मुछ्ने भाँड़ाहरू खुर्केर सफा गर्थे। तिनीहरूले खमिर राखिने ठाउँ घोटी-घोटी त्यसलाई बिलकुल सफा पार्थे। त्यहाँ खमिरको कणसम्म हुनु-हुँदैनथियो। कतै खमिर छोड़ेछु भनेर तिनीहरूले चोर-बत्तीले एक कुनादेखि अर्को कुनैसम्म घरको पूरा तलाश गर्थे। त्यसपछि तिनीहरूले परमेश्वरकहाँ आफ्ना हातहरू उठाएर भन्थेः 'हे परमप्रभु, मैले आफ्नो

घरबाट सबै खमिर निकालिदिएको छु; अनि मेरो अनजानमा कतै कुनै खमिर रहेको छ भने म सारा हृदयले त्यो खमिर पनि निकाल्छु।' यहूदीहरूको यो चलन हामी सबै खराबीबाट कसरी अलग हुनुपर्छ, सो कुरा स्पष्ट पार्ने दृष्टान्त हो। किनकि हाम्रो ख्रीष्टीय जीवनको बोलावट यस्तै छ।

यस चाड़मा यहूदीहरूले निस्तारको पाठो बलिदान गर्थे। यस बलिदानले हाम्रा प्रभु येशू ख्रीष्टको क्रूसको मृत्युलाई सङ्केत गर्छ। नयाँ नियमभित्र यस प्रकारको प्रतीकात्मक शिक्षा दिने पदहरू धेरै छन्। प्रतीकात्मक शिक्षा भन्नाले हामीले पुरानो नियमका ती व्यक्तिहरू र ती घटनाहरू बुझ्छौं, जुन व्यक्तिहरू र जुन घटनाहरू भविष्यमा हुन आउने कुराहरूका प्रतीक वा छाया-चित्रहरू हुन्। तीमध्ये धेरै व्यक्तिहरू र घटनाहरूचाहिँ प्रभु येशूको आगमनका प्रतीक हुन्, जो हाम्रा पापहरू हटाउन आफू बलि हुनुभयो।

**१ कोरिन्थी ५ः८ः** *'आओ, हामी यो चाड़ मनाऔं!'* भन्ने वाक्यले निस्तार-चाड़सित वा प्रभुभोजसित आफ्नो सम्बन्ध जोड्दैन, तर ख्रीष्ट-विश्वासीको सम्पूर्ण जीवनसित सम्बन्ध जोड्छ र बयान गर्छ। हाम्रो सारा अस्तित्व एक हर्षको उत्सव हो। अनि यो उत्सव हामीले सठीक प्रकारले मनाउनुपर्छ, अर्थात् पापरूपी पुरानो खमिरले होइन, द्वेष र दुष्टतारूपी खमिरले पनि होइन, तर अखमिरे रोटीरूपी इमानदारी र सत्यताले पूर्ण जीवनले मनाउनुपर्छ। ख्रीष्टमा रमाउनेहरू हामी हौं, तब अरू मानिस-हरूप्रति कतै कुनै कुभलो चित्ताउने हरेक विचार हाम्रो हृदयबाट टाढ़ा हुनुपर्छ। प्रेरित पावलले रोटी पकाउनलाई चलाइएको खमिरको कुरा गरेका होइन, तर खमिरलाई आत्मिक हिसाबले प्रयोग गरेका हुन् भन्ने कुरा अबदेखि स्पष्ट भयो; किनभने खमिर पापको प्रतीक हो, जुन पापले आफ्नो सम्पर्कमा आउने हरेक कुरा अशुद्ध पार्छ। आउनुहोस्, हामी इमानदार र सत्यले पूर्ण जीवन जिएर त्यो चाड़ मनाऔं र ख्रीष्ट येशूलाई आफ्नो पवित्र जीवनद्वारा उच्च पारौं!

**१ कोरिन्थी ५ः९ः** *'व्यभिचारीहरूसँग कुनै सङ्गत नगर्नू'* भन्ने कुरा पावलले अघि कुनै चिट्ठीमा उनीहरूलाई लेखेका थिए। यसबाट प्रसङ्ग

उठाएर तिनले यस विषयमा चर्चा गर्न थाल्छन् । तिनले यहाँ बताएको चिट्ठी हरायो । तर त्यस कुराले पवित्र बाइबल आत्माको प्रेरणाले दिइएको धर्मशास्त्र हो भन्ने कुरामा कुनै धक्का दिँदैन । पावलले अरू पत्रहरू लेखे, जुन पत्रहरू आत्माको प्रेरणाको फल थिए-थिएनन् होलान्; यसकारण परमेश्वरले ती पत्रहरू पवित्र बाइबलको कानुनमा समावेश गर्नुभएन । उहाँले चाहनुभएका र योग्य ठान्नुभएका पत्रहरू मात्र पवित्र बाइबलमा समावेश गर्नुभयो ।

**१ कोरिन्थी ५ः१०ः** 'व्यभिचारीहरूसँग सङ्गत नगर्नू' भन्ने आदेश दिँदाखेरि प्रेरित पावलले सबै भक्तिहीन मानिसहरूबाट बिलकुल अलग रहेर तिनीहरूसँग कुनै सङ्गत नगर्नु – यस आज्ञाको उद्देश्य थिएन । किनभने यस संसारमा रहुन्जेल हामीले मुक्ति नपाएका मानिसहरूसित व्यवहार र व्यवसाय गर्नुपर्छ, अनि ती मानिसहरूको पापको सम्बन्धमा, तिनीहरू कहाँसम्म पतित भए, हामीलाई थाहा हुँदैन । अनि पापी मानिस-हरूबाट पूरा अलग रहेर जिउनु हो भने हामी यस संसारबाट निस्केर जानुपर्छ ।

*'यस संसारका जम्मै व्यभिचारीहरू, लोभीहरू, धुताहाहरू, मूर्ति-पूजकहरूसँग कुनै सङ्गत नगर्नू'* – तिनको आज्ञाको मतलब थिएन । लोभी मानिसहरू व्यवसाय, लेनदेन र रुपियाँपैसाको सम्बन्धमा इमानदार नभएका मानिसहरू हुन् । उदाहरणका निम्ति, लोभको कारणले कर नतिर्ने वा कर तिर्नुमा छल गर्ने हरेक भाइबहिनीलाई सँगतिबाट बहिष्कार गर्नुपर्छ । धुताहाहरूचाहिँ हत्याको धम्की दिएर वा हानि गर्ने डर देखाएर अत्याचार र शोषणद्वारा आफ्नो धनसम्पत्ति बढ़ाउनेहरू हुन् । मूर्ति-पूजकहरूले एकमात्र सत्य परमेश्वरलाई छोड़ेर अरू कुनै थोक वा अरू कुनै व्यक्तिलाई ईश्वरको रूपमा पूजा गर्छन् । मूतिपूजा गर्नुको साथसाथै प्रायः सधैं व्यभिचारका डरलाग्दा पापहरू पनि गरेका हुन्छन् ।

**१ कोरिन्थी ५ः११ः** पावलको उक्त आदेशको अर्थ यस प्रकारको छः 'कुनै विश्वासी भाइ वा कुनै विश्वासी बहिनीले यी डरलाग्दा पापहरूमध्ये कुनै एउटामा लागिपरेका छन् भने यस्तो भाइबहिनीसँग सङ्गति गर्नू' भनेर तिनले भनेका हुन् । तिनका शब्दहरूको परिभाषा हामीले निम्न प्रकारले गर्न सक्छौंः 'मैले तिमीहरूलाई उक्त आज्ञा दिँदा भन्न चाहेको कुरा यो हो, र

म अहिले दोहोऱ्याएर भन्छु, कि जसले आफूलाई "इसाई हुँ" भन्छ, र व्यभिचार गर्छ, वा जो लोभी हुन्छ, वा जसले मूर्तिपूजा गर्छ वा गाली बक्छ, अथवा जो मतवाला कि धुताहा हुन्छ, यस्तोसँग तिमीहरूले खाना नखानू !'

मुक्ति नपाएका मानिसहरूको सम्पर्कमा रहनु हामीलाई आवश्यकता पर्छ, अनि यस कुराले धेरै पल्ट हामीलाई हाम्रो सम्बन्धमा रहेका मानिसहरूलाई आफ्नो गवाही दिने वा सुसमाचार सुनाउने मौका दिलाउँछ। तिनीहरूसित सम्पर्क राखेकोले हामी ख्रीष्ट-विश्वासीहरूलाई त्यति खतरा नहोला, जति खतरा तिनीहरूबाट आउँछ, जसले आफूलाई 'इसाई हुँ' भन्छन्, तर पापमा जिउँछन्। हामीले त्यस्तो केही पनि गर्नुहुँदैन, जुन व्यवाहारबाट पापमा जिउने कुनै भाइबहिनीले हामीले उसको पाप नदेखेका वा माफ दिएका बुझ्न सक्छ।

दस पदमा दिइएको पापीहरूको सूचीमा यहाँ गाली बक्ने र मतवाला पनि थपिए। गाली बक्नेचाहिँ अरू मानिसहरूलाई आफ्नो आवेगमा कटुवचन, अपशब्द वा दुर्वचन लाउँछ। तर यस कुरामा हामी अलिक होशियार पनि हुनुपर्छ। के कुनै भाइले एकपल्ट रिसको आवेगमा आएर आफ्नो मुखबाट कुवाक्य निकालेकोमा हामीले उसलाई मण्डलीबाट बहिष्कृत गर्नुपर्छ? होइन, हामीलाई यो ठीक लाग्दैन। किनभने गाली बक्नुको शब्दको अर्थअनुसार गाली गर्नु त्यस मानिसको बानी हुँदो रहेछ। अर्को शब्दमा भन्नु हो भने, आवेगमा आएर अरू मानिसहरूलाई अपशब्द भनेको बानीबाट गाली बक्नेलाई चिनिन्छ। तर यस कुराबाट हामीले कुनै हालतमा पनि आफ्नो मुखबाट निस्कने शब्दहरू सम्हाल्नुपर्ने चेताउनी लिनुपर्छ। यस विषयमा श्री एच. ए. आइरनसाइडले यसो भनेका छन्ः

> 'धेरै मानिसहरूले बहाना गरेर आफ्नो कुवाक्यको विषयमा यसो भन्छन्ः "त्यो त बोल्नमा बेहोशी भएकोले गर्दा मेरो मुखबाट निस्केको शब्द हो;" तब मशिन-गन चलाउँदा होशियार नभएको व्यक्तिको विषयमा के हो त? के "मशिन-गन चलाउनमा म अलिकति बेहोशी थिएँ" भन्ने त्यसको बहाना त्यसबाट हामीले ग्रहण गर्नेथियौं?'

अनि मतवाला – अत्यधिक मादक पदार्थ वा लागू पदार्थ सेवन गर्ने लट्ठ लागेको मानिस मतवाला हो।

के प्रेरित पावलले यस प्रकारको पापमा जिउने इसाईसँग खाना नखानू भनेको कुरा हामीले अक्षरशः लिनुपर्छ? हो, यस पदको शिक्षी यही हो। यस्तो भाइसँग हामीले प्रभुभोज खानुहुँदैन; यस्तोसँग खाना खानुहुँदैन। तर यो आज्ञा पालन गर्नुमा पनि सीमा हुन्छ। उदाहरणका निम्ति, सङ्गतिबाट बहिष्कृत गरिएको भाइकी विश्वासी पत्नीले आफ्नो लोग्नेसित खाना खान सक्छिन्। तर यस सम्बन्धमा व्यवहारिक नीति यस प्रकारको छः विश्वासीको नाताअन्तर्गत पर्ने जुनसुकै भाइबहिनी सूचित गरेका उपरोक्त पापहरूको कुनै एउटाको सम्बन्धमा दोषी छ भने उसलाई ख्रीष्टीय समाजबाट बहिष्कार गर्नु उचित र न्यायसँगत हुन्छ। किनकि यसो गर्नाले उसलाई आफ्नो पापको गम्भीरताको घत लाग्नेछ र उसलाई पश्चात्ताप गर्ने मौका दिइन्छ। 'के प्रभु येशूले त महसुल उठाउनेहरू र पापीहरूसित खाना खानुभएन र' भनेर कसैले आफ्नो आपत्ति जनाएर भन्छ भने हाम्रो जवाफ यस प्रकारको छः जससँग प्रभु येशूले खाना खानुभयो, ती मानिसहरू उहाँका अनुयायी थिएनन्, उहाँका अनुयायी हौं भनेर पनि भनेनन्। अनि ती मानिसहरूसित खाना खाएर प्रभु येशूले तिनीहरूलाई आफ्ना चेला-हरूको रूपमा स्वीकार गर्नुभएन। तर हामीले अध्ययन गरेको खण्डले के सिकाउँछ भने, हामीले कुनै इसाईसँग सङ्गत गर्नुहुँदैन, जो एउटा दुष्ट जीवन जिउँछ।

**१ कोरिन्थी ५:१२:** पावलले कोरिन्थका विश्वासीहरूलाई यहाँ दुईवटा प्रश्न सोधेका छन्, जुन प्रश्नहरूद्वारा मुक्ति नपाएका मानिसहरूको न्याय गर्नु ख्रीष्ट-विश्वासीहरूको जिम्मेवारी नै होइन भन्ने बुझिन्छ। भविष्यको दिनमा प्रभु आफूले यस संसारमा हाम्रो वरिपरि जिउने दुष्ट मानिसहरूको न्याय गर्नुहुनेछ। तर मण्डलीभित्रकाहरूको न्याय हाम्रो हातमा सुम्पिएको छ। ईश्वरीय रीतिअनुसार अनुशासन कायम राख्नु स्थानीय मण्डलीको जिम्मेवारी हो।

प्रभु येशूले *'न्याय नगर, र तिमीहरूको न्याय नगरियोस्'* भनेर सिकाउनुभएको कुरा लिएर कसैले उक्त कुराको विषयमा आफ्नो आपत्ति

जनाउन खोज्छ भने, हाम्रो उत्तर यस प्रकारको छः मत्ती ७ः१ पदमा प्रभु येशूले मनाही गर्नुभएको न्याय मानिसहरूका अभिप्रायहरूको विषयमा जाँच नगर्नू भन्नुभएको हो। यस प्रकारको न्याय गर्नुहुँदैन। तर परमेश्वरको वचन यस कुरामा स्पष्ट छः परमेश्वरको मण्डलीमा हामीले प्रकट भएको पापको विषयमा न्याय गर्नुपर्छ। यस अनुशासनको कार्यमा पवित्रताको सम्बन्धमा मण्डलीलाई कुनै कलङ्क नलागोस् र पाप गरेर अनुशासनमा राखिएको भाइबहिनी प्रभुको सङ्गतिमा पुनर्स्थापित भएको होस् भन्ने उद्देश्य छ।

**१ कोरिन्थी ५ः१३ः** पावलले स्पष्ट पार्छन्ः परमेश्वरले मण्डलीदेखि बाहिरकाहरूको न्याय गर्नुहुनेछ। बाहिरकाहरू मुक्ति नपाएका मानिसहरू हुन्। तर कोरिन्थका विश्वासीहरूले परमेश्वरद्वारा उनीहरूको जिम्मामा सुम्पिएको न्याय व्यवहारमा ल्याउनुपरेको थियोः उनीहरूले त्यस दुष्ट व्यक्तिलाई आफ्नो बीचबाट निकाल्नुपरेको थियो। अनि फलाना भाइ मण्डलीको सङ्गतिमा छैन भनेर स्थानीय मण्डलीले सूचित गर्नुपर्छ। यस प्रकारको सूचना दिँदा हामीले यसमा आफ्नो खेद, आफ्नो अफसोस प्रकट गर्नुपर्छ र नम्र भई यसको जानकारी दिनुपर्छ, साथै त्यस भड्किएको र पतित भएको भाइको पुनर्स्थापनाका निम्ति हामीले निरन्तर प्रार्थना गर्नुपर्छ।

## ग) १ कोरिन्थी ६ः१-११ः विश्वासीहरूको बीचमा भएका मामिलाहरू

१ कोरिन्थी ६ः१-११ पदको खण्डमा ख्रीष्ट-विश्वासीहरूको बीचमा चल्ने मामिलाहरूको चर्चा गरिन्छ। कति विश्वासीहरूले आफ्ना सङ्गी-विश्वासीहरूको विरोधमा अदालतमा गएको र संसारका न्यायकर्ताहरूको सामु आफ्नो मुद्दा पेश गरेको खबर पावलकहाँ पुगेको थियो। यसकारण तिनले यहाँ यस सम्बन्धमा मण्डलीका निम्ति महत्त्वपूर्ण दीर्घकालिक व्यवहारिक नियमहरू दिएका छन्। याद रहोस्ः यस अध्यायमा 'के तिमीहरूलाई थाहा छैन?' भन्ने वाक्य हामी घरीघरी पढ्न पाउँछौं, जस्तै १ कोरिन्थी ६ः२, ३, ९, १५, १६ र १९ पदहरूमा।

**१ कोरिन्थी ६ : १ :** शुरुको प्रश्नले के देखाउँछ भने, विश्वासीहरूमध्ये कसैले आफ्नो भाइको विरोधमा अधर्मीहरूको सामु अर्थात् मुक्ति नपाएका न्यायकर्ताहरू वा शासकहरूको सामु आफ्नो मुद्दा पेश गरेकोमा पावल छक्क परे। साँचो धार्मिकताको विषयमा जान्ने विश्वासीहरूले धार्मिकताको विषयमा पूरा अनजान भएका न्यायकर्ताहरूको सहारा कसरी लिन सक्छन् ? यो त कति विचित्र कुरा, मेल नखाने कुरा हो। ख्रीष्ट-विश्वासीहरूले उचित न्याय ती मानिसहरूबाट पाउन खोज्छन्, जुन मानिसहरूसँग न्याय नै छैन। यो कति असङ्गत कुरा हो, सो आफू विचार गर्नुहोस् !

**१ कोरिन्थी ६ : २ :** दोस्रो नमिल्ने कुरा के हो भनेः एक दिन सारा संसारको न्याय गर्ने यी विश्वासीहरू आफ्नो बीचबाट उठेका सानातिना कुराहरूको न्याय गर्न कसरी सक्षम नभएका ? पवित्र धर्मशास्त्रको शिक्षा-अनुसार ख्रीष्ट येशू ठूलो शक्ति र महिमाको साथ यस संसारमा फर्केर आउनुहुनेछ, र त्यस बेलामा विश्वासीहरूले उहाँसँग पृथ्वीमाथि राज्य गर्नेछन्। त्यस बेलामा संसारको न्याय उनीहरूको हातमा सुम्पिइनेछ। तब संसारको न्याय गर्ने यी ख्रीष्ट-विश्वासीहरू हालैमा उनीहरूलाई पिरोल्ने सानातिना विवादहरू मिलाउन निपुण नहुनु कसरी ?

**१ कोरिन्थी ६ : ३ :** कोरिन्थका विश्वासीहरूलाई स्मरण रहोस्ः एक दिन उनीहरूले स्वर्गदूतहरूको न्याय गर्नेछन्। यस गहन र महत्त्वपूर्ण अपूर्व तथ्यको विषयमा सोचेर हामीलाई रिँगटा लाग्ला। तर यो महान् तथ्य प्रेरित पावलले यहाँ आफ्नो तर्कको बुँदा बनाएका छन्। कुनै पूर्वसूचनाविना बज्रपातजस्तै यो गहकिलो तत्त्व पेश गरिएको छः एक दिन ख्रीष्ट-विश्वासीहरूले स्वर्गदूतहरूको न्याय गर्नेछन्। यहूदा १:६ र २ पत्रुस २:४ र ९ पदबाट स्वर्गदूतहरूको न्यायको कुरा थाहा लागेको छ। अनि यो विधित छ, कि ख्रीष्ट येशू न्यायकर्ता हुनुहुन्छ (यहून्ना ५:२२)। अनि उहाँसँग हामी एक छौं; यसकारण आउँदो दिनमा स्वर्गदूतहरूको न्याय गर्नुहुने ख्रीष्टका सङ्गी-न्यायकर्ताहरूको सम्बन्धमा हाम्रो नाम यहाँ लिइएको छ। अनि हामी स्वर्गदूतहरूको न्याय गर्नु योग्य छौं भने हामीले

यस जीवनको सम्बन्धमा दिनदिनै उठिरहेका समस्याहरू समाधान गर्न सक्नुपर्छ ।

**१ कोरिन्थी ६ः४ः** 'यसकारण यस जीवनको सम्बन्धमा उठेका कुराहरूको न्याय गर्नुपरेमा के तिमीहरूले न्याय गर्न मण्डलीमा सबैभन्दा कम आदरयोग्यहरूलाई न्यायकर्ताको रूपमा खड़ा गर्छौ ?' स्थानीय मण्डलीमा मुक्ति नपाएका न्यायकर्ताहरूलाई के आदर, के सम्मान दिइन्छ र ? संसारमा तिनीहरूको कामको खातिर तिनीहरूलाई आदर दिइन्छ; यो ठिक्कै हो । तर मण्डलीका कारवाहीहरूको सम्बन्धमा तिनीहरूलाई न्याय गर्ने कुनै अधिकार छैन । यसकारण पावलले कोरिन्थका विश्वासीहरूलाई निम्न प्रश्न गरेका छन्ः 'तिमीहरूको बीचमा मुद्दा-मामिलाहरू उठेपछि जब यसको विषयमा सठीक फैसला गर्न तिमीहरूलाई निष्पक्षसाथ न्याय गर्ने न्यायकर्ता चाहिन्छ, तब के तिमीहरू मण्डली-समाजदेखि बाहिर जान्छौ र यस्ता मानिसहरूलाई आफ्ना न्यायकर्ताहरू तुल्याउँछौ, जुन मानिसहरूमा आत्मिक विवेचना छ भन्ने कुरा मण्डलीलाई थाहा हुँदैन ।'

**१ कोरिन्थी ६ः५ः** पावलले उनीहरूलाई शर्ममा पार्न यो प्रश्न सोधेका छन् । के यो कुरा साँचो हो ? बुद्धिले सुसम्पन्न भएको मण्डलीमा, जसका सदस्यहरूसँग प्रशस्त आत्मिक वरदानहरू हुन्छन्, के एकजना बुद्धिमान् मानिस पाइँदैन, जसले आफ्ना दाजुभाइहरूको बीचमा उठेका झैझगड़ा-हरूको सठीक न्याय गर्न सक्छ ?

**१ कोरिन्थी ६ः६ः** बिचरा, उनीहरूको बीचमा एकजना बुद्धिमान् मानिस भएको रहेनछ ! यसकारण एक विश्वासी भाइले अर्को विश्वासी भाइको विरोधमा मुद्दा लड़ेको छ, र मण्डली-परिवारभित्र रहनुपर्ने कुरा अविश्वासीहरूको सामु ल्याएको छ – निश्चित एक शोचनीय अवस्था !

**१ कोरिन्थी ६ः७ः** *'साँच्चै तिमीहरूको बीचमा एउटा ठूलो गल्ती भएकै छ ! !'* यस वाक्यले उनीहरूको गल्ती देखाउँछः उनीहरू पूरा दोषी थिए । एक-अर्कोको विरुद्धमा मुद्दा लड्ने विचार उनीहरूको मनमा कुनै हालतमा उठ्नुहुँदैनथियो । तर मानौं उनीहरूमध्ये एकजनाले यसमा आफ्नो आपत्ति जनाएर भन्लाः 'पावल, तपाईंले कुरा बुझ्नुभएन । फलाना भाइले मलाई लेनदेनमा साह्रै ठगेको छ ।' तब पावलले उत्तर दिएर भन्छन्ः

*'तिमीहरू किन बरु अन्याय सहँदैनौ ? किन बरु ठगिएर बस्दैनौ ?'* ख्रीष्ट-विश्वासीमा हुनुपर्ने साँचो सद्गुण यस्तै हुँदो रहेछ। किनभने कुनै अन्याय गर्नुभन्दा बरु अन्याय सहनु उत्तम हो।

**१ कोरिन्थी ६:८:** तर कोरिन्थका विश्वासीहरूको बीचमा यो मनोभावना थिएन। अन्याय के सहने, ठगिएर किन बस्ने? त्यसको सट्टामा उनीहरूले एक-अर्कालाई अन्याय गर्दथिए – यी ख्रीष्टमा भएका भाइहरूले।

**१ कोरिन्थी ६:९:** *'के तिमीहरूलाई थाहा छैन? अधर्मीहरू परमेश्वरको राज्यका हकवाला हुनेछैनन्।'* के उनीहरूले यो कुरा बिर्से? जस-जसको जीवन अधर्मको वशमा छ, तिनीहरू परमेश्वरको राज्यमा के पस्थे र? पावलले उनीहरूलाई सम्झना दिलाउनुपर्‍योः परमेश्वरको राज्यमा फलाना र फलानाको हक हुँदैन है। यसकारण तिनले हामीलाई निम्न अधर्मीहरूको सूचि दिन्छन्। यस्ता पापहरू गर्ने इसाईहरू नाश हुन्छन् – यो यस खण्डको सन्दर्भ र शिक्षा नै होइन। तर जस-जसले यस्ता पापहरू गर्छन्, तिनीहरू साँचो इसाई होइनन् भनेर तिनले बरु भन्न खोजेका हुन्। 12)

यस सूचिमा व्यभिचारी र परस्त्रीगामीहरूको बीचमा छुट्ट्याइएको छ। यस ठाउँमा व्यभिचारको अर्थ यस प्रकारको छः कुनै अविवाहित व्यक्तिले अवैध यौनको सम्बन्ध राखेमा त्यसलाई व्यभिचार भनिन्छ भने परस्त्रीगमनचाहिँ विवाहित व्यक्तिले गर्छ, जब त्यसले विवाहको बन्धनदेखि बाहिर कसैसित अवैध यौन-सम्बन्ध राख्छ। यस सूचिमा मूर्तिपूजकहरू फेरि हालिए। तिनीहरूको नाम पाँच अध्यायको सूचिमा पनि आएको थियो। समलिङ्गगामी र पुरुषगामीहरूले स्वभावको विपरीत, पुरुषले पुरुषसित र स्त्रीले स्त्रीसित अनुचित यौनको सम्बन्ध राखेर आफ्नो शरीर अपवित्र पार्छन्।

**१ कोरिन्थी ६:१०:** यस सूचिमा चोरहरू, लोभीहरू, मतवालाहरू, गाली बक्नेहरू, धुताहाहरू थपिए। चोरहरूले अरूको सम्पत्तिमा हात लगाउँछन्। अनि याद गर्नुहोस्ः लोभचाहिँ सधैं सबैभन्दा अधम पापहरू र घोर दुष्ट अधर्महरूको सूचिमा पाइन्छ। मानिसहरूले लोभ हल्का प्रकारले

लिन्छन्, र तिनीहरूको विवेकले तिनीहरूको लोभको दोष नदेखाउला। तर परमेश्वरले लोभको पापलाई दण्डको सशक्त आज्ञा दिनुहुन्छ। लोभी मानिसले धनसम्पत्तिको प्रबल अभिलाषा गर्छ, यहाँसम्म कि नीच कमाइका तरिकाहरू अपनाएर त्यो धन हासिल गर्नदेखि पछि सर्दैन। अनि मतवालाहरू पियक्कड़ हुन्, मादक पदार्थको लत भएकाहरू हुन्। गाली बक्नेहरूचाहिँ आवेगमा अपशब्दहरू बोलेर अरू मानिसहरूको नराम्रो गाली गर्नेहरू हुन्। अनि धुताहाहरूले अत्याचार र शोषणद्वारा अरू मानिसहरूको गरिबीबाट फाइदा उठाउँछन् र तिनीहरूका खाँचोबाट अनुचित नफा खान्छन्।

**१ कोरिन्थी ६:११:** *'तिमीहरूमध्ये कतिजना यस्तै थिए'* भन्ने वाक्यबाट के बुझिन्छ भने, पावलले हालैमा कोरिन्थका विश्वासीहरू यस प्रकारका पापहरूको शिकार छन् भन्ने कुरामा एउटै विचार पनि खेर फाल्दैनन्, तर मुक्ति पाउनुभन्दा अघि उनीहरूमध्ये कतिजनाको अवस्था यस्तै थियो भन्ने कुरामा जोड़ दिन्छन्। तर अबचाहिँ उनीहरू धोइएका छन्, उनीहरू पवित्र पारिएका छन्, उनीहरू धर्मी ठहरिएका छन्। ख्रीष्ट येशूको बहुमूल्य रगतमा उनीहरूका पापहरू धोइए, उनीहरूको अशुद्धता धोई पखालियो। परमेश्वरको वचनको धोइपखालीद्वारा उनीहरू निरन्तर हरेक कलङ्कबाट शुद्ध पारिँदै जान्छन्। परमेश्वरको आत्माले उनीहरूभित्र जुन काम गर्नुभयो, त्यस कामद्वारा उनीहरू पवित्र पारिए; किनभने उहाँको यस दिव्य कार्यद्वारा उनीहरू संसारबाट परमेश्वरका निम्ति अलग पारिए। प्रभु येशू ख्रीष्टको नाममा र परमेश्वरको आत्माद्वारा उनीहरू धर्मी ठहरिए। प्रभु येशूको क्रूसको मृत्यु उनीहरूका निम्ति थियो; त्यस मृत्युरूपी त्राणको कामको आधारमा उनीहरू परमेश्वरको सामु धर्मी गनिएका छन्। पावलले भन्न चाहेको कुरा के हो ? श्री एफ. एल. गोडेटले उपयुक्त प्रकारले यसको सारांश यसरी दिएका छन्ः

> 'जुन अपार अनुग्रह उनीहरूलाई ख्रीष्टमा मिलेको थियो, त्यस प्रकारको अनुग्रह उनीहरूले फेरि कहिल्यै पाउनेछैनन्।'

## घ) १ कोरिन्थी ६ः१२-२०ः विश्वासीहरूको बीचमा भएको नैतिक लापरवाही

**१ कोरिन्थी ६ः१२ः** यस अध्यायको दोस्रो भागमा प्रेरित पावलले ठीक र बेठीक कुराहरूको बीचमा छुट्ट्याउने केही नियमहरू बताउँछन्। पहिलो नियम यस प्रकारको छः कुनै कुरा उचित होला, तर यसबाट कुनै फाइदा नहोला। *'सबै कुराहरू मेरा निम्ति उचित छन्'* भन्ने अर्थ हददेखि बाहिर लैजानुहुँदैन। सूचित गरिएका उक्त पापहरू पक्का पनि यसमा समावेश भएका छैनन्। तिनले यहाँ नैतिक हिसाबले खराब नभएका कुराहरूको विषयमा कुरा गरेका छन्। उदाहरणका निम्ति, पावलको जमानामा इसाईले सुँगुरको मासु खानु हुन्छ कि हुँदैन भन्ने प्रश्न ख्रीष्ट-विश्वासीहरूको बीचमा खट्किरहेको थियो। नैतिक हिसाबले यो कुरा खराब होइन, असल पनि होइन; किनभने मानिसले सुँगुरको मासु खाएकोमा परमेश्वरलाई कुनै पर्वाह थिएन। तर पावलले भन्न चाहेको कुरा यति होः कति उचित कुराहरू छन्, जसबाट कुनै लाभ हुँदैन। कति कुराहरू गर्न हामीलाई मनाही गरिएको छैन, तर हामीले ती कुराहरू गर्दा कसैले ठेस खाला। यसकारण अरूलाई ठेस लाग्ने कुनै कुरा गर्नु उचित र लाभदायक हुँदैन।

यस सम्बन्धमा दोस्रो नियम यस प्रकारको छः कति कुराहरू उचित होलान्, तर हामीलाई आफ्नो बन्धनमा पार्लान्। पावलले यसो भनेका छन्ः *'म कुनै पनि कुराको वशमा पर्नेछैनँ।'* यस वाक्यको सन्देश तमाखु, खैनी, मद्यपान र लागू पदार्थ सेवन गर्ने सम्बन्धमा ठीक हाम्रो वर्तमान समयका निम्ति हो। यीजस्तै अरू धेरै कुराहरू छन्, जुन कुराहरूले मानिसहरूलाई बन्धनमा पार्छन्। अनि ख्रीष्ट-विश्वासी यस्तो कुनै कुराको बन्धनमा हुनुहुँदैन।

**१ कोरिन्थी ६ः१३ः** यसको तेस्रो नियम यस प्रकारको छः ख्रीष्ट-विश्वासीका निम्ति कति कुराहरू, जस्तै खानेकुराहरू, हर प्रकारले उचित छन्, तर ती कुराहरूको लाभ क्षणिक हुन्छ। पावलले यसो भनेका छन्ः

*'खानेकुराहरू पेटका निम्ति हुन्, र पेट खानेकुराहरूका निम्ति हो; तर परमेश्वरले पेटलाई र खानेकुराहरू नाश गर्नुहुनेछ।'* तिनले भनेको कुराको मतलब यही होः मानिसको पेट खानेकुराहरूका निम्ति बनाइएको छ; त्यसले खानेकुराहरू लिएर पचाइदिन्छ। अनि परमेश्वरले खानेकुराहरू अचम्म प्रकारले सृष्टि गर्नुभयो, यसैले ती खानेकुराहरू मानिसको पेटको पाचन/हजमका निम्ति उपयोगी हुन्छन्। यसो भए पनि हामी मानिसहरूले खानेकुराका निम्ति जिउनुहुँदैन। ती कुराहरूबाट थोरै लाभ हुन्छ। ख्रीष्ट-विश्वासीको जीवनमा खानेकुराको अधिक स्थान नहोस्। कति मानिसहरूका निम्ति पेट नै ईश्वर हो। हामी कुनै हालतमा पनि पेटको पूजा नगरौं! हाम्रो पेटलाई ईश्वर नतुल्याऔं!

परमेश्वरले मानिसको शरीरलाई अचम्म प्रकारले सृष्टि गर्नुभयो; अनि मानिसको शरीरले खानेकुरा लिन र पचाउन सक्छ। यो बिलकुल ठीक छ। *'तर शरीरचाहिँ व्यभिचारका निम्ति होइन, तर प्रभुका निम्ति हो; अनि प्रभु शरीरका निम्ति हुनुहुन्छ।'* यो पनि सुनिश्चित छ। जब परमेश्वरले मानिसको शरीर रच्नुभयो, तब मानिसले त्यो शरीर अपवित्र र दुष्ट, नीच कामका निम्ति दुरुपयोग गरोस् भन्ने उहाँको उद्देश्य नै थिएन। तर मानिसले आफ्नो शरीरद्वारा प्रभुको महिमा गरोस् र उहाँको मङ्गलमय सेवामा त्यसको बल खर्च गरोस् भन्ने हेतुले मानिसको शरीर रचिएको थियो, र रचिएको हो।

यस पदमा एउटै अद्‌भुत कुरा छ, जुन कुरामा हाम्रो ध्यानदेखि लुक्नुहुँदैन। शरीर प्रभुका निम्ति हुने कुरा ठीक छ। तर प्रभु शरीरका निम्ति हुनुहुने विषयमा कसो? के यो कुनै अद्‌भुत कुरा होइन र? अचम्म, प्रभु येशू हाम्रो शरीरमा चासो राख्नुहुन्छ! हाम्रो शरीरको कुशलता र त्यसको सदुपयोग उहाँको ख्याल राख्ने विषय हो। हामीले आफ्नो शरीर पवित्र र परमेश्वरको निम्ति ग्रहणयोग्य जिउँदो बलिदानको रूपमा चढ़ाउनुपर्छ; तब त्यसको सदुपयोग हुन्छ (रोमी १२:१)। यस विषयमा श्री चार्लस आर. एर्डम्यानले यसो भनेका छन्ः

> 'हाम्रो शरीरले आफ्नो वास्तविक गौरव र आफ्नो अमर र महिमित भविष्य प्राप्त गर्नु हो भने त्यसलाई प्रभु येशूको दरकार पर्दछ।' **13)**

**१ कोरिन्थी ६ः१४ः** प्रभु येशू शरीरका निम्ति हुनुहुने विषय सकिएको छैन। यस पदमा यस सम्बन्धमा थप स्पष्टीकरण दिइन्छ। परमेश्वरले प्रभु येशूलाई मरेकाहरूबाट बौराएर उठाउनुभयो। अनि उहाँले हामीलाई पनि शक्तिको साथ बौराएर उठाउनुहुनेछ। हाम्रो शरीरको मृत्यु भएपछि हाम्रो शरीरमा उहाँको चासो सिद्धिँदैन। उहाँले हरेक विश्वासीको शरीर बौराएर उठाउनुहुनेछ र त्यसलाई प्रभु येशूको महिमित शरीरको रूप दिनुहुनेछ। अनन्तकालमा हामी शरीरविनाका आत्माहरू हुनेछैनौं। तर हाम्रो प्राण र आत्मा हाम्रो महिमित शरीरसित मिल्नेछन् र यसरी नै हामी अनन्त-अनन्तसम्म स्वर्गका गौरवहरूको उपभोग गर्नेछौं।

**१ कोरिन्थी ६ः१५ः** हाम्रो जीवनमा व्यक्तिगत पवित्रता कायम राख्नु अति आवश्यक छ। हामीले आफ्नो शरीरलाई जुनसुकै अपवित्रताबाट जोगाएर राख्नुपर्छ। यसमा कति जोड़ गर्नुपर्छ? यस सम्बन्धमा प्रेरित पावलले हामीलाई सम्झना दिलाएर भन्छन्ः हामी विश्वासीहरूको एक-एक शरीर ख्रीष्टको शरीरको अङ्ग हो। हरेक ख्रीष्ट-विश्वासी ख्रीष्टको शरीरको अङ्ग हो। तब ख्रीष्टको शरीरको कुनै अङ्ग लिएर त्यसलाई वेश्याको अङ्ग तुल्याउनु कति सुहाउँछ? आफै विचार गर्नुहोस्! पावलले यस प्रश्नको उत्तर यस प्रकारले दिन्छन्ः 'त्यसलाई कदापि वेश्याको अङ्ग तुल्याउनुहुँदैन।'

**१ कोरिन्थी ६ः१६ः** सम्भोगमा दुईवटा शरीर एक हुन्छन्। सृष्टिको शुरुमा यसो भनिएको थियोः *'किनकि उहाँ भन्नुहुन्छः यी दुवैजना एउटै शरीर हुनेछन्'* (उत्पत्ति २ः२४)। निश्चय कुरा यस्तै हुन्छ-हुन्छ। अनि ख्रीष्ट-विश्वासी एउटी वेश्यासँग मिल्न गयो भने कुरा अवश्य यस्तो हुनेछ, र यसरी नै ख्रीष्टको शरीरको एउटा अङ्ग वेश्याको अङ्ग हुन जानेछ। यी दुईजना एउटै शरीर हुनेछन्।

**१ कोरिन्थी ६ः१७ः** यौन-सम्बन्धमा दुईवटा शरीर एक हुन्छन् भने, आत्मिक हिसाबले कुरा पनि उस्तै छः जब कुनै मानिसले प्रभु येशूमाथि विश्वास गर्छ, तब त्यो मानिस ख्रीष्टसँग एक हुन्छ। विश्वासी र ख्रीष्ट येशू एक हुनेछन्, एक आत्मा हुनेछन्। योचाहिँ दुईजना व्यक्तिहरूको बीचमा सबैभन्दा सिद्ध मिलन, सबैभन्दा नजिकको एकता हो। यसकारण

पावलको बुँदा पक्रनुहोस्! के तपाईं विश्वासद्वारा प्रभु येशूसँग मिल्नुभएको छ? तब प्रभुसित आत्मिक 'विवाह' गरेको यो सम्बन्ध कहिल्यै खतरामा नराख्नुहोस्! कुनचाहिँ संयुक्ति, कुन कुरासितको मिलनले प्रभुसितको एकता खतरामा राख्छ, सो जान्नुहोस्, र त्यो कुरा आफ्नो महाशत्रु ठान्नुहोस्! यस विषयमा श्री ए. टी. पियर्सनले यसो लेखेका छन्:

> 'कुनै भेड़ा गोठालादेखि भड्किनु सम्भव छ। अनि दाखको बोटबाट हाँगा काट्न सकिन्छ। शरीरको कुनै अङ्ग शरीरबाट अलग होला। अनि बुबा-छोराको सम्बन्ध टुट्ला। अँ, लोग्ने-स्वास्नीको सम्बन्ध विच्छेद होला। तर जब दुईजनाका आत्माहरू एक हुन्छन्, तब ती दुईजनालाई कुन कुराले अलग पार्न सक्ला? त्योजस्तो एकता, त्योजस्तो संयोग, त्योजस्तो घनिष्ठ सम्बन्ध कहीं पनि छैन, विवाहको सम्बन्ध पनि त्यत्ति नजिकै हुँदैन। ख्रीष्ट येशू र विश्वासी – यी दुईजना व्यक्तिहरू सिद्ध प्रकारले एक हुन्छन्। यसको तुलनामा अरू कुनै सम्बन्ध आउन सक्दैन।' 14)

**१ कोरिन्थी ६ः१८ः** यसकारण प्रेरित पावलले कोरिन्थका विश्वासीहरूलाई चताउनी दिएर भन्छन्: *'व्यभिचारदेखि भाग!'* व्यभिचारसित खेल्नुहुँदैन; व्यभिचार हल्का लिनुहुँदैन। व्यभिचारको अध्ययन गर्नुहुँदैन; व्यभिचारको बारेमा कुरा गर्नुहुँदैन; व्यभिचारको कुरा सोच्नुहुँदैन। व्यभिचारको सम्बन्धमा एउटै कुरा गर्नुपर्छः त्योदेखि भाग्नुपर्छ। यो आज्ञा कसरी व्यवहारमा उतार्नुपर्छ, सो पवित्र बाइबलमा यसको सुन्दर चित्र यूसुफको जीवन हो। जब पोतिफरकी पत्नीले तिनलाई पापमा फसाउन खोजिन्, तब तिनी भागिहाले (उत्पत्ति ३९ः अध्याय)। कहिलेकाहीं मानिसहरूको सङ्ख्यामा हाम्रो सुरक्षा होला; तर व्यभिचारको सम्बन्धमा भाग्नुचाहिँ सरक्षा दिने हाम्रो एकमात्र उचित क्रिया हो।

त्यसपछि पावलले यस कुरामा यसरी आफ्नो स्पष्टीकरण थप्छन्: *'हरेक पाप, जुनचाहिँ मानिसले गर्छ, त्यो शरीरदेखि बाहिर हुन्छ; तर जसले व्यभिचार गर्छ, त्यसले आफ्नै शरीरको विरोधमा पाप गर्दछ।'* प्रायः कुनै पापले मानिसको शरीरमाथि आफ्नो नराम्रो असर पार्दैन, तर

व्यभिचारको पापको नराम्रो असर सीधा शरीरमामाथि आइपर्छ। यस पापका नराम्रा असरहरू मानिसले आफ्नो शरीरमा भोग्नुपर्छ। यस पदको समस्या केमा छ? 'हरेक पाप, जुनचाहिँ मानिसले गर्छ, त्यो शरीरदेखि बाहिर हुन्छ' भन्ने वाक्य हामीले कसरी बुझ्नुपर्छ? हामी विश्वास गर्छौं: प्रेरितको यस वाक्यको भाषा तुलनात्मक हो। यसको निम्ति हामी एउटा उदाहरण दिऔं? खन्चुवापन र मतवालीपनले मानिसको शरीरलाई नराम्रो असर पार्छन्। तर प्रायः अरू सबै पापहरूको प्रभाव यस्तो हुँदैन। अनि शरीरमाथि खन्चुवापन र मतवालीपनको जुन असर छ, त्यो असरभन्दा व्यभिचारको नराम्रो प्रभाव यस प्रकारको पाप गर्ने मानिसको शरीरमाथि कहाँ-हो-कहाँ ठूलो हुन्छ। त्यसको नराम्रो असर प्रत्यक्ष हुन्छ, व्यापक हुन्छ, हानिकारक हुन्छ। विवाहको सम्बन्धदेखि बाहिरको सम्भोगको नराम्रो असरचाहिँ अनिवार्य र अटल हुन्छ, यसको निम्ति कुनै अवरोध हुँदैन। यस प्रकारको पाप गर्ने मानिसको बरबादी सुनिश्चित हुन्छ।

**१ कोरिन्थी ६:१९:** कोरिन्थका विश्वासीहरूको बोलावट पवित्र र गौरवपूर्ण थियो। के उनीहरूका शरीरहरू पवित्र आत्माको मन्दिर भएको कुरा उनीहरूले बिर्सिसके? यो कुरा पवित्र धर्मशास्त्रको एक गहकिलो तथ्य हो। परमेश्वरको आत्माले हरेक ख्रीष्ट-विश्वासीभित्र वास गर्नुभएको छ। तब पवित्र आत्माले वास गर्नुभएको त्यो शरीर लिएर हामी कसरी दुष्ट, नीच कामहरू पूरा गर्न त्यसको दुरुपयोग गर्ने आँट गर्छौं? हामी पवित्र आत्माको मन्दिर हौं; अनि हामी प्रभुका हौं। हाम्रो शरीर हाम्रो अधिकारमा रहेको कुरा होइन; तब हामी त्यससित मनपरी कसरी गरौं? हाम्रो विश्लेषणको फल यस प्रकारको छः हाम्रो शरीर हाम्रै होइन, हाम्रो शरीर प्रभुको सम्पत्ति हो।

**१ कोरिन्थी ६:२०:** हामीमाथि प्रभुको हक लाग्छ; किनभने उहाँले हामीलाई सृष्टि गर्नुभयो र हामीलाई दाम तिरेर छुटाउनुभयो। अनि यहाँ, यस पदमा दाम तिरेर छुटाउने कुरामा ध्यान लगाइएको छ। हामी कहिले उहाँको सम्पत्ति भयौं? हामीलाई दाम तिरेर छुटाउने कुराले हामीलाई भूतकालमा, गलगथाको त्यस अमूल्य क्षणमा फर्केर लान्छ। हामी दाम तिरेर किनिएका हौं। किनभने क्रूसमा प्रभु येशूले हाम्रो छुटकाराका निम्ति

तोकिएको मूल्य तिरिदिनुभयो। उहाँको दृष्टिमा हामी अति मूल्यवान् हुनुपर्छ, नत्र ता कसरी उहाँले हाम्रा निम्ति आफ्नो बहुमूल्य रगत बगाउन सक्नुभयो? हामीप्रति प्रभु येशूको प्रेम महान् हुनुपर्छ; नत्रभने कसरी उहाँले हाम्रा पापहरू आफ्नो शरीरमा लादेर क्रूसमाथि बोक्न सक्नुभयो?

हामी दाम तिरेर किनिएको कुरा सत्य हो। यसकारण हाम्रो शरीर आफ्नो निजी सम्पत्ति ठान्नु बिलकुल गलत हो। जब हामी आफ्नो शरीर आफ्नो इच्छाअनुसार चलाउँछौं, तब हामी चोरी गर्छौं। किनकि चोरले अरूको सम्पत्तिमाथि आफ्नो हात लगाउँछ। होइन, हामी यस सम्बन्धमा चोर्ने काम नगरौं! हामीले आफ्नो शरीर परमेश्वरको महिमाका निम्ति प्रयोग गर्नुपर्छ; किनभने हाम्रो शरीर उहाँको सम्पत्ति हो।

श्री एडवार्ड एच. बेट्सले यसो भनेका छन्ः

> 'हे मेरो शिर, तँ उहाँको सम्झना गर्, जसको शिरमाथि काँड़ाको मुकुट लगाइएको थियो! हे मेरा हातहरूहो, उहाँका निम्ति परिश्रम गर, जसका हातहरू क्रूसमा काँटी ठोकिएका थिए! हे मेरा पाउहरूहो, उहाँको आदेश पूरा गर्न हतार गर, जसका पाउहरूमा छेड़ हानिएको थियो! हे मेरो शरीर, तँ उहाँको मन्दिर होस्, जसको शरीरले अकथ्य पीड़ा सहनुपरेको थियो!' [15)]

हामीले परमेश्वरलाई आफ्नो आत्माद्वारा महिमा दिनुपर्छ। किनभने हाम्रो सम्पूर्ण मनुष्यता परमेश्वरको हो, चाहे हाम्रो भौतिक शरीर होस्, चाहे हाम्रो अभौतिक आत्मा होस्। [16)]

# खण्ड ३) १ कोरिन्थी ७-१४ अध्यायः मण्डलीले सोधेका प्रश्नहरूमा प्रेरितले दिएका उत्तरहरू

## क) १ कोरिन्थी ७ अध्यायः विवाह र अवैवाहिक जीवनको विषयमा सोधिएको प्रश्नको उत्तर

**१ कोरिन्थी ७ः१ः** यहाँसम्म पावलले कोरिन्थको मण्डलीभित्र उठेका विभिन्न समस्याहरूसित व्यवहार गरेका छन्, जसको विषयमा तिनले कसै-कसैको मुखबाट खबर पाए। अबदेखि तिनले कोरिन्थका पवित्र जनहरूले तिनलाई सोधेका प्रश्नहरूको उत्तर दिन लागेका छन्। उनीहरूको पहिलो प्रश्न विवाह गरेको र विवाह नगरेको अवस्थाको विषयमा थियो। यसकारण तिनले यस सम्बन्धमा पहिलो सर्वमान्य सिद्धान्त पेश गर्छन्ः *'पुरुषका निम्ति स्त्रीलाई नछुनु असल हो।'* यहाँ स्त्रीलाई छुनुको अर्थ कुनै स्त्रीसित शरीरको सम्बन्ध राख्नु हो। यसो भन्दाखेरि प्रेरित पावलले वैवाहिक जीवनभन्दा अवैवाहिक जीवन नै पवित्र मानेको अर्थ गलत हो। तर अविवाहित मानिसले विनाबाधाहरू आफूलाई प्रभुको सेवामा दिइहाल्न सक्छ; यस सम्बन्धमा अविवाहित अवस्था वैवाहिक जीवनभन्दा असल हो; उनले भन्न चाहेको यो हो। अनि आउँदा पदहरूमा यो कुरा स्पष्ट पारिन्छ।

**१ कोरिन्थी ७ः२ः** तर अविवाहित अवस्थामा ठूलो खतरा छ। अशुद्ध हुने परीक्षा र डरहरू थुप्रै छन्। यसकारण पहिलो सिद्धान्तमा तिनले यो बुँदा थपेर भन्छन्ः *'व्यभिचार हुने सम्भवनाले गर्दा हरेक पुरुषकी आफ्नी*

*पत्नी होस्, र हरेक स्त्रीको आफ्नो पति होस् !'* हरेक पुरुषकी एउटी पत्नी भएको कुराले बहुविवाहको कुरा काट्छ। विवाहचाहिँ एक पति र एक पत्नीको बीचको वैधिक सम्बन्ध हो। यस पदले परमेश्वरका जनहरूका निम्ति एकजना पुरुषकी एउटी पत्नी हुने उहाँको नित्य रहिरहने नियम दीर्घकालिक सिद्धान्तको रूपमा स्थापित गर्छ।

**१ कोरिन्थी ७ः३ः** वैवाहिक जीवनमा हरेकले आफ्नो जीवन-साथीप्रति आफ्नो कर्तव्य पूरा गर्नुपर्छ; किनभने दम्पती-जीवन एक-अर्कामाथि निर्भर रहने जीवन हो। *'पतिले आफ्नी पत्नीलाई दिनुपर्ने कोमलता/स्नेह देओस्* भन्ने वाक्यको अर्थ यस प्रकारको छः पतिले आफ्नी पत्नीप्रति आफ्नो कर्तव्य पूरा गरोस्। अनि त्यही प्रकारले पत्नीले पनि आफ्नो पतिप्रति आफ्नो कर्तव्य पूरा गर्नुपर्छ। यस सम्बन्धमा पावलको भद्रता प्रशंसनीय छ। यहाँ रूखो र अशिष्ट शब्द केही पनि छैन। संसारभन्दा कति भिन्न !

**१ कोरिन्थी ७ः४ः** विवाहको सम्बन्ध एक-अर्कोमाथि भर पर्ने सम्बन्ध हो। यस पवित्र सम्बन्धका निम्ति परमेश्वरको व्यवस्था यस्तै छ। यसकारण पति होस्, कि पत्नी होस्, दुवैजना आत्मनिर्भर रहन सक्दैन। पति पत्नी-निर्भर र पत्नी पति-निर्भर हुन्छ।

**१ कोरिन्थी ७ः५ः** श्री लेरी क्रिस्टेन्सनले यसो लेखेका छन्ः

> 'यस पदको परिभाषा यस प्रकारको छः पतिपत्नीमा कसैलाई सम्भोग हुने इच्छा भएदेखि एकले अर्कोको चाहना पूरा गर्नुपर्छ। सम्भोगको सम्बन्धमा यस प्रकारको नीति अपनाउँदा पति-पत्नीले आफ्नो वैवाहिक जीवनको यस क्षेत्रबाट उदेक सन्तुष्टि प्राप्त गर्छन्। किनभने तिनीहरूको वैवाहिक सम्बन्ध कुनै बनावटी, कहिल्यै पुग्न नसकिने उच्च आदर्शमा होइन, तर वास्तविकतामा आधारित हुन्छ।' **17)**

हुन सक्छ, जब यी कोरिन्थीहरूले मुक्ति पाए, त्यस बेलामा उनीहरूमध्ये कतिजनाको विचारमा वैवाहिक जीवनका रतिक्रीड़ा र ख्रीष्टीय जीवनको पवित्रताले आपसमा मेल खाँदैनथिए। तर पावलले उनीहरूको मनबाट यस प्रकारको गलत धारणा हटाइदिन्छन्। किनभने यहाँ तिनले दृढ़तापूर्वक भन्छन्ः 'हे इसाई दम्पतीहो, एक-अर्कादेखि

अलग नहोओ !' अर्थात् 'मेरो शरीरमाथि तिम्रो अधिकार छैन' भन्नहुँदैन। यस नियमभित्र नरहेका निम्न दुईवटा अवस्था हुन सक्छन्ः एक, उपवास र प्रार्थनामा पूरा समय दिन सक्नलाई आपसमा एक मतको भएको समागम-त्याग हो भने, अथवा दुई, यस प्रकारको त्याग केही समयभित्र सीमित रहेको मात्र यो हुन सक्छ। त्यसपछि पति-पत्नी फेरि एकसाथ भइहालून्, नत्र ता तिनीहरूको असंयमको कारणले शैतानले तिनीहरूलाई परीक्षामा पार्ला।

**१ कोरिन्थी ७:६:** *'तर म यो अनुमतिको रूपमा भन्छु, आज्ञाको रूपमा होइन।'* यस पदका शब्दको अर्थको विषयमा अड्कल धेरै र विवादहरू पनि धेरै छन्। कतिजनाले प्रेरित पावलका यी शब्दहरूमा तिनले आत्माको प्रेरणाविना यी शब्दहरू बोलेको अर्थ लगाउँछन्। तर यस प्रकारको व्याख्या स्वीकार गर्नु योग्य हुँदैन। किनकि १ कोरिन्थी १४:३७ पदअनुसार जुन कुराहरू पावलले उनीहरूलाई लेखे, ती कुराहरू प्रभुका आज्ञाहरू थिए। तर यस विषयमा हाम्रो विचार यस्तो छः प्रेरित पावलले दम्पतीलाई दुईवटा परिस्थितिहरूमा तिनीहरूको समागम-त्यागका निम्ति अनुमति दिए। तिनले यसो गर्ने आज्ञा दिएनन्। अनि खास गरी, विनाबाधा र पूरा ध्यानसित प्रार्थना गर्न ख्रीष्ट-विश्वासीहरूले समागम-त्याग गर्नुपर्दैन। फेरि अरूले के विश्वास गर्छन् भने, छ पदको सन्दर्भ विवाहको सम्बन्ध हो; यसर्थ ख्रीष्ट-विश्वासीहरूलाई विवाह गर्न अनुमति दिइएको छ, तर विवाह गर भन्ने आज्ञा दिइएको छैन।

**१ कोरिन्थी ७:७:** अबचाहिँ पावलले अविवहितहरूलाई सल्लाह दिन थाल्छन्। कुरा स्पष्ट छः पावलको विचारमा अवैवाहिक जीवन एक रोज्नुलायक असल जीवन हो। तर यस प्रकारको जीवन जिउनलाई परमेश्वरको अनुग्रह र शक्तिको खाँचो पर्छ। *'तर म त सबै मानिसहरू मजस्तै होऊन् भन्ने चाहन्छु'* भन्ने वाक्य तिनले मानिसहरू अविवाहित होऊन् भन्ने अर्थमा भनेका छन्। यसको सन्दर्भबाट यो स्पष्ट छ। पावल सधैं अविवाहित थिए कि थिएनन् भन्ने कुरा तर्कको विषय रहन्छ। कतिको विचारअनुसार तिनी विधुर भएको अवस्थामा यो पत्र लेखे अरे। यस तर्कबाट हात झिकौं ! यस कुराबाट कुनै लाभ नहोला। *'तर हरेकसँग*

*परमेश्वरबाट आ-आफ्नो वरदान हुन्छ – कसैको यस किसिमको, कसैको अर्कै किसिमको'* भनेर पावलले भनेका छन् र तिनले भनेको अर्थ यस प्रकारको छः परमेश्वरले कतिजनालाई अवैवाहिक जीवन जिउने अनुग्रह दिनुहुन्छ भने अरू मानिसहरूका निम्ति विवाह गर्नु उहाँको इच्छा र तिनीहरूका निम्ति उहाँको बोलावट हो । योचाहिँ व्यक्तिगत कुरा हो । यस सम्बन्धमा सबैले मान्नुपर्ने एकै प्रकारको नियम स्थापित गर्न सकिँदैन ।

**१ कोरिन्थी ७:८:** यसकारण तिनले विवाह नगरेकाहरू र विधवाहरूलाई यो सल्लाह दिन्छन्: 'तिमीहरू मजस्तो हुन्छौ भने तिमीहरूका निम्ति यो असल हो ।'

**१ कोरिन्थी ७:९:** तर विवाह नगर्नेलाई आत्मसंयमको शक्ति नभए विवाह गर्नु उचित हो । *'कामवासनाले जल्नुभन्दा विवाह गर्नु उत्तम हो ।'* किनकि कामवासनाले जल्दा पापमा फस्नु सजिलो हुन्छ । यो ठूलो खतरा हो ।

**१ कोरिन्थी ७:१०:** अबका दुईवटा पदहरू विवाह गरेकाहरूका निम्ति हुन्, जहाँ लोग्नेस्वास्नी दुवैजना विश्वासी हुन् । *'विवाह गरेकाहरूलाई म आज्ञा गर्छु – मैले होइनँ, तर प्रभुले गर्नुहुन्छ'* भन्ने वाक्यको अर्थ सरल छः प्रभु येशू यस संसारमा हुनुहुँदा उहाँले यस सम्बन्धमा जे कुरा सिकाउनुभयो, पावलले यहाँ त्यही कुरा सिकाउँछन् । यस सम्बन्धमा ख्रीष्ट येशूले एउटा सुस्पष्ट आज्ञा दिइसक्नुभयो । उदाहरणको निम्ति, व्यभिचारको कारणले बाहेक विवाहको सम्बन्ध विच्छेद गर्नुहुँदैन (मत्ती ५:३२ र १९:९) । *'पत्नी आफ्ना पतिबाट नछुट्टिओस्'* भन्ने पावलको आदेश पनि प्रभुको यही आज्ञाको परिभाषा हो ।

**१ कोरिन्थी ७:११:** यति भनेपछि तिनलाई थाहा थियो, कि कहिलेकाहीं, दुर्लभ अवस्थामा कुनै पत्नीलाई आफ्ना पतिबाट छुट्टिनु खाँचो पर्छ । छुट्टिएर बस्नु बाध्य परे तापनि कि त ऊ विवाह नगरी बस्नुपर्छ, कि त आफ्ना पतिसँग मिल्नुपर्छ । छुट्टिएर बसेको अवस्थाले विवाहको बन्धन तोड्दैन । तर यही अवस्थाले झन् प्रभुलाई काम गर्ने मौका पो दिन्छः उहाँले पति-पत्नीको बीचमा नमिलेका कुराहरू,

तिनीहरूका झगड़ा र विवादहरू समाधान गर्न सक्नुहुन्छ। उहाँले आफूसित तिनीहरूको सङ्गति र एक-अर्कासित तिनीहरूको सम्बन्ध पुनर्स्थापित गर्न चाहनुहुन्छ। पतिलाई यो आज्ञा छः *'तिम्री पत्नीलाई नत्याग !'* अनि पतिलाई यस आज्ञाभित्र नरहने कुनै कारण दिइएको छैन।

**१ कोरिन्थी ७ः१२ः** अबको खण्डमा विवाहको अर्को समस्यासित अर्थात् दम्पतीमा एकजना मात्र विश्वासी भएको अवस्थासित व्यवहार गरिन्छ (१ कोरिन्थी ७ः१२-२४)। *'तर अरूलाई प्रभुले होइन, म भन्छु'* भनेर पावलले आफ्नो विचार व्यक्त गर्न शुरु गर्छन्। अनि हामी यस सम्बन्धमा यहाँ एउटा कुरा फेरि पनि दृढ़तासाथ जोड़ दिन चाहन्छौंः पावलले यहाँ भन्न लागेका कुराहरूमा प्रभुको राय दिएका हुन्, आफ्नै होइन। किनकि यो कुरा स्पष्ट छः तिनले यहाँ प्रस्तुत गर्ने लागेको कुराको विषयमा प्रभु येशूले यस संसारमा हुनुहुँदा शिक्षा दिनुभएको थिएन। सुसमाचारका पुस्तकहरूमा यस विषयमा कुनै शिक्षा छैन। जुन जोड़ीको एकै भाग मात्र विश्वासी भएको छ, प्रभु येशूले यस प्रकारको विवाहको सम्बन्ध छुनुभएन। तर अहिले ख्रीष्ट येशूले आफ्नो प्रेरितलाई यस विषयमा शिक्षा दिनुभयो र पावलले यहाँ आत्माको प्रेरणाद्वारा परमेश्वरको वचनको यो खण्ड लेख्दैछन्।

*'तर अरूलाई'* भनेको वाक्यांशको अर्थ तिनीहरूलाई पर्छ, जसका जीवनसाथी विश्वासी होइनन्। यस खण्डले कुनै ख्रीष्ट-विश्वासीलाई मुक्ति नपाएको व्यक्तिसँग विवाह गर्ने अनुमति दिँदैन, तर यस प्रकारको परिस्थितिमाथि नजर लगाउँछ, जहाँ विवाह गरेको केही समयपछि दम्पतीको एकजनाले मुक्ति पाएको छ।

*'यदि कुनै भाइकी विश्वास नगर्ने पत्नी छे, र त्यो ऊसित बस्न राजी हुन्छे भने उसले त्यसलाई नत्यागोस् !'* पवित्र धर्मशास्त्र बाइबलको यस खण्डबाट बढ़ी लाभ उठाउनलाई हामीले पुरानो नियममा फर्केर परमेश्वरले आफ्ना जनहरूलाई दिनुभएको आज्ञा सम्झना गर्नुपर्ला। जब यहूदीहरूले अन्यजातिका पत्नीहरू लिएर तिनीहरूबाट छोराछोरीहरू पाएका थिए, तब तिनीहरूले आफ्ना पत्नीहरूलाई तिनीहरूका

छोराछोरीहरू लगायत छोड्नुपरेको थियो। यो कुरा एज्रा १०ः२-३ र नहेम्याह १३ः२३-२५ पदका खण्डहरूबाट स्पष्ट छ।

अनि अब कोरिन्थका विश्वासीहरूको बीचमा उठेको प्रश्न यस प्रकारको थियोः प्रभुकहाँ फर्केकी पत्नीले आफ्ना पति र छोराछोरीहरूको विषयमा, र प्रभुमा भएको भाइले आफ्नी विश्वास नगर्ने पत्नीको विषयमा के गर्नुपर्ला ? के उसले त्यसलाई त्याग्नुपर्छ ? त्यस प्रश्नको स्पष्ट उत्तर यो होः उसले त्यसलाई त्याग्नुहुँदैन। नयाँ नियममा अनुग्रहको अधीनतामा हालिएका परमेश्वरका जनहरूलाई यो पुरानो नियमको आज्ञा लाग्दैन। कुनै विश्वासी भाइसँग अइसाई पत्नी छे र र त्यो ऊसित बस्न राजी हुन्छे भने उसले त्यसलाई त्याग्नुहुँदैन। अइसाईसँग विवाह गर्न मिल्छ भन्ने कुरा हामी यहाँबाट नबुझौं ! तर कुरा अर्को छ। विवाह गरेको केही समयपछि जुन पति विश्वासमा आएको छ, त्यस पतिले आफ्नो विश्वास नगर्ने पत्नीलाई त्याग्नुहुँदैन।

**१ कोरिन्थी ७ः१३ः** ठीक त्यस्तै कुनै बहिनीसँग *'विश्वास नगर्ने पति छ, र त्यो ऊसित बस्न राजी हुन्छ भने उसले त्यसलाई नछोड़ोस् !'* कसले जान्दछ ? हुन सक्छ, उसले आफ्नो नम्र र भक्तिपूर्ण जीवनको साक्षीद्वारा आफ्नो पतिलाई जितेर प्रभुमा ल्याउन सक्छे कि ?

**१ कोरिन्थी ७ः१४ः** विश्वासीको उपस्थितिद्वारा अइसाई परिवारलाई पवित्र पार्ने प्रभाव वास्तविक हो। अनि हामीले यस सम्बन्धमा अघि भनिसक्यौंः पवित्र पार्नुको अर्थ यहाँ छुट्ट्याएर अलग पार्नु हो। आफ्नी विश्वासी पत्नीको कारणले विश्वास नगर्ने पतिले मुक्ति पाएको छ वा ऊ पवित्र भएको छ भन्ने अर्थ यसको सठीक अर्थ होइन। तर विश्वासी पत्नीले गर्दा विश्वास नगर्ने पति सौभाग्यशाली स्तरमा उठाइएको छ; किनकि उसकी इसाई पत्नीले उसका निम्ति प्रार्थना गर्छे। यो उसको सौभाग्य हो। त्यस घरमा यस पत्नीको प्रभावित जीवन परमेश्वरका निम्ति एक स्थाही गवाही हो। अनि मानिसको दृष्टिकोणले कुरा गर्नु हो भने, भक्तिको जीवन जिउने इसाई पत्नी भएको कारणले यस पतिले मुक्ति पाउने सम्भावना ठूलो हुन्छ। अनि विश्वास नगर्ने पत्नी भएको भए उसको

हालत यस्तो हुनेथिएन। यो कुरा श्री डब्ल्यू. ए. वाइनले यसो व्यक्त गरेका छन्ः

> 'त्यो पति आफ्नी पत्नीको आत्मिक प्रभावमा पर्दछ, जसले गर्दा ऊ साँच्चै प्रभुकहाँ फर्कने सम्भावना ठूलो हुन्छ।' 18)

विश्वास नगर्ने पत्नी भएको इसाई भाइको विषयमा कुरा पनि उस्तै छ। विश्वासी भाइको कारणले विश्वास नगर्ने पत्नी पवित्र हुन्छे।

त्यसमा प्रेरित पावलले थपेर भन्छन्ः *'नत्र ता तिमीहरूका छोराछोरीहरू अशुद्ध हुनेथिए, तर अबचाहिँ तिनीहरू पवित्र छन्।'* पुरानो नियमको कुरा के थियो भने, यहूदी मानिसले अन्यजातिकी पत्नीको साथमा त्यसपट्टिबाटका छोराछोरीहरूलाई पनि निकाल्नुपर्थ्यो। यो कुरा हामीले अघि गरिसक्यौं। तर अब अनुग्रहको युगको कुरा आयो, र पावलले स्पष्ट पारेर भन्छन्ः जुन विवाहको सम्बन्धमा एकजना विश्वासी र एकजना विश्वास नगर्ने हुन्छ, त्यसको सम्बन्धमा जन्मेका सबै छोराछोरीहरू पवित्र छन्। पवित्र भन्ने विशेषण-शब्द र पवित्र हुनु भन्ने क्रियापदको अर्थ एउटै हो अर्थात् अलग हुनु हो। यी छोराछोरीहरू आफैआफ पवित्र हुने होइनन्, न ता तिनीहरू शुद्ध र पवित्र जीवन जिउने भएका हुन्छन्। होइन नि! तर तिनीहरूको सौभाग्य ठूलो छ। तिनीहरू पवित्र छन् भन्ने वाक्यको अर्थ यो हो। तिनीहरूका बुबाआमामा एकजना छ, जसले प्रभुलाई प्रेम गर्छ र तिनीहरूलाई सुसमाचाररूपी प्रभुको कथा सुनाइदिन्छ। यसकारण तिनीहरूले मुक्ति पाउनुमा ठूलो सम्भावना छ। तिनीहरूको सौभाग्यको विषयमा अझ यसो भन्न मिल्छः तिनीहरू यस्तो परिवारमा हुर्काउन र बढ्न पाउँछन्, जुन परिवारको एकजनामा परमेश्वरको आत्माले वास गर्नुहुन्छ। अनि यही अर्थमा तिनीहरू पवित्र हुन्छन्। जब बुबाआमामा एकजना ख्रीष्ट-विश्वासी र अर्को विश्वास नगर्ने हुन्छ, तब यस परिवारबाट छोराछोरीहरू जन्मनुमा कुनै गल्ती होइन भन्ने कुरा यस पदबाट स्पष्ट हुन्छ। परमेश्वरले यस प्रकारको विवाहलाई मान्यता दिनुहुन्छ, र यस प्रकारको सम्बन्धबाट जन्मेका छोराछोरीहरू कानुनी सन्तान ठहरिन्छन्।

**१ कोरिन्थी ७ः१५ः** तर मुक्ति नपाएको जीवनसाथीले छोड्न माग्यो भने इसाई भाइबहिनीले गर्नुपर्ने हो ? *'विश्वास नगर्ने छुट्टिन्छ भने त्यो छुट्टियोस् !'* यसको सही उत्तर यही हो । *'यस्तो अवस्थामा भाइ वा बहिनी बन्धनमा छैन'* भन्ने वाक्यमा अर्थ लगाउन र अन्तिम फैसला गर्न हामीलाई गाह्रो छ । किनकि यस सम्बन्धमा कतिजनाको धारणा यस्तो छः विश्वास नगर्नेले विश्वासीलाई छोड़ेको छ, र त्यो फर्केर आउने आशा मरेको छ भने विश्वासी स्वतन्त्र भयो र उसले छुटानाम पाउन सक्छ । यस प्रकारको धारणा अपनाउनेहरूले के सिकाउँछन् भने, १ कोरिन्थी ७ः१५ पद बीचमा हालिएको कोष्ठक-पद हो, अनि सोह्र पदले चौध पदसँग आफ्नो सम्बन्ध जोड्छ, जस्तैः

- **क)** १ कोरिन्थी ७ः१४ः विश्वासी भाइ वा विश्वासी बहिनीले गर्दा यस परिवारमाथि पवित्र पार्ने प्रभाव पर्न जान्छ; यसकारण विश्वासी भाइबहिनी विश्वास नगर्ने जीवनसाथीसँग रहनु उचति छ ।
- **ख)** १ कोरिन्थी ७ः१६ः विश्वासी भाइ वा विश्वासी बहिनीले विश्वास नगर्ने जीवनसाथीलाई जितेर प्रभुमा ल्याउने ठूलो सम्भावना भएको हुनाले नछुट्टिने र नत्याग्ने सल्लाह दिइन्छ ।
- **ग)** १ कोरिन्थी ७ः१५ः यस बीचमा हालिएको पदले विश्वासी भाइबहिनीलाई विश्वास नगर्ने जीवनसाथीद्वारा त्यागिएको अवस्थामा छुटानाम गर्ने र फेरि विवाह गर्ने अनुमति दिन्छ ।

विश्वास नगर्ने जीवनसाथीले मुक्ति पाउने आशा र सम्भावना तब हुन्छ, जब विश्वास नगर्ने जीवनसाथी विश्वासीसँग बस्छ । विश्वास नगर्ने जीवनसाथी छोड़ेर जाँदा यस प्रकारको सम्भावना कम हुन्छ ।

तर बाइबल-अध्ययन गर्ने विद्यार्थीहरूमध्ये अर्को धारणा पनि छ । १ कोरिन्थी ७ः१५ पदको सन्दर्भ छुट्टिनु वा अलग बस्नु हो, छुटानाम वा पुनर्विवाह होइन । तिनीहरूको विचारमा, विश्वास नगर्ने जीवनसाथी छुट्टिन्छ भने उसलाई शान्तिसँग जान दिनुपर्छ । उदाहरणको निम्ति, जुन विश्वासी बहिनीले आफ्नो विवाहको सम्बन्ध बचाउन खोज्दै आएकी हो, त्यस बहिनीले रोएर होस्, वा कानुनको सहारा लिएर होस्, यो विवाहको

बन्धन अझै पनि कायम राख्ने प्रयास गर्नुपर्दैन। उसले विश्वास नगर्ने जीवनसाथीलाई शान्तिसित जान दिनुपर्छ; किनभने परमेश्वरले हामीलाई शान्तिका निम्ति बोलाउनुभएको हो।

यी दुईवटा धारणामा कुनचाहिँ सठीक व्याख्या हो, हामीले यसको विषयमा अन्तिम फैसला गर्न सकेका छैनौं। हामीलाई के लाग्छ भने, प्रभु येशूले मत्ती १९ः९ पदमा दम्पतीको एकजनाले व्यभिचार गरेकोमा छुटानाम गर्ने अनुमति दिनुभयो। अनि हामी विश्वास गर्छौंः यस परिस्थितिमा निर्दोषी भाइबहिनीले फेरि विवाह गर्न छुट पाएका छन्। तर १ कोरिन्थी ७ः१५ पदको सम्बन्धमा, त्यस पदले विश्वासी भाइबहिनीलाई विश्वास नगर्ने जीवनसाथीबाट त्यागिएको अवस्थामा छुटानाम र पुनर्विवाह गर्ने अनुमति दिएको कुरा सकार्न सक्दैनौं। तर यस विषयमा कुरा यस्तो छः यस प्रकारले छुट्टिएको जीवनसाथीले प्रायः जुनै हातलमा पनि चाँड़ै अर्को व्यक्तिसँग नयाँ सम्बन्ध राख्छ-राख्छ; अनि यस कुराले विवाहको बन्धन अवश्य तोड़िदिन्छ। यस विषयमा श्री जे. एम. डेविसले यसो लेखेका छन्ः

> 'छुट्टिएर गएको विश्वास नगर्ने जीवनसाथीले छिटो अर्कोसित विवाह गर्छ; यस कुराले विवाहको बन्धन तोड्छ। तब यस प्रकारले त्यागिएको जीवनसाथीले विवाह गर्नुहुँदैन भन्नु यस्ताको गर्दनमाथि यस्तो एउटा गह्रौं जुवा हालिदिनु बराबर हो, जुन प्रकारको जुवा धेरैजसो व्यक्तिहरूले बोक्न सक्दैनन्।' **19)**

**१ कोरिन्थी ७ः१६ः** पन्ध पदको व्याख्यामा यस पदको अर्थ भर पर्छ। जुन मानिसले पन्ध पदमा छुटानामको कुरा देख्दैन, त्यस मानिसले सोह्र पद यसको प्रमाण-स्वरूप लिन्छ। उसको विचारअनुसार, विश्वासी भाइबहिनीलाई छुट्टिने अनुमति दिइएको हो, तर उसले विश्वास नगर्ने जीवनसाथीलाई छुटानाम दिनुहुँदैन; किनभने विवाहको सम्बन्ध पुनर्स्थापित हुने सम्भावना जारी रहन्छ र हुन सक्छ, फर्केर आएको विश्वास नगर्ने जीवनसाथीलाई मुक्ति पाउने मौका दिइन्छ। उता, जुन मानिसले पन्ध पदमा त्यागिएको विश्वासी भाइबहिनीलाई छुटानाम गर्ने

अनुमति दिएको कुरा देख्छ, त्यस मानिसले सोह्र पद चौध पदसित जोड़ेर पढ्छ र पन्ध पद कोष्ठक-पदको रूपमा लिन्छ।

**१ कोरिन्थी ७:१७:** समय-समयमा नयाँ विश्वासीहरूको बीचमा पुरानो पापी जीवनको हरेक सम्बन्ध तोड्नुपर्छ भन्ने भावना पाइन्छ। तिनीहरू विवाहको सम्बन्धसमेत तोड्न तयार छन्। तर विवाहको सम्बन्धमा पाप मान्नुपर्ने कुरा के छ र? भर्खर मुक्ति पाएको व्यक्तिको उमाङमा ठूलो जोश छ; उसले पहिले माया गरेको र प्रिय मानेको हरेक कुरामा जबरजस्ती गरेर बितेका सबै कुराहरू हटाइदिने आन्दोलन होला भन्ने खतरा छ। तर इसाई मतमा आफ्ना उद्देश्यहरू प्राप्त गर्न कुनै बलजफती-आन्दोलन चल्दैन नै। त्यसको एक-एक परिवर्तन शान्तिमय हुन्छ। त्यसले प्रयोग गर्ने उपायहरू शान्तिका हुन्छन्। अब १ कोरिन्थी ७:१७-२४ पदको खण्डमा प्रेरित पावलले ख्रीष्ट-विश्वासी हुनुमा बितेका कुराहरूमा आमूल परिवर्तन ल्याउने कुनै बलपूर्वक आन्दोलन छैन भन्ने सर्वमान्य नियम स्थापित गर्छन्। विवाहको सम्बन्धमाथि विशेष नजर राखेर तिनले यो कुरा लेख्छन्, तर जाति, वर्ण र समाजका सम्बन्धहरू पनि यस खण्डको सन्दर्भ हुन्।

हरेक ख्रीष्ट-विश्वासीको चाल प्रभुको बोलावटसित मिल्नुपर्छ। उहाँले हामीलाई वैवाहिक जीवनका निम्ति बोलाउनुभयो भने हामी परमेश्वरको डरमा त्यस कुराको पछि लाग्नुपर्छ। अनि परमेश्वरले हामीलाई अवैवाहिक जीवन जिउनका निम्ति अनुग्रह दिनुभयो भने, हामी यही बोलावटअनुसार चल्नुपर्छ। अनि प्रभुलाई पाएको समयमा कसैको विवाह भइसकेमा उसले विश्वास नगर्ने आफ्नो जीवनसाथीलाई त्याग्नुहुँदैन, तर उसले आफ्नो जीवनसाथीलाई प्रभुमा ल्याउने सकभर प्रयास गर्नुपर्छ। पावलले कोरिन्थका विश्वासीहरूलाई यहाँ जे भनेका छन्, ती कुराहरू तिनले सबै मण्डलीका विश्वासीहरूलाई आज्ञा गरेका छन्। यस विषयमा श्री डब्ल्यू. ए. वाइनले यसो लेखेका छन्ः

> 'जब पावलले "सबै मण्डलीहरूमा म उस्तै प्रकारले आज्ञा गर्छु" भनेर भन्छन्, तब तिनले कुनै मुख्य कार्यालयबाट हुकुम दिने होइनन्, तर

तिनले कोरिन्थको मण्डलीलाई सूचित गर्छन्, कि तिनले उनीहरूलाई लेखेका आदेशहरू र सबै मण्डलीहरूलाई दिएका आदेशहरू एकै हुन् ।' 20)

**१ कोरिन्थी ७ः१८ः** अबका दुईवटा पदहरूमा पावलले जातीय भूमिकाहरूसित व्यवहार गर्छन् । प्रभुकहाँ फर्केको बेलामा कुनै मानिस यहूदी थियो भने र उसको शरीरको खतनाले यसको परिचय दिन्थ्यो भने, उसले यस विषयमा घोर प्रतिक्रिया अपनाएर बितेको जीवनको परिचयरूपी यो शरीरको खतना बेखतना तुल्याउनुपर्दैन । ठीक त्यस्तै नयाँ जन्म पाएको बेलामा कुनै मानिस अन्यजातिको मानिस थियो भने, यसले आफ्नो अन्यजातिको भूमिका लुकाउनुपर्दैन, न ता आफ्नो शरीरमा यहूदीको चिनारी ग्रहण गर्नुपर्दैन ।

अनि यस पदको अर्थ यसमा सीमित नराखेर हामी यो पनि भन्छौंः प्रभुकहाँ फर्केर यहूदी आफ्नी यहूदी पत्नीसित जिइरहनुदेखि डराउनुहुँदैन । अनि प्रभुलाई पाउने अन्यजातिको मानिसले आफ्नो जातीय भूमिकाबाट भाग्नुपर्दैन । यी बाहिरी भिन्नताहरूमा महत्त्व छैन ।

**१ कोरिन्थी ७ः१९ः** इसाई मतको मूल तत्त्वको दृष्टिमा खतना केही पनि होइन, बेखतना पनि केही पनि होइन । परमेश्वरका आज्ञाहरू पालन गर्नुचाहिँ खास कुरा हो । अर्को शब्दमा भन्नु हो भने, परमेश्वरले मानिसको बाहिरी रूप हेर्नुहुन्न, तर मानिसको भित्री रूप हेर्नुहुन्छ। ख्रीष्टीय मतमा पस्नलाई बितेको जीवनसित कतिपय सम्बन्धहरू जबरजस्तीसित तोड्नुपर्दैन, फाल्नुपर्दैन। यस विषयमा श्री विलियम केल्लीले यसो भनेका छन्ः 'बरु ख्रीष्टीय विश्वासद्वारा एक ख्रीष्ट-विश्वासीलाई आफ्ना सबै परिस्थितिहरूभन्दा माथि एउटा उच्च स्तरमा उठाइन्छ ।' 21)

**१ कोरिन्थी ७ः२०ः** यस सम्बन्धमा सर्वमान्य नियम यस प्रकारको छः *'हरेक मानिस जुन बोलावटमा बोलाइएको छ, त्यसैमा रहिरहोस् ।'* यस नियमको सीमा तान्नुपर्छ, र सबै पापी अवस्थाहरू यसबाट बाहेक गर्नुपर्छ। प्रभुकहाँ फर्केको बेलामा कसैको व्यवसाय खराब थियो भने, उसले त्यो छोड़िहाल्नुपर्छ। तर प्रेरित पावलले यहाँ यस प्रकारका

अवस्थाहरूको विषयमा कुरा गरेका छन्, जुन अवस्थाहरूमा पापको गन्ध हुँदैन। दासदासीको अवस्थाको सन्दर्भमा लेखिएका आउँदा पदहरूले यो कुरा पुष्टि गर्छन्।

**१ कोरिन्थी ७ः२१ः** मुक्ति पाएको दासले के गर्नुपर्ने हो? के आफ्नो मालिकको विरोधमा उठेर उसले आफ्नो छुटकाराको माग गर्नुपर्छ? के ख्रीष्टीय विश्वासले हामीलाई आफ्ना अधिकारहरू खोज्ने प्रेरणा दिन्छ? पावलले यसको सफा उत्तर यसो भनेर दिन्छन्ः *'के तिमी दास भएको अवस्थामा बोलाइएका छौ? त्यसको विषयमा चिन्ता नगर!'* अर्को शब्दमा भन्नु हो भनेः 'प्रभु येशूकहाँ फर्किएको बेलामा के तिमी एक दास वा एक दासी थियौ? यसको विषयमा चिन्ता नगर! किनकि तिमी दास वा दासी भएको अवस्थामा ख्रीष्टीय विश्वासका उच्च आशिषहरू उपभोग गर्न सक्छौ नि।'

*'तर तिमी स्वतन्त्र हुन सक्छौ भने बरु त्यस्तै गर!'* यस वाक्यका दुईवटा व्याख्याहरू गर्न मिल्छ। एक, पावलले यहाँ यस वाक्यमा भनेको कुराको अर्थ यो हुन सक्छः 'तिमीले दासत्वबाट छुटकारा पाउन सक्छौ भने तिमीले जुनै हालतमा पनि यो मौका छोप्नुपर्छ।' दुई, प्रेरितको भनाइको अर्थ यो हुनुपर्लाः कुनै दास वा दासी आफ्नो छुटकारा पाउन सके ता पनि ख्रीष्टीय विश्वासले उसलाई यसो गर्ने बाध्यतामा पार्दैन। बरु उसले आफ्नो दासत्व प्रभु येशूका निम्ति गवाही दिने मौकाको रूपमा लिनुपर्छ। प्रायः सबैले यसको पहिलो व्याख्या सठीक व्याख्या मान्दछन्। तर यसमा यो कुरा बिर्सनुहुँदैनः प्रभु येशू ख्रीष्टले हाम्रा निम्ति छोड्नुभएको आफ्नो उदाहरणसित दोस्रो व्याख्या खूब मिल्छ।

**१ कोरिन्थी ७ः२२ः** *'जो दास भएकै अवस्थामा प्रभुमा बोलाइएको छ, ऊ प्रभुको स्वतन्त्र पारिएको मानिस हो।'* जन्मजात स्वतन्त्र मानिस होइन, तर छुटकारा पाएर आफ्नो स्वतन्त्रता प्राप्त गरेको दास यस पदको सन्दर्भ हो। यस वाक्यको परिभाषा यस प्रकारको छः प्रभुकहाँ फर्केको बेलामा कुनै मानिस दास भएको खण्डमा यसको विषयमा चिन्ता लिइराख्नुपर्दैन; किनकि प्रभुका निम्ति ऊ स्वतन्त्र मानिस हो। ऊ आफ्ना पापहरूबाट छुटकारा पाएको मानिस हो, जसले शैतानको बन्धनबाट पनि

छुटकारा पाएको छ। अर्को अवस्था यस प्रकारको छः प्रभुमा आएको बेलामा एकजना मानिस स्वतन्त्र मानिस थियो भने, उसले अबदेखि उसो आफूचाहिँ प्रभुको एउटा दास भएको कुरा महसुस गर्नुपर्छ, जुन दासले आफ्ना हात र खुट्टा लगायत आफूलाई मुक्तिदाता प्रभुसित एउटा मालिक-दासको बन्धनमा हालेको छ।

**१ कोरिन्थी ७:२३:** हरेक ख्रीष्ट-विश्वासी दाम तिरेर किनिएको हो। अबदेखि उसो ऊ प्रभु येशूको सम्पत्ति भएको छ। हामी मानिसहरूको दास हुनुहुँदैन, किनभने हामी ख्रीष्ट येशूका दासदासी हौं।

**१ कोरिन्थी ७:२४:** यसकारण जुन समाजिक अवस्थामा हाम्रो बोलावट भएको छ, त्यस अवस्थामा रहेर हामी परमेश्वरको साथमा रहिरहन सक्छौं। 'परमेश्वरको साथमा रहनु' भन्ने शब्दहरूले यस खण्डको अर्थ बुझ्ने चाबीको काम गर्छन्। मानिस परमेश्वरको साथमा रहोस्, र उसको दासत्व साँचो स्वतन्त्रता हुन जानेछ। परमेश्वरको साथमा हुने सम्बन्धले जीवनको जुनसुकै परिस्थिति परिष्कार गरेर शुद्ध पार्छ।

**१ कोरिन्थी ७:२५:** यस खण्डमा प्रेरित पावलले अविवाहित भाइ र अविवाहिता बहिनीलाई सम्बोधन गर्छन् (१ कोरिन्थी ७:२५-३८)। कन्याहरू भन्ने शब्दले कन्या र कुमारहरूको अर्थ लिन सक्छ। यो जम्मा अध्याय आत्माको प्ररणाले नलेखिएको कुरा दाबी गर्नलाई बेप्रयोगमा आएको पद यो पच्चीस पद हो। कतिजना आफ्नो धारणा हददेखि धेरै टाढ़ासम्म पुऱ्याएर के भन्छन् भने, पावल आफू कुमार भएको हुनाले तिनले यहाँ, यस खण्डमा पुरुषवादको अन्धभक्ति गरेका र आफ्ना व्यक्तिगत पूर्वविचारहरू व्यक्त गरेका छन् अरे। तर यसो भन्नेहरूले पावललाई होइन, तर पवित्र धर्मशास्त्र आत्माको प्रेरणाको फल हो भन्ने सिद्धान्तमा लात हानेका छन्। यो आक्रमण तिनीहरूको दुष्ट प्रयास हो। जब पावलले 'कन्याहरूको विषयमा मैले प्रभुबाट कुनै आज्ञा पाएको छैनँ' भनेर भन्छन्, तब 'प्रभु येशूले यस संसारमा सेवारत हुनुहुने बेलामा यस विषयमा आफ्ना प्रेरितहरूलाई कुनै स्पष्ट आदेश दिनुभएको थिएन' भनेर तिनले भन्ने चाहेका हुन्। यसकारण पावल प्रभुको प्रेरित भएको नाताले आफ्नो राय दिन्छन्; किनभने विश्वासयोग्य हुनलाई तिनले प्रभुबाट दया

पाएका थिए। यसकारण तिनको यो राय परमेश्वरको आत्माको प्रेरणाको फल हो।

**१ कोरिन्थी ७ः२६ः** यस विषयमा सर्वमान्य नियम यो होः *'वर्तमान समयको कष्टको कारणले मानिसका निम्ति ऊ जस्तो छ, त्यस्तै रहनु असल हो।'* वर्तमान समयको कष्ट भन्ने वाक्यले पृथ्वीमाथि जिउने सबै मानिसहरूले सहनुपरेका दुःखकष्टहरू सङ्केत गर्छ। को जान्दछ? हुन सक्छ, पावलले यो पत्र लेख्दाखेरि समयचाहिँ विशेष कष्टले पूर्ण समय भएको थियो होला। तर त्यस बेलादेखि आजको दिनसम्म मानिसहरूका कष्टहरू थिए र प्रभु नआउन्जेल कष्टहरू वर्तमान मानिसहरूमाथि आइपर्नेछन्।

**१ कोरिन्थी ७ः२७ः** विवाह गरिसकेकाहरूलाई पावलको सल्लाह यस प्रकारको छः 'के तिमी विवाहको बन्धनमा छौ, तब मुक्त हुन नखोज!' तर अरू कतिजनाको अवस्था फरक छ। उनीहरू पत्नीबाट मुक्त छन्। उनीहरूका निम्ति प्रेरितको आदेश यस्तो छः *'पत्नीको खोजी नगर!'* पत्नीबाट मुक्त भनेको विधवा भएको वा छुटानाम भएको मात्र बुझिँदैन, तर विवाहको बन्धनबाट स्वतन्त्र भएको बुझ्नुपर्छ अर्थात् यस शब्दले कहिल्यै विवाह नगरेकाहरूलाई पनि समावेश गर्छ।

**१ कोरिन्थी ७ः२८ः** पावलले यस विषयमा जेजति लेखे, त्यसको अर्थ बिगारेर विवाह गर्नु पाप हो भन्ने मतलब निकाल्नुहुँदैन। किनभने विवाह गर्नु पाप होइन। संसारमा पाप पस्नुभन्दा अघि अदनको बगैंचामा परमेश्वरले विवाहको विधि स्थापित गर्नुभयो। उहाँ स्वयम्ले यसो भन्नुभयोः *'मानिस एकलो रहनु असल होइन'* (उत्पत्ति २ः१८)। *'विवाह सबैको बीचमा आदरको योग्य मानियोस् र ओछ्यान निष्कलङ्क रहोस्'* (हिब्रू १३ः४)। पावलले पछि तिनीहरूको विषयमा तिमोथीलाई लेख्छन्, जसले विवाह गर्न मनाही गर्छन्। विवाह गर्न नदिनेहरूचाहिँ पछि आउने समयहरूको धर्मपतनको चिन्ह हुन् (१ तिमोथी ४ः१-३)।

*'तर तिमीले विवाह गर्‍यौ भने पनि तिमीले पाप गरेका हुँदैनौ; अनि कुनै कन्याले विवाह गरी भने पनि उसले पाप गरेकी हुँदिन।'* ख्रीष्टीय विश्वासको मत अपनाएका नयाँ विश्वासीहरूले कहिल्यै विवाहको

सम्बन्धमा कुनै गलत देख्नुहुँदैन। तर पावलले यसमा विवाह गर्ने बहिनीहरूको विषयमा एउटा कुरा थपेर भन्छन्ः *'तर यस्ताहरूले शरीरमा कष्ट पाउनेछन् ।'* शरीरमा कष्ट पाउनु भन्नाले प्रसुति-वेदनाहरू आदि कुरा बुझिन्छ। *'तर म तिमीहरूलाई जोगाउँछु'* भनेर पावलले दुईवटा कुरा भनेका सम्भव छः **क)** विवाहको सम्बन्धको साथसाथै पारिवारिक जीवनमा शारीरिक कष्टहरू आउँछन्-आउँछन्, जुन कष्टहरूबाट तिनले यिनीहरूलाई जोगाउन खोजे। अथवा **ख)** यिनीहरूमाथि आइपर्ने शारीरिक कष्टहरू के-के हुन्, सो भनिबस्नुदेखि तिनले आफूलाई रोके।

**१ कोरिन्थी ७ः२९ः** पावलले दिएको जोड़ यसैमा छः *'समय छोटो छ;'* यसकारण प्रभुको सेवा गर्नलाई विवाहजस्तै न्यायसँगत जीवनका अन्य सम्बन्धहरू हामीले यस उद्देश्यको अधीनतामा राख्नुपर्छ। ख्रीष्ट येशूको दोस्रो आगमन नजिकै छ। पतिपत्नीहरूले आ-आफ्ना कर्तव्यहरू विश्वासयोग्यतासाथ पूरा गर्नुपर्छ; तर यिनीहरूले ख्रीष्ट येशूलाई आफ्नो सारा जीवनमा प्रथम स्थान दिनुपर्छ। यो कुरा श्री एच. ए. आइरनसाइडले यसरी व्यक्त गरेका छन्ः

> 'समय छिटो-छिटो बितिरहेको छ, र प्रभुको आगमन अति नजिकै आइपुगेको छ भन्ने जानेर हरेक विश्वासीले काम गर्नुपर्छ। अनि आफ्नो व्यक्तिगत सुखमाथि ध्यान नराखी, तर तिनलाई बाधाहरू सम्झी हामी परमेश्वरको इच्छा पूरा गर्न सम्पूर्ण रूपले समर्पित हुनुपर्छ।' [22)]

अनि यस विषयमा श्री डब्ल्यू. ए. वाइनले यसो भनेका छन्ः

> 'यस पदको अर्थ हामीले सठीक ढङ्गले बुझ्नुपर्छ। विवाह गरेको पति आफ्नो पत्नीप्रति आफ्नो कर्तव्य पूरा गर्नदेखि हट्नुहुँदैन, तर उसले आफ्नो पत्नीसितको यो सम्बन्ध प्रभुसितको उच्च सम्बन्धको अधीनतामा राख्नुपर्छ। उहाँले उसको हृदयमा पहिलो स्थान पाउनुपर्छ। उसले विवाहजस्तै भौतिक सम्बन्धलाई ख्रीष्ट येशूप्रति आज्ञाकारी नहुनलाई आफ्नो यस परम कर्तव्यमा बाधा पार्ने अनुमति दिनुहुँदैन।' [23)]

**१ कोरिन्थी ७ः३०ः** यस जीवनका दुःख र सुखहरू, साथै हाम्रो धनसम्पत्ति आदि कुराहरूले हाम्रो जीवनमा बेहद हुने गरी ठाउँ

ओगट्नुहुँदैन। यी सबै कुराहरू हामीले एउटै उद्देश्यको अधीनतामा राख्नुपर्छः दिन छँदै हामीले प्रभुको सेवा गर्ने हरेक सुअवसर छोप्नुपर्छ। यो हाम्रो एकमात्र लक्ष्य हुनुपर्छ।

**१ कोरिन्थी ७ः३१ः** पृथ्वीमाथि हाम्रो जीवनमा हामीले मामुली क्षणिक कुराहरूसित सम्बन्ध राख्नुपर्छ। यो अनिवार्य हो। अनि ख्रीष्ट-विश्वासीको जीवनमा यी कुराहरूका निम्ति सीमित ठाउँ रहन्छ, जुन सीमाभित्र उसले यी कुराहरू प्रयोग गर्न सक्छ। तर यी कुराहरूको प्रयोगमा कुनै दुरुपयोग नहोस्! पावलको सुर्त यसैमा थियो, र तिनले हामीलाई यहाँ संसारका कुराहरूको दुरुपयोगको विषयमा चेताउनी दिएका छन्। खानेकुरा, लुगाफाटा र सुखहरूका निम्ति जिउने ख्रीष्ट-विश्वासी सांसारिक कुराहरूको दुरुपयोगका निम्ति उदाहरण हो। खानेकुरा र लुगाहरू नभई नहुने कुराहरू हुन्। तर यी कुराहरूले उसको जीवनमा परमेश्वरलाई दिनुपर्ने स्थान कहिल्यै नओगटून्। विवाह, परिवार, सम्पत्ति, व्यवसाय, साथै राजनैतिक, वैज्ञानिक, साङ्गीतिक र कलात्मक क्रियाकलापहरूले संसारका मानिसहरूको जीवनमा ठूलो स्थान पाउलान्, तर यी सबै कुराहरू आत्मिक जीवनमा बाधाहरू तब बन्न सक्छन्, जब हामीले यी कुराहरूमा बढ़ी महत्त्व दिन्छौं।

*'यस संसारको रूप बितेर जान्छ'* भन्ने वाक्य नाटकीय भाषा हो, जसले मञ्चसज्जारूपी सचित्रपर्दाहरू फेर्ने कुरा सङ्केत गर्छ। हाम्रो वरिपरि देखिने सबै थोकहरू क्षणिक र अस्थायी हुन्छन्। यी थोकहरूको क्षणिक अवस्था असल ढङ्गले बयान गरेर श्री शेक्सपियरले रचेका शब्दहरूले भन्नु हो भनेः 'सारा संसार एउटा मञ्च हो, जुन मञ्चमा सबै मानिसहरू अभिनेताहरू मात्र हुन्छन्। तिनीहरू त्यस मञ्चमा आउँछन्-जान्छन्। अनि यस नाटकमा हरेकले आ-आफ्नो पालोमा विभिन्न भूमिकाहरू खेल्छ।'

**१ कोरिन्थी ७ः३२ः** ख्रीष्ट-विश्वासीलाई कुनै चिन्ता नहोस्! पावलको चाहना यही हो। तिनको विचारमा, यी फिक्रीचिन्ताहरूले उनीहरूलाई प्रभुको सेवा गर्न नचाहिँदा बाधाहरू दिन्छन्। अनि तिनी आफूले भन्न चाहेको कुरा स्पष्ट पार्न अघि बढ्छन्ः *'जसले विवाह गरेको छैन, उसले "म प्रभुलाई कसरी खुशी पारूँ" भन्दै प्रभुका कुराहरूको*

*विषयमा फिक्री गर्छ।'* तर यसको विषयमा वास्तविक कुरा यस्तो छः विवाह नगरेकाहरू सबैले एकचित्त भएर आफूलाई प्रभुको सेवामा दिइहाल्दैनन्। तर पावलले विवाह नगरेको अवस्थामा निम्न फाइदा देखेका छन्ः विवाह गरेको अवस्थाले भन्दा विवाह नगरेको अवस्थाले विनाबाधा प्रभुको सेवा गर्ने मौका जुटाइदिन्छ।

**१ कोरिन्थी ७ः३३ः** वैवाहिक जीवनले पतिलाई आफ्नी पत्नीको खुशी गर्ने बाध्यता पार्छ भन्ने निष्कर्ष सर्वमान्य अवलोकनको फल हो। तर विवाहित मानिसले प्रभुका कुराहरूमा ध्यान दिन सक्दै-सक्दैन भन्ने कुरा बुझ्नु हददेखि बाहिर गएको तर्क मान्नुपर्छ। विवाह गरेको मानिसका बोझहरू थुप्रै हुन्छन्। उसले धेरै कुराहरू विचार्नुपर्छ। श्री डब्ल्यू. ए. वाइनले आफ्नो टिका हालेर यसो भनेका छन्ः 'यस विषयमा सर्वमान्य नियम यस प्रकारको छः विवाह गरेको मानिसको सेवा गर्ने क्षेत्र सीमित रहन्छ। विवाह नगरेको मानिसचाहिँ पृथ्वीको अन्तसम्म जान र त्यहाँ सुसमाचार प्रचार गर्न सक्छ।' 24)

**१ कोरिन्थी ७ः३४ः** *'विवाह नगरेकी स्त्रीले दुवै शरीर र आत्मामा पवित्र हुनका निम्ति प्रभुकै कुराहरूको विषयमा फिक्री गर्छे, तर विवाह गरेकी स्त्रीले चाहिँ "म आफ्ना पतिलाई कसरी खुशी पारूँ" भन्दै संसारका कुराहरूको विषयमा फिक्री गर्छे।'* यस ठाउँमा पनि कुनै स्पष्टीकरण दिनु उचित छ। विवाह नगरेकी स्त्री वा कन्याले आफ्नो बढ़ी समय प्रभुका कुराहरूका निम्ति दिन सक्छे। 'दुवै शरीर र आत्मामा पवित्र हुने' वाक्यले अवैवाहिक जीवन विवाहको जीवनभन्दा पवित्र भएको अर्थ दिँदैन। तर उसले आफ्नो शरीर र आत्मालाई प्रभुको सेवामा दिइहाल्न तिनलाई त्यसको सदुपयोगका निम्ति पूरा अलग पार्न सक्छे। उसमा बढ़ी पवित्रता नहोला, तर उसमा प्रभुको सेवा गर्न बढ़ी समय हुन्छ।

*'तर विवाह गरेकी स्त्रीले चाहिँ "म आफ्ना पतिलाई कसरी खुशी पारूँ" भन्दै संसारका कुराहरूको विषयमा फिक्री गर्छे।'* विवाह नगरेकी स्त्रीभन्दा विवाह गरेकी स्त्री सांसारिक छे भन्ने अर्थ लगाउनु बेठीक हो। तर उसले परिवारको वास्तामा आफ्नो कति समय सांसारिक कुराहरूका निम्ति खर्च गर्नुपर्छ। यी कुराहरूमा कुनै दोष छैन र यी कुराहरू ठीक छन्। अनि

पावलले यी कुराहरूमा कुनै दोष भेट्टाएनन्, न ता आफ्नो बेखुशी प्रकट गरे। तर विवाह नगरेकी स्त्रीका निम्ति सेवा गर्ने मौकाहरू धेरै छन् र यसो गर्न उसको समय पनि धेरै छ भन्ने कुरा तिनले भन्न चाहेका हुन्।

**१ कोरिन्थी ७ः३५ः** यसो भनेपछि विश्‍वासीहरूलाई कठोर बन्धनमा पार्ने उद्देश्य पावलको हुँदै होइन। तर तिनले शिक्षा दिएका कुराहरूले उनीहरूलाई फाइदा गर्छन्। तिनको यस शिक्षामा उनीहरूले परमेश्‍वरको मार्गदर्शन देखून् र आफ्नो जीवन र प्रभुको सेवाको सम्बन्धमा यो व्यवहारमा उतार्न सकून्। पावलको राय यस प्रकारको छः विवाह नगर्नु उचित छ; किनभने विनाबाधा प्रभुको सेवा गर्न पाइन्छ। अनि तिनको विचारमा, मानिसले विवाह गर्नु वा विवाह नगर्नुको बीचमा रोज्न सक्छ। प्रेरित पावलले उनीहरूलाई फन्दामा पार्ने कुरा पर जाओस्!

**१ कोरिन्थी ७ः३६ः** यस अध्यायभित्र, अँ, यस सम्पूर्ण पत्रभरि नै १ कोरिन्थी ७ः३६-३८ पदको खण्डको व्याख्या गर्दा बढ़ी गलत अर्थ लगाइएको छ। सर्वमान्य, तर गलत व्याख्या यस प्रकारको छः पावलको समयमा घरका बुबाले आफ्नो घरपरिवारमाथि कड़ा शासन चलाउँथ्यो। आफ्नी छोरीको विवाह गराइदिने वा कसैलाई आफ्नी छोरी नदिने अधिकार उसको हुन्थ्यो। घरका बुबाको अनुमतिविना कसैले विवाह गर्न पाउँदैनथियो। यस भूमिकामा यी पदहरूले निम्न अर्थ लिएका छन्ः घरका बुबाले आफ्नी छोरीहरूलाई विवाह गर्नदेखि रोक्न सक्छ र त्यसमा कुनै गल्ती छैन। उसले दिएको विवाह गर्ने अनुमतिमा उसका छोरीहरूले विवाह गर्न पाउँथे।

तर यस प्रकारको व्याख्याबाट वर्तमान समयमा जिउने परमेश्‍वरका जनहरूका निम्ति कुनै शिक्षा नहोला। (प्रकाशकको टिप्पणीः लेखकले नेपाल र भारतको चालचलनसित परिचित नभएको देखिन्छ।) यो व्याख्या यस अध्यायको सन्दर्भसित नमिल्ला। हाम्रो विचारमा, यस प्रकारको अर्थले विश्‍वासीहरूलाई अन्योलमा पारिदिन्छ।

आर.एस.वी. अङ्ग्रजी बाइबलले कन्याको ठाउँमा 'मगनी गरेकी' अनुवाद गरेछ। अनि यस अनुवादअनुसार यस पदबाट जब कसैले आफ्नो मगनी गरेकी दुलहीलाई विवाह गर्छ, तब उसले पाप गर्दैन; तर उसले

त्यसलाई विवाह गर्दैन भने त्यो उसका निम्ति उत्तम हो भन्ने अर्थ बुझिन्छ। यस प्रकारको गलत व्याख्याले थुप्रै समस्याहरू सृजना गर्छ।

अब श्री विलियम केल्लीको कुरा आयोः पहिलो कोरिन्थीको पत्रको उनले आफ्नो टिप्पणीमा अर्को राय प्रकट गरेका छन्, जसमा ठूलो गुण छ। 'कन्या' अनुवाद गरिएको पर्थेनोस् भन्ने ग्रीक-शब्दको अर्थ 'कन्यावस्था' पनि हुन सक्छ रे। यसर्थ यस खण्डको सन्दर्भ कसैको कन्या होइन, तर आफ्नो कन्यावस्था वा आफ्नो कुमारपन हो।[25) यस व्याख्याअनुसार यस खण्डले के भन्छ भने, कसैले आफ्नो कन्यावस्था वा कुमारपन कायम राख्छ भने, उसले उचित काम गर्छ, तर उसले विवाह गर्ने निर्णय गर्‍यो भने पनि उसले पाप गर्दैन।

श्री जोह्न नेल्सन डार्बीले पनि यही व्याख्याको आधारमा 'नयाँ अनुवाद' नामक आफ्नो बाइबल-अनुवादमा १ कोरिन्थी ७:३६-३८ पदहरू यस प्रकारले अनुवाद गरेः

> 'तर कसैले आफ्नो कुमारपन/कन्यावस्थासित बेठीक काम गरिरहेछु भन्ने विचार गर्छ, अनि उसको जोबन पनि ढल्किरहेको छ, र यस्तै गर्नु उसलाई खाँचो पनि पर्छ भने, उसलाई जेजस्तो इच्छा लाग्छ, त्यस्तै गरोस्, उसले पाप गर्दैन; तिनीहरूले विवाह गरून्। तर जो आफ्नो हृदयमा सुदृढ़ भई खड़ा रहन्छ, जसको खाँचो पनि छैन, तर आफ्नो इच्छामाथि जसको अधिकार हुन्छ, अनि जसले आफ्नो कन्यावस्था/ कुमारपन त्यत्तिकै राख्ने आफ्नो हृदयमा निश्चय गरेको छ, उसले असल गर्छ। यसकारण जसले आफ्नो विवाह गरिदिन्छ, त्यसले असल गर्दछ, तर जसले आफ्नो विवाह गर्दैन, उसले झन् असल गर्छ।'

छत्तीस पदको बेलीबिस्तार गर्दा हामीले निम्न अर्थ अपनाउन सक्छौंः वयस्कको पूर्ण अवस्थामा पुगेको कुनै मानिस छ, जो विवाह नगरी बस्न सक्दिनँ होला भन्ने निष्कर्षमा पुगेको छ, यस मानिसले विवाह गर्दा पाप गर्दैन। उसलाई यसो गर्न खाँचो लागेको छ। यसकारण उसलाई जेजस्तो इच्छा लाग्छ, उसले त्यस्तै गरोस्, अर्थात् उसले विवाह गरोस्।

**१ कोरिन्थी ७:३७ः** तर अर्को मानिस पनि छ, जसले एक चित्त भएर प्रभुको सेवा गर्छु भन्ने निश्चय गरेको छ, अनि जसले आफ्नो इच्छा र

अभिलाषा वशमा पार्न पनि सक्छ, र यसैले जसको विवाह गर्ने खाँचो पनि छैन। तर 'म विवाह गर्दिनँ' भन्ने कुरामा सुनिश्चित भएको यस भाइले अविवाहित अवस्थामा प्रभुको सेवा गरेर परमेश्वरको महिमा गर्न चाहन्छ भने उसले बढ़िया गर्छ।

**१ कोरिन्थी ७ः३८ः** यस विषयमा निचोड़ यस प्रकारको छः जसले आफ्नो 26) विवाह गर्छ, त्यसले ठीक गर्छ, तर जसले विवाह गर्दैन, उसले झन् राम्रो गर्छ; किनभने विवाह नगरेको उसको अवस्था प्रभुको सेवा गर्नका निम्ति ठूलो मौका हो।

**१ कोरिन्थी ७ः३९ः** यस अध्यायका अन्तिम दुईवटा पदहरूमा विधवाहरूलाई सल्लाह दिइन्छ। *'जबसम्म उसको पति जीवित रहन्छ, तबसम्म पत्नी व्यवस्थाद्वारा बाँधिएकी हुन्छे; तर उसको पति मर्‍यो भने जससँग उसलाई इच्छा लाग्छ, त्यससँग विवाह गर्न ऊ स्वतन्त्र हुन्छे।'* यहाँ व्यवस्थाचाहिँ विवाहको सम्बन्धमा परमेश्वर आफूले स्थापित गर्नुभएको कानुन बुझ्नुपर्छ। यस कानुनअनुसार जुन पत्नीको पति मरेको छ, त्यो पत्नी फेरि विवाह गर्न स्वतन्त्र हुन्छे। यही तथ्य रोमी ७ः१-३ पदको खण्डले पेश गरेको छ। पति वा पत्नीको मृत्युले विवाहको बन्धन तोड़िदिन्छ। तर यहाँ प्रेरित पावलले त्यसको एउटा सर्त प्रस्तुत गर्छन्ः *'जससँग उसलाई इच्छा लाग्छ, त्यससँग विवाह गर्न ऊ स्वतन्त्र हुन्छे, तर प्रभुमा मात्र।'* एक, उसले विवाह गर्न खोजेको मानिस ख्रीष्ट-विश्वासी हुनुपर्छ। तर यसको अर्थ योभन्दा बढ़ी हो। प्रभुमा भनेको 'प्रभुको इच्छामा'। अर्को शब्दमा भन्नु हो भने, उसले इसाईलाई विवाह गरेर पनि ऊ प्रभुको इच्छादेखि बाहिर हुन सक्छे। उसले यस महत्त्वपूर्ण विषयमा प्रभुको मार्गदर्शन पाउने चेष्टा गर्नुपर्छ, र केवल प्रभु येशूले उसका निम्ति तयार पार्नुभएको विश्वासीलाई विवाह गर्नुपर्छ।

**१ कोरिन्थी ७ः४०ः** विधवाको विषयमा पावलको राय खुलस्त छः उसले विवाह किन गरोस्, जब *'ऊ त्यत्तिकै रहन्छे, तब ऊ झन् सुखी हुन्छे।'* यस शिक्षाले १ तिमोथी ५ः१४ पदको शिक्षा काट्दैन, जुन पदमा पावलले 'तरुणी विधवाहरूले विवाह गरून्' भन्ने शिक्षा दिएका छन्; किनकि यहाँ सर्वमान्य शिक्षा, तर त्यहाँ विशेष शिक्षा पेश गरिएको हो।

त्यसपछि तिनले थपेर भन्छन्ः 'मेरो विचारमा, मसँग परमेश्वरको आत्मा हुनुहुन्छ।' के पावल आफूले प्रस्तुत गरेका कुराहरूको विषयमा सुनिश्चित थिएनन्, जसरी कतिजनाले विचार गर्छन्? यस प्रकारको धारणाको विरुद्ध हामी आफ्नो घोर विरोध जनाउँछौं। यस खण्डमा तिनले लेखेका कुराहरूको विषयमा कुनै शङ्का छैन। यी वचनहरू अवश्य आत्माको प्रेरणाको फल हुन्। तिनले यहाँ व्यङ्ग्य चलाइरहेका छन्। कोरिन्थका कतिजना विश्वासीहरूले तिनको प्रेरितपन र तिनको शिक्षामा दोष भेट्टाएका थिए र सीधा तिनलाई आक्रमण गरेका थिए। तिनीहरूले भनेका कुराहरूमा प्रभुको मन बुझेको र व्यक्त गरेको तिनीहरूको दाबी थियो। यसकारण पावलले यहाँ भन्न खोजेको कुरा यो होः 'अरूले मेरो विषयमा जेसुकै भनून्, तर मसँग परमेश्वरको आत्मा हुनुहुन्छ। तिनी-हरूसँग परमेश्वरको आत्मा हुनुहुन्छ, ठिक्कै हो; तर के पवित्र आत्मा तिनीहरूको एकमात्र पेवा हो र? यसो भन्नु सरासर तिनीहरूको गल्ती ठहरिनेथियो।'

पावलले यी सबै कुराहरू लेख्दा पवित्र आत्मा तिनको साथमा हुनुहुन्थ्यो भन्ने कुरा हामीलाई पक्का गरी थाहै छ। अनि तिनका शिक्षाहरू पालन गरेमा हामीलाई आत्मिक जीवनको सुखद सुपथ मिलेको छ।

## ख) १ कोरिन्थी ८:१-११:१ मूर्तिहरूलाई चढ़ाएका चीजहरू खाने विषयमा सोधिएको प्रश्नको उत्तर

मूर्तिहरूलाई नैवेद्यको रूपमा चढ़ाइएका थोकहरू प्रसादको रूपमा खानु हुन्छ कि हुँदैन भन्ने विषय १ कोरन्थी ८:१-११:१ पदहरूको खण्डमा छलफल गरिन्छ, जुन विषय भर्खर प्रभुकहाँ फर्केका अन्यजातिका मानिसहरूका निम्ति साँच्चै एउटा समस्या थियो, र छँदैछ। किनभने उनीहरूलाई समाजिक कार्यक्रमहरूमा निम्तो दिइन्थ्यो, र दिइन्छ; यस्ता कार्यक्रमहरूमा सधैं ठूलो भोज लाग्थ्यो, जसका खानेकुरा नैवेद्यको रूपमा मूर्तिहरूलाई चढ़ाएर प्रसादको रूपमा सबैलाई खुवाइन्थ्यो। अर्को समस्या पनि थियोः उनीहरू मासु किन्न बजारमा जान्थे, अनि त्यहाँ मासुपसलमा

बिक्री भएको मासु प्रायः मूर्तिहरूलाई चढ़ाइएका पशुको मासु हुन्थ्यो । हुन त त्यसले मासुको गुण-स्तर के असर गर्थ्यो र ? तर के ख्रीष्ट-विश्वासीले यस प्रकारको मासु किनेर खानु हुन्छ त ? अर्को कुरा पनि थियोः ख्रीष्ट-विश्वासीलाई कसैको घरमा आएर खाना खाने निम्तो दिइन्थ्यो; अनि त्यस बेलामा प्रायः मूर्तिहरूलाई चढ़ाइएका खानेकुराहरू उसको सामु टक्राइन्थे । त्यो प्रसाद हो भनी जानेर के उसले त्यो खानु हुन्छ ? यस खण्डमा पावलले यस प्रकारका प्रश्नहरूमाथि आफ्नो ध्यान लगाउँछन् र तिनको एक-एक उत्तर दिन्छन् ।

**१ कोरिन्थी ८ :१ः** पहिलो कुराः मूर्तिहरूलाई चढ़ाइएका चीजहरूको विषयमा कोरिन्थका विश्वासीहरू र पावल अनजान थिएनन् । त्यो त कसैलाई पनि थाहै नभएको नौलो विषय थिएन । यस सम्बन्धमा सबैलाई थाहा थियो, कि मूर्तिहरूलाई बलि गरेको पशुको मासुमा यसो गरेकोमा कुनै हेरफेर भएको छैन । त्यसको स्वादमा र त्यसको पोषण-शक्तिमा कुनै घटि भएकै छैन । तर ज्ञानको सम्बन्धमा पावलले एउटा कुरा हाम्रो ध्यानमा राख्छन्ः ज्ञानले घमण्डी तुल्याउँछ; तर प्रेमले उन्नति गर्छ । यसर्थ यी कुराहरूको सम्बन्धमा सठीक उत्तर पाउन केवल ज्ञान यसको स्रोतको रूपमा लिन पुग्दैन । ज्ञानमाथि भर पर्ने मानिसमा घमण्ड पैदा हुन्छ । तर यी सबै कुराहरूको सम्बन्धमा ख्रीष्ट-विश्वासीले दुवै ज्ञान र प्रेम काममा लगाउनुपर्छ । उसले आफ्ना निम्ति उचित र न्यायसँगत कुरा खोज्नु होइन, तर अरू मानिसहरूका निम्ति तिनीहरूको भलाइ खोज्नुपर्छ ।

**१ कोरिन्थी ८ :२-३ः** श्री डब्ल्यू. ए. वाइनले दुई पदको भावानुवाद यसो गरेका छन्ः 'जसले आफूलाई ज्ञानले पूर्ण भएको सम्झन्छ, त्यसले ज्ञान कसरी हासिल गर्नुपर्छ, सो अझै पनि जान्न थालेको छैन ।' प्रेमविना साँचो ज्ञान हुँदैन । तर जसले परमेश्वरलाई प्रेम गर्छ, उसलाई परमेश्वर चिन्नुहुन्छ । जसलाई परमेश्वर चिन्नुहुन्छ, उसलाई उहाँले स्वीकार गर्नुहुन्छ; उहाँ उसको अनुमोदन गर्नुहुन्छ । एक प्रकारले, परमेश्वरले सबै मानिस-हरूलाई चिन्नुहुन्छ । तर अर्को प्रकारले, उहाँले ख्रीष्ट-विश्वासीहरूलाई नै विशेष गरी चिन्नुहुन्छ । तर चिनिनु भन्ने क्रियापद-शब्दले यहाँ कृपादृष्टि पाएको वा स्वीकृति र मान्यता पाएको अर्थ लिन्छ । मूर्तिहरूलाई

चढ़ाइएका खानेकुराहरूको सम्बन्धमा सठीक निर्णय लिन खोज्ने मानिसमा ज्ञान मात्र होइन, तर परमेश्वरप्रति र मानिसहरूप्रति प्रेम हुनुपर्छ। तब उसले परमेश्वरको अनुमोदन पाउँछ।

**१ कोरिन्थी ८ः४ः** मूर्तिहरूलाई बलि चढ़ाइएका चीजहरूको विषयमा ख्रीष्ट-विश्वासीले जान्नुपर्छ र याद गर्नुपर्छः मूक्तिहरू सत्य ईश्वर होइनन्। तिनीहरूमा शक्ति, ज्ञान र प्रेम छैन। पावलले मूर्तिहरू छन् भन्ने कुरा स्वीकार गर्छन्। तिनी काठ र ढुङ्गाका खोपिएका मूर्तिहरूसित सुपरिचित थिए। अनि यस विषयमा अघि बढ्दै तिनले अर्को खण्डमा भान्छन्ः मूर्तिहरूको पछाड़ि दुष्ट आत्माहरू हुन्छन्। तर यहाँ तिनले जोड़ दिन खोज्ने कुरा यो होः यी मूर्तिहरूले प्रतिरूप गरेका देवीदेवताहरू छँदै-छैनन्। एकैजना परमेश्वर हुनुहुन्छ, जो हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र पिता हुनुहुन्छ।

**१ कोरिन्थी ८ः५ः** पौराणिक कथाहरूअनुसार ईश्वर भनाउँदाहरू धेरै छन्, जस्तै बृहस्पति, बुध र हीरादेवी आदि। यी देवताहरूमध्ये कति आकाशमा बस्छन्, जस्तै शुक्र, सोम, इन्द्र; कति पृथ्वीमा बस्छन्, जस्तै कृषिदेवी र वरुण आदि। यी पौराणिक देवीदेवताहरूलाई यहाँ 'धेरै ईश्वरहरू र धेरै प्रभुहरू' भनिएको छ। यी देवीदेवताहरूलाई मानिसहरूले पूजिरहेका छन्, र तिनीहरूको पक्राउमा परेका छन्।

**१ कोरिन्थी ८ः६ः** ख्रीष्ट-विश्वासीहरूका निम्ति *'एकमात्र सत्य परमेश्वर हुनुहुन्छ, जो हाम्रा पिता हुनुहुन्छ; उहाँबाट सबै कुराहरू भएका छन्, र हामी उहाँका निम्ति हौं।'* परमेश्वर जो हाम्रा पिता हुनुहुन्छ, उहाँ सबै कुराहरूको सृष्टिकर्ता हुनुहुन्छ। अनि हामी उहाँका निम्ति सृष्टि गरिएका हौं। हामी उहाँबाट आएका हौं; हामी उहाँका निम्ति हौं। उहाँमा हाम्रो अस्तित्व, उहाँमा हाम्रो जीवनको लक्ष्य छ। हाम्रा निम्ति *'एकमात्र प्रभु हुनुहुन्छ; उहाँ येशू ख्रीष्ट हुनुहुन्छ। उहाँद्वारा सबै कुराहरू भएका हुन्, र हामी उहाँद्वारा भएका हौं।'* 'सबै कुराहरू उहाँद्वारा भएका हुन्' भन्ने वाक्यले प्रभु येशूलाई सृष्टि गर्ने काम सिद्ध गर्नुहुने व्यक्ति र परमेश्वरको एजेन्टको रूप दिएको छ। 'हामी उहाँद्वारा भएका हौं' भन्ने अर्थ हामी उहाँको सृष्टि र उहाँको छुटकाराको फल हौं भनेर हामीले बुझ्नुपर्छ।

‘एकमात्र सत्य परमेश्‍वर हुनुहुन्छ, जो हाम्रा पिता हुनुहुन्छ; अनि एकमात्र प्रभु हुनुहुन्छ; उहाँ येशू ख्रीष्ट हुनुहुन्छ’ भनेर पावलले परमेश्‍वर र प्रभु येशूको बीचमा छुट्ट्याएपछि ‘प्रभु येशू ख्रीष्ट परमेश्‍वर हुनुहुन्न’ भन्न खोजेका होइनन्। तीन व्यक्ति एक ईश्‍वर हुनुहुन्छ; अनि सृष्टिको काममा र मुक्तिको कार्यमा पिता र पुत्रको जिम्मेवारी र कामको भार बेग्ला-बेग्लै छ।

**१ कोरिन्थी ८:७:** तर सबै ख्रीष्ट-विश्‍वासीहरूले, विशेष गरी नयाँ विश्‍वासीहरूले ख्रीष्ट येशूमा पाएको स्वतन्त्रता जान्दैनन्। उनीहरूको भूमिका मूर्तिपूजा गरेको समाजको भूमिका थियो। उनीहरू मूर्तिहरूसित सुपरिचित थिए। यसकारण मूर्तिहरूलाई चढ़ाइएको कुनै चीज खाएमा उनीहरूलाई मूर्तिपूजा गरेको लाग्थ्यो। उनीहरूको दृष्टिमा मूर्ति वास्तविक कुरा थियो। यसकारण उनीहरूको कमजोर विवेक अशुद्ध भयो।

एउटा कमजोर विवेक के हो? आफ्नो शरीर कमजोर भएको कुरा हामी जान्दछौं; अनि हाम्रो आत्मा पनि कमजोर हुन सक्छ। तर यहाँ विवेक कमजोर भएको छ। नैतिक हिसाबले न असल न खराब हुने कुराहरूको सम्बन्धमा कमजोर विवेक भएको मानिसले अति पापशङ्का, चाहिँदोभन्दा बढ़ी नैतिक सङ्कोच गर्छ। हामी यसको उदाहरण दिऔं: ख्रीष्ट-विश्‍वासीले सुँगुरको मासु खानु हुन्छ। परमेश्‍वरको दृष्टिमा यसमा कुनै गल्ती छैन। तर पुरानो नियममा विश्‍वास गर्ने यहूदी मानिसका निम्ति यो बेठीक छ। तर ख्रीष्ट-विश्‍वासीलाई सुँगुरको मासु खाने-नखाने स्वतन्त्रता छ। तर अब कुरा आयो: ख्रीष्ट येशूकहाँ आएको एकजना यहूदी मानिस छ। उसले सुँगुरको मासु खान सक्दैन; किनकि उसको विवेकले उसलाई यसो गर्न दिँदैन। पवित्र बाइबलअनुसार यो हो कमजोर विवेक भएको मानिस। किनभने उसले ख्रीष्ट येशूमा पाएको स्वतन्त्रता पूरा रूपले उपभोग गर्नै सक्दैन। अनि यस सम्बन्धमा कुरा यस्तो छ: जबसम्म सुँगुरको मासु खानु उसलाई बेठीक लाग्छ, तबसम्म उसले सुँगुरको मासु खानुहुँदैन, नत्र ता उसले पाप गर्छ। अनि यसो गर्दा उसको कमजोर विवेकमा कलङ्क लाग्छ। कुनै कुरा गर्न आफ्नो विवेकले नमान्दा-नमान्दै पनि हामीले जबरजस्ती गरिदिन्छौं भने हामीले पाप गरेका हुन्छौं। किनभने

जुन कुराचाहिँ विश्वासले गरिँदैन, त्यस प्रकारको हरेक कुरा पाप हो (रोमी १४:२३)।

**१ कोरिन्थी ८:८:** परमेश्वरका निम्ति खानेकुरा ठूलो कुरा होइन। कतिवटा खानेकुरा नखाई हामीले परमेश्वरको निगाह पाउँदैनौं; अनि यी चीजहरू खाएर हामी असल ख्रीष्ट-विश्वासी पनि बन्दैनौं।

**१ कोरिन्थी ८:९:** यसो भए यी खानेकुराहरूबाट हामीलाई कुनै आत्मिक लाभ हुँदैन। तर कुनै कमजोर विश्वासीलाई मैले खाएरै ठेस खुवाएँ भने यसबाट हानि ठूलो हुन्छ। यहाँ प्रेमको नियम लागू हुनुपर्छ, र हामीले प्रेमको नियम काममा लगाउनुपर्छ। ख्रीष्ट-विश्वासीलाई मूर्ति-हरूका निम्ति बलि चढ़ाइएको चीज खाने स्वतन्त्रता होला, तर उसले यो चीज खाएकोमा ठूलो गल्ती गर्न सक्छ; किनभने यस कार्यद्वारा उसले कुनै कमजोर भाइबहिनीलाई ठेस खुवाउनु सम्भव हुन्छ।

**१ कोरिन्थी ८:१०:** जब आफूलाई सङ्कोच लागेको कुरा अर्काले गरेको देखेर एकजना कमजोर भाइले हिम्मत बाँध्छ, र ऊ आफ्नो विवेकलाई नाघ्न पुग्छ, तब त्यस कुरामा ठूलो खतरा छ। यसकारण प्रेरित पावलले मूर्तिको मन्दिरमा खाएको कुरा मनाही गर्छन्; किनकि अरूमाथि त्यसको नराम्रो असर पर्न जान्छ। मूर्तिको मन्दिरमा खानु भनेकोमा हामीले मन्दिरमा आयोजित गरिएको कुनै समाजिक कार्यक्रम वा उत्सव बुझ्नु-पर्छ, जस्तै विवाह आदि। मूर्तिपूजा गरेको अलिकति शङ्का मात्र लाग्ने जुनसुकै भोजमा पनि भाग लिनु ख्रीष्ट-विश्वासीलाई मनाही गरिएको छ। १ कोरिन्थी १०:१५-२६ पदको खण्डमा पावलले यो कुरा निषेध गर्छन्। 'तिमी ज्ञान भएको मानिस' भन्ने वाक्यांशबाट हामीले ख्रीष्ट येशूमा पूर्ण स्वतन्त्रता उपभोग गर्ने विश्वासी बुझ्नुपर्छ, जसले मूर्तिहरूलाई चढ़ाइएको पशुको मासुमा कुनै अशुद्धता हुँदैन भन्ने कुरा जान्दछ। यहाँ काममा लगाइएको नियम यस प्रकारको छः यस कार्यको प्रभाव केकस्तो हुन्छ होला, सो हामीले सोच्नुपर्छ। हामीमाथि त्यसको प्रभाव र झन् बढ़ी अरूमाथि त्यसको प्रभाव के हो, सो हामीले विचार्नुपर्छ।

**१ कोरिन्थी ८:११:** 'हेर, ख्रीष्ट-विश्वासीको स्वतन्त्रता यस्तो छ, र यहाँसम्म जान्छ नि' भनेर ख्रीष्टीय स्वतन्त्रताको विषयमा आफ्नो ज्ञानको

प्रदर्शन गर्ने मानिसले अरू भाइलाई ठेस खुवाउन सक्छ। यहाँ नष्ट हुनुको क्रियापदको अर्थ अनन्तसम्म सुरक्षित भएको मुक्ति गुमाउनु होइन। त्यस भाइले गुमाउन सक्ने कुरा उसको कुशलक्षेम हो, उसको अस्तित्व होइन। त्यस कमजोर भाइको साक्षी बिग्रिन्छ र उसको जीवनमाथि परेको त्यस नराम्रो असरले गर्दा ऊ परमेश्वरका निम्ति भनेजस्तै उपयोगी हुँदैन। ख्रीष्टमा एक कमजोर भाइलाई ठेस खुवाउने कुरा अति गम्भीर कुरा हो, सो स्पष्ट पार्न पावलले *'जसका निम्ति ख्रीष्ट मर्नुभयो'* भन्ने शब्दद्वारा सङ्केत गरेका छन्। यस कुरामा प्रेरितको तर्क यस प्रकारको छः प्रभु येशू ख्रीष्टले त्यस कमजोर भाइलाई यति प्रेम गर्नुभयो, र उसका निम्ति मर्न तयार हुनुभयो भने हामीलाई हाय, जसले उसलाई ठेस खुवाउँछौं र उसको आत्मिक प्रगतिमा अवरोध लगाउँछौं! एक-दुई चोक्टा मासु कुनै हालतमा पनि यसो गर्नु योग्य हुँदैन।

**१ कोरिन्थी ८ः१२ः** ख्रीष्टमा एक भाइको विरोधमा पाप गर्ने डर एउटा कुरा हो, तर उसको कमजोर विवेकमा चोट पुर्‍याउनु अर्को कुरा हो। यो त ख्रीष्टको विरोधमा पाप गरेको ठहर्छ। उहाँका भाइहरूमध्ये सबैभन्दा सानो भाइलाई हामी जे गर्दछौं, त्यो हामीले उहाँलाई गरेका हुन्छौं। जसले ख्रीष्टको शरीरको एक अङ्गलाई चोट पुर्‍याउँछ, त्यसले शरीरको शिरलाई समेत दुःख दिएको हुन्छ। श्री डब्ल्यू. ए. वाइनको शब्दमा भन्नु हो भने हरेक विषयमा प्रेरित पावलले आफ्ना पाठकहरूलाई ख्रीष्ट येशूको प्रायश्चितरूपी मृत्युको दृष्टिकोणले त्यो हेर्न लगाउँछन्। यस सम्बन्धमा श्री बार्नसले यसो भनेका छन्ः

> 'यो परमेश्वरको पुत्रको प्रगाढ़ र कोमल प्रेम, उहाँका दुःखहरू र क्रूसको मृत्युले पीड़ित हुनुभएको ख्रीष्ट येशूको क्रन्दन/सुस्केराले प्रेरित भएको आग्रह हो।' [27)]

श्री एफ. एल. गोडेटले ख्रीष्टको विरोधमा गरिने पाप सबैभन्दा ठूलो अपराध ठानेका छन्। यही कुरा मनमा राखेर हामीले आफ्ना कामकुराहरूद्वारा अरूको जीवन कुन प्रकारले प्रभाव पार्छौं, यी काम-कुराहरू राम्ररी जाँच गर्नुपर्छ र यिनको सम्बन्धमा अति होशियार हुनुपर्छ।

हामीले यस्तो कुनै काम गर्नुहुँदैन, जुन कामले गर्दा कुनै भाइले ठेस खान्छ।

**१ कोरिन्थी ८ः१३ः** कुनै भाइलाई ठेस खुवाएर हामी ख्रीष्ट येशूको विरोधमा पाप गर्छौं; यसो हो भने पावल 'मेरो भाइलाई ठेस नखुवाउन म कहिल्यै मासु खानेछैनँ' भन्न पुगेका छन्। आफ्नो मुखभरि सेकुवाको मीठो स्वाद लिनुभन्दा मेरो भाइको जीवनमा परमेश्वरले गर्नुभएको कामको महत्त्व कहाँ-हो-कहाँ ठूलो हो। मूर्तिहरूलाई बलिको रूपमा चढ़ाइएको पशुको मासु खानु धेरै वर्तमान इसाईहरूका निम्ति कुनै समस्याको विषय होइन होला। (प्रकाशको टिप्पणीः लेखकले नेपाल र भारतका विश्वासीहरूमाथि नजर नराखेर यसो भनेको देखिन्छ)। यस खण्डमा परमेश्वरको आत्माले प्रकट गर्नुभएका नियमहरूको दीर्घकालिक महत्त्व सर्वमान्य ठहरिन्छ। वर्तमान समयमा ख्रीष्ट-विश्वासीहरूको जीवनमा यस्ता धेरै कुराहरू छन्, जुन कुराहरू परमेश्वरको वचनले मनाही गरेको छैन, र जसको विषयमा कमजोर विश्वासीहरूलाई ठेस लाग्न सक्छ। यी कुराहरू गर्न हाम्रो अधिकार होला, तर हाम्रा सङ्गी-विश्वासीहरूको खातिर, जसलाई हामी ख्रीष्टमा प्रेम गर्छौं, हामी यी कुराहरूमा आफ्नो अधिकार प्रयोग गर्दैनौं। उनीहरूको आत्मिक उन्नतिका निम्ति यी कुराहरूमा आफ्नो अधिकार नचलाउनु नै यो अधिकारभन्दा ठूलो हाम्रो हक हो।

पहिले हामीलाई नौ अध्यायमा एउटा नयाँ विषय शुरु भएको लाग्न सक्छ, तर मूर्तिहरूलाई बलि चढ़ाइएका पशुको मासु खाने विषय अझ सकिएको रहेनछ। वास्तवमा, अझै दुईवटा अध्यायहरूमा विषय यही हुनेछ। अरूको भलाइका निम्ति आफ्नो त्यागको उदाहरण दिन पावलले भूमिका बाँधेका मात्र हुन्। १ कोरिन्थी ८ः१३ पदमा तिनले प्रस्तुत गरेको सिद्धान्तअनुसार तिनी प्रेरितले पाउनुपर्ने आर्थिक सहयोगको सम्बन्धमा आफ्नो अधिकार त्याग्न राजी थिए। यसकारण आठ अध्यायसँग नौ अध्यायको नजिकको सम्बन्ध छ।

**१ कोरिन्थी ९ः१ः** कोरिन्थमा कोही-कोही थिए, जसले प्रेरित पावलको प्रेरितिक अधिकारको विषयमा प्रश्न तेर्स्याएका थिए।

तिनीहरूले तिनी बाह्रजनामध्येका होइनन्; यसकारण तिनी प्रेरित हुने होइनन् भनेर भने। यसमा तिनको प्रतिवाद यस प्रकारको छः प्रभु येशूको वास्तविक प्रेरित भएको नाताले तिनी मानिसको जुनसुकै न्यायजाँचदेखि माथिको हुन्थे। तिनी प्रेरित हुने दाबी दुईवटा तथ्यमा आधारित थियोः एक, तिनले बौरिउठ्नुभएको प्रभु येशू ख्रीष्टलाई देखेका थिए। यो घटना दमस्कसको बाटोमा घटेको थियो। अनि दोस्रो, कोरिन्थका विश्वासीहरू तिनको प्रेरितपनको पक्का प्रमाण थिए। यसकारण तिनले उनीहरूलाई सोध्छन्ः *'के तिमीहरू प्रभुमा मेरो काम होइनौ ?'* पावलको प्रेरितपनको विषयमा शङ्का उठेको बेलामा उनीहरूले आफ्नो विषयमा विचार गर्नुपरेको थियो। के उनीहरूले मुक्ति पाएका थिए? त्यसमा कुनै शङ्का भएको थिएन। तब उनीहरूलाई ख्रीष्टकहाँ बाटो देखाउने को थिए? त्यो व्यक्ति त प्रेरित पावल नै थिए। यसकारण उनीहरूचाहिँ तिनी प्रभुको वास्तविक प्रेरित हुन् भन्ने कुरा पक्कापक्की गर्ने प्रमाण थिए।

**१ कोरिन्थी ९ः२ः** ठीक छ; अरू मानिसहरूले तिनलाई प्रेरितको रूपमा मान्दैनथिए होलान्, तर कोरिन्थका विश्वासीहरूले तिनलाई अवश्य प्रेरितको रूपमा मान्नुपर्नेथियो। किनभने तिनको प्रेरितपनको छाप उनीहरू थिए।

**१ कोरिन्थी ९ः३ः** हुन सक्छ, यस पदले आफ्नो सम्बन्ध पछि हुने कुरासित होइन, तर १ कोरिन्थी ९ः१-२ पदसित जोड्छ होला। किनकि पावलले यहाँसम्म भनेको कुरा तिनले आफ्नो प्रतिरक्षाका निम्ति ती मानिसहरूलाई भनेका हुन्, जसले तिनको न्यायजाँच गरेका थिए वा जसले तिनको प्रेरितिक अधिकारको विषयमा प्रश्न तेर्साएका थिए।

**१ कोरिन्थी ९ः४ः** अबको खण्डमा प्रेरित पावलले प्रेरितले पाउनुपर्ने आर्थिक सहयोगको सम्बन्धमा आफ्नो अधिकार के थियो, सो सन्दर्भमा छलफल गर्दछन् (१ कोरिन्थी ९ः४-१४)। प्रभु येशूद्वारा पठाइएको प्रेरितको रूपमा पावल विश्वासीहरूबाट पारिश्रमिक पाउनु योग्य थिए। तर तिनले आफ्नो यो अधिकार सधैं काममा लगाउँदैनथिए। धेरैजसो तिनले आफ्ना हातले काम गर्थे। तिनले तम्बू बनाउँथे। तिनले मानिसहरूलाई सुसमाचार प्रचार गर्दा कहिल्यै तिनीहरूका निम्ति भार हुन

चाहँदैनथिए। तिनको विपक्षमा हुनेहरूले यस कुराबाट फाइदा उठाउँथे। तिनीहरूले आफ्नो दुष्ट सुझावमा, तिनले आर्थिक सहयोग नलिएको मुख्य कारण तिनी साँचो प्रेरित नभएकोमा देखे। यसकारण आर्थिक सहयोगको यो विषय तिनले यसो भन्ने प्रश्न गरेर शुरु गर्छन्: *'के हामीलाई खाने र पिउने अधिकार छैन ?'* के यसका निम्ति काम नगरेर खाने र पिउने तिनको अधिकार थिएन ? के मण्डलीबाट आर्थिक सहयोग पाउने तिनको प्रेरितिक हक थिएन ?

**१ कोरिन्थी ९:५:** *'के हामीलाई अरू प्रेरितहरू, प्रभुका भाइहरू र केफासले जस्तो कुनै एउटी बहिनीलाई अर्थात् पत्नीलाई साथमा लिएर हिँड्ने अधिकार छैन र ?'* हुन सक्छ, पावलको विपक्ष लिनेहरूले तिनको विवाह नभएको विषयमा के सुझाउ दिए भने, पावललाई थाहा थियो, कि मण्डलीहरूबाट आर्थिक सहयोग पाउन तिनी र तिनकी पत्नीको हक थिएन अरे। पत्रुस र अरू प्रेरितहरूले विवाह गरेका थिए, अनि प्रभुका सबै भाइहरूको विवाह भएको थियो। यिनीहरू सबैसँग विवाह गर्ने र सहयोग पाउने अधिआर थियो; तब पावलको विवाह गर्ने र सहयोग पाउने अधिकारको विषयमा केकसो ? तिनी यी कुराहरू पाउनका निम्ति उत्तिकै योग्य थिए। 'विश्वासी पत्नीलाई लिएर हिँड्ने अधिकार' भन्ने वाक्यबाट तिनको विवाह गर्ने अधिकार छ भन्ने कुरा स्पष्ट हुन्छ, तर पतिपत्नी दुवैका निम्ति मण्डलीहरूबाट आर्थिक सहयोग पाउने अधिकार रहेछ भन्ने कुरा पनि बुझिन्छ।

प्रभुका भाइहरू भन्नाले प्रभु येशूका साख भाइहरू बुझिन्छ, अथवा यिनीहरू उहाँका भानिज, भाइ पर्ने आफन्तहरू हुन सक्छन्। यस पदबाट प्रभुका यी भाइहरू को थिए, सो कुरा समाधान गर्न असम्भव छ, तर पवित्र धर्मशास्त्र बाइबलका अरू पदहरूबाट स्पष्ट बुझिन्छ, कि येशूकी आमा मरियमका जेठा छोरा येशू जन्मनुभएपछि उनका अरू छोराछोरीहरू जन्मे (लूका २:७; मत्ती १:२५, १२:४६ र १३:५५; मर्कूस ६:३; यूहन्ना २:१२; गलाती १:१९)।

**१ कोरिन्थी ९:६:** यस पदअनुसार पावलले गरेजस्तै बर्नबासले पनि सुसमाचार प्रचार गर्दा आफ्नो जीविका चलाउन काम गर्थे। के केवल

पावल र बर्नबासलाई काम नगरी बस्ने अधिकार थिएन ? के तिनीहरू मात्र परमेश्वरका जनहरूबाट सहयोग पाउनु योग्य थिएनन् ?

**१ कोरिन्थी ९ः७ः** प्रेरित पावल किन आर्थिक सहयोगको योग्य थिए ? अरू प्रेरितहरूको आर्थिक सहयोगचाहिँ यसका निम्ति तिनको पहिलो दाबीको आधार थियो। अनि मानिसका दैनिक कामकाज र व्यवसायहरूबाट आफ्नो तर्क पेश गर्ने बुँदाहरू निकालेर तिनी यस विषयमा अगाड़ि बढ्दैछन्। सिपाहीः कुन सिहापी आफ्नो खर्च गरेर लड़ाइँमा जान्छ र ? यस प्रकारले पठाइएको सिपाही छैन नै। दाखबारीको मालिकः कुनचाहिँ दाखबारी लगाउनेले आफ्नो बारीको फल खाँदैन र ? फलको आशा राखेर दाखबारी लगाइन्छ। अनि जहाँ फलको आशा छैन, त्यहाँ कुनै दाखबारी लगाइँदैन। अन्तमा गोठालाः कसले बगालको हेरचाह गरेर भेड़ाहरूको दूध पिउँदैन र ? हरेक गोठालासँग भेड़ाहरूको दूध पिउने अधिकार छ। अनि यो अधिकारविना कसैले पनि भेड़ाहरूको हेरचाह गर्दैन। ख्रीष्टका निम्ति गरिने सेवकाइ पनि यस्तो छ, अँ, लड़ाइँमा गएको जस्तै, दाखबारी लगाएको जस्तै र भेड़ाहरूको हेरचाह गरेको जस्तै छ; किनकि शत्रुसँग लड्नु छ, परमेश्वरका फलफूलका विरुवालाई स्याहार पुर्‍याउनु छ, र सङ्गी-गोठालाहरू भई हामीले उहाँका भेड़ाहरूको हेरचाह गर्नु छ। यी सांसारिक व्यवसायहरूमा आर्थिक सहयोग पाउनु सर्वमान्य अधिकार गनिन्छ भने प्रभु येशूको सेवामा सेवारत हुने व्यक्तिको आर्थिक सहयोग झन् बढ्ता गरी उसको अधिकारको भाग मान्नुपर्छ।

**१ कोरिन्थी ९ः८ः** अब पावलले पुरानो नियमबाट आफ्नो तर्क प्रमाणित गर्ने बुँदाहरू निकाल्छन्। के तिनको तर्क केवल फौजी जीवन, खेतीपाती र बगालको हेरचाहजस्तै सांसारिक व्यवसायहरूमा आधारित थियो त ? के पवित्र धर्मशास्त्रले पनि यही कुरा भन्दैन र ?

**१ कोरिन्थी ९ः९ः** व्यवस्था २५ः४ पदमा स्पष्टसँग लेखिएको छः *'तिमीले दाइँ गर्ने गोरुको मुखमा मोहोलो नलगाउनू !'* फसल भित्र्याउने काममा लगाइएको गोरुको अधिकार छ ! त्यसलाई फसलमा सहभागी हुन दिनुपर्छ। के परमेश्वरले गोरुहरूको फिक्री गर्नुहुन्छ ? हो, उहाँले गोरुहरूको वास्ता गर्नुहुन्छ। तर उहाँले यी कुराहरू पुरानो नियममा किन

लेख्न लगाउनुभयो ? के यी बोल्न नजान्ने पशुहरूको खातिर मात्र यो लेखिएको हो र ? होइन नि, तर यहाँ हाम्रो जीवन र सेवकाइको सम्बन्धमा एक आत्मिक नियम स्थापित गरिएको छ ।

**१ कोरिन्थी ९:१०:** *'अथवा के उहाँले विशेष गरी हाम्रा निम्ति यसो भन्नुभएको होइन र ?'* हो, उहाँले हाम्रा निम्ति यसो भन्नुभएको हो । जब उहाँले यस पदका शब्दहरू लेख्न लगाउनुभयो, तब उहाँले हाम्रो भलाइ खोजेर यसो गर्नुभयो । जब कसैले हलो जोत्छ, तब उसले पारिश्रमिक पाउने आशामा यसो गर्नुपर्छ । ठीक त्यस्तै जसले अन्न झाँट्छ, त्यसले फसलमा भागीदार हुँ भन्ने बाटो हेर्दै झाँट्ने काम गर्न सक्नुपर्छ । यहाँ ख्रीष्ट येशूका निम्ति गरिने सेवकाइ हलो जोत्नु र अन्न झाँट्नुसित तुलना गरिएको छ । अनि उहाँको सेवामा संलग्न भएकाहरूले आफ्नो खर्चमा यसो नगरून् भन्ने दिव्य निर्णय परमेश्वरको हो ।

**१ कोरिन्थी ९:११:** कोरिन्थका विश्वासीहरूका निम्ति पावलले आत्मिक कुराहरू छरेका थिए । तिनी कोरिन्थमा आएका थिए; तिनले उनीहरूलाई सुसमाचार प्रचार गरेका थिए र उनीहरूलाई अमूल्य आत्मिक तथ्यहरूको शिक्षा दिएका थिए । यी अमूल्य कुराहरू छरेपछि के तिनले उनीहरूबाट आर्थिक कि भौतिक कुराहरूको कटनी नगर्लान् ? के तिनले यसमा उनीहरूबाट बढ़ी खोजे, अति खोजे ? प्रचारकलाई दिइने पारिश्रमिकको मूल्य तिनको सेवकाइबाट प्राप्त गरिएको आशिषको तुलनामा एकदम कम हुन्छ । आत्मिक आशिषहरूको तुलनामा भौतिक कुराहरूबाट लाभ सानो हुन्छ ।

**१ कोरिन्थी ९:१२:** कोरिन्थको मण्डलीले अरू प्रचारक र शिक्षक-हरूलाई आर्थिक सहयोग गरेको कुरा पावललाई विधित थियो । उनीहरूले अरू मानिसहरूको सहयोग आफ्नो कर्तव्य सम्झे; तब उनीहरूले प्रेरित पावललाई किन सहयोग गरेनन् ? यसकारण तिनले उनीहरूलाई सोध्छन्: *'जब अरू मानिसहरू तिमीहरूमाथिको अधिकारका भागीदार भए भने के हामी झन् बढ़ी हुँदैनौं र ?'* उनीहरूको आर्थिक सहयोग अरू मानिसहरूको अधिकार सम्झेका कोरिन्थका विश्वासीहरूलाई के भएको थियो ? किनकि उनीहरूले पावललाई विश्वासमा आफ्ना बुबा सम्झेर तिनलाई

यस अधिकारमा खुशीसाथ सहभागी हुन दिनुपर्नेथियो। उनीहरूको आर्थिक सहयोग पाउनेहरूमध्ये निस्सन्देह व्यवस्थावादी शिक्षकहरू भएका हुनुपर्छ। पावलले यसमा अर्को एक कुरा थप्न चाहन्छन्ः तिनीसँग आर्थिक सहयोग पाउने अधिकार त थियो; तर तिनले त्यो अधिकार कोरिन्थका विश्वासीहरूको सम्बन्धमा काममा लगाएनन्; बरु तिनले सबै कुराहरू सहे; किनभने ख्रीष्टको सुसमाचारमा कुनै बाधा नआओस् भन्ने तिनको इच्छा थियो। उनीहरूबाट आर्थिक सहयोग पाउन तिनले आफ्नो अधिकारको विषयमा जिद्दी गरिबस्नु के काम? बरु सुसमाचारको प्रचारको काममा कुनै पनि बाधा नआओस् भन्ने हेतुले तिनले हर प्रकारका आवश्यकता र कष्टहरू सहेका थिए।

**१ कोरिन्थी ९ः१३ः** पावलले आर्थिक सहयोग पाउने अधिकारको विषयमा तर्कको अर्को बुँदा निकाल्छन्। यसपालि तिनले यहूदीहरूको मन्दिरमा सेवा गर्नेहरूबाट त्यो कुरा उठाउँछन्। मन्दिरको सेवाको सम्बन्धमा तिनीहरूलाई सुम्पिएका जिम्मेवारीहरू पूरा गर्नेहरूको पालन-पोषण मन्दिरको आयस्रोतबाट हुन्थ्यो। मन्दिरका कुराहरूबाट तिनीहरूको जीविका चल्थ्यो। अनि पूजाहारीहरू – तिनीहरूले वेदीको सेवा गर्थे। तिनीहरूलाई वेदीमा चढ़ाइएका भेटी र बलिहरूको निर्धारित भाग दिइन्थ्यो। अर्को शब्दमा भन्नु हो भने, ती लेवीहरू जसले मन्दिरको सम्बन्धमा सामान्य कामकुराहरू गर्थे र ती पूजाहारीहरू जसको जिम्मामा मन्दिरका पवित्र कामकाजहरू हुन्थे, तिनीहरू दुवैले आफ्नो सेवाको पारिश्रमिकको रूपमा मन्दिरबाट पालनपोषण पाउँथे।

**१ कोरिन्थी ९ः१४ः** अन्तमा पावलले यहाँ प्रभु येशूले ठहराउनुभएको आज्ञा पेश गर्छन्ः *'सुसमाचारको प्रचार गर्नेहरूले सुसमाचारबाट जीवन निर्वाह गरून्!'* कोरिन्थका विश्वासीहरूबाट आर्थिक सहयोग पाउने पावलको अधिकारको विषयमा छलफल टुङ्ग्याउन र निधो गर्न यो अन्तिम प्रमाण यथस्थ हुन्छ। तब उनीहरूको आर्थिक सहयोग पाउन तिनले किन जोड़ गरेनन् भन्ने प्रश्न उठ्छ। यस प्रश्नको जवाफ हामीले १ कोरिन्थी ९ः१५-१८ पदको खण्डमा पाउँछौं।

**१ कोरिन्थी ९:१५:** तिनको स्पष्टीकरण यस प्रकारको छः *'यी कुराहरूमध्ये एउटै पनि मैले काममा लाएको छैनँ।'* तिनले आफ्नो अधिकारको विषयमा जिद्दी गरेनन्। उनीहरूले पैसा पठाएर तिनको आर्थिक सहयोग भएको होस् भन्ने उद्देश्यले वर्तमान समयमा तिनले यी कुराहरू लेख्ने कारण पनि थिएन। कसैले तिनीबाट त्यो गर्व गर्ने कारण खोस्नुहुँदैनथियो; बरु आफ्नो त्यस गर्वका निम्ति तिनी मर्न तयार थिए।

**१ कोरिन्थी ९:१६:** सुसमाचारको प्रचार गरेकोमा तिनको गर्व गर्ने कारण थिएन; किनभने यसका निम्ति तिनलाई ईश्वरीय करमा र दिव्य बाध्यतामा परेको थियो। सुसमाचारको प्रचारको काम तिनको रोजाइ थिएन, तिनको पेसा पनि थिएन। तर यो त तिनको बोलावट, तिनको नियुक्ति थियो। अनि परमेश्वरले तिनलाई दिनुभएको यो कर्तव्य र तिनलाई सुम्पिदिनुभएको यो काम तिनले पूरा गरेनन् भने तिनी सबैभन्दा अभागी मानिस हुनेथिए। यसबाट प्रेरित पावल सुसमाचार प्रचार गर्न इच्छुक थिएनन् भन्ने कुरा बुझ्नुहुँदैन। तर सुसमाचार प्रचारको कामको प्रेरणा तिनले आफूमा होइन, तर प्रभुबाट पाए।

**१ कोरिन्थी ९:१७:** प्रेरित पावलले इच्छापूर्वक सुसमाचार प्रचारको काम गरे भने तिनले इनाम पाउनेथिए। अनि त्यो इनाम तिनको ज्याला हुनेथियो अर्थात् तिनको सहयोग पाउने हक हुनेथियो। चाहे पुरानो नियममा होस्, चाहे नयाँ नियममा होस्, परमेश्वरको सेवा गर्ने मानिसहरूले उहाँका जनहरूबाट भरणपोषण पाउने अधिकार हुन्छ भन्ने कुरा दुवै करारहरूमा स्पष्ट रूपले सिकाइएको छ। यस खण्डमा पावलले आफूलाई प्रभुको अनिच्छुक सेवकको रूपमा प्रस्तुत गर्दैनन्। तर आफ्नो प्रेरितको सेवाका निम्ति तिनलाई ईश्वरीय बाध्यताले चापेको थियो भन्ने कुरामा तिनले यहाँ जोड़ लगाएका छन्। यही कुरा यस पदको दोस्रो भागबाट स्पष्ट हुन्छ। फेरि, तिनले आफ्नो इच्छाविना प्रचार गरे भने पनि तिनको सुसमाचारको जिम्मेवारीरूपी भण्डारीपन कायम रहनेथियो। पावल आफ्नो इच्छाविना प्रचार गर्नुको अर्थ तिनीभित्र एउटा दिव्य आगो बलिरहेको बुझ्नुपर्छ, जसले तिनलाई प्रचार गरूँ-गरूँ पारेको थियो। यस कुरामा तिनी माथिबाटको आदेशअनुसार चल्ने मानिस थिए; यसकारण तिनले यसमा गर्व गर्न सक्नेथिएनन्।

हामीलाई यस सत्र पदको सन्दर्भ बुझ्नु गाह्रो पर्ला। तर यस पदको अर्थ हामीलाई यस्तो लाग्छः पावलले कोरिन्थका विश्वासीहरूबाट आफ्नो आर्थिक सहयोग पाउने अधिकार किन काममा लगाएनन्? किनभने तिनको प्रेरितको काम तिनले आफ्ना निम्ति छानेको कुनै पेसा थिएन। परमेश्वरले तिनलाई यस सेवकाइमा नियुक्त गर्नुभयो। कोरिन्थमा भएका झूटा शिक्षकहरूले पवित्र जनहरूको आर्थिक सहयोग पाउने अधिकार दाबी गर्थे; तर प्रेरित पावलले आफ्नो इनामरूपी ज्याला अरू कतैबाट पाउने खोज्थे।

नोक्सको बाइबल-अनुवादमा यस पदको अनुवाद यसो गरिएको छः

'मैले आफ्नो इच्छाले छानेको काम गरेबापत ज्याला दाबी गर्न सक्छु, तर करमा परेर मैले कुनै काम गरें भने म आफ्नो जिम्मेवारी मात्र पूरा गर्दैछु।'

श्री चार्लस सी. रायरीले आफ्नो टिप्पणीमा यसो भनेका छन्ः

'पावल आफ्नो सुसमाचारको प्रचार गर्ने जिम्मेवारीबाट उम्कन सकेनन्; किनभने त्यो त तिनको दायित्वरूपी भण्डारीपन थियो, जुन दायित्व तिनलाई सुम्पिएको थियो। अनि माथिबाटको आदेशअनुसार तिनले प्रचार गर्थे; यसकारण तिनी ज्यालाविना पनि यसो गर्न तयार थिए (लूका १७ः१०)।' [28)]

**१ कोरिन्थी ९ः१८ः** पावलले सुसमाचार प्रचार गरेकोमा गर्व गर्न सकेनन् भने तिनले कुन कुरामा गर्व गर्न सके त? तिनले ख्रीष्टको सुसमाचारको प्रस्तुति सित्तैंमा गरेकोमा गर्व गर्न सके, जुन कुरा तिनको आफ्नो रोजी थियो। त्यो कुरा गर्नु वा नगर्नु तिनको आफ्नै इच्छामा भर पर्थ्यो। यसकारण जुन समयमा तिनले कोरिन्थीहरूलाई सुसमाचार प्रचार गर्दैथिए, त्यस समयमा तिनले आफ्नो जीविका आफूले चलाउँथे। यसरी नै तिनले सुसमाचारको काममा आर्थिक सहयोग पाउने आफ्नो अधिकार काममा लगाएनन्।

यस खण्डमा प्रेरित पावलले प्रस्तुत गरेको तर्कको सार यस प्रकारको छः तिनले यहाँ, यस खण्डमा बाध्यतारूपी कर्तव्य र आफ्नो रोजाइअनुसार गर्न पाउने वरण-स्वतन्त्रताको बीचमा छुट्ट्याउँछन्। तिनले सुसमाचार

प्रचार गर्थे; त्यसमा अनिच्छा हुने केही पनि थिएन; त्यो काम तिनले खुशीसाथ गर्थे। तर यस सम्बन्धमा खास कुरा यस्तो थियोः तिनी ठूलो बाध्यताले बाँधिएका थिए। यसैले तिनले आफ्नो कर्तव्य पूरा गरेकोमा गर्व गर्न सक्दैनथिए। कर्तव्यनिष्ठा भएकोमा तिनले गर्व गर्ने कुनै कारण देखेनन्। अनि सुसमाचारको प्रचारको काममा तिनले आर्थिक सहयोग पाउने आफ्नो अधिकार दाबी गर्न सक्थे, तर तिनले आफ्नो अधिकार काममा लगाउँदैनथिए। तिनले कोरिन्थीहरूलाई ख्रीष्टको सुसमाचार सित्तैंमा दिने निश्चय गरे। यो निर्णय तिनको स्वेच्छाको फल थियो। अनि यस कुरामा पावलले गर्व गरे। हाम्रो अनुमान यो हो, कि पावलले तम्बू बनाउने पेसा अपनाएकोमा तिनको विपक्ष लिनेहरूले पावलले आफूलाई साँचो प्रेरित नठानेको कुरा देख्थे। तर आफ्नो जीविका आफूले चलाएको त्यो कुरा लिएर तिनले के प्रमाण गर्छन् भने, तिनको प्रेरितपन साँचो थियो; त्यत्ति मात्र होइन, तर तिनको आत्मनिर्भरताद्वारा तिनको प्रेरितपन गुण र स्तरमा झन् उत्तम र उच्चकोटिको थियो।

आउँदा तीन-चार पदहरूमा पावलले ख्रीष्टको सुसमाचारका निम्ति आफ्ना कतिवटा न्यायसँगत अधिकारहरू त्यागिदिएको आफ्नो उदाहरण पेश गर्छन्। यस खण्डको अध्ययन गर्दाखेरि हामीले याद गर्नुपर्ने महत्त्व कुरा के हो भने, यसो गर्दा पावलले कहिल्यै पवित्र धर्मशास्त्रका महत्त्वपूर्ण सिद्धान्तहरूमध्ये एउटा पनि त्यागेनन्। असल परिणाम निस्कन्छ भने जुनसुकै उपाय अपनाउनु ठीक हुन्छ भन्ने कुरामा पावलले विश्वास गर्दैनथिए। तर यस खण्डमा तिनले यस्ता कुराहरूको विषयमा चर्चा गर्छन्, जुन कुराहरू नैतिक हिसाबले न ठीक, न बेठीक हुन्छन्। जुन-जुन जातिका मानिसहरूसँग तिनले व्यवहार गर्थे, ती जातिका मानिसहरूका दस्तुरहरू र चालचलनहरूसित तिनले मिल्न खोज्थे र यसरी नै तिनीहरूको ध्यान सुसमाचारप्रति खिच्न चाहन्थे। तर तिनले सुसमाचारको सत्यता कहिल्यै जोखिममा हाल्दैनथिए, अरू धर्मसित सम्झौता गर्दैनथिए।

**१ कोरिन्थी ९:१९:** एक प्रकारले, तिनी सबै मानिसहरूदेखि स्वतन्त्र थिए। कसैसँग पनि तिनलाई न्याय गर्ने अधिकार थिएन, कसैको अधीनतामा बस्ने तिनको बाध्यता पनि थिएन। तर सकभर धेरै आत्माहरू

जितेर बचाउन सकून् भन्ने हेतुले तिनले आफूलाई सबै मानिसहरूको दास तुल्याए। तिनले आत्माहरू जितेर ख्रीष्ट येशूकहाँ ल्याउँदा कहिल्यै परमेश्वरको सत्यताको हत्या गर्दैनथिए, ता पनि आफ्ना कतिपय अधिकारहरू बाँकी राख्थे।

**१ कोरिन्थी ९ : २० :** यहूदीहरूलाई ख्रीष्टका निम्ति जित्न सकून् भनेर तिनी यहूदीहरूका निम्ति यहूदीजस्तो भए। यहूदीजस्तै हुनुको अर्थ पावलले यहूदीहरूलाई बचाउने प्रयासमा आफूलाई मोशाको व्यवस्थाको अधीनतामा राखेको मतलब हुन सक्दैन। यसको सठीक अर्थ भेट्टाउन हामीले निम्न कुरामा ध्यान दिनु उचित छः तिमोथी र तीतसको खतनाको सम्बन्धमा पावलको प्रतिक्रिया केकस्तो थियो ? तीतसको सम्बन्धमा यस्ता मानिसहरू थिए, जसले 'तीतसको खतना हुनुपर्छ, नत्र उनले मुक्ति पाउन सक्दैनन्' भनेर भन्थे। यसमा पावलले सीधा परमेश्वरको अनुग्रहको सुसमाचारमाथि हमला भएको देखेर तीतसको खतना हुन दिएनन्, तर त्यसको घोर विरोध गरे (गलाती २ : ३)। तर तिमोथीको सम्बन्धमा कुरा अर्को थियो। तिनको खतनाबाट यस प्रकारको सवाल उठेन। यसकारण सुसमाचार सुन्ने यहूदी श्रोताहरूलाई बाधा नलागोस् र तिनीहरूको बीचमा सुसमाचार चारैतिर बढ्न सकोस् भन्ने हेतुले प्रेरित पावलले तिमोथीको खतना गरे (प्रेरित १६ : ३)।

*'व्यवस्थाको अधीनतामा हुनेहरूलाई जित्न सकून् भनेर तिनी व्यवस्थाको अधीनतामा हुनेहरूका निम्ति व्यवस्थाको अधीनतामा भएजस्तो भए* [29] *।'* व्यवस्थाको अधीनतामा हुनेहरू यहूदीहरू हुन्। तर यहूदीहरूसित आफ्नो व्यवहारको विषयमा तिनले यस पदको पहिलो भागमा कुरा गरिसके। तब किन तिनले यहाँ यो विषय दोहोऱ्याउँछन् ? यसका निम्ति निम्न सर्वमान्य स्पष्टीकरण दिइएको छः यस पदको पहिलो भागमा तिनले यहूदी जातिका रीतिहरूको सम्बन्धमा लेखे, तर यस पदको दोस्रो भागमा तिनले यहूदीहरूको धार्मिक जीवनको सम्बन्धमा यसो लेखे।

यस ठाउँमा व्यवस्थाको सम्बन्धमा सङ्क्षिप्त स्पष्टीकरण दिनु खाँचो देखिन्छ। पावल यहूदी भएको नाताले व्यवस्थाको अधीनतामा जन्मेका थिए। त्यस बेलामा व्यवस्था पालन गरेरै तिनले परमेश्वरको निगाह र

कृपादृष्टि प्राप्त गर्न कोशिश गर्थे। तर तिनको यो प्रयास विफल भयो। व्यवस्थाले तिनलाई केवल तिनको पापी, अभागी अवस्था देखाइदियो। त्यसले तिनलाई पूरा रूपले दोषी ठहराइदियो। अन्तमा, तिनले बुझेः मोशाको व्यवस्थाको आज्ञापालन मुक्तिको मार्ग होइन रहेछ; त्यो त मानिसलाई आफ्नो पापी अवस्था देखाउने र उसलाई मुक्तिदाताको खाँचो छ भन्ने कुरा दर्साउने परमेश्वरको माध्यम पो हो। तब पावलले प्रभु येशू ख्रीष्टमाथि विश्वास गरे, र तिनी तिनलाई दोषी ठहराउने व्यवस्थाबाट मुक्त भए। व्यवस्थाका नियमहरू भङ्ग गर्ने मानिसका निम्ति व्यवस्थाले जुन दण्ड ठहरायो, त्यो दण्डरूपी छुटकाराको दाम प्रभु येशूले क्रूसको मृत्यु सहेर तिरिदिनुभयो।

प्रभुकहाँ फर्केपछि प्रेरित पावलले के सिके भने, व्यवस्थाको आज्ञापालन मुक्तिको मार्ग होइन रहेछ, अँ, मुक्ति पाएकाहरूको जिउने कानुन पनि होइन रहेछ। ख्रीष्ट-विश्वासी व्यवस्थाको अधीनतामा राखिएको छैन, तर परमेश्वरको अनुग्रहको अधीनतामा छ। उसले जे पनि गर्न सक्छ, उसले मनपरी गर्न पाउँछ भन्ने अर्थ यस भनाइको मतलब होइन। परमेश्वरको अनुग्रहको वास्तविक अर्थ बुझेमा त्यसले हामीलाई कुनै कुरामा परमेश्वरको नियमको विरोधमा जान रोकिदिन्छ पो त। परमेश्वरको आत्माले ख्रीष्ट-विश्वासीभित्र वास गर्नुहुन्छ; यसको फलस्वरूपमा विश्वासीको व्यवहारमा नयाँपन आउँछ; त्यो उच्च स्तरको हुन जान्छ। व्यवस्थाका नियम कतै भङ्ग गर्छु कि भन्ने डरले होइन, तर ख्रीष्टको प्रेमले प्रेरित भएर उसले उहाँका निम्ति एउटा पवित्र जीवन जिउने इच्छा गर्छ; किनभने ख्रीष्ट येशू उसका निम्ति मर्नुभएको र बौरिउठ्नुभएको हो। मोशाको व्यवस्थाको अधीनतामा रहनेहरूको प्रेरणा डर हो भने परमेश्वरको अनुग्रहको अधीनतामा हुनेहरूको प्रेरणा प्रेम हो। अनि डरभन्दा प्रेमचाहिँ उच्च प्रेरणाको शक्ति हो। जुन कुरा मानिसहरूले डरले गर्न सक्दैनन्, त्यो कुरा तिनीहरूले प्रेममा पूरा गर्छन्।

श्री विलियम आर्नोटले यसो भनेका छन्ः

'मानिसहरूलाई आज्ञाकारी तुल्याइदिने परमेश्वरको बाँध्ने तरिका कस्तो छ? त्यो त उहाँले आकाशमा ग्रहहरू आ-आफ्ना परिक्रमापथमा

हिँड़ाउनुभएको जस्तो छ, जुन ग्रहहरू उहाँले आकाशमा मिलाएर स्वतन्त्रतापूर्वक छोड्नुभयो। ती ग्रहहरू आफ्नो मूल-केन्द्रसितको सम्पर्कमा नरही यताउता भड्केर जान नसकून् भन्ने डरले ती चम्किला ताराहरू कुनै डोरी वा साङ्लाले बाँधिएका छैनन्। तर तिनलाई सम्हाल्ने, आफ्नो नियन्त्रणमा राख्ने एउटा अद्भुत अदृष्य शक्ति हुन्छ। ठीक त्यस्तै मुक्ति पाएका मानिसहरू पनि एउटा अदृष्य प्रेमको अद्भुत बन्धनद्वारा बाँधिएका हुन्छन्। उनीहरूलाई दाम तिरेर छुटकारा दिनु-भएको प्रभु येशूको प्रेमले विवश भई उनीहरूलाई आत्मसंयमी, धर्मी र भक्तिले पूर्ण जीवन जिउने बाध्यता भएको छ।' 30)

यस पदको सन्दर्भको सङ्क्षिप्त स्पष्टीकरण दिएपछि हामी यसको भूमिका मनमा राखेर बीस पदको बाँकी भाग पढ्नुपर्छ। *'व्यवस्थाको अधीनतामा हुनेहरूलाई जित्न सकून् भनेर तिनी व्यवस्थाको अधीनतामा हुनेहरूका निम्ति व्यवस्थाको अधीनतामा भएजस्तो भए।'* जब पावल यहूदी मानिसहरूको बीचमा हुन्थे, तब तिनी यी कुराहरूको सम्बन्धमा यहूदी जीवन अपनाउँथे, जुन कुराहरू नैतिक हिसाबले न ठीक थिए, न बेठीक थिए। यसको एक उदाहरण दिऔंः तिनले तिनीहरूको बीचमा सधैं यहूदीको खाना खान्थे, यहूदीहरूलाई मनाही गरिएका खानेकुरामध्ये एउटै पनि खाँदैनथिए, जस्तै सुँगुरको मासु आदि। अनि हुन सक्छ, पावलले विश्रामदिनमा काम गर्दैनथिए होलान्। यसो गरेर तिनले सुसमाचारको वचनप्रति यहूदी मानिसहरूको ध्यान र चासो बढ़ाउन सके।

प्रेरित पावल प्रभु येशूमा नयाँ जन्म पाएको विश्वासी थिए। यसकारण मोशाको व्यवस्थाचाहिँ तिनको जिउने कानुन थिएन। तर तिनले यहूदीहरूलाई प्रभुका निम्ति जित्न सक्ने हेतुले तिनीहरूका दस्तुर, चालचलन र धारणाहरू ख्याल राखेर तीमध्ये एउटैको विषयमा पनि तिनीहरूलाई चोट नपुऱ्याउने गरी जिउन कोशिश गर्थे।

**१ कोरिन्थी ९ः२१ः** श्री चार्लस सी. रायरीले यस पदको टिप्पणी गर्दा यसो लेखेका छन्ः

'पावल दोरङ्गी, बहुरूपी छेपारोजस्तो कपटी मानिस थिएनन्; तर यस कुरामा सबै प्रकारका मानिसहरूको सेवा गर्न तिनी आफूमाथि हर

प्रकारको लगाम लगाइदिने अटल आत्मानुशासनको नमुना पो भएछन्। फराकिलो दलदले धापको भन्दा साँघुरो खोचबाट भएर बगिरहने नदीको शक्ति ठूलो हुन्छ। ठीक त्यस्तै आफ्नो स्वतन्त्रतामा लगाम लगाइदिने अनुशासनको परिणामचाहिँ ख्रीष्ट येशूका निम्ति शक्तिशाली गवाही बन्दछ।' **31)**

*'व्यवस्था नभएकाहरूका निम्ति पावल व्यवस्था नभएकैजस्तो भइदिए; यद्यपि तिनी परमेश्वरका निम्ति व्यवस्थारहित थिएनन्, तर ख्रीष्टका निम्ति व्यवस्थाको अधीनतामा थिए।'* व्यवस्था नहुनेहरूचाहिँ अराजक, उत्पाती उग्रवादी र द्रोहीहरू होइनन्। तर व्यवस्था नहुनेहरूले साधारण अर्थमा अन्यजातिका मानिहरूलाई सङ्केत गर्छन्। किनभने मोशाको व्यवस्था यहूदी जातिलाई दिइयो, अन्यजातिहरूलाई होइन। यसकारण जब पावलले अन्यजातिका मानिसहरूसित व्यवहार गर्थे, तब तिनले तिनीहरूका चालचलन र भावनाहरू कदर गर्थे, र मुक्तिदाता प्रभुप्रति पूर्ण रूपले सच्चा र इमानदार रहीकन सकेसम्म तीअनुसार गर्थे। तिनले हामीलाई यहाँ के बुझाउँदछन् भने, यसरी व्यवस्था नभएको मानिसजस्तै व्यवहार गर्दाखेरि तिनी कहिल्यै परमेश्वरप्रति व्यवस्थारहित थिएनन् अर्थात् तिनले आफूलाई कहिल्यै आफ्नो मनपरी गर्न सक्ने स्वतन्त्र मानिस सम्झँदैनथिए। तर तिनी सधैं ख्रीष्ट येशूको अधीनतामा ख्रीष्टको नयाँ व्यवस्थाद्वारा बाँधिएका थिए। अर्को शब्दले भन्नु हो भने, तबचाहिँ मोशाको व्यवस्थाद्वारा होइन, तर प्रेमको व्यवस्थाद्वारा तिनी प्रभु येशूलाई प्रेम गर्न, उहाँलाई आदर गर्न, उहाँको सेवा गर्न र उहाँलाई खुशी पार्न बाँधिएका थिए। उनी व्यवस्थाबद्ध मानिस त थिए, तर ख्रीष्टको नयाँ व्यवस्थाको। हाम्रो एउटा उखान छः 'जस्तो देश त्यस्तै भेष।' पावल अन्यजातिका मानिसहरूसित हुँदाखेरि तिनले तिनीहरूको रहनसहन जहाँसम्म अपनाउँथे, रपनि ख्रीष्ट येशूप्रति सच्चा र इमानदारी रहन्थे। पावलले यहाँ भन्न खोजेको यो हो। तर यस सम्बन्धमा हामीले सधैं याद गर्नुपर्छः यो खण्ड समाजिक कुराहरूसित मात्र सम्बन्धित छ। यसले शैक्षिक र नैतिक कुराहरू छुँदैन।

**१ कोरिन्थी ९ः२२ः** यस पदमा कमजोर भएकाहरूको कुरा गरिन्छ। यहाँ कमजोर हुनु भन्नाले बढ़ी पापशङ्का, चाहिँदोभन्दा बढ़ी नैतिक सङ्कोच गरेको बुझिन्छ। जुन कुराहरू आधारभुत छैनन्, महत्त्वपूर्ण छैनन्, ती कुराहरूको विषयमा यस्ताहरू बढ़ी धुकचुत मान्ने हुन्छन्। *'कमजोरहरूलाई जित्न सकूँ भनेर कमजोरहरूका निम्ति म कमजोरजस्तो* **32)** *भइदिएँ।'* मासु खाएर तिनले कसैलाई ठेस खुवाउन सम्भव भएदेखि तिनी शाकाहारी भइदिए। छोटकरीमा भन्नु हो भने, *'कुनै न कुनै प्रकारले कतिलाई बचाउन सकून् भन्ने हेतुले पावल सबै मानिसहरूका निम्ति सबै थोक भइदिए।'* पवित्र धर्मशास्त्रको कुनै सिद्धान्तको हत्या गर्नलाई कसैले पनि यस खण्डका पदहरू कहिल्यै लिनुहुँदैन। यहाँ, यस खण्डमा सम्बन्धित मानिसहरूको बीचमा मुक्तिको सुसमाचारप्रति तिनीहरूको ध्यान आकर्षण गर्ने उद्देश्यले केवल मानिसहरूका दस्तुर र रहनसहनहरूसित मिल्ने प्रयास र तयारीको चर्चा गरिएको छ। *'कुनै न कुनै प्रकारले कतिलाई बचाउन सकूँ'* भनेर पावलले यहाँ भने। तर एकै क्षणका निम्ति पनि आफैले कसैलाई बचाउन सक्छु जस्तो तिनलाई लागेन। किनभने तिनलाई राम्ररी थाहा थियोः मानिसहरूलाई बचाउन सक्नुहुने एकमात्र मुक्तिदाता प्रभु येशू हुनुहुन्छ। यसो भने पनि, यो अचम्मको कुरा पनि ख्याल गर्नु लायकको छः सुसमाचारको प्रचारको काममा ख्रीष्ट येशूको सेवा गर्नेहरू उहाँसित यस काममा यतिसम्म एक हुन्छन्, कि उहाँको अनुमति लिएर तिनीहरूले आफू संलग्न भएको सेवकाइ बचाउने काम भन्न पाउँछन्। अहो, सुसमाचारको सेवकाइ कति उच्च, महान्, महत्त्वपूर्ण सेवकाइ हुँदो रहेछ!!

आत्मानुशासनको अभावले गर्दा मानिस आफ्नो इनाम गुमाउने खतरामा पर्न सक्छ, सो सम्बन्धमा अबको खण्डमा चर्चा गरिन्छ (१ कोरिन्थी ९ः२३-२७)। पावलका निम्ति कोरिन्थका विश्वासीहरूबाट कुनै आर्थिक सहयोग नलिनुमा चाहिँ कड़ा आत्मानुशासन थियो।

**१ कोरिन्थी ९ः२३ः** *'अनि यो कुरा म सुसमाचारका निम्ति गर्दछु, यसैले कि म पनि तिमीहरूसँग यसमा सहभागी हुन सकूँ।'* उपरोक्त पदहरूमा पावल आफूले प्रभुको काममा आफ्ना कतिवटा अधिकारहरू र

इच्छाहरू इन्कार गरेको बयान गरे। तिनले किन यी कुराहरू इन्कार गरेका थिए? तिनले यी सबै कुराहरू सुसमाचारका निम्ति गर्दथिए; किनभने तिनले आउँदो दिनमा सुसमाचारको विजयका उल्लासहरूमा सहभागी हुन चाहन्थे।

**१ कोरिन्थी ९:२४:** प्रेरित पावलले यस पदका शब्दहरू लेख्दा तिनको आलो सम्झनामा कोरिन्थको नजिकैको भूसन्धिमा नियमित रूपले खेलिने प्रसिद्ध खेलहरू आएका हुनुपर्छ, जुन स्थल-संयोजकद्वारा पेलोपोनेस नामक प्रायद्वीप ग्रीस देशको बाँकी भागसित जोड़िएको छ। अनि कोरिन्थका विश्वासीहरू पनि यी खेलकूदका प्रतियोग्यताहरूसित सुपरिक्षित भएका थिए। दौड़मा भाग लिनेहरू धेरै हुन्छन्, तर पुरस्कार-चाहिँ सबैले पाउँदैनन्। के यो कुरा उनीहरूको सम्झनामा बसेको थिएन? इसाई जीवन पनि एउटा दौड़ हो। त्यसमा पनि आत्मानुशासन चाहिन्छ, अथक परिश्रमको खाँचो पर्छ, अँ, दृढ़ सङ्कल्प आवश्यक छ। तर ख्रीष्टीय दौड़मा एकैजनाले मात्र पुरस्कार पाउने होइन। त्यो अनुमान पर जाओस्! दौड़मा भाग लिनेहरू सबै जित्ने गरी दौड़िनुपर्छ, पुरस्कार प्राप्त हुने गरी कुद्नुपर्छ; यस पदको शिक्षा यही हो। प्रेरित पावलले गरेझैं हामी सबैले आत्मत्याग गर्नुपर्छ। अनि यहाँ हाम्रो सामु राखिएको पुरस्तकारचाहिँ मुक्ति होइन है; तर यो पुरस्कार विश्वासयोग्य सेवाले कमाइएको इनाम हो। इसाई दौड़मा विश्वासयोग्य भएकाहरूले मुक्ति पाउँछन् भन्ने कुरा कहीं पनि लेखिएको छैन। मुक्ति परमेश्वरको वरदान हो, प्रभु येशू ख्रीष्टमाथि राखिएको विश्वासको फल हो।

**१ कोरिन्थी ९:२५:** अब पावल दौड़को खेलकूद छोड़ेर कुस्ती लड्ने खेलमा पुग्छन्। कुस्ती खेल्ने, अँ, जुनसुकै होड़बाजीमा भाग लिने हरेक मानिस सबै कुरामा आत्मसंयमी हुनुपर्छ। एक दिन कुस्ती लड्ने एकजना पहलमानले आफ्नो प्रशिक्षकलाई सोध्यो: 'धूम्रपान र मद्यपान गरेर वा अन्य मोज गरेर के म कुस्ती लड्न सक्छु?' प्रशिक्षकले जवाफ दिएर उसलाई भने: 'हो, तिमी खेल्न त सक्छौं, तर कहिल्यै जित्न सक्दैनौ।' यी खेलकूदहरूको आलो सम्झनामा पावलले विजेतालाई कल्पना गरेर देख्न सक्छन्, जो एक-दुई कदम अगाड़ि जान्छ, र पुरस्कार थाप्छ। तर के

गर्ने ? उसले पाएको पुरस्कार त नाश हुने मुकुट रहेछ, चाँड़ै ओइलेर जाने एउटा फूलको माला वा पाते हार मात्र रहेछ। त्यसको तुलनामा पावलले एउटा नष्ट नहुने मूल्यवान् मुकुटको परिचय दिन्छन्। ख्रीष्ट येशूको सेवामा आफ्नो विश्वासयोग्यता देखाउनेहरू सबैले यस प्रकारको अविनाशी मुकुटरूपी पुरस्कार पाउनेछन्।

हे प्रभु, यस महिमाले पूर्ण जीवनको मुकुटको लागि
हामी तपाईंलाई हार्दिक धन्यवाद चढ़ाउँछौं,

जुन मुकुट पृथ्वीको ओइलिजाने कङ्गल हारजस्तो होइन,
अँ, बितिजाने संसारमा होड़बाजी गर्ने मानिसको क्षणिक पुरस्कारजस्तो पनि होइन।

किनकि यो मुकुट तपाईंको सिंहासनजत्तिकै अविनाशी,
हाम्रा परमेश्वर पिता र उहाँको पुत्र येशूको राज्यजत्तिकै अटल हुनेछ।

श्री होराटियस बोनर

**१ कोरिन्थी ९ः२६ः** अविनाशी मुकुट आफ्नो सामु निसानाको रूपमा राखेर पावल विनाटुङ्गो दगुर्दैनन्। तिनी हावालाई मुक्काले हान्ने खेलाड़ी नै होइनन्। तिनको सेवकाइ लक्ष्यहीन थिएन, प्रभावरहित थिएन, न ता फलहीन थियो। तिनका आँखाहरूको सामु एउटा सुनिश्चित लक्ष्य थियो। अनि तिनको हरेक काम इनाम पाउनुको योग्य हुनुपर्छ। त्योभन्दा कम कुनै स्तर चल्दैनथियो। तिनको न केही समय न कुनै बल खेर जानुहुँदैनथियो। प्रेरित पावलले अन्धाधुन्ध हावामा मुक्काले हानेझैं निसानामा चुक्न चाहँदैनथिए।

**१ कोरिन्थी ९ः२७ः** निसानामा नचुक्ने गरी तिनले आफ्नो शरीरलाई ताड़ना दिन्थे र त्यो वशमा राख्थे। किनभने अरूलाई प्रचार गरेर आफू-चाहिँ इन्कार गरिएको वा अयोग्य ठहरिएको अनर्ह किन हुनु ? ख्रीष्टीय जीवनमा आत्मसंयम हुनुपर्छ, सन्तुलन हुनुपर्छ, आफ्ना अभिलाषाहरूमा लगाम लगाउनैपर्छ; आत्मानुशासन हुनुपर्छ। हामीले आफूमाथि जय पाउनुपर्छ।

अरूलाई प्रचार गरेर आफूचाहिँ बेकम्मा वा अयोग्य ठहरिनु सम्भव छ। प्रेरित पावललाई यसको डर लागेको थियो। तर यस पदको सठीक अर्थको विषयमा निक्कै छलफल चल्दैछ। कतिजनाले यस पदबाट मुक्ति पाएको मानिसले पछिबाट मुक्ति गुमाउन सक्छ भन्ने शिक्षा दिन्छन्। तर यस प्रकारको अखाँटी, हानिकारक शिक्षाले नयाँ नियमभरि दिइएको शिक्षाको विशाल समूहसित मेल खाँदै-खाँदैन; किनकि ख्रीष्ट येशूका भेड़ाहरूमध्ये एउटै पनि हराउनेछैन, अँ, अनन्तसम्म हराउनेछैन।

अरूले 'बेकम्मा वा अयोग्य ठहरिनु' **33)** को अर्थ सीमादेखि बाहिर लान्छन्, र यसमा अनन्त विनाशको योग्य हुने कड़ाभन्दा कड़ा अर्थ जोड्छन्। तर तिनीहरूको व्याख्याअनुसार पावलका शब्दहरूले निम्न अर्थ लिन्छन्ः मुक्ति पाएको कुनै पनि मानिस अनन्त विनाशको योग्य हुन सक्दैन; यसकारण जसले आत्मानुशासन गर्दैन, त्यसले मुक्ति पाएको हुँदैन अरे। तिनीहरू आफ्नो शिक्षामा यस प्रकारको निष्कर्षमा पुग्छन्। किनभने तिनीहरूको विचारमा, झूटा शिक्षकहरूले आफ्ना भोगविलास र अभिलाषाहरू पूरा गरेकोमा आनन्द लिने गर्थे; यसकारण पावलले यसको सम्झनामा यहाँ यस सम्बन्धमा एउटा सर्वमान्य सिद्धान्त प्रस्तुत गरेर के भन्छन् भने, जसले आफ्नो शरीर वशमा राख्दैन, त्यसले आफ्नो नयाँ जन्म नभएको प्रमाण दिन्छ; अनि यस प्रकारको मानिसले अरूलाई प्रचार त गर्ला, तर आफूचाहिँ बेकम्मा हुन्छ अरे।

तर यस पदको तेस्रो व्याख्या पनि हुन्छ। हाम्रो त्यस व्याख्याअनुसार पावलले यहाँ मुक्तिको कुरा छुँदैनन्, तर प्रभुको सेवाचाहिँ यस खण्डको सन्दर्भ हो। पावलले आफ्नो विषयमा 'म कतै मुक्ति हराउँछु कि' भन्ने डर प्रकट गर्दैनन्, तर सेवकाइको सम्बन्धमा फेल खाएर आफू पुरस्कार पाउन अयोग्य ठहरिन्छन् कि भन्ने डर तिनलाई लागेको थियो। अनि यसको व्याख्या सठीक हो; किनभने बेकम्मा वा अयोग्य ठहरिने शब्द खेलकूदको प्रतियोगितामा प्रयोग गरिने शब्द हो। पावललाई थाहा थियोः अरूलाई प्रचार गरेर आफूचाहिँ प्रभु येशूद्वारा काम नलाग्दो अनादरको भाड़ा ठहरिनु सम्भव थियो। तिनलाई उहाँका निम्ति काम नलाग्दो बन्ने डर पो लागेको थियो।

हामीले यस खण्डमा लगाउने अर्थ जेजस्तो भए पनि एउटा कुरा स्पष्ट छः यहाँबाट सिक्नुपर्ने पाठ साह्रै गम्भीर रहेछ; अनि ख्रीष्ट येशूको सेवा गर्न चाहने हरेक भाइबहिनीले यो विषय हल्का लिनुहुँदैन, तर यस विषयमा गम्भीरतासाथ आफ्नो हृदयको खोजतलाश गर्नुपर्छ। परमेश्वरको निगाह हामीमाथि रहेको होस्, र प्रभुको दृष्टिमा बेकम्मा वा अयोग्य हुने अर्थ के हो, सो हामीले आफ्नो जीवनमा अनुभवबाट कहिल्यै सिक्नु नपरेको होस्!

पावलले आत्यसंयममा ठूलो आवश्यकता देखे। तत्कालै इस्राएलीहरूको अनुभव तिनलाई याद भयो। अनि दस अध्यायमा, आफ्नो शरीर वशमा नराख्ने, तर यसमा लापरवाही गर्ने विलासी इस्राएलीहरू कसरी अयोग्य र बेकम्मा ठहरिए, सो कुरा तिनले सम्झना गर्छन्।

यस अध्यायमा तिनले पहिले इस्राएलीहरूका सौभाग्यहरूको विषयमा कुरा गर्छन् (१ कोरिन्थी १०:१-४), त्यसपछि तिनले इस्राएली-हरूको सजायको विषयमा कुरा गर्छन् (१ कोरिन्थी १०:५), अनि अन्तमा इस्राएलीहरूको पतन हुने कारणहरू दिन्छन् (१ कोरिन्थी १०:६-१०)। त्यसपछि १ कोरिन्थी १०:११-१३ पदको खण्डमा तिनले यी कुराहरूबाट हामीले सिक्नुपर्ने पाठहरू के-के हुन् भन्ने सन्दर्भमा शिक्षा दिन्छन्।

**१ कोरिन्थी १०:१ः** प्रेरित पावलले कोरिन्थका विश्वासीहरूलाई सम्झना दिलाउन चाहेको पहिलो कुराः *'यहूदीका पुर्खाहरू सबैजना बादलमनि थिए; अनि तिनीहरू सबैजना समुद्रको बीचबाट भएर पार भए।'* यहाँ जोड़ दिने शब्द 'सबैजना' हो। तिनको सम्झना त्यस समयतिर फर्कन्छ, जुन समयमा इस्राएलीहरूले मिस्र देशबाट छुटकारा पाएका थिए। त्यस बेलामा दिउँसो बादलको खाँबाद्वारा अनि राति आगोको खाँबोद्वारा तिनीहरूले अचम्म रीतिले मार्गदर्शन पाएका थिए। त्यसपछि तिनीहरू लाल समुद्रबाट भएर पार भएका थिए र मिस्र-सेनाबाट उम्केर उजाड़स्थानभित्र पुगेका थिए। ईश्वरीय अगुवाइ र ईश्वरीय छुटकाराचाहिँ तिनीहरू सबैजनाका सौभाग्यहरू थिए।

**१ कोरिन्थी १०:२ः** यति मात्र होइन, तर तिनीहरू *'सबैजनाले बादलमा र समुद्रमा मोशाको बप्तिस्मा लिएका थिए।'* मोशाको बप्तिस्मा

लिनुको अर्थ इस्राएलीहरू मोशासित एक भए र तिनीहरूले आफूमाथि उनको नेतृत्व स्वीकार गरे। मोशाले इस्राएलीहरूलाई मिस्र देशबाट निकालेर तिनीहरूलाई प्रतिज्ञा गरिएको देशतिर लाँदैथिए; यस प्रस्थानको शुरुमा सारा इस्राएली जातिले उनीप्रति आफ्नो स्वामिभक्ति कायम राख्ने कबुल गर्‍यो र उनलाई परमेश्वरले नियुक्ति गर्नुभएको उद्धारकको रूपमा स्वीकार गरे। 'सबैजना बादलमनि थिए' भन्ने वाक्यांशले यस दिव्य बादलद्वारा तिनीहरू परमेश्वरको प्रजा थिए भन्ने अभिन्न सम्झना दिलाउँछ भने 'सबैजना समुद्रको बीचबाट भएर पार भए' भन्ने वाक्यांशले यस समुद्रको पानीले तिनीहरूको सम्बन्ध मिस्र देशसित पूरा काट्यो भन्ने सङ्केत गर्छ।

**१ कोरिन्थी १०:३:** तिनीहरू सबैजनाले एकै किसिमको आत्मिक खानेकुरा खाएका थिए। यस वाक्यले मन्नाको कुरा गरेको छ, जुन मन्ना अचम्म प्रकारले इस्राएलीहरूका निम्ति चालीस वर्षसम्म उपलब्ध थियो, जब तिनीहरूले उजाड़स्थानको यात्रा गर्दथिए। आत्मिक खानेकुरा भन्नाले त्यो त वास्वविक खानेकुरा रहेनछ भन्ने अर्थ लगाउनुहुँदैन। त्यो खानेकुरा अदृश्य थिएन, काल्पनिक पनि थिएन। तर यहाँ, यस खण्डमा आत्मिक खानेकुराको अर्थ हामीले यस प्रकारले बुझ्नुपर्छः त्यो मन्नाचाहिँ यहाँ आत्मिक खुराकको एक प्रतीक वा चित्र हो। अनि पावलले यहाँ त्यस मन्नाको आत्मिक अर्थमा विशेष ध्यान दिन खोजेका हुन्। अनि आत्मिक खानेकुराको अर्थमा अलौकिक प्रकारले प्रधान गरिएको मतलब पनि लाग्न सक्छ नि।

**१ कोरिन्थी १०:४:** इस्राएलीहरूको सम्पूर्ण यात्राभरि परमेश्वरले अद्‌भुत रीतिले तिनीहरूका निम्ति पिउने पानीको बन्दोबस्त गरिदिनु-हुन्थ्यो। अनि त्यो पानी साँचो पानी थियो। तर त्यस पानीलाई यहाँ आत्मिक पिउने कुरा भनिएको छ; किनभने त्यसको अर्थ आत्मिक हो। त्यसले आत्मिक ताजापन सङ्केत गर्छ, जुन ताजापन अलौकिक प्रकारले मिल्छ। परमप्रभुले इस्राएलीहरूलाई अद्‌भुत रीतिले पिउने पानीको प्रबन्ध नगर्नुभएको भए तिनीहरू धेरै पल्ट तिर्खाले मरिसक्नेथिए। *'तिनीहरूको पछि-पछि लाग्ने आत्मिक चट्टानबाट तिनीहरूले पिए'* भन्ने वाक्य

अक्षरशः लिनुहुँदैन । किनकि इस्राएलीहरूको पछि कुनै ढुङ्गाको चट्टानले यात्रा गर्दैनथियो । यहाँ कुरा गरिएको चट्टानले त्यसबाट निस्केको पानीलाई सङ्केत गर्छ, जुन बगिरहेको पानीको नदी इस्राएलीहरूको पछिबाट आइरहेको थियो । त्यस चट्टानको खास अर्थ ख्रीष्ट हो; किनभने उहाँले त्यसको बन्दोबस्त गर्नुभएको थियो; अनि त्यो चट्टान उहाँको प्रतीक हो; किनकि उहाँले आफ्ना जनहरूलाई जिउँदो पानी दिनुहुन्छ ।

**१ कोरिन्थी १०ः५ः** इस्राएलीहरूका सौभाग्यहरू के-के थिए, यी सबै सौभाग्यहरूको विषयमा लेखिसकेपछि प्रेरित पावलले कोरिन्थीहरूलाई एउटा नमीठो कुरा बताउनुपर्छः *'तर तिनीहरूमध्ये धेरैसँग परमेश्वर खुशी हुनुहुन्नथियो; यसकारण तिनीहरूका लासहरू उजाड़स्थानमा छरपस्ट परे ।'* सबै इस्राएलीहरूले मिस्र देशलाई छोड़ेका थिए; सबैजनाले दिलोज्यानले आफ्नो अगुवा मोशाको स्वामिभक्ति स्वीकार गरेका थिए । तर दुःखलाग्दो कुरा के भयो भने, तिनीहरूका तन मात्र उजाड़स्थानमा थिए, तर तिनी-हरूका मनचाहिँ अझै पनि मिस्र देशमै थिए । फाराओको बन्धनदेखि मुक्त भएको छुटकारा तिनीहरूको शारीरिक छुटकारा मात्र गन्न सकिन्छ; किनभने तिनीहरूले मिस्र देशका पापी सुखविलासहरू अझ लालच गर्दैथिए । मिस्र देशलाई छोड़ेर गएकाहरूमध्ये, अर्थात् बीस वर्ष र त्यस उमेरदेखि माथिका सबै सिपाहीहरूमध्ये केवल दुईजना, कालेब र यहोशू थिए, जसले पुरस्कार प्राप्त गरे; उनीहरू मात्र प्रतिज्ञा गरिएको देशमा पुगे । बाँकी सबै मानिसहरूका लासहरू उजाड़स्थानभरि पड़ेर छरिए; यो परमेश्वर तिनीहरूसित बेखुशी हुनुभएको प्रमाण हो ।

१ कोरिन्थी १०ः१-४ पदको खण्डमा 'सबैजना' जोड़ लगाइएको शब्द थियो भने पाँच पदमा 'धेरैजना' जोड़ लगाइएको शब्द हो । सौभाग्यशाली सबैजना थिए; तर तिनीहरूमध्ये धेरैजना नाश भए । श्री एफ. एल. गोडेटले यस कुरामा अचम्म मानेर यसो भनेका छन्ः

> 'अलौकिक खानेकुरा र आत्मिक पिउने कुराले तृप्त भएका इस्राएलीहरूका लासैलास उजाड़स्थानभरि जमिनमा छरपुस्ट भएको दृश्य कत्रो तमाशा हो ! ! यस प्रकारको अद्भुत दृश्य प्रेरित पावलले यहाँ कोरिन्थका आत्मसन्तोषी, अहङ्कारी विश्वासीहरूका आँखाहरूको सामु प्रस्तुत गरेका छन् ।' **34)**

**१ कोरिन्थी १०:६:** इस्राएलीहरूले मिस्र देशबाट प्रस्थान गरेको बेलामा घटेका घटनाहरूमा हामीले आफ्ना निम्ति शिक्षाका कतिपय पाठहरू देखिरहेका छौं। इस्राएलीहरू हाम्रा निम्ति उदाहरण हुन्; किनकि जसरी तिनीहरूले लालसा गरे, त्यसरी नै हामीले खराब कुराहरूको लालसा गर्नुहुँदैन; नत्र ता हामी तिनीहरूजस्तै नाश हुन्छौं। पुरानो नियमको पुस्तक पढ्दा हामीले 'अरे, यो त केवल इस्राएलीहरूको इतिहासरूपी कथा रहेछ' भनेर परमेश्वरको वचन पढ्नुहुँदैन; किनभने परमेश्वरको वचनमा वर्तमान समयका निम्ति हाम्रो जीवनसित सम्बन्धित महत्त्वपूर्ण पाठहरू समावेश हुन्छन्, जसका व्यवहारिक बुँदाहरूको महत्त्व ठूलो हुन्छ।

अबका केही पदहरूमा प्रेरित पावलले इस्राएलीहरू कुन-कुन पापहरूमा फसेका थिए, ती पापहरूको सूचि दिन्छन्। यस सूचिबाट स्पष्ट हुन्छ, कि यी पापहरू प्रायः शरीरका अभिलाषाहरूसित सम्बन्धित छन्।

**१ कोरिन्थी १०:७:** यस पदको सन्दर्भ प्रस्थान बत्तीस अध्याय हो, जसमा सुनको बाछाको पूजाआजा र त्यसका निम्ति मानिएको पर्व उल्लेख गरिएको छ। मोशा सिनाई पर्वतबाट ओरालो आइरहेका थिए; तब उनले इस्राएलीहरूलाई सुनको बाछा बनाएका र त्यसको पूजा गरिरहेका भेट्टाए। अनि प्रस्थान ३२:६ पदमा हामी यसरी लेखिएको पढ्छौं: *'मानिसहरू खान र पिउनलाई बसे; र लीला गर्न उठे।'* लीला गर्नुको अर्थ नाच्नु हो।

**१ कोरिन्थी १०:८:** अनि यस पदमा जुन पापको नाम लिइएको छ, त्यस पापको सन्दर्भ गन्ती पच्चीस अध्याय नै हो, जब इस्राएलीहरूले मोआबीहरूका छोरीहरूसित व्यभिचार गरेका थिए। यसमा भविष्यवक्ता बालामको दुष्ट हात थियो; तिनको बहकाउमा परेर तिनीहरूले परमप्रभुको वचन उल्लङ्घन गरे, र व्यभिचारको पापमा फसे। एकै दिनमा तेईस हजार मानिसहरू मरे। पुरानो नियमअनुसार चौबीस हजार मानिसहरू मरे (गन्ती २५:९)। पवित्र बाइबलको विरोधी पक्षकाहरूले यस सङ्ख्यामा भएको अमेल लिएर 'हेर, परमेश्वरको पवित्र धर्मशास्त्रमा भूलहरू छन्' भन्ने कुरा देखाउन खोजेका छन्। तर हामीले आफ्नो बाइबल होशियारपूर्वक पढ्नुपर्छ; तब के थाहा लाग्छ भने, यहाँ कुनै भूल छैन। किनभने एकै दिनमा तेईस हजारजना मरे भन्ने कुरा पहिलो किरिन्थीको पत्रमा उल्लेख

गरिएको छ; अनि पुरानो नियमले यस महामारीमा मर्नेहरूको योगफल दिएर जम्मै चौबीस हजार मानिसहरू मरेको कुरा बताउँछ।

**१ कोरिन्थी १०ः९ः** अबचाहिँ त्यस क्षणको सम्झना गरिन्छ, जुन बेलामा इस्राएलीहरूले मन्नाको विषयमा गनगन गरेका थिए र परमप्रभुको भलाइको सम्बन्धमा शङ्का गरेका थिए। तब परमेश्वरले तिनीहरूको बीचमा सर्पहरू पठाउनुभयो, अनि धेरैजना नष्ट भए (गन्ती २१ः५-६)। फेरि पनि खानेकुराबाट हुने तृप्ति तिनीहरूको पतनको कारण भयो।

**१ कोरिन्थी १०ः१०ः** अब कोरह, दातान र अबिरामको पाप आयो। यस पदको सन्दर्भ यही हो (गन्ती १६ः१४-४७)। गन्ती १६ः१४ पदअनुसार खानेकुराचाहिँ परमप्रभुको विरोधमा गनगनाउने निहुँ भयो। इस्राएलीहरूले आफ्नो शरीर वशमा राख्ने आत्मसंयम गर्दैनथिए। तिनीहरूले आफ्ना शरीर अनुशासनमा राख्दैनथिए। तिनीहरूले तिनलाई ऐंचमा पार्दैनथिए। त्यसो गर्नुको सट्टामा तिनीहरूले आफ्नो शरीरका अभिलाषा पूरा गर्ने बन्दोबस्त गर्दैथिए, र त्यही कुरा तिनीहरूको पतनको कारण बन्यो।

**१ कोरिन्थी १०ः११ः** अबका तीनवटा पदहरूमा उपरोक्त यी घटनाहरूबाट हामीले सिक्नुपर्ने र व्यवहारमा उतार्नुपर्ने पाठहरू पेश गरिएका छन्। पहिले, पावलले यी घटनाहरूको अर्थ खोल्छन्, किनभने यी घटनाहरूको अर्थ ऐतिहासिक महत्त्वमा मात्र सीमित छैन। यी घटनाहरूमा वर्तमान समयमा हाम्रो जीवनका निम्ति महत्त्व छँदैछ। यी घटनाहरूको वर्णन चेताउनीको रूपमा हाम्रा निम्ति लेखियो, जो मण्डलीको युगमा अर्थात् सुसमाचारको युगमा जिइरहेका छौं। यो युग व्यवस्थाको युगपछिको युग हो। जसरी श्री रेण्डल ह्यारिसले सुन्दर प्रकारले भनेका छन्ः 'बितेका युगहरूका धनराशिरूपी आशिषहरूका उत्तराधिकारी हामी नै भयौं।'

**१ कोरिन्थी १०ः१२ः** यी घटनाहरूमा आत्मविश्वासीहरूका निम्ति चेताउनी छ। *'जसले "म खड़ा छु" भनी सम्झन्छ, त्यो होशियार रहोस्! नत्र त्यो लड्नेछ।'* हुन सक्छ, यस वाक्यको प्रसङ्ग त्यो बलियो विश्वासी हो, जसले आफ्ना शरीरका अभिलाषाहरूसित खेल्छ र 'तिनको नराम्रो

असर मलाई लाग्दै-लाग्दैन' भन्ने ठान्छ। यस्तो व्यक्ति परमेश्वरको ताड़ना गर्ने हातमा पर्नेछ भन्ने ठूलो डर पो हुन्छ।

**१ कोरिन्थी १०:१३:** त्यसपछि पावलले यहाँ पापको परीक्षामा परेकाहरूका निम्ति उत्साहको उदेकको वचन छोड़िदिन्छन्। पावलको शिक्षाअनुसार हामीमाथि आइपरेका प्रलोभनहरू, जाँचहरू र परीक्षाहरू हाम्रो भाग मात्र होइन, तर सबैको हिस्सा हुन्छन्। *'तर परमेश्वर विश्वासयोग्य हुनुहुन्छ, जसले हामीलाई हाम्रो शक्तिदेखि बाहिरको परीक्षामा पर्न दिनुहुनेछैन।'* उहाँले हामीलाई सबै प्रलोभन र परीक्षाहरू बचाउनुहुन्छ भन्ने प्रतिज्ञा गर्नुभएको छैन, तर उहाँले हाम्रा निम्ति परीक्षाको ताप सीमित राख्छु भन्ने कबुल गर्नुभएको छ। परमेश्वरलाई धन्यवाद होस्! आफ्नो प्रतिज्ञाअनुसार उहाँले हाम्रा निम्ति परीक्षाबाट उम्कने बाटो पनि तयार गर्नुहुँदो रहेछ; यसकारण हामीले जुनै हालतमा पनि हामीमाथि आइपरेको परीक्षा सहन सक्छौं। एक शताब्दीदेखि अर्को शताब्दीसम्म परमेश्वरका पवित्र जनहरूले पापको परीक्षामा पर्दा-पर्दै परमेश्वरको यस अद्भुत प्रतिज्ञाबाट ठूलो सान्त्वना पाएका छन्। घतलाग्यो कुरा यही हो। नयाँ विश्वासीहरूले यो प्रतिज्ञा बचाउ-रस्सीलाई पक्रेझैं बलियो गरी पक्रेका छन् भने, पुराना विश्वासीहरूले यस प्रतिज्ञामाथि सिरानीमा आफ्नो टाउको बिसाएझैं गरी आफ्नो मन बिसाएका छन्। हुन सक्छ, पावलको पत्रका पाठकहरूमध्ये कतिजना मूर्तिपूजातिर फर्किजाने वा पूजाआजामा भाग लिने पापको तिक्त परीक्षामा परेका थिए कि? कसले जान्दछ। तिनीहरूका निम्ति पावलको यो सान्त्वनाको वचन छः कुनै मानिस सहन नसक्ने कुनै परीक्षामा पर्नेछैन नै। परमेश्वरले यसो हुन दिनुहुन्न। तर तिनीहरूका निम्ति यहाँ चेताउनी पनि छः तिनीहरूले आफूलाई परीक्षामा पर्ने कुनै ठाउँमा राख्नुहुँदैन, पापको परीक्षा खोज्नुहुँदैन।

**१ कोरिन्थी १०:१४:** हाम्रो विषयवस्तुको विषय के भयो? अबदेखि १ कोरिन्थी ११:१ पदसम्म मूर्तीहरूलाई बलि चढ़ाइएका पशुको मासु खाने विषयमा पत्र फर्किन्छ। यसको पहिलो कुरा के हो भने, ख्रीष्ट-विश्वासीहरूले मूर्तिका मन्दिरहरूमा सम्पन्न गरिएका भोजहरूमा भाग लिन सक्छन् कि सक्दैनन् भन्ने सन्दर्भमा पावलले यहाँ उत्तर दिन्छन् (१ कोरिन्थी १०:१४-२२)।

*'यसकारण मेरा प्रियहरूहो, मूर्तिपूजादेखि भाग!'* हुन सक्छ, कोरिन्थका विश्वासीहरूका निम्ति मन्दिरहरूमा मूर्तिको नाममा आयोजित भोजहरूको निम्तो पाउनु एउटा ठूलो परीक्षा थियो कि? उनीहरूमध्ये कतिजनालाई 'जसो भए पनि हामीलाई परीक्षामा पार्न सकिँदैन' जस्तो लागेको थियो होला। अरूले यसो भन्थे होलान्ः 'अरे, एकपल्ट भाग लिँदा के पो हुन सक्थ्यो र?' आत्माको प्रेरणामा प्रेरित पावलले यस विषयमा एउटा आदेश मात्र लेख्छन्ः 'मूर्तिपूजादेखि भाग!' तिनले 'मूर्तिपूजाको अध्ययन गर', 'मूर्तिपूजासित सुपरिचित होओ', वा 'मूर्तिपूजासित खेलाँची गरे केही हुँदैन, त्यसलाई केही होइन जस्तै ठान्नुपर्छ' आदि सल्लाह दिँदैनन्। कोरिन्थका विश्वासीहरू मूर्तिको नजिकै जानु होइन, तर मूर्तिहरूदेखि टाढ़ा बस्नुपरेको थियो।

**१ कोरिन्थी १०ः१५-१६ः** पावलले सम्बोधन गरेका मानिसहरू समझदार मानिसहरू थिए भन्ने कुरा तिनले जान्दथिए। उनीहरूले तिनले भनेका कुराहरू बुझ्न सक्थे। सोह्र पदको सन्दर्भ प्रभुभोज हो। शुरुमा तिनले भन्छन्ः *'त्यो आशिषको कचौरा जसका निम्ति हामी आशिष माग्छौं, के त्यो कचौरा ख्रीष्टको रगतको सहभागिता होइन र?'* आशिषको कचौराचाहिँ प्रभुभोजमा प्रयोग गरिएको दाखमद्यको कचौरा हो। अनि प्रभुभोजको कचौराले ख्रीष्ट येशूको क्रूसको मृत्युबाट हामीकहाँ आएको अद्भुत आशिषको कुरा गर्छ। यसकाण त्यस कचौराले आशिषको कचौराको नाम पाएको छ। 'जसका निम्ति हामी आशिष माग्छौं' भन्ने वाक्यको अर्थ 'जसका निम्ति हामी धन्यवाद चढ़ाउँछौं' नै हो। प्रभुभोजको कचौरा लिएर त्यसलाई आफ्नो मुखमा लगाएर त्यसबाट पिउने मानिसले के स्वीकार गर्छ भने, उसले 'ख्रीष्टको बहुमूल्य रगतबाट जति आशिषहरू बगिरहेका छन्, ती सबै आशिषहरूको म भागी भएँ' भनेर भन्छ। यसकारण हामीले यो सोह्र पदको भावानुवाद यस प्रकारले गर्न सक्छौंः 'प्रभुभोजको यस कचौराले प्रभु येशूको रगतद्वारा हामीकहाँ आएका महान् र बहुमूल्य आशिषहरूको विषयमा कुरा गर्छ; अनि यही कचौराका निम्ति हामी धन्यवाद चढ़ाउँछौं; किनभने यही कचौराचाहिँ सबै ख्रीष्ट-

विश्वासीहरू ख्रीष्टको रगतले कमाएका आशिषहरूका भागी हुन् भन्ने कुरा देखाउने अटल साक्षी हो।'

प्रभुभोजको रोटीको विषयमा त्यही कुरा पनि साँचो हो। यो पनि सहभागिताको रोटी हो। जब हामी यस रोटीबाट खान्छौं, तब वास्तवमा हामीले के स्वीकार गर्छौं भने, 'प्रभु येशूले क्रूसमा आफ्नो शरीर बलि गर्नुभएको त्राणको कार्यद्वारा हामी सबैले मुक्ति पाएका हौं। यसकारण हामी उहाँको मण्डलीरूपी शरीरका अङ्गहरू हौं।' छोटकरीमा भन्नु हो भने, प्रभुभोजको कचौरा र रोटीले ख्रीष्ट येशूसित हाम्रो सङ्गति भएको कुरा गर्छ, साथै हाम्रा निम्ति पूरा गरिएको उहाँको महिमित सेवाकार्यमा हामी सहभागी भएको कुरा गर्छ।

यहाँ, यस पदमा रगतको कुरा किन पहिलो आउँछ भन्ने प्रश्न गरिन्छ; किनभने प्रभुभोजको स्थापनामा रोटी पहिले आउँछ। यस प्रश्नको सम्भवतः उत्तर यस प्रकारको छः ख्रीष्ट येशूको सङ्गति अनुभव गरिने क्रम प्रायः यस्तै छः नयाँ विश्वासीले प्रायः ख्रीष्ट येशूको रगतको महत्त्व पहिले बुझ्छ; पछि मात्र उसले ख्रीष्टको एउटै शरीरको सत्यता बुझ्न थाल्छ। यस पदमा पनि जस्तो हामीले मुक्तिको क्रम बुझ्छौं, त्यस्तै प्रकारको क्रम अपनाइएको छ।

**१ कोरिन्थी १०:१७:** सबै ख्रीष्ट-विश्वासीहरू, उनीहरू धेरै भए पनि ख्रीष्टमा एउटै शरीर हुन्। त्यो कुरा प्रभुभोजको त्यस एउटै रोटीले सङ्केत गर्छ। हामी सबैजनाले त्यस रोटीबाट भाग लिन्छौं। यसर्थ हामी सबैजना हाम्रा निम्ति अर्पिएको ख्रीष्टको शरीरबाट हामीकहाँ आइरहेका आशिष-हरूमा सहभागी हुन्छौं।

**१ कोरिन्थी १०:१८:** यी पदहरूमा पावलले भन्न खोजेको कुरा यही होः प्रभुभोजमा भाग लिँदा हामीले उहाँसित हाम्रो सहभागिता छ भन्ने कुरा प्रकट गर्छौं। ठीक त्यही कुरा इस्राएलीहरूले स्वीकार गरेका थिए, जब तिनीहरूले वेदीमा चढ़ाइएका बलिपशुहरूको मासु खाने गर्थे। बलिको मासु खाएर तिनीहरू वेदीमा सहभागी थिए। यसको सन्दर्भ मेल-बलिहरू भएको हुनुपर्छ। यसमा शङ्का छैन। इस्राएलीहरूले आफ्ना मेलबलिहरू मन्दिरमा ल्याउँथे, अनि यी मेलबलिहरूको केही भाग वेदीको आगोमा

होमबलिको रूपमा भस्म हुन्थ्यो; अनि यी बलिहरूको अर्को भाग बलि चढ़ाउने पूजाहारीहरूको हुन्थ्यो। तर तेस्रो भागचाहिँ मेलबलि ल्याउने व्यक्ति र उसका साथीहरूको हुन्थ्यो। तिनीहरूले मेलबलि चढ़ाइएको दिनमा मेलबलिको मासु खान्थे। अनि यस सम्बन्धमा पावलले जोड़ लगाएको कुरा यो होः जस-जसले यस मेलबलिको मासुमा भाग लिन्थे, तिनीहरूले इस्राएलको परमप्रभु परमेश्वरसित र इस्राएली जातिसित आफ्नो सम्बन्ध र एकता भएको जनाइदिन्थे; किनकि त्यो वेदी यी कुराहरूको प्रतीक थियो।

तर यो कुरा हामीले अध्ययन गरिरहेको पवित्र धर्मशास्त्र बाइबलको यस खण्डसित कसरी मिल्छ? यस प्रश्नको उत्तर सजिलो छ। प्रभुभोजमा भाग लिनेले 'प्रभु येशूसित मेरो सङ्गति छ' भनेर भन्छ भने अनि इस्राएलीहरूले मेलबलिमा भाग लिएर 'परमप्रभुको वेदीसित हाम्रो सम्बन्ध छ' भनेर भन्थे भने मूर्तिको मन्दिरमा आयोजित भोजमा भाग लिनेले 'मूर्तिहरूसित मेरो सङ्गति छ' भनेर भन्छ।

**१ कोरिन्थी १०:१९:** *'तब म के भनिरहेको छु त? के मूर्ति केही चीज हो? अथवा के मूर्तिलाई बलिदान चढ़ाइएको वस्तु केही चीज हो?'* यी शब्दहरूद्वारा पावलले भन्न चाहेको के हो? मूर्तिलाई बलि चढ़ाइएको बलिपशुको मासुको गुण र स्तरमा के परिवर्तन आउँथ्यो र? अनि मूर्तिहरूमा कुनचाहिँ वास्तविकता थियो त? मूर्ति के सुन्छ र? के देख्छ र? त्यसमा केको शक्ति छ र? माथि तिनले उल्लेख गरिएका दुईवटा प्रश्नको उत्तर एकै हो। मूर्ति केही पनि होइन। अनि मूर्तिलाई चढ़ाइएको बलिपशुको मासुमा केही परिवर्तन आउँदैन।

**१ कोरिन्थी १०:२०:** तर तिनको जोड़ यस कुरामा छः *'जुन चीजहरू अन्यजातिहरूले बलि चढ़ाउँछन्, ती चीजहरू तिनीहरूले परमेश्वरका निम्ति होइन, तर दुष्ट आत्माहरूलाई नै चढ़ाउँछन्।'* मूर्तिपूजा र दुष्ट आत्माहरूको बीचमा एउटा अनौठो, रहस्यमय सम्बन्ध रहेछ। दुष्ट आत्माहरूले मूर्तिहरू प्रयोग गरेर मूर्तिलाई पुज्ने मानिसहरूका हृदय र मनहरू आफ्नो वशमा ल्याउँछन्। शैतान एउटै मात्र हो; तर दुष्ट आत्माहरू अनगिन्ती छन्। तिनीहरू त्यसका खबरदार दूतहरू र प्रतिनिधि गर्ने

एजेन्टहरू हुन्। *'दुष्ट आत्माहरूसित तिमीहरू सहभागी भएको म चाहन्नँ'* भनेर तिनले यस सम्बन्धमा आफ्नो इच्छा प्रकट गर्छन्।

**१ कोरिन्थी १०:२१:** हामी प्रभुको कचौरा र दुष्ट आत्माहरूको कचौराबाट पिएर दुवैमा भाग लिन सक्दैनौं। हामी कुनै हालतमा पनि प्रभुभोजको रोटी र दुष्ट आत्माहरूको भोजमा एकसाथ भाग लिन सक्दैनौं। प्रभुको कचौरा भन्नाले ख्रीष्ट येशूद्वारा हामीकहाँ आउने सबै आशिषहरूको प्रतीक बुझिन्छ। यस प्रकारको चित्रण-भाषा सङ्केतक परिभाषा भनिन्छ। यस परिभाषाको शब्दालङ्कारअनुसार कचौरा भन्ने शब्दले कचौराभित्र रहेका कुराहरूको सङ्केत गर्छ। ठीक त्यस्तै प्रभुको टेबल भन्ने शब्द पनि साङ्केतिक शब्द हो। प्रभुभोज र प्रभुको टेबल एउटै कुरा होइन। तर हुन सक्छ, प्रभुको टेबलमा प्रभुभोज पनि समावेश हुन्छ होला। टेबल एक सज्जा-समाग्री हो, जसमाथि खानेकुरा राखिन्छ, र टेबलको वरिपरि बस्ने मानिसहरूले आपसमा सङ्गति गर्ने गर्छन्। यहाँ, यस पदमा प्रभुको टेबलको अर्थ ख्रीष्ट येशूमा हामीले उपभोग गर्न सक्ने सबै आशिषहरूको योगफल हो।

जब *'तिमीहरूले प्रभुको कचौराबाट, साथै दुष्ट आत्माहरूको कचौराबाट पिउन सक्दैनौ'* अनि *'तिमीहरूले प्रभुको टेबलबाट, साथै दुष्ट आत्माहरूको टेबलबाट भाग लिन सक्दैनौ'* भनेर पावलले भन्छन्, तब तिनले शारीरिक तवरले यो कुरा असम्भव छ भन्न खोजेनन्। किनभने ख्रीष्ट-विश्वासी मूर्तिको मन्दिरमा गएर त्यहाँ कुनै भोजमा भाग लिनु शारीरिक तवरले सम्भव होला। तर पावलले भन्न खोजेको कुरा यो होः नैतिक हिसाबले ख्रीष्ट-विश्वासीका निम्ति दुवै कुरामा भाग लिनु असम्भव छ। एकपट्टि, 'प्रभु येशूप्रति मेरो निष्ठाभक्ति छ' भन्ने कुरा स्वीकार गर्नु र अर्को पट्टि, गएर तिनीहरूसित सङ्गति गर्नु, जसले मूर्तिहरूलाई बलि चढ़ाउँछन्; यो त प्रभु येशूसित विश्वासघात गर्नु र धोकेबाज गर्नु हो। नैतिक हिसाबले यो कुरा पूरापूर गलत हो, बिलकुलै असङ्गत र सरासर अनुचित हो।

**१ कोरिन्थी १०:२२:** नैतिक हिसाबले दुवै प्रभुको टेबल र दुष्ट आत्माहरूको टेबलमा भाग लिनु असम्भव छ; यति मात्र होइन, तर यसरी

हामी अवश्य प्रभुमा डाहा र जलन पैदा गर्छौं। यस विषयमा श्री विलियम केल्लीले यसो भनेका छन्ः

> 'प्रभुको प्रेमको माग हाम्रो अखण्ड माया हो; उहाँबाट भड्किजाने मनले उहाँमा डाहा पैदा गर्छ-गर्छ; किनभने हाम्रो अविश्वास र विश्वासघातमा दुःखित नहुने प्रेम प्रेमै होइन।' 35)

ख्रीष्ट-विश्वासी यसो गरेर कतै प्रभु येशूलाई दुःखित पार्छु कि अथवा उहाँमा धर्मी क्रोध पैदा गर्छु कि भन्नेदेखि डराउनुपर्छ। के हामी आफ्ना आँखामा उहाँभन्दा बलिया छौं? के हामीमा उहाँलाई शोकित पार्ने हिम्मत छ? के हामी आफूमाथि उहाँको ताड़नाको छड़ी निम्त्याउने साहस गर्छौं? हामी यस प्रकारको दुःसाहस नगरौं!

**१ कोरिन्थी १०ः२३ः** यति भनेपछि प्रेरित पावलले मूर्तिको नाममा आयोजित भोजहरूमा भाग लिने कुरा छाड्छन्, र ख्रीष्ट-विश्वासीहरूको दैनिक जीवन परिचालन गर्नुपर्ने केही सर्वमान्य नियमहरू पेश गर्छन्। जब तिनले *'सबै कुराहरू मेरा निम्ति उचित छन्'* भनेर भन्छन्, तब हामीले भएभरका सबै कुराहरू होइन, तर यस भनाइमा एउटा सीमा छ भन्ने कुरा आफूले बुझ्नुपर्छ। किनभने तिनका निम्ति हत्या गर्नु वा मात्नु कुनै हालतमा पनि उचित हुनेथिएन। सबै कुराहरू भन्नमा यस्ता कुराहरू मात्र समावेश हुन्छन्, जुन कुराहरू नैतिक हिसाबले न असल, न खराब हुन्छन्। किनभने ख्रीष्टीय जीवनमा धेरै कुराहरू छन्, जुन कुराहरू मनाही गरिएका छैनन्, तरै पनि ती कुराहरूमा लाग्न ख्रीष्ट-विश्वासीका निम्ति न्यायसँगत छैन। यसकारण पावलले यसमा थपेर भन्छन्ः *'सबै कुराहरू मेरा निम्ति उचित त छन्, तर सबै कुराहरूले उन्नति गर्दैनन्।'* यस्तो एउटा कामकुरा छ, जुन कामकुरा ख्रीष्ट-विश्वासीका निम्ति न्यायोचित होला, तर जुन कामकुरा ऊ बसोबास गरेको ठाउँका मानिसहरूको जातीय दस्तुरसित मिल्दैन, यस्तो कामकुरा गर्नु बुद्धिमान् काम होइन। यस प्रकारले अरू उचित देखिने कुराहरू थुप्रै छन्, जसबाट कसैलाई कुनै फाइदा हुँदैन, जसबाट कसैका निम्ति कुनै उन्नति पनि हुँदैन। यसकारण हामीले आफूलाई सधैं सोध्नुपर्छः के यस कामकुराले मेरा भाइबहिनीहरूलाई परम पवित्र विश्वासको सम्बन्धमा उन्नति गर्छ कि गर्दैन? के हामी

स्वेच्छाचारी भएर आफ्ना अधिकारहरू पूरा गर्ने माग गरौं ? अथवा के हामी बरु ख्रीष्ट येशूमा मेरा भाइबहिनीहरूलाई सहायता गर्ने कुराहरू विचार गर्नुपर्दैन र ?

**१ कोरिन्थी १०ः२४ः** दैनिक जीवनमा हामीले सधैं कुनै न कुनै निर्णय लिनुपर्छ। आफ्ना यी निर्णयहरू गर्दा हामीले आफ्नो स्वार्थलाभ खोज्नु-हुँदैन, हाम्रो मात्र भलाइ विचार्नुहुँदैन, तर हरेक कुरामा हाम्रो छिमेकीको भलाइको खोजी गरेको-नगरेको चिन्ता गर्नुपर्छ। हामीले यस खण्डमा अध्ययन गरेका नियमहरू हाम्रो पहिरनमा, हाम्रो खानपानमा, हाम्रो जीवन-शैली र स्तरमा अनि हाम्रा मनोरञ्जनका कुराहरूमा लागू हुन्छन् र हामीले यो नियम यी कुराहरूमा लागू गराउनुपर्छ।

**१ कोरिन्थी १०ः२५ः** मासु-बजारको कुरा होः कुनै ख्रीष्ट-विश्वासी मासु किन्न जान्छ। त्यस बेलामा उसले पसलेलाई 'के यो मासु मूर्तिहरूलाई चढ़ाइएको बलिको मासु हो' भनेर सोध्नु दरकार छैन नि ! किनभने त्यो मासु जसो भए पनि मासु नै रहन्छ। त्यसमा असल-खराबको कुनै हेरफेर हुँदैन। यस कुरामा ख्रीष्ट येशूप्रतिको भक्तिको सवाल पनि हुँदैन।

**१ कोरिन्थी १०ः२६ः** पावलले दिएको स्पष्टीकरण भजन २४ः१ पदबाट भएको हो, जहाँ यसो लेखिएको छः *'पृथ्वी र त्यसको भरपूरी परमप्रभुकै हुन् ।'* यसको तर्कको फल यस प्रकारको छः जुन खानेकुराहरू हामी खाने गर्छौं, ती खानेकुराहरू उहाँको निगाहमा हाम्रा निम्ति गरिएको परमप्रभुको प्रबन्ध हुन्। ती खानेकुराहरू हाम्रै निम्ति सृष्टि गरिएका हुन्। यस सम्बन्धमा श्री चोर्च हैनरिकीले के भनेका छन् भने, यहूदीहरूले खाना खाने बेलामा भजन चौबीस अध्यायका यी शब्दहरू उच्चारण भोजनका निम्ति धन्यवाद चढ़ाउने गर्थे।

**१ कोरिन्थी १०ः२७ः** अबचाहिँ पावल अर्को परिस्थितिको विषयमा कुरा गर्छन्, जसको बारेमा ख्रीष्ट-विश्वासीहरू दोधारमा परिरहेका थिए। *'विश्वास नगर्नेहरूमध्ये कसैले तिमीहरूलाई निम्तो गर्‍यो भने'* के गर्ने ? के ख्रीष्ट-विश्वासीले यस प्रकारको निम्तो स्वीकार गर्नु हुन्छ त ? हो, उसलाई जाने इच्छा भए उसले त्यो निम्तो स्विकार्न सक्छ। उसको सामु जे

राखिन्छ, त्यसको बारेमा उसले केही पनि सोधपुछ गर्नुपर्दैन, संकोच नमानी उसले त्यस भोजनका सबै खानेकुरा खान सक्छ।

**१ कोरिन्थी १०:२८:** तर हुन सक्छ, त्यहाँ अर्को विश्वासी पनि उपस्थित छ होला, जसको विवेक कमजोर छ; अनि यसले भन्ला: *'यो त मूर्तिहरूलाई बलि चढ़ाइएको चीज हो !'* यस परिस्थितिमा हामी के गरौं ? खाऔं कि नखाऔं ? पावलले यस परिस्थितिमा हामीलाई नखाने आज्ञा दिन्छन्। होशियार, यहाँ विवेकको एउटा सवाल छ है ! किनभने यो भोजन खाएर हामी कमजोर भाइलाई ठेस खुवाउँछौं र उसको विवेकमा चोट पुर्‍याउँछौं। अनि यस भोजनमा भाग लिएर त्यस कुराले कुनै विश्वास नगर्ने मानिसलाई प्रभु येशूलाई ग्रहण गर्नुमा बाधा पार्ला; हामीले खान नहुने अर्को कारण यही हो। अनि यस पदको अन्तमा फेरि भजन २४:१ पदका शब्दहरू उद्धृत गरिएका छन्: *'पृथ्वी र त्यसको भरपूरी परमप्रभुकै हुन्।'* 36)

**१ कोरिन्थी १०:२९:** उक्त परिस्थितिमा हामीले आफ्नो विवेकको खातिर यो भोजन नखाने होइनौं। किनभने यस विषयमा हाम्रो विवेक सफा छ, अनि ख्रीष्टमा हामीलाई खाने स्वतन्त्रता पनि छ। तर हाम्रो छेउमा कुनै कमजोर भाइ छ, अनि उसको विवेकले उसलाई यसो गर्न दिँदैन। यसकारण उसको विवेकको कारणले हामीले आफूलाई रोक्नुपर्छ र खानुहुँदैन।

*'तब मेरो स्वतन्त्रता अर्को मानिसको विवेकद्वारा किन जाँचिन्छ त ?'* भन्ने प्रश्न छ। यस प्रश्नको भावानुवाद हामीले यहाँ यस प्रकारले दिन्छौं: 'त्यो मासु खाने मेरो स्वतन्त्रता छँदै मैले कसरी आफ्नो स्वार्थ पूरा गरूँ र यसो गरेर मेरो भाइको विवेकमा दोषी ठहरिऊँ ? मेरो स्वतन्त्रता उसको विवेकको जाँचमा पास हुँदैन भने म यसमा कसरी अघि बढूँ ? मेरो भलाइको निन्दा किन गर्न दिऊँ ?' (तपाईंले रोमी १४:१६ पद हेर्नुहोला !)

एक चोक्टा मासुको महत्त्व कति छ ? ख्रीष्ट येशूमा मेरो भाइबहिनीका निम्ति ठेसको कारण तुल्याउन त्यो कति लायकको छ ? तर धेरै टिप्पणीकारहरूले आफ्ना व्याख्याअनुसार पावलले सोधेको यस प्रश्नमा कोरिन्थका विश्वासीहरूले आफ्नो आपत्ति प्रकट गरेको कुरा

देख्छन् । अरूले यो प्रश्न भाषणगत प्रश्नको रूपमा हेर्छन्, जुन प्रश्नको उत्तर तिनले निम्न पदहरूमा दिन लागेका छन् ।

**१ कोरिन्थी १०ः३०ः** एकतिर, त्यस खानेकुराका निम्ति परमेश्वरलाई धन्यवाद चढ़ाउनु र अर्कोतिर त्यो खानेकुरा खाएरै आफ्नो भाइको विवेकमा चोट पुऱ्याउनु – यी कुराहरू आपसमा मिल्दै-मिल्दैनन् । जुन कुराका निम्ति हामी परमेश्वरलाई धन्यवाद चढ़ाउँछौं, त्यही कुराको खातिर अरू मानिसहरूलाई हाम्रो बदनाम किन गर्न दिऔं ! बरु यसमा आफ्नो न्यायसँगत अधिकारबाट हट्नु हाम्रा निम्ति उचित छ । श्री विलियम केल्लीले टिप्पणी गरेर यसो भनेका छन्ः

> 'कुनै कुराको सम्बन्धमा आफ्नो स्वतन्त्रता लिएको कारणले हामी आफू दोषी ठहरिनुभन्दा अथवा जुन कुराका निम्ति हामी परमेश्वरलाई धन्यवाद चढ़ाउँछौं, त्यस कुराको सम्बन्धमा अरूको सामु निन्दाको पात्र बन्नुभन्दा बरु आफूलाई इन्कार गरेर आफ्नो स्वतन्त्रता निन्दाको कारण हुन नदिनु उत्तम हो ।'

हाम्रो स्वतन्त्रताको दुरुपयोग अरूका निम्ति ठक्करको कारण किन बन्न दिने ? जुन कुराका निम्ति हामीले धन्यवाद दिएका छौं, त्यस कुराको विषयमा अरू मानिसहरूले किन गलत अर्थ बुझून् ? यसद्वारा हामी खराब चरित्र भएको, समाजको कलङ्क भएको, धर्मविरोधी भएको नाम किन कमाऔं ?

**१ कोरिन्थी १०ः३१ः** ख्रीष्टीय जीवनको सम्बन्धमा दुईवटा महान् नियमहरू छन्ः परमेश्वरको महिमा गर्नु र अरू मानिसहरूको भलाइको खोजी गर्नु । पावलले पहिलो नियम यस प्रकारले प्रस्तुत गर्छन्ः *'यसकारण चाहे तिमीहरू खाओ, चाहे पिओ, चाहे तिमीहरू जेसुकै गर, सबै कुराहरू परमेश्वरकै महिमाका निम्ति गर !'* विशेष हाम्रा विश्वासी भाइबहिनीहरूले घरीघरी आफ्नो जीवनमा केही निर्णय लिनुपरेको छ । यसो गरे ठीक हुन्छ कि, उसो गरे ठीक हुन्छ कि ? कुन बाटोमा लाग्ने हो ? कुन कुरा गर्ने हो ? यस सम्बन्धमा तिनीहरूका निम्ति छान्नुपर्ने कुराहरू धेरै छन् । यसमा एउटै नियमले तिनीहरूलाई खूबै मद्दत गर्छः 'के यसद्वारा परमेश्वरको महिमा बढ्छ त ? के कुनै कुरामा भाग लिनुभन्दा अघि आफ्नो शिर झुकाउन र

आफूले गर्न लागेको कुराबाट "हे प्रभु, तपाईंको महिमा भएको होस्" भनेर उहाँलाई विन्ती गर्न सकिन्छ कि सकिँदैन ?'

**१ कोरिन्थी १०:३२:** दोस्रो महान् नियम अरू मानिसहरूको भलाइको खोजी गर्नु हो। हामीले कसैलाई ठेस खुवाउनुहुँदैन, *'न यहूदीहरूलाई, न ग्रीकहरूलाई, न ता परमेश्वरको मण्डलीलाई ।'* पावलले यहाँ मानव-जातिका सबै मानिसहरूलाई तीनवटा भागमा विभाजन गरेका छन् । यहूदीहरू इस्राएली जाति भइहाले; अनि ग्रीकहरू अन्यजातिहरू हुन् भने परमेश्वरको मण्डलीले चाहिँ साँचो तवरले प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्नेहरू सबैलाई समावेश गर्छ, चाहे तिनीहरूको भूमिका यहूदी वा अन्यजातिहरू किन नहोस् । हुन त हामीले मानिसहरूको सामु विश्वासयोग्यतासाथ प्रभुको साक्षी दिन्छौं भने तिनीहरू यसमा ठेस खानु स्वभाविक कुरा हो । यसमा तिनीहरूको रिस उठिहाल्छ । तर यसको कुरा यहाँ गरिएको छैन । प्रेरित पावलले यहाँ बिनसित्ति अरू मानिसहरूका निम्ति ठेसको कारण बनेको कुरा पो गरेका छन् । हामीले आफ्ना अधिकारहरू पाउनुपर्ने कुरामा जिद्दी गर्नुहुँदैन, बरु त्यसमा लगाम लगाउनैपर्छ; नत्र ता हामी अरूलाई ठेस र ठक्कर खुवाउन पुग्छौं-पुग्छौं । पावलले हामीलाई यसको विषयमा होशियार गराउन खोजेका छन् ।

**१ कोरिन्थी १०:३३:** तिनले आफ्नो विषयमा इमानदारपूर्वक भन्न सकेका छन्: *'म पनि आफ्नै फाइदा खोज्दिनँ, तर धेरैजनाको फाइदा खोज्दै सबै मानिसहरूलाई सबै कुरामा खुशी राख्दछु ।'* हामीलाई के लाग्छ भने, प्रेरित पावलजस्तै निस्वार्थसाथ अरू मानिसहरूका निम्ति जिइरहेका मानिसहरू थोरै होलान् । यसो गर्नमा तिनी एक शूरवीर थिए ।

**१ कोरिन्थी ११:१:** यो पद दस अध्यायसित जोड्नु हामीलाई उचित लागेको छ; किनकि त्यस अध्यायसँग यहाँको पदको प्रसङ्ग मिलेको छ । अरू मानिसहरूमाथि तिनको एक-एक कामकुराको प्रभाव केकस्तो हुन्छ, त्यस सम्बन्धमा तिनले कसरी आफ्ना सबै कामकुराहरूको नापजोख गर्थे, सो कुरा बताएर पावलले भर्खरै आफ्नो उदाहरण दिए । अनि अब तिनले कोरिन्थका विश्वासीहरूलाई यसो भन्दै आज्ञा गर्छन्: *'जसरी म ख्रीष्टको देखासिकी गर्छु, त्यसरी नै तिमीहरू पनि मेरो देखासिकी गर !'* तिनले

आफ्ना फाइदा हुने कुराहरू र आफ्ना अधिकारहरू त्यागेर आफ्नो वरिपरि भएका मानिसहरूको सहायता गर्थे। अनि कोरिन्थका विश्वासीहरूले यसमा तिनको देखासिकी गर्नु थियो। उनीहरूले स्वार्थी भई आफ्ना स्वतन्त्रताहरू के-कस्ता छन्, सो ठाँटसँग प्रदर्शन गर्नुको सट्टामा बरु ख्रीष्ट येशूको सुसमाचारको वृद्धि गर्ने कुराहरू खोज्नुपर्थ्यो र कुनै हालतमा पनि कमजोर भाइबहिनीहरूलाई ठेस खुवाउनुहुँदैनथियो।

## ग) १ कोरिन्थी ११ः२-१६ः स्त्रीहरूको शिर ढाक्ने विषयमा सोधिएको प्रश्नको उत्तर

एघार अध्यायको पहिलो भागमा स्त्रीहरूको शिर ढाक्ने विषयमा ध्यान दिइन्छ (१ कोरिन्थी ११ः२-१६) भने त्यस अध्यायको बाँकी भाग प्रभुभोजको सम्बन्धमा विश्वासीहरूका दुराचरणहरूको विषयमा लेखिएको हो (१ कोरिन्थी ११ः१७-३४)। यस अध्यायको पहिलो भागको शिक्षा ठूलो विवादास्पदको विषय बनेको छ। कतिजनाको विचारअनुसार यहाँ प्रस्तुत गरिएको शिक्षा केवल पावलको समयमा लागू हुन्थ्यो अरे। अनि अरू मानिसहरू आफ्नो धारणासित हददेखि बाहिर जान्छन्, र यी पदहरूमा स्त्री जातिको विरोधमा पावलको पक्षपात भएको प्रमाण देख्न खोजिरहेका छन्। किनभने तिनी अविवाहित थिए। अनि फेरि अरूले यस खण्डको शिक्षा स्वीकार गर्छन् र यहाँ प्रस्तुत गरिएका सबै नियमहरू नबुझे तापनि तिनलाई पालन गर्न खोज्छन्।

**१ कोरिन्थी ११ः२ः** पहिले प्रेरित पावलले कोरिन्थका विश्वासीहरूको प्रशंसा गर्छन्; किनभने उनीहरूले सबै कुराहरूमा तिनको सम्झना गरेका थिए र तिनले उनीहरूलाई सुम्पेका रीतिहरू पालन गर्दै आएका थिए। पावलले उनीहरूलाई सुम्पेका रीतिहरू हामीले कसरी बुझ्नुपर्छ? यी रीतिहरूमा हामीले पुस्तौं र वर्षौंदेखि मण्डलीमा चल्दै गरिएका प्रथाहरू र चालचलनहरू होइन, तर प्रेरित पावलले आत्माको प्रेरणाद्वारा कोरिन्थका विश्वासीहरूलाई नै आज्ञा गरेका आदेशहरू बुझ्नुपर्छ।

**१ कोरिन्थी ११ः३ः** पावलले यहाँबाट स्त्रीहरूले शिरमा लाउनुपर्ने ओढ्नेहरूको विषयको परिचय दिन थाल्छन्। अनि हरेक नियमबद्ध

समाज दुईवटा खाँबाहरूमाथि बसालिएको छः एक, शासन-अधिकारमाथि र दुई, त्यो शासनको अधिकार स्वीकार गर्ने अधीनतामाथि; तिनको शिक्षाको सन्दर्भ यो हो। जहाँ यी दुईवटा नियमहरू कायम राखिँदैनन्, त्यहाँ कुनै सुव्यवास्थित समाज बन्दैन। शासन-अधिकार र त्यो अधिकार स्वीकार गर्ने अधीनताको बीचमा तीनवाट महान् सम्बन्धहरू छन्, जसको जानकारी पावलले हामीलाई यहाँ दिएका छन्ः एक, हरेक पुरुषको शिर ख्रीष्ट हुनुहुन्छ; ख्रीष्ट येशू प्रभु हुनुहुन्छ, र हरेक पुरुष उहाँको अधीनतामा बस्नुपर्छ। दुई, स्त्रीको शिर पुरुष हो; शिर हुने अधिकार पुरुषलाई दिइएको छ, अनि स्त्री पुरुषको अधिकारमनि बस्नुपर्छ। तीन, ख्रीष्टको शिर परमेश्वर हुनुहुन्छ; परमेश्वरत्वमा पनि पिताको अधिकार हुन्छ र पुत्रले आफूलाई खुशीसाथ उहाँको अधीनतामा सुम्पनुहुन्छ। शिर हुने अधिकार र त्यो अधिकार स्वीकार गर्ने अधीनताको सम्बन्धमा दिइएका यी तीनवटा उदाहरणहरू परमेश्वरका रचनाहरू हुन्। उहाँको सृष्टि सुव्यवस्थित हुनुमा ती तीनवटा सम्बन्धहरू आधारभूत छन्।

अनि शुरुमा हामी यो कुरा पनि भनिहालौंः अधीनता कमजोरता होइन। ख्रीष्ट येशू परमेश्वर पिताको अधीनतामा हुनुहुन्छ; तर परमेश्वरको पुत्र कुनै कुरामा पिताभन्दा कम हुनुहुन्न। ठीक त्यस्तै पुरुषको अधीनतामा रहने स्त्री कुनै कुरामा पनि पुरुषभन्दा कम हुँदिन।

**१ कोरिन्थी ११ः४ः** *‘आफ्नो शिर ढाकेर प्रार्थना वा भविष्यवाणी गर्ने हरेक पुरुषले आफ्नो शिरको अनादर गर्छ।’* शिर ढाक्ने पुरुषले ख्रीष्टको अनादर गर्छ। यस भनाइको तात्पर्य यो होः शिर ढाक्ने पुरुषले आफूमाथि ख्रीष्ट येशूलाई शिरको रूपमा अस्वीकार गर्छ। त्यो ठूलो अपमान हो।

**१ कोरिन्थी ११ः५ः** *‘तर आफ्नो शिर नढाकीकन प्रार्थना वा भविष्यवाणी गर्ने हरेक स्त्रीले आफ्नो शिरको अनादर गर्छे।’* उसको शिरचाहिँ पुरुष हो, जसलाई उसले यसरी अनादर गर्छे। उसको यस कारवाहीको तात्पर्य यो होः ‘म कुनै पुरुषलाई परमेश्वरले ममाथि राख्नुभएको शिरको रूपमा स्वीकार गर्दिनँ; म पुरुषको अधीनतामा बस्दिनँ’ भनेर स्त्रीले भनेकी हो।

यस विषयमा १ कोरिन्थी ११:५ पद पवित्र बाइबलको एकमात्र पद भएको भए मण्डली-सभामा 37) स्त्रीले आफ्नो शिर घुम्टो हालेकी वा अरू कुनै ओढ्ने ढाकेकी छे भने प्रार्थना गर्न र भविष्यवाणी गर्न पाउँदो रहेछ भन्ने कुरा बुझ्नु ठीक हुनेथियो। तर अरू ठाउँहरूमा पावलले के सिकाउँछन् भने, मण्डली-सभामा स्त्रीहरू चुप रहनुपर्छ (१ कोरिन्थी १४:३४); तिनीहरूलाई शिक्षा दिने र पुरुषमाथि अधिकार जमाउने अनुमति दिइएको छैन, तर तिनीहरू चुपचाप बस्नुपर्छ (१ तिमोथी २:१२)।

यस खण्डमा मण्डली-सभाहरूको सन्दर्भ १ कोरिन्थी ११:१७ पदसम्म पाइँदैन। यसकारण शिर ढाक्ने सम्बन्धमा दिइएका आदेशहरू केवल मण्डली-सभाहरूमा सीमित राख्नुहुँदैन। स्त्री जातिले प्रार्थना गर्दा वा भविष्यवाणी गर्दा जहिले पनि आफ्नो शिर ढाक्नैपर्छ। १ तिमोथी २:८ पदअनुसार पुरुषहरूले सभाहरूमा खुल्लमखुल्ला प्रार्थना गर्नेछन्। तिनीहरूलाई नै यो जिम्मेवारी दिइएको छ। स्त्रीले मण्डली-सभा छोड़ेर अरू जुनै बेलामा प्रार्थना गर्न सक्छे, सोर खोलेर वा नखोलेर। अनि भविष्यवाणीको विषयमा केकसो? जब उसले अरू स्त्रीहरूलाई शिक्षा दिन्छे (तीतस २:३-५) र नानीहरूलाई सण्डे-स्कूलमा सिकाउँछे, तब उसले भविष्यवाणी गर्छे।

**१ कोरिन्थी ११:६:** *'स्त्री ढाकिएन भने उसको केश पनि कत्रियोस्। तर केश कत्राइनु वा खौराइनु स्त्रीका निम्ति शर्मको कुरा हो भने ऊ ढाकियोस्!'* स्त्रीको शिर नढाकिनु शर्मको कुरा हो, कत्रिएको वा खौरिएको, मुडुलो पारिएको अवस्थासित बराबर हो। प्रेरित पावलले 'हजामलाई बोलाइयोस् र त्यसले उसको कपाल काटोस्' भन्ने आदेश दिएका होइनन्, तर यो आज्ञा नमान्ने स्त्री जातिले नैतिक हिसाबले खास गर्नुपर्ने बाध्यता के हो, सो देखाएका छन्।

**१ कोरिन्थी ११:७:** अबका चार पदहरूमा पावलले स्त्री जाति पुरुषको अधीनतामा बस्नुपर्ने शिक्षा उत्पत्तिदेखिको कुरा हो भनेर पुष्टि गर्छन्। तब स्त्रीहरूको शिर ढाक्ने शिक्षा पावलको जमानामा सुहाउँदो थियो होला, तर वर्तमान समयमा हाम्रा निम्ति उपयोगी हुँदैन भन्ने तर्क

सधैंका निम्ति बिदा दिनुपर्लो। किनभने सृष्टिको शुरुदेखि नै परमेश्वरको प्रबन्धअनुसार पुरुषको शिर हुने अधिकार र स्त्रीले उसको अधिकार स्वीकार गर्ने अधीनता उहाँद्वारा ठहराइएको नियम हो।

पहिले, पुरुष परमेश्वरको प्रतिरूप र उहाँको महिमा हो। तर स्त्रीचाहिँ पुरुषको महिमा हो। पुरुष परमेश्वरको प्रतिनिधिको रूपमा यस पृथ्वीमा राखिएको थियो, र उसले पृथ्वीमाथि आफ्नो अधिकार जमाएको थियो। अनि पुरुषको नढाकिएको शिर यस तथ्यको मौन साक्षी हो। तर स्त्री जातिलाई यस प्रकारको शिर हुने अधिकार कहिल्यै दिइएको छैन। किनकि ऊचाहिँ पुरुषको महिमा हो। श्री डब्ल्यू. ए. वाइनले व्यक्त गरेअनुसार 'अरूले देख्ने गरी उसले पुरुषको अधिकार स्वीकार गर्छे।' **38)**

प्रार्थना गर्दा पुरुषले साँच्चै आफ्नो शिर ढाक्नुहुँदैन। यसो गरेर उसले परमेश्वरको महिमामा किन घुम्टो हाल्ने? उसले महामहिमको अपमान किन गर्ने?

**१ कोरिन्थी ११:८:** पावलको दोस्रो कुरा यस प्रकारको छः पुरुष स्त्रीबाट सृष्टि गरिएको होइन, तर स्त्रीचाहिँ पुरुषबाट सृष्टि गरिएकी हो। पुरुष पहिले थियो, त्यसपछि स्त्री बन्यो, पुरुषको करङबाट। पुरुष सृष्टिमा पहिलो थियो; यस तथ्यले पुरुषको शिर हुने अधिकार सुदृढ़ पार्छ। प्रेरित पावलको तर्क बलियो छ।

**१ कोरिन्थी ११:९:** अब आयोः मानिसको सृष्टिमा परमेश्वरको उद्देश्य के थियो? पावलले आफ्नो कुरा कस्छन्, जब तिनले भन्छन्ः *'पुरुष स्त्रीका निम्ति सृष्टि गरिएको होइन, तर स्त्री पुरुषका निम्ति सृष्टि गरिएकी हो।'* उत्पत्ति २:१८ पदमा परमप्रभु परमेश्वरले सफासँग भन्नुभयोः *'मानिस एकलो रहनु असल होइन; तिनका निम्ति म तिनीसँग मेल खाने एउटी सहयोगी बनाउनेछु।'*

**१ कोरिन्थी ११:१०:** *'यही कारणले स्त्रीको शिरमाथि यो अधिकारको चिन्ह हुनुपर्छ।'* पुरुषकी सहयोगी भएको नाताले स्त्री जातिलाई अधिकारको एउटा चिन्ह चाहिन्छ। अनि यो अधिकारको चिन्हचाहिँ उसको शिर ढकाइ हो। स्त्रीको शिर ढकाइचाहिँ उससँग अधिकार छ भन्ने कुरा होइन, तर ऊ आफ्नो पतिको अधिकारमनि छे भन्ने कुरा स्पष्ट पार्ने चिन्ह हो।

तर पावलले यहाँ, यस ठाउँमा स्वर्गदूतहरूको कुरा किन हाल्छन्? यस विषयमा हाम्रो सुझाउ यस प्रकारको छः उत्पत्तिको बेलामा स्वर्गदूतहरू सृष्टिको रचनाका दर्शकहरू थिए भने, तिनीहरूले वर्तमान समयमा पनि पृथ्वीमा भइरहेका कुराहरू हेरिरहेका हुन्छन्। तिनीहरूले देखे, कि सृष्टिको शुरुमा स्त्रीले कसरी पुरुषको अधिकार हड़प गरी, जब आदमले गर्नुपर्ने निर्णय उसले गरिहाली। फलस्वरूप पापले मानिस-जातिमा प्रवेश गर्‍यो, र त्यसको नमीठो प्रभाव हामी सबैजनाले भोगिरहेका छौं; कति दुःखकष्टहरू, कति शोकचिन्ताहरू मानिसले सहनुपरेको छ! जुन कुरा पुरानो सृष्टिमा भइहाल्यो, त्यो कुरा फेरि पनि नयाँ सृष्टिमाथि आइपरेको परमेश्वरले चाहनुभएन। जब स्वर्गदूतहरू स्वर्गबाट तल हेर्छन्, तब तिनीहरूले स्त्री जातिलाई पुरुषको अधीनतामा बसेको देख्न पाऊन् भन्ने परमेश्वरको चाहना र इच्छा छ। अनि स्त्रीको शिरमाथिको ढकाइले यो कुरा देखाउने बाहिरी चिन्हको काम गर्छ।

हामी एकक्षण बिसाऔं, र याद राखौंः शिरको ढकाइ बाहिरको चिन्ह मात्र हो, अनि यसको महत्त्व तब हुन्छ, जब भित्री मनको शोभाले यस बाहिरी चिन्हलाई साथ दिन्छ। अर्को शब्दमा भनौंः सम्भव छ, कि कुनै स्त्रीले आफ्नो शिर ढाकेकी हुन्छे, तर आफ्नो पतिको अधीनतामा बस्दिन। यस अवस्थामा शिर ढाक्नु के काम? यसको मूल्य शुन्य हो। यसकारण यस सम्बन्धमा सबैभन्दा महत्त्वपूर्ण कुरा के हो भने, स्त्रीको हृदयले पतिको शिर हुने अधिकार पूरा स्वीकार गरोस् र आफूलाई खुशीसाथ उसको अधीनतामा सुम्पिदेओस्! तब वास्तवमा स्त्रीको शिरमाथि घुम्टो हालिएको कुरामा अर्थ हुन्छ।

**१ कोरिन्थी ११ः११ः** पावलले यो विषय सन्तुलनमा राखेर के भन्छन् भने, *'तर प्रभुमा न पुरुष स्त्रीविना हुन्छ, न स्त्री पुरुषविना हुन्छे।'* पुरुष र स्त्री एक-अर्कामाथि निर्भर गर्छन् – यस वाक्यको अर्थ यो भएको हुनुपर्छ। तिनीहरूलाई एक-अर्काको सहायताको खाँचो पर्छ। स्त्री पुरुषको अधीनतामा बस्नुपर्ने कुरा अनि पुरुष र स्त्रीलाई एक-अर्कोमाथि निर्भर रहेको कुरा आपसमा मेल खान्छन्। यसमा मेल नखाने कुनै कुरा छैन।

**१ कोरिन्थी ११ः१२ः** सृष्टिको कुरा होः स्त्री पुरुषबाट आएकी हो; किनभने हव्वा आदमको करङबाट बनिएकी हो। तर तुरुन्तै पावल यो कुरा पनि थपेर यस विषयमा सन्तुलन ल्याउँछन्ः *'ठीक त्यसरी नै पुरुष स्त्रीद्वारा नै हो।'* किनभने हरेक पुरुषको जन्म स्त्रीद्वारा हुन्छ। स्त्रीले नर बालकलाई जन्म दिन्छे। यसरी नै परमेश्वरले आफ्नो सृष्टिको बीचमा पूर्णतः सन्तुलन राख्नुभएको छः पुरुष स्त्रीविना बाँच्न सक्दैन र स्त्री पुरुषविना बाँच्न सक्दिन।

*'सबै कुराहरू परमेश्वरबाट भएका हुन्छन्।'* यी सबै कुराहरू परमेश्वरले निर्धारित गर्नुभयो; यसकारण यसको विषयमा गनगनाउनलाई कुनै ठाउँ रहेन। पुरुष-स्त्रीको सृष्टि र तिनीहरूको बीचका सम्बन्धहरू परमेश्वरको काम हुन्; यति मात्र होइन, तर यी सबै कुराहरूद्वारा परमेश्वरको महिमा हुनुपर्छ। यस सम्बन्धमा पुरुष नम्र हुनु असल र स्त्री सन्तुष्ट रहनु उचित हो।

**१ कोरिन्थी ११ः१३ः** अब कोरिन्थीहरूको पालो आयोः उनीहरूले यो कुरा जाँच्नु थियो। पावलले उनीहरूलाई यो जिम्मा सुम्पन्छन्ः *'के शिर नढाकीकन परमेश्वरलाई प्रार्थना गर्नु स्त्रीलाई सुहाउँछ ?'* तिनले यो निर्णय उनीहरूको सहज-समझशक्तिको सामु राखिछोड्छन्। परमेश्वरको उपस्थितिमा स्त्री जातिलाई शिर नढाकीकन जानु अलिकति पनि सुहाउँदैन, त्यसमा न उसको शोभा छ, न परमेश्वरको आदर हुन्छ।

**१ कोरिन्थी ११ः१४ः** प्रकृतिले हामीलाई सिकाएको कुरा होः *'पुरुषले लामो केश राख्यो भने त्यो उसका निम्ति शर्मको कुरा हो।'* यो एक रहस्यमय कुरा हो। तर कतिको सुझाउअनुसार स्त्रीको केशको लामो चुल्ठी हुन्छ, तर पुरुषको केश प्रायः आफैआफ त्यत्ति लामो हुन सक्दैन। पुरुषको लामो केशले उसलाई पुरुष होइन, तर उसलाई स्त्रीजस्तै तुल्याउँछ। अनि प्रायः सबै जातिका पुरुषहरूको कपाल छोटो हुन्छ, नभए स्त्रीहरूको कपालभन्दा छोटो हुन्छ।

**१ कोरिन्थी ११ः१५ः** यस पदको अर्थ धेरैजनाले बुझ्नेनन्। *'स्त्रीको केश उसलाई घुम्टोको लागि दिइएको हो'* भन्ने वाक्यबाट कुन अर्थ लगाइयो भने, केश नै घुम्टो हो भने अर्को घुम्टो किन चाहियो त ? तर यस

प्रकारको शिक्षाले परमेश्वरको वचनको यस खण्डसित ठूलो त्रुटि गरेको हुन्छ। किनभने जबसम्म यस अध्यायमा दुई प्रकारका शिर ढाक्ने कुराहरू उल्लेख गरिएका छन् भन्ने कुरा मानिसले देख्दैन, तबसम्म यस खण्डको अर्थमा ठूलो गड़बड़ी हुन्छ। छ पदबाट हामी यस प्रकारको त्रुटि प्रमाणित गर्न सक्छौं, जहाँ यसो लेखिएको छः *'स्त्री ढाकिएन भने उसको केश पनि कत्रियोस्।'* माथि उल्लेख गरिएको गलत अर्थमा यस पदको मतलब यस्तो हुन्छः कुनै स्त्रीको शिरमा केश छैन भने उसको कपाल कत्रियोस् वा खौरियोस्! तर यो कुरा हाँसोलाग्दो हुन्छः केश नभएकी स्त्रीको कपाल कसरी कत्रन वा खौरन सकिन्छ? मलाई भन्नुहोस्!

पन्ध्र पदको खास कुरा यसैमा छः प्रकृति र आत्मिक क्षेत्रको बीचमा उस्तै-उस्तै कुरा छ। परमेश्वरले सृष्टिमा स्त्री जातिलाई उसको शिर ढाक्ने महिमा र शोभा दिनुभएको छ, जुन महिमा र शोभा उहाँले पुरुषलाई दिनुभएन। अनि यसमा आत्मिक अर्थ छ, जुन अर्थअनुसार यसको शिक्षा यस प्रकारको छः जब कुनै स्त्रीले परमेश्वरलाई प्रार्थना गर्छे, तब उसको शिरमाथि एउटा ढाक्ने वस्तु हुनुपर्छ। जुन कुरा प्रकृतिमा सत्य हुन्छ, त्यो कुरा आत्मिक क्षेत्रमा पनि लागू हुन्छ।

**१ कोरिन्थी ११:१६:** यस खण्डको अन्तमा प्रेरित पावलले निम्न वचन छोड्छन्: *'तर कसैले विवाद गर्न चाहन्छ भने उसलाई थाहा होस्, कि हाम्रो यस्तो चलनै छैन, न ता परमेश्वरका मण्डलीहरूमा यस्तो चलन नै छ।'* यस वाक्यद्वारा पावलले यहाँ प्रस्तुत गरिएका कुराहरूको महत्त्व तिनको विषयमा वादविवाद गर्न र तिनको पक्षमा लड्न लायकको हुँदैन भन्न खोजेका होइनन्। यहाँबाट मण्डलीहरूमा स्त्रीहरूको शिर ढाक्ने चलन थिएन भन्ने कुरा बुझ्नुहुँदैन। शिर ढाक्ने शिक्षा अनिवार्य शिक्षा होइन रहेछ, स्त्रीहरूलाई दिइएको प्रभुको आज्ञा होइन रहेछ भन्ने कुरा सोच्नुहुँदैन। यस प्रकारका अर्थहरू यस वाक्यबाट निकाल्नु अनौठा कुरा हो। तर के गर्ने? हिजोआज प्रायः यस प्रकारको कुरा मात्र सुनिन्छ। पावलले यी आदेशहरूमा कुनै महत्त्व नदेख्नु हो भने, तिनले यस एघार अध्यायको आधा भाग लेखेर आफ्नो समय र बल मात्र खेर फालेका हुन्। तब यो खण्ड पवित्र धर्मशास्त्र बाइबलमा किन हालिएको छ त?

यस पदको व्याख्या दुई प्रकारले गर्न सकिन्छ, जुन व्याख्याहरूले पवित्र बाइबलको बाँकी भागसित मेल खान्छन्। एक, प्रेरित पावलले बुझेका थिए, कि तिनले लेखेको विषयले कतिजनामा तिनीसँग यसको सम्बन्धमा झगड़ा गर्ने मन उक्साउँछ। तर तिनको झगड़ा गर्ने चलन र आदत थिएन। हामी यस्ता विषयहरूमा वादविवाद र तर्कवितर्क गर्दैनौं, तर यी कुराहरूमा प्रभुको शिक्षा देखेर तिनलाई स्वीकार गर्छौं। श्री विलियम केल्लीअनुसार दोस्रो व्याख्या यस प्रकारको छः परमेश्वरका मण्डलीहरूमा स्त्रीहरूले शिर नढाकीकन प्रार्थना गरेको वा भविष्यवाणी गरेको चलन छैन।

## घ) १ कोरिन्थी ११ः१७-३४ः प्रभुभोजको विषयमा सोधिएको प्रश्नको उत्तर

**१ कोरिन्थी ११ः१७ः** पावलले यहाँ कोरिन्थका विश्वासीहरूलाई हप्काउँछन्; किनभने उनीहरू भेला हुँदा आपसमा फूट र फाटोहरू थिए (१ कोरिन्थी ११ः१७-१९)। 'एक ठाउँमा भेला हुनु' र त्यस प्रकारका शब्द र वाक्यांशहरूमा तपाईंले यस खण्डमा ध्यान दिनुहोला (१ कोरिन्थी ११ः१७, १८, २०, ३३ र ३४ अनि १४ः२३ र २६)। १ कोरिन्थी ११ः२ पदमा तिनले उनीहरूलाई सुम्पेका रीतिहरू उनीहरूले पालन गर्दै आएकोमा पावलले उनीहरूको प्रशंसा गरेका छन् भने तिनले उनीहरूलाई यहाँ एउटा कुराको सम्बन्धमा प्रशंसा गर्न सक्दैनन्। अनि त्यही कुराको विषय तिनले अहिले उठाउन लागेका थिए। मण्डली-सभाहरूको रूपमा उनीहरू भेला हुँदा भलाइका निम्ति होइन, तर खराबकै निम्ति पो भेला हुन्थे। हाम्रा निम्ति यसबाट गम्भीर चेताउनी मिलेको छः एउटा स्थानीय मण्डलीका विश्वासीहरू भेला हुन सक्छन्, तर त्यसबाट उनीहरूको लाभको कुरा छोड़ौं, उनीहरूले झन् हानि पो उठाउन सक्दा रहेछन्।

**१ कोरिन्थी ११ः१८ः** उनीहरूले यहाँ पावलको हप्की खानुपरेको पहिलो कारण उनीहरूको बीचमा भएका फूट र फाटोहरू थिए। कोरिन्थको मण्डलीमा विभिन्न दलहरू थिए; तर ती दलहरू यस मण्डलीबाट अलग सङ्गति गरेका थिएनन्, तर मण्डलीको समुदायभित्र

गुटबन्दीहरू थिए। गुटबन्दी र पन्थको बीचमा भिन्नता छ। गुटबन्दी मण्डलीभित्रको दल हो भने पन्थ मण्डलीदेखि बाहिरको झुण्ड हो। उनीहरूको बीचमा भएका फाटोहरूको विषयमा पावलले सुनेका खबरहरू तिनलाई विश्वास लाग्यो; किनभने तिनले कोरिन्थका विश्वासीहरूलाई राम्ररी चिन्दथिए। उनीहरू शारीरिक थिए। अनि तिनले उनीहरूलाई उनीहरूका फाटोहरूको विषयमा यस पत्रमा अघि हप्काइसकेका छन्।

यस विषयमा श्री एफ. बी. होलले यसो लेखेका छन्ः

> 'जुन खबरहरू पावलले कोरिन्थको मण्डलीका विश्वासीहरूको विषयमा उनीहरूको बीचमा भएका फाटोहरूको सम्बन्धमा सुन्दथिए, ती खबरहरू केही मात्रामा पत्याउन तिनी तयार थिए; किनभने तिनले उनीहरूलाई राम्ररी चिन्दथिए; उनीहरू शारीरिक मानिसहरू थिए; यसकारण उनीहरूको बीचमा फूट र झगड़ाहरू हुनु स्वभाविक कुरा थियो। यहाँ पावलले उनीहरूलाई उनीहरूका यी पापहरू उनीहरूको आत्मिक कमजोरीको फल हो भन्ने तर्क गर्छन्। तिनलाई थाहा थियोः उनीहरू शारीरिक छन् र मानिसको स्वभावअनुसार चल्छन्। यसकारण उनीहरू आफ्नो गुटबन्दी बनाउने आदत र फाटो ल्याउने झुकाउको शिकार हुन्छन्-हुन्छन्। मानिसको हृदयबाट फूट र फाटोहरू आदि पापहरू निस्कन्छन्। पावललाई अर्को कुरा पनि थाहा थियोः परमेश्‍वर फूट र फाटो सृजना गरिएको उनीहरूको अबुझ अवस्थाभन्दा महान् हुनुहुन्छ र उहाँले यस अवसरमा उनीहरूको बीचमा उहाँको दृष्टिमा योग्य को-को थिए, सो कुरा प्रकट गर्नुहुन्छ। उहाँको सामु योग्य ठहरिनु हो भने मानिसले शरीरअनुसार, आफ्नो पापी स्वभावअनुसार होइन, तर आत्माको भरमा हिँड्नुपर्छ। यस्ताहरू जसरी भए पनि मण्डलीमा फूट र फाटो सृजना गरिएको यस झमेलाबाट पूरा अलग बस्छन्।' [39)]

**१ कोरिन्थी ११ः१९ः** कोरिन्थको मण्डलीमा यी फाटोहरू निक्कै अगाड़िबाट शुरु भएका थिए। यस सम्बन्धमा पावललाई थाहा थियो, कि फाटोहरू ठूला, झन् ठूला हुँदै जानेछन्; अनि फाटोहरू जुनसुकै मण्डलीका निम्ति हानिकारक छन्। तर त्यसबाट एउटा असल परिणाम के निस्कन्छ भने, कोरिन्थका विश्वासीहरूमध्ये आत्मिक विश्वासीहरू को-

को हुन् भनेर परमेश्वरको सामु योग्य ठहरिएकाहरू देखा पर्नेछन्। *'तिमीहरूको बीचमा दलहरू/गुटहरू* [40] *भएकै हुनुपर्छ।'* यस्ता गुटहरूका निम्ति कुनै नैतिक करकाप त थिएन [41]। परमेश्वरले मण्डलीमा आएका फूटहरू यहाँ माफ गर्नुभएन, नदेखेजस्तै गर्नुभएन। तर पावलले यहाँ भन्न खोजेको कुरा यस्तो छः कोरिन्थका विश्वासीहरूको शारीरिक अवस्थाले गर्दा गुटहरू आउनु स्वभाविक कुरा थियो। अनि जहाँ फाटोहरू छन्, त्यहाँ प्रभुका कति जनहरूले आफ्नो जीवनमा उहाँको मन र इच्छा के रहेछ, सो पत्ता नलगाएको प्रमाण दिन्छन्।

**१ कोरिन्थी ११:२०ः** अब प्रभुभोजको कुरा आयो। यसको सम्बन्धमा यी विश्वासीहरूले गरेका दुरुपयोगहरू पावलको दोस्रो हप्कीको तारो थिए। प्रभुभोज मनाउन जब यी ख्रीष्ट-विश्वासीहरू भेला हुन्थे, तब उनीहरूको व्यवहार यति शोचनीय थियो, कि पावलले ठहराएअनुसार उनीहरूले प्रभुको सम्झना गर्न सक्दैनथिए। उनीहरूले बाहिरी तवरले प्रभुभोजको रीतिविधि पूरा गर्न सक्लान्, तर उनीहरूको तुच्छ चालले गर्दा सठीक ढङ्गले प्रभुको सम्झना गर्न उनीहरूका निम्ति असम्भव थियो।

**१ कोरिन्थी ११:२१ः** मण्डलीको शुरुका दिनहरूमा ख्रीष्ट-विश्वासीहरूले प्रभुभोजको साथसाथै प्रेमभोज पनि मनाउने गर्थे। यो प्रीतिभोज एक साधारण भोज थियो, जसमा विश्वासीहरूले आत्मीय प्रेम र सङ्गति एक-अर्कोसित आदनप्रदान गर्थे। अनि प्रायः यस प्रीतिभोजको अन्तमा ख्रीष्ट-विश्वासीहरूले एक रोटी र दाखमद्यको एक कचौरा लिएर प्रभुको सम्झना गर्थे। तर प्रीतिभोजको चलन लामो समयसम्म टिक्न सकेन; किनकि यसको दुरुपयोग हुन थाल्यो। यहाँ, यस पदअनुसार प्रीतिभोजको सत्अर्थ हराइसकेको थियो। एक, ख्रीष्ट-विश्वासीहरूले एक-अर्काका निम्ति पर्खिँदैनथिए; अनि धनी विश्वासीहरूले गरिब विश्वासीहरूलाई शर्ममा पार्दथिए; किनभने तिनीहरूले निर्लज्ज भई खर्चिलो र भव्य मासुभात खान्थे, तर अरू विश्वासीहरूसित बाड्दैनथिए। यसरी कतिजना भोकै रहे, कतिजना मातिसकेका थिए। अनि प्रेमभोजको अन्तमा प्रभुभोज खाने प्रचलनले गर्दा यी मातिरहेका विश्वासीहरूले जसोतसो प्रभुभोजमा भाग लिन्थे।

**१ कोरिन्थी ११ः२२ः** यस प्रकारको चालले प्रभुको अपमान गर्छ। यस भ्रष्ट चालबाट पावलको तातो रिस उठ्यो, र तिनले उनीहरूलाई हप्काउँछन्। के यस प्रकारको आदत हुनेहरूलाई अलिकति पनि परमेश्वरको डर हुँदैन, मण्डलीको सभामा प्रभुको सामु मात्तदेखि के तिनीहरूलाई लाज लाग्दैन? प्रभुभोज मनाइरहेको समयमा यस प्रकारले असंयमी हुन र गरिब भाइबहिनीहरूलाई शर्ममा पार्न तिनीहरूको विश्वासको अङ्गीकारसित मिल्दै-मिल्दैन। यस प्रकारको दुर्व्यवहारले पावलको प्रशंसा होइन, तर उनीहरूको दोष देखाउने तिनको कड़ा हप्की पो आफूमाथि निम्त्याउँछ।

**१ कोरिन्थी ११ः२३ः** उनीहरूको चाल प्रभुभोजको वास्तविक अर्थदेखि आकाश-पातालजत्तिकै टाढ़ा थियो। यसकारण पावलले उनीहरूलाई यसको स्थापनाको विषयमा फेरि शुरुको कुरा सिकाउन थाल्छन्। प्रभुभोजचाहिँ कुनै साधारण खाना वा सामान्य भोज होइन। त्यो त प्रभुको पवित्र विधि हो। पावलले यस पवित्र विधिको नियम सीधा प्रभुबाट पाएका थिए। यसैले यस पवित्र विधिको नियम उल्लङ्घन गर्नेले प्रभुको आज्ञा भङ्ग गर्छ। यस सम्बन्धमा तिनको शिक्षा तिनले दिव्य प्रकाश पाएको फल थियो।

पहिलो कुराः *'जुन रातमा प्रभु येशू पक्राउ पर्नुभयो, त्यही रातमा उहाँले रोटी लिनुभयो।'* यसको अक्षरशः अनुवाद यस्तो छः 'प्रभु येशू पक्राउ परिरहनुभएको रातमा।' बाहिर, यरूशलेम शहरमा उहाँलाई पक्रने दुष्ट युक्ति चल्दैथियो; त्यस बेलामा प्रभु येशू आफ्ना चेलाहरूसित माथिल्लो कोठामा भेला हुनुभयो। अनि उहाँले रोटी लिनुभयो।

उक्त भोजको समय राति थियो; यसकारण हामीले प्रभुभोज पनि राति मनाउनुपर्छ – यसका निम्ति कुनै बाध्यता छैन। त्यस जमानाको कुरा होः यहूदीहरूको दिन घाम अस्ताएपछि शुरु हुन्थ्यो। तर हाम्रो दिन बिहानै शुरु हुन्छ। अनि यो कुरा पनि छः प्रेरितहरूको उदाहरण र तिनीहरूका आदेशहरूको बीचमा पनि हामीले छुट्ट्याउन सक्नुपर्छ। प्रेरितहरूले गरेका सबै कामहरू हामीले देखासिकी गर्न नसकौंला, तर तिनीहरूले शिक्षा र आज्ञा गरेका सबै कुराहरू हामीले पालन गर्नुपर्छ।

**१ कोरिन्थी ११ः२४ः** प्रभुभोजको शुरुमा प्रभु येशूले रोटी लिनुभयो र त्यसका निम्ति धन्यवाद दिनुभयो। त्यस रोटीले प्रभुको शरीरलाई सङ्केत गर्छ। अनि यसको माने यस प्रकारको छः प्रभु येशूले परमेश्वर पितालाई आफ्नो मानवीय शरीरका निम्ति धन्यवाद दिनुभयो; मानिसको चोला धारण गर्नुहुने प्रभु येशू संसारका मानिसहरूका सबै पापहरूका निम्ति मर्न लाग्नुभएको थियो।

त्यसपछि मुक्तिदाता प्रभुले भन्नुभयोः 'यो मेरो शरीर हो।' यसो भनेकोमा के त्यो प्रभुभोजको रोटी उहाँको वास्तविक शरीर बनेको थियो? रोमन क्याथोलिक मण्डलीको शिक्षाअनुसार त्यो रोटी र त्यो दाखमद्य प्रभु येशूको शरीर र रगतमा परिणत हुन्छ रे। यो शिक्षाको नाम तत्त्वान्तरण भनिन्छ। अनि लुथरन मण्डलीको एकतत्त्ववादको शिक्षाअनुसार प्रभु-भोजको रोटी र दाखमद्यका पवित्र वस्तुहरूअन्तर्गत, ती वस्तुहरूको साथमा र ती वस्तुहरूको रूपमा प्रभु येशूको शरीर र रगत हुन्छन् अरे।

धर्मविज्ञानका यी धारणाहरूको सम्बन्धमा हाम्रो उत्तर के-कस्तो छ? यस विषयमा याद गर्नुपर्ने एउटा कुरा छः जब प्रभु येशूले उहाँको सम्झनामा यो प्रभुभोजको विधि स्थापित गर्नुभयो, तब उहाँको शरीर क्रूसमा बलि गरिएको थिएन, र उहाँको रगत बगाइएको थिएन। यसकारण जब प्रभु येशूले 'यो मेरो शरीर हो' भनेर भन्नुभयो, तब उहाँले 'यो मेरो शरीरको सम्झना गर्ने प्रतीक हो' वा 'मेरो शरीरको चित्रण हो, जुन शरीर तिमीहरूका निम्ति तोड़िन लागेको थियो' भनेर भन्नुभयो। अनि प्रभुभोजको रोटी खाँदाखेरि हामीले उहाँको मृत्युको सम्झना गर्छौं, जुन क्रूसको त्राणात्मक मृत्यु हाम्रा पापहरूका निम्ति प्रायश्चितको दाम थियो। 'मेरो सम्झनामा यो गर' भन्ने हाम्रा प्रभुका शब्दहरूमा उहाँको अकथ्य प्रेम झल्कन्छ।

**१ कोरिन्थी ११ः२५ः** निस्तार-चाड़को भोज खाइसक्नुभएपछि यस प्रकारले प्रभु येशूले यसो भन्दै कचौरा पनि लिनुभयोः *'यो कचौरा मेरो रगतमा भएको नयाँ वाचा हो। जहिले-जहिले तिमीहरू यो पिउँछौ, मेरो सम्झनामा यो गर्ने गर!'* निस्तार-चाड़को भोज सक्नेबित्तिकै प्रभुभोजको स्थापना भएको थियो। यसकारण यस पदमा 'खाइसक्नुभएपछि प्रभु

येशूले कचौरा लिनुभएको' कुरा उल्लेख गरिएको छ। अनि यस कचौराको विषयमा उहाँले भन्नुभयो, कि यो उहाँको रगतमा स्थापित गरिएको नयाँ वाचा हो। अनि यो नयाँ वाचाको सन्दर्भ यर्मिया ३१:३१-३४ पदको खण्ड हो, जहाँ परमेश्वरले इस्राएली जातिलाई नयाँ वाचाको प्रतिज्ञा गर्नुभएको थियो। उहाँको प्रतिज्ञा अनुग्रहको प्रतिज्ञा हो, जससित कुनै सर्त राखिएको छैन। यस प्रतिज्ञाअनुसार उहाँ इस्राएलीहरूका अधर्महरूको सम्बन्धमा तिनीहरूप्रति कृपालु हुने र तिनीहरूका पाप र अधर्महरूको सम्झना फेरि कहिल्यै नगर्ने प्रण गर्नुभएको थियो। हिब्रू ८:१०-१२ पदको खण्डमा यस नयाँ वाचाका मुख्य बुँदाहरू पनि लेखिएका छन्। अनि यो वाचा वर्तमान समयमा लागू भएको छ। तर इस्राएली जातिले आफ्नो अविश्वासमा यस वाचाका लाभहरू उपभोग गर्न पाउँदैन। तर प्रभु येशूमाथि विश्वास गर्नेहरू सबैजना यस वाचाअन्तर्गत प्रतिज्ञा गरिएका सबै आशिषहरूमा सहभागी हुन्छन्। तर एक दिन इस्राएली जाति प्रभुकहाँ फर्कनेछ; तब तिनीहरूले पनि नयाँ वाचाका आशिषहरू उपभोग गर्नेछन्। त्यस बेलामा ख्रीष्ट येशूले पृथ्वीमाथि आफ्नो हजार वर्षको राज्य स्थापित गर्नुहुनेछ। नयाँ वाचा पारित गर्न ख्रीष्ट येशूको रगत चाहिएको थियो। यसकारण उहाँले यस कचौराको विषयमा 'यो उहाँको रगतमा भएको नयाँ वाचा हो' भन्ने शब्द बोल्नुभएको हो। नयाँ वाचाको स्थापना उहाँको क्रूसको त्राणको मृत्युमाथि आधारित थियो।

**१ कोरिन्थी ११:२६:** यस पदबाट हामी प्रभुभोज कतिपल्ट खानुपर्छ भन्ने प्रश्नको उत्तर पाउँछौं। *'किनकि जहिले-जहिले तिमीहरू यो रोटी खान्छौ ...'* भन्ने वाक्यबाट के बुझिन्छ भने, प्रभुभोज खाने निर्धारित नियम छैन रहेछ, यसका निम्ति कुनै निश्चित मिति तोकिएको छैन रहेछ। प्रेरित २०:७ पदअनुसार कुरा स्पष्ट छः ख्रीष्टका चेलाहरूले हप्ताको पहिलो दिनमा प्रभुभोजद्वारा प्रभुको सम्झना गर्न भेला हुन्थे। यो पवित्र विधि मण्डलीको शुरुका दिनहरूका निम्ति मात्र सीमित राख्न प्रभुको उद्देश्य थिएन, सो कुरा *'उहाँ नआउन्जेल'* भन्ने शब्दले स्पष्ट पार्छ। प्रभुभोजको विषयमा श्री एफ. एल. गोडेटले सुन्दर ढङ्गले निम्न कुरा व्यक्त गरेका छन्ः

'प्रभुभोजले प्रभु येशूका दुईवटा आगमनहरूको बीचमा सम्बन्ध जोड्छ। यो उहाँको पहिलो आगमनको सम्झना हो भने उहाँको दोस्रो आगमनको प्रतिज्ञा पनि हो।' 42)

प्रभुभोजको सम्बन्धमा जति आदेशहरू दिइएका छन्, ती आदेश-हरूमध्ये एउटामा पनि धर्मगुरु, पास्टर वा पूजाहारीले यो पवित्र विधि सुसम्पन्न गर्नुपर्छ भन्ने एउटै शब्द छैन। किनभने प्रभुभोजचाहिँ परमेश्वरका जनहरूका निम्ति छोड़िदिइएको साधारण सम्झना-सेवा हो। अनि ख्रीष्ट-विश्वासीहरूले पूजाहारीको स्थान ओगटेर प्रभुभोजमा प्रभु येशू नआउन्जेल उहाँको मृत्युको प्रचार गर्छन्।

**१ कोरिन्थी ११ः२७ः** प्रभुभोजको स्थापना र प्रभुभोजको उद्देश्य बताइसकेपछि प्रेरित पावलले यहाँ प्रभुभोजको बेप्रयोग र त्यसबाट हुने असरहरूको कुरा गर्छन्। *'जसकसैले अयोग्य रीतिले यो रोटी खान्छ वा प्रभुको यो कचौरा पिउँछ, त्यो प्रभुको शरीर र रगतको दोषी हुनेछ।'* एक प्रकारले, हामी सबैजना प्रभुभोजको पवित्र विधिमा भाग लिन अयोग्य हुन्छौं। किनभने हामी प्रभुको कृपा र अनुग्रह पाउन अयोग्य छौं। तर यो कुरा प्रभुभोजको सन्दर्भ होइन। प्रेरित पावलले यहाँ हाम्रो व्यक्तिगत अयोग्यताको कुरा गरेका छैनन्। ख्रीष्ट येशूको रगतले धोइएको अवस्थामा हामी परमेश्वरको सामु आउन पूरा योग्य भएका हुन्छौं, उहाँको प्रिय पुत्रको सम्पूर्ण योग्यतामा सुशोभित भएर। तर पावलले यहाँ कोरिन्थका विश्वासीहरूमा कुन दोष भेट्टाएका छन् भने, प्रभुभोजका निम्ति भेला हुँदा उनीहरूको चाल अति तुच्छ थियो। निष्फिक्रीसाथ, लापरवाहीको साथ प्रभुभोजमा भाग लिएर प्रभुलाई पूरा अनादर गरेको उनीहरूको व्यवहार उनीहरूको खास दोष थियो। यस प्रकारको व्यवहार प्रभुको शरीर र उहाँको रगतमा दोषी हुन्छ।

**१ कोरिन्थी ११ः२८ः** प्रभुभोजमा भाग लिनेहरूले आफ्नो जीवन जाँचेर यसो गर्नुपर्छ। हामीले आफ्नो पाप स्वीकार गर्नुपर्छ, र आफ्नो पाप छोड्नुपर्छ। हामीले कसैको हानि गरेमा त्यसको क्षतिपूर्ति गर्नुपर्छ। हामीले कसैको चोट पुऱ्याएमा उसलाई माफ माग्नुपर्छ। प्रभुभोजमा भाग लिनुभन्दा अघि हामीले हर प्रकारले आफ्नो आत्मिक अवस्था सठीक पार्नुपर्छ। हाम्रो विवेक सफा हुनुपर्छ।

**१ कोरिन्थी ११ः२९ः** *'किनकि जसले प्रभुको शरीरलाई नचिनीकन अयोग्य रीतिले खान्छ र पिउँछ, त्यसले आफूमाथि दण्ड ल्याउनका निम्ति खान्छ र पिउँछ।'* हामीले प्रभुको शरीरलाई चिन्नुपर्छ अर्थात् प्रभुको शरीर हाम्रा पापहरूको क्षमाका निम्ति अर्पण गरिएको कुरा हामीले जान्नुपर्छ। जसले प्रभुभोजमा भाग लिँदाखेरि पापमा जिउँछ वा एक पापमय जीवन बिताउँछ, त्यो कपटी हो र त्यसको जीवन असत्य हो। यस विषयमा श्री एफ. जी. प्याटर्सनले यसो लेखेका छन्ः

> 'आफ्नो पापको जाँच नगरीकन हामी प्रभुभोजमा भाग लिन्छौं भने हामी वास्तवमा प्रभुको शरीर चिनेका हुँदैनौं; किनभने हाम्रो पापको हरण गर्नलाई नै उहाँको शरीर तोड़िएको थियो।'

**१ कोरिन्थी ११ः३०ः** कोरिन्थको मण्डलीका कति भाइबहिनीहरूले आफ्नो जीवन जाँचेनन्। यसकारण तिनीहरूमाथि सजायको रूपमा परमेश्वरको ताड़ना आइपरेको थियो। *'यही कारणले गर्दा तिमीहरूको बीचमा धेरैजना कमजोर र रोगी छन्, अनि धेरैजना सुतिगए।'* अर्को शब्दमा भन्नु हो भने, कति विश्वासीहरू बिमारी भए, कतिजनाको मृत्यु भयो। तिनीहरूले आफ्नो जीवनमा कतिपय पापको जाँच गरेनन्; यसकारण तिनीहरूको सुधार खोज्नुहुने प्रभु येशूले तिनीहरूलाई ताड़ना दिनुभयो।

**१ कोरिन्थी ११ः३१ः** तर हामीले आफ्नो अवस्थाको जाँच गर्‍यौं भने हामीलाई यस प्रकारको ताड़ना दिनु आवश्यक छैन।

**१ कोरिन्थी ११ः३२ः** परमेश्वरले आफ्ना छोराछोरीहरूसित गरेझैं हामीसित व्यवहार गर्नुहुन्छ। उहाँ हामीलाई पापमय जीवन जिउने अवस्थामा छोड्न सक्नुहुन्न; किनभने उहाँले हामीलाई ठूलो प्रेमले प्रेम गर्नुहुन्छ। गोठालाको लौराले हामीलाई हाम्रो गर्दनमा तान्यो भने यसबाट उहाँले हामीलाई आफूकहाँ फर्काएर ल्याउनुहुने कार्य बुझ्नुपर्छ। यस विषयमा कसैले यसो भनेका छन्ः 'पवित्र जनहरू स्वर्ग जान तयार होलान्, ख्रीष्ट येशूमा योग्य भएर, तर उनीहरूमध्ये कतिजना पृथ्वीमा प्रभुको साक्षी हुनका निम्ति योग्य नहोलान्।'

**१ कोरिन्थी ११ः३३ः** ख्रीष्ट-विश्वासीहरू प्रेमभोजका निम्ति भेला हुँदा उनीहरू एक-अर्काका निम्ति पर्खनुपर्छ। अरू विश्वासीहरूलाई

वास्ता नगरी, तर स्वार्थी भएर खाना खानमा हतार गर्नुहुँदैन। एक्काइस पदमा 'खाँदाखेरि अरूले भन्दा पहिले नै हरेकले आफ्नो खाना खाइसक्छ' र यहाँ, 'तिमीहरू खाना खान भेला हुँदा एक-अर्काका निम्ति पर्ख' भन्ने कुराको बीचमा कति भिन्नता छ!

**१ कोरिन्थी ११ः३४ः** *'कोही भोकाउँछ भने उसले घरमै खाओस्!'* यस आदेशबाट के बुझिन्छ भने, प्रभुभोजको सिलसिलामा खाइने प्रेमभोज पनि साधारण भोजन मानिएको रहेनछ। प्रीतिभोजको पवित्रता कायम नराख्ने हरेकले आफूमाथि परमेश्वरको सजाय निम्त्याउँछ।

*'अनि बाँकी कुरा – जब म आउँला, तब म त्यो मिलाउँला।'* कोरिन्थका विश्वासीहरूले पावललाई लेखेको पत्रमा कुराहरू प्रायः यति नै थिए; पत्रबाट उठेका कुराहरूमध्ये शायद सानातिना केही कुराहरूको जवाफ दिनु बाँकी रहेको थियो। अनि यी बाँकी रहेका विषयहरू पावलले भविष्यमा उनीहरूसितको भेटघाट गर्दा उठाउनेथिए। यसको विषयमा तिनले यहाँ, यस पदमा उनीहरूलाई आश्वासन गरेका छन्।

## ङ) १ कोरिन्थी १२-१४ अध्यायः आत्मिक वरदानहरू र तिनको प्रयोगको विषयमा सोधिएको प्रश्नको उत्तर

पहिलो कोरिन्थीको बाह्र अध्यायदेखि चौध अध्यायसम्म पवित्र आत्माका वरदानहरू यस खण्डको विषयवस्तु हुन्। कोरिन्थको मण्डलीमा यी वरदानहरूको सम्बन्धमा, विशेष गरी विभिन्न भाषाहरू बोल्ने एकै वरदानको विषयमा दुरुपयोगहरू पाइन्थे, जसको सुधार गर्न पावलले यहाँ, यो खण्ड लेखेका हुन्।

कोरिन्थका विश्वासीहरूमध्ये कतिजनाले विभिन्न भाषाहरू बोल्ने वरदान पाएका थिए। भाषाहरू बोल्ने वरदानको विषयमा कुरा यस्तो छः यो वरदान कहिल्यै नसिकेका अन्य भाषाहरूमा बोल्न सक्ने अलौकिक क्षमता हो।[43)] तर यो वरदान लिएर परमेश्वरको महिमा र अरू विश्वासीहरूको उन्नति गर्न खोज्नुको सट्टामा तिनीहरूले यसद्वारा आफ्नै खूबीको मात्र प्रदर्शन गर्न खोज्थे। तिनीहरू मण्डली-सभाहरूमा उठ्थे र कसैले नबुझ्ने भाषाहरूमा बोल्थे। यसरी नै तिनीहरूले आफ्नो भाषाको

सीपले अरूलाई प्रभावित पार्न चाहन्थे। तिनीहरूले चिन्हको रूपमा दिइएका वरदानहरू अरू वरदानहरूभन्दा उच्च स्तरका सम्झन्थे, र विभिन्न भाषाहरूमा बोल्न सक्नेहरूको आत्मिकता अरूको भन्दा बढ़ी भएको दाबी गर्थे। एक त, यो वरदान पाएकाहरू घमण्डी भए; अनि अर्कोतिर त्यस कुराले अरूमा डाहा पैदा गऱ्यो, र तिनीहरूमा 'हामी कति तुच्छ, निम्न स्तरका र निकम्मा रहेछौं' भन्ने भावना सृजना गऱ्यो। यसकारण प्रेरित पावलले उनीहरूको बीचमा यस प्रकारका गलत भावनाहरू सच्च्याउनुपरेको थियो। तिनले आत्मिक वरदानहरूको प्रयोगका निम्ति, विशेष गरी विभिन्न भाषाहरूमा बोल्ने वरदान र भविष्यवाणी बोल्ने वरदान नियन्त्रणमा राख्ने नियमहरू पेश गर्नुपरेको छ।

**१ कोरिन्थी १२ः१ः** कोरिन्थका पवित्र जनहरू आत्मिक वरदानहरूको सम्बन्धमा अनजान रहेको पावलले चाहेनन्। यस पदको अक्षरशः अनुवाद यस प्रकारको छः 'अनि हे भाइहरूहो, आत्मिक कुराहरूको सम्बन्धमा तिमीहरू अज्ञात रहेको मेरो इच्छा छैन।' अनि आत्मिक कुराहरू भन्ने शब्दको अर्थ अपूर्ण भएको लागेर प्रायः सबै बाइबल-अनुवादहरूमा यो शब्द 'आत्मिक वरदानहरू' अनुवाद गरिएको छ। तर दुई पदबाट कुरा स्पष्ट छः यसो भन्दाखेरि पावलले पवित्र आत्माका वरदानहरूको विषयमा मात्र होइन, तर दुष्ट आत्माहरूको विषयमा पनि विचार गरेका हुन सक्छ।

**१ कोरिन्थी १२ः२ः** कोरिन्थीहरू प्रभुकहाँ फर्कनुभन्दा अघि मूर्तिपूजकहरू थिए। त्यस बेलामा उनीहरू दुष्ट आत्माहरूको वशमा परेका थिए। उनीहरूलाई भूतप्रेतहरूको डर लागेको थियो; शैतानिक प्रभावहरूमा परेर उनीहरू प्रायः त्यसको नियन्त्रणमा हुन्थे। उनीहरूले दुष्ट आत्माजगत्का अलौकिक प्रदर्शनहरू देख्थे, अनि धामीझाँक्री आदि माध्यमहरूको मुखबाट दुष्ट आत्माको प्रेरणाले फलाकेका वाणीहरू सुन्थे। दुष्ट आत्माहरूको नियन्त्रणमा परेको अवस्थामा कहिलेकाहीं उनीहरूको होश हराउँथ्यो, अनि यस बहकिएको गएको अवस्थामा उनी-हरूले के-के बोल्थे वा के-के गर्थे, सो उनीहरूलाई थाहै हुँदैनथियो।

**१ कोरिन्थी १२ः३ः** तर अब उनीहरूले मुक्ति पाए। अनि अहिले उनीहरूले सबै प्रकारका आम्तिक प्रदर्शनहरूको जाँच गर्न सक्नुपर्छ।

उनीहरूले दुष्ट आत्माहरूको वाणी पवित्र आत्माको तथ्यपूर्ण वाणीबाट छुट्ट्याउन सक्नुपर्छ। प्रभु येशूको विषयमा दिइएको साक्षी हरेक कुरा सत्य-झूटो साबित हुने जाँच गर्ने कसी हो। कसैले 'येशू श्रापित होस्!' भनेर भन्यो भने त्यसको शब्दको प्रेरणा गर्ने स्रोत दुष्ट आत्मा हो; किनभने दुष्ट आत्माहरूले येशूको नामको निन्दा गर्छन्, उहाँको अपमान गर्छन् र उहाँलाई सराप्छन्। योचाहिँ दुष्ट आत्माहरूको विशेषता हो। पवित्र आत्माले कुनै मानिसलाई पनि कहिल्यै मुक्तिदाता प्रभुको विषयमा यसरी बोल्ने प्रेरणा दिनुहुन्न; किनभने प्रभु येशूको महिमा गर्नु र उहाँको नाम उचाल्नु पवित्र आत्माको सेवकाइ हो। उहाँले मानिसहरूलाई तिनीहरूका ओठले मात्र होइन, तर तिनीहरूको सारा मन र प्राणले, अँ, तिनीहरूको सारा जीवनले 'येशू नै प्रभु हुनुहुन्छ' भन्न लगाउनुहुन्छ। यो तिनीहरूको तेजले पूर्ण हार्दिक अङ्गीकार हो।

यस पदमा अनि १ कोरिन्थी १२ः४-६ पदको खण्डमा त्रिएक परमेश्वरका तीन व्यक्तिहरूको एक-एक नाम लिइएको कुरामा तपाईंले ध्यान दिनुहोला।

**१ कोरिन्थी १२ः४ः** ख्रीष्ट येशूको मण्डलीमा पवित्र आत्माका वरदानहरू किसिम-किसिमका हुन्छन्, तर यी आत्मिक वरदानहरूको बीचमा तीन सूत्रले बाँधिएको आधारभूत एकता छ, जुन एकता त्रिएक परमेश्वरको एक-एक व्यक्तिसित सम्बन्धित छ।

पहिले, किसिम-किसिमका वरदानहरू भए पनि आत्माचाहिँ एकैजना हुनुहुन्छ। कोरिन्थका विश्वासीहरूको व्यवहार जाँच्नु हो भने तिनीहरूको एउटै वरदान मात्र थियोः विभिन्न भाषाहरूमा बोल्ने वरदान। पावलले उनीहरूलाई भन्छन्ः 'होइन, होइन, हे भाइहरूहो, तिमीहरूले आफ्नो एकता एउटै वरदानमा सीमित राख्नुहुँदैन। तिमीहरूको एकता एक-एकजनाले पाएको पवित्र आत्मामा पो छ; अनि उहीं पवित्र आत्मा सबै वरदानहरूको स्रोत हुनुहुन्छ।'

**१ कोरिन्थी १२ः५ः** दोस्रो कुराः मण्डलीमा किसिम-किसिमका सेवाहरू छन्। अनि सबैजनाको एकै काम हुँदैन। यसो भए पनि हाम्रो एउटै लक्ष्य छः हामी जे पनि गर्छौं, प्रभु येशूको महिमाका निम्ति गर्छौं र

अरूको भलाइ र उन्नतिका निम्ति गर्छौं। सेवामा हामीले आफ्नो फाइदा खोज्नुहुँदैन।

**१ कोरिन्थी १२:६:** तेस्रो कुरा के हो भने, आत्मिक वरदानहरूको सम्बन्धमा कार्यहरू पनि किसिम-किसिमका छन्। अनि यी किसिम-किसिमका कामहरू पूरा गर्ने शक्ति एकै परमेश्वरबाट आउँछ, जसले एक-एक विश्वासीलाई त्यो शक्ति दिनुहुन्छ। कुनै वरदानको सफलता अरू वरदानहरूको भन्दा बढ़ी छ भने, त्यसको प्रदर्शन बढ़ी प्रभावशाली र शक्तिशाली देखिन्छ भने, त्यसका निम्ति श्रेय त्यस्तो वरदान पाएको मानिसमा जानुहुँदैन; किनकि यो उसको वरिष्ठताको फल हुँदै होइन। यस प्रकारको क्षमता दिनुहुने परमेश्वर हुनुहुन्छ। सारा श्रेय उहाँकहाँ जानुपर्छ।

**१ कोरिन्थी १२:७:** पवित्र आत्माले हरेक ख्रीष्ट-विश्वासीलाई कुनै न कुनै वरदान दिनुभएको छ, जसद्वारा उहाँले आफूलाई यस विश्वासीको जीवनमार्फत प्रकट गर्न चाहनुहुन्छ। यसकारण आफ्नो जिम्मेवारी र काम नभएको कुनै विश्वासी छैन। अनि यी वरदानहरू सारा शरीरका सबै अङ्गहरूलाई फाइदा हुने उद्देश्यले दिइएका छन्। यी वरदानहरू आफ्नो खूबी देखाउनलाई होइन, आफ्नो सन्तुष्टिका निम्ति पनि होइन, तर अरूको सहायता गर्न दिइएका छन्। यहाँ चर्चा गरिएको विषयको मूलभूत बुँदा यो हो।

अब यहाँ प्रस्तुत गरिएका पवित्र आत्माका वरदानहरूको सूचि यस प्रकारको छः

**१ कोरिन्थी १२:८: क)** *बुद्धिको वचनः* बुद्धिको वचन बोल्ने वरदानचाहिँ ईश्वरीय अन्तर्दृष्टिको साथ बोल्न सक्ने अलौकिक क्षमता हो। जटिल समस्याहरू समाधान गर्न, विश्वासको प्रतिरक्षा गर्न, प्रतिकूल अवस्थाहरू मिलाउन, व्यवहारिक सल्लाह दिन वा उच्च पदाधिकारीहरूको सामु आफ्नो प्रतिवाद गर्न बुद्धिको वचनको काम आउँछ। स्टिफनसमा बुद्धिको वचन थियो। जुन बुद्धिको साथमा र जुन आत्माको बलमा उनी बोल्थे, तिनीहरूले त्यस बुद्धि र आत्माको सामना गर्न सकेनन् (प्रेरित ६:१०)।

**ख)** *ज्ञानको वचनः* पवित्र आत्माद्वारा कसैलाई केही आत्मिक जानकारी प्रकट गरिन्छ, जुन जानकारी उसले ज्ञानको वचनद्वारा अरूलाई दिन्छ। पावल यसका निम्ति उदाहरण हुन्, जब तिनले यसो भनेः *'हेर, म तिमीहरूलाई एउटा रहस्य बताउँछु, ...'* (१ कोरिन्थी १५ः५१)। अथवा *'प्रभुको वचनद्वारा हामी तिमीहरूलाई यो भन्छौंः ...'* (१ थेस्सलोनिकी ४ः१५)। यो ज्ञानको वचनको अर्को उदाहरण हो। ज्ञानको वचनको प्रथम उद्देश्य नयाँ ज्ञानको जानकारी दिनु थियो। तर यहूदा १ः३ पदअनुसार अब ख्रीष्टीय विश्वासको ज्ञान पवित्र जनहरूलाई एकैचोटि सदाका निम्ति सुम्पियो; यसकारण ज्ञानको वचन आउन छोड़ियो; किनकि ख्रीष्टीय शिक्षारूपी शरीर पूरा भयो। तर ज्ञानको अल्प-वचन हामीसँग छँदैछ। प्रभुको घनिष्ठ आत्मीय सङ्गतिमा जिउनेहरूले अझै पनि दिव्य ज्ञानका रहस्यमय जानकारीहरू पाउँदा रहेछन् (भजन २५ः१४)। अनि जब तिनीहरूले त्यो ज्ञान अरूलाई बताउँछन्, तब त्यो कुरा पनि हामीले ज्ञानको वचनको रूपमा लिनुपर्छ।

**१ कोरिन्थी १२ः९ः ग)** *विश्वासको वरदानः* परमेश्वरको इच्छा पूरा गर्दा कठिनाइरूपी पहाड़हरू हटाउन सक्ने विश्वासचाहिँ परमेश्वरले दिनुभएको क्षमता हो (१ कोरिन्थी १३ः२)। यस प्रकारको विश्वास परमेश्वरका निम्ति महान् कामहरू गर्छ। यसो गर्नलाई परमेश्वरको वचनमा लेखिएको परमेश्वरको कुनै आज्ञा वा व्यक्तिगत रूपले पाएको उहाँको कुनै प्रतिज्ञाबाट विश्वासको वरदान भएको व्यक्तिले प्रेरणा पाउँछ। श्री चर्च मूल्लर विश्वासको वरदान पाएको व्यक्तिको उत्कृष्ट उदाहरण हुन्। तिनले विश्वासको भारमा साठी वर्षसम्म दस हजार टुहुरा नानीहरूलाई पाल्ने गर्थे; अनि तिनले परमेश्वरलाई बाहेक अरू कसैलाई आफ्ना खाँचोगाह्रोहरू प्रकट गर्दैनथिए।

**घ)** *निको पार्ने वरदानहरूः* यो अनेकौं बिमार र रोगहरू निको पार्ने आश्चर्यकर्मरूपी क्षमता हो।

**१ कोरिन्थी १२ः१०ः ङ)** *आश्चर्यकर्महरू वा सामर्थ्यका कामहरूको वरदानः* यस प्रकारको वरदान पाएको मानिसले दुष्ट आत्माहरू निकाल्छ, मरेकाहरूलाई पुनर्जीवित पार्छ र प्रकृतिका नियमहरूमाथि अधिकार

जमाउँछ, यहाँसम्म कि उसले पानी पर्न लाउँछ, तीतो पानी मीठो पानी बनाउन सक्छ, पानी रगतमा परिणत गर्न सक्छ आदि। फिलिपले समारियामा अचम्मका कामहरू गरे, अनि यसरी समारीहरूको ध्यान सुसमाचारमाथि खिच्न सके (प्रेरित ८:६-७)।

**च)** *भविष्यवाणी गर्ने वरदानः* भविष्यवाणी बोल्ने वरदान पाएको व्यक्तिले सीधा परमेश्वरबाट दिव्य प्रकाशहरू पाउँछ र यी प्रकाशमा आएका कुराहरू अरूलाई बताउँछ। कुनै-कुनै समयमा भविष्यवक्ताहरूले नजिक वा टाढ़ा भविष्यमा घट्ने घटनाहरूको पूर्वसूचना दिए (प्रेरित ११:२७-२८ र २१:११)। अरू बेलामा तिनीहरू परमेश्वरको मुखपात्र भएर परमेश्वरको दिव्य वाणी बोल्थे। प्रेरितहरू र भविष्यवक्ताहरू ख्रीष्टको मण्डलीको जग मानिन्छन् (एफेसी २:२०)। तिनीहरू खास गरी मण्डलीको जग त होइनन्, तर तिनीहरूले प्रभु येशूको विषयमा शिक्षा दिएर मण्डलीको जग बसालिदिए। तर मण्डलीको जग स्थापित भएपछि भविष्यवक्ताहरूको आवश्यकता कम भएर गयो र तिनीहरू हुन छोड़े। नयाँ नियमका पन्नाहरूमा भविष्यवक्ताहरूको सेवकाइको फल हाम्रा निम्ति सुरक्षित राखिएको छ। पवित्र धर्मशास्त्र बाइबल पूरा भयो। यसकारण हिजोआज उठेका र बाइबलमा नयाँ-नयाँ कुरा थप्ने खोजेका बनावटी अगमवक्ताहरूलाई हामी कुनै मान्यता दिँदैनौं। **44)**

तर त्यो प्रचारक जसले अधिकारपूर्वक, छेड़खानीपूर्वक र प्रभावशाली ढङ्ले परमेश्वरको वचन प्रचार गर्छ, ऊसँग भविष्यवाणी गर्ने अल्प-वरदान भएको हुनुपर्छ भन्ने कुरा मान्नुपर्ला। परमेश्वरलाई प्रशंसा चढ़ाउनु पनि भविष्यवाणीभित्र पर्छ (लूका १:६७-६८), साथै परमेश्वरका जनहरूलाई अर्ती-उत्साह दिने र स्थिर पार्ने काम पनि भविष्यवाणी मानिन्छ (प्रेरित १५:३२)।

**छ)** *आत्माहरू खुट्ट्याउने वरदानः* भविष्यवक्ता वा प्रवचन बोल्ने अरू कुनै वक्ता पवित्र आत्माको शक्तिले वा शैतानको प्रेरणाले बोल्छ, सो कुरा जान्ने क्षमता आत्माहरू खुट्ट्याउने वरदान भनिन्छ। यस प्रकारको वरदान भएको मानिसले मानिसहरूमा धोकेबाज को हो र मौकावादी को हो, सो अलगै चिन्न सक्छ। यस वरदानद्वारा पत्रुसले सामरी शिमोनमा तीतो पित्तले

भरिएको र अधर्मले बाँधिएको मानिसलाई देखेर दोष देखाउन सके (प्रेरित ८:२०-२३)।

**ज)** *विभिन्न भाषाहरू बोल्ने वरदानः* अघि बताएअनुसार विभिन्न भाषाहरू बोल्ने वरदान पाएको व्यक्तिले कहिल्यै नसिकेका अन्य भाषाहरूमा बोल्न सक्छ। अनि यो वरदान चिन्हको रूपमा, प्रायः इस्राएली जातिलाई दिइएको थियो।

**झ)** *भाषाहरूको अनुवाद गर्ने वरदानः* भाषाहरूको अनुवाद गर्ने वरदान पाएको व्यक्तिले यस अलौकिक क्षमताद्वारा आफूले कहिल्यै नसिकेको र नजानेको कुनै अन्य भाषा बुझ्न र त्यसको सन्देश स्थानीय भाषामा उल्था गरिदिन सक्छ।

पवित्र आत्माका वरदानहरूको सूचिको विषयमा अरू के भन्न सकिन्छ? यो सूचि समझशक्तिरूपी वरदानहरूबाट शुरु गर्छ र यी वरदानहरू अन्तमा राख्छ, जुन वरदानहरूले मानिसका आवेगहरूमाथि प्रभाव गर्छन्। तर कोरिन्थका विश्वासीहरूको सोचाइ यस सूचिको विपरीत, ठीक उल्टो भएको थियो। उनीहरूले विभिन्न भाषाहरूमा बोल्ने वरदान अरू सबै वरदानहरूभन्दा उच्च ठान्थे। तिनीहरूको विचारअनुसार पवित्र आत्माको शक्ति बढ़ी पाएको मानिसमा आफ्नो होश हुनुहुँदैन, तर ऊ पूरा रूपले दिव्य शक्तिको वशमा हुनुपर्छ, भूतात्मा लागेझैं। उनीहरूले शक्ति के हो, र आत्मिकता के हो, सो छुट्ट्याउन सक्दैनथिए।

**१ कोरिन्थी १२:११:** यस खण्डमा उल्लेख गरिएका सबै वरदानहरू एउटै आत्मा, उहीं पवित्र आत्माले पैदा गर्नुहुन्छ र आफ्नो नियन्त्रणमा राख्नुहुन्छ (१ कोरिन्थी १२:८-१०)। उहाँले हरेकलाई उस्तै-उस्तै वरदान दिनुहुन्न भन्ने कुरा यस पदबाट फेरि पनि स्पष्ट हुन्छ। उहाँले हरेकलाई आफ्नो इच्छाअनुसार अलग-अलग बाँड़िदिनुहुँदो रहेछ। कसलाई कुनचाहिँ वरदान दिनुमा पवित्र आत्माको सर्वाधिकार छ। यो पनि महत्त्वपूर्ण कुरा हो। यो कुरा बुझेमा यसले दुईवटा काम गर्छ। एक, यसले हाम्रो घमण्ड नष्ट पार्छ; किनकि हामीसँग नपाएको एउटै पनि कुरा छैन। अनि दुई, त्यसले हाम्रो असन्तुष्टि पनि नष्ट पार्छ; किनभने हामीसँग भएको वरदान उहाँको असीम बुद्धि र प्रेमको रोजाइ हो, अनि उहाँको

रोजाइ हर प्रकारले सिद्ध छ। हरेकले उस्तै-उस्तै किसिमको वरदान पाउन खोज्नु गलत हो। सबैजनाले एकै किसिमको बाजा बजाउनु हो भने, वाद्य-मण्डलको स्वरसङ्गति कहाँ छ? अनि सम्पूर्ण शरीर जिब्रो हो भने त्यो कत्रो विरूपता हो?

**१ कोरिन्थी १२ः१२ः** मानिसको शरीर एकता र भिन्नताको सुचित्र हो। किनभने *'शरीर एउटै हुन्छ, तर त्यसका अङ्गहरू धेरै हुन्छन्।'* ख्रीष्ट-विश्वासीहरू सबै फरक-फरक छन्, अनि उनीहरूको काम पनि अलग-अगल छ, तर एकसाथ मिलेर उनीहरू एउटा क्रियाशील एकाइ, अर्थात् ख्रीष्टको एउटै शरीर हुन्।

*'ख्रीष्ट पनि त्यस्तै हुनुहुन्छ।'* यस वाक्यको अक्षरशः अनुवाद यस प्रकारको छः त्यो ख्रीष्ट पनि त्यस्तै हुनुहुन्छ। 'त्यो ख्रीष्ट'को अर्थ स्वर्गमा विराजमान हुनुहुने प्रभु येशू ख्रीष्टमा सीमित होइन, तर शिर र शरीरको एकाइका निम्ति पनि लाग्छः स्वर्गमा उहाँ शिर हुनुहुन्छ र पृथ्वीमा उहाँको शरीर छ। सबै विश्वासीहरू ख्रीष्टको शरीरका अङ्गहरू हुन्छन्। मानिसको शरीर त्यो माध्यम र साधन हो, जसद्वारा एक व्यक्तिले अरू मानिसहरूसित व्यवहार गर्छ र आफूलाई प्रकट गर्छ; ठीक त्यस्तै ख्रीष्टको शरीर त्यो माध्यम र साधन हो, जसद्वारा प्रभु येशूले आफूलाई संसारकहाँ प्रकट गर्नुहुन्छ र आफूलाई मानिसहरूकहाँ चिनाउनुहुन्छ। यसरी नै प्रभु येशूले आफ्नो शरीरका सबै अङ्गहरू 'त्यो ख्रीष्ट' भन्ने शब्दभित्र गाभ्नुभएकोमा हामीप्रति उहाँको अपार अनुग्रह देख्छौं। यो उहाँको अद्भुत अनुग्रहको प्रमाण हो।

**१ कोरिन्थी १२ः१३ः** अब कुरा आयोः हामी ख्रीष्टको शरीरमा कसरी गाभियौं? *'हामी सबैजना **एउटै आत्माद्वारा** एउटै शरीरभित्र बप्तिस्मा भयौं।'* यसको अक्षरशः अनुवाद 'एउटै आत्मामा' **45)** हुन्छ। अनि यसको अर्थ दुई प्रकारको हुन्छः एक, जसरी ख्रीष्ट-विश्वासीले पानीको बप्तिस्मा लिँदा पानीभित्र डुब्छ, ठीक त्यस्तै आत्माको बप्तिस्मा हुँदा हामी पवित्र आत्माभित्र डुबेका हुन्छौं। दुई, आत्माको बप्तिस्मा दिनेचाहिँ पवित्र आत्मा हुनुहुन्छ; उहाँले हामीलाई बप्तिस्मा दिनुभएको हुनाले यहाँ 'एउटै आत्माद्वारा' अनुवाद गरिएको छ; अनि यो नै सठीक अर्थ हुनुपर्छ र यसरी यो वाक्य राम्ररी बुझिन्छ पनि।

पेन्टेकोष्टको दिनमा आत्माको बप्तिस्मा भएको थियो। त्यस दिनमा ख्रीष्टको मण्डलीको जन्म भयो। अनि हामीचाहिँ – जुन दिनमा हामीले नयाँ जन्म पायौं, त्यस दिनमा हामी आत्माको बप्तिस्माका आशिषहरूमा सहभागी भयौं। त्यस दिनमा हामी ख्रीष्टको शरीरका अङ्गहरू भयौं।

यहाँ, यस ठाउँमा केही महत्त्वपूर्ण कुराहरूमा हामीले ख्याल राख्नुपर्छ। एक, पवित्र आत्माको बप्तिस्माचाहिँ ख्रीष्ट-विश्वासीहरूलाई ख्रीष्टको शरीरमा गाभ्ने परमेश्वरको काम हो। आत्माको बप्तिस्मा र पानीको बप्तिस्मा एकै कुरा होइन। यो कुरा मत्ती ३:११, यूहन्ना १:३३ र प्रेरित १:५ पदबाट स्पष्टसँग बुझिन्छ। आत्माको बप्तिस्मा मुक्ति पाइसकेको विश्वासीको जीवनमा उसलाई बढ़ी आत्मिक तुल्याउने अनुग्रहको दोस्रो काम पनि होइन। कोरिन्थका सबै विश्वासीहरूको आत्माको बप्तिस्मा भएको थियो। तर पावलले उनीहरूलाई 'तिमीहरू आत्मिक होइनौ, शारीरिक हौ' भनेर हप्काए (१ कोरिन्थी ३:१)। विभिन्न/अन्य भाषाहरूमा बोल्नु आत्माको बप्तिस्मा भएको एकमात्र लक्षण/प्रमाण पनि होइन (१ कोरिन्थी १२:३०); किनभने कोरिन्थका सबै विश्वासी-हरूको आत्माको बप्तिस्मा भइसकेको थियो, तर उनीहरू सबैजना अन्य भाषाहरू बोलेनन्। पवित्र आत्माको सम्बन्धमा कसै-कसैका सङ्कटकालका अनुभवहरू हुनु सम्भव छ। यस्तो समयमा ख्रीष्ट-विश्वासीले आफूलाई आत्माको वशमा सुम्पन्छ र त्यसपछि माथिबाट आत्मिक शक्ति पाएको अनुभव गर्छ। तर यस प्रकारको अनुभव आत्माको बप्तिस्मा भन्न मिल्दैन। यी दुई कुराहरूको खिचड़ी गर्नुहुँदैन।

यस पदको दोस्रो भागमा पनि ध्यान दिऔं, जहाँ यसो लेखिएको छः *'... र सबैजनालाई एउटै आत्माभित्र पिउन दिइयो।'* यस वाक्यको अर्थ यस प्रकारको छः यी विश्वासीहरू परमेश्वरको आत्मामा सहभागी भए, किनकि उहाँले उनीहरूभित्र वास गर्नुभयो, र अबदेखि उसो उनीहरूले आफ्नो जीवनमा उहाँको सेवकाइका विभिन्न आशिषहरू उपभोग गर्छन्।

**१ कोरिन्थी १२:१४:** शरीरका विभिन्न अङ्गहरूबाट मानिसको शरीर बन्दछ। जहाँ अङ्गहरू छैनन्, त्यहाँ शरीर पनि छैन। शरीरमा धेरै अङ्गहरू हुनु खाँचो छ, र अङ्गहरू एक-अर्काबाट फरक हुनुपर्छ। सबै अङ्गहरू

शिरसँग जोड़िएका हुन्छन् र शिरको आदेशअनुसार चल्छन्। अनि अङ्गहरूको ताल आपसमा मिल्नुपर्छ।

**१ कोरिन्थी १२ः१५ः** स्वस्थ शरीरको सामान्य स्थितिमा शरीरका अङ्गहरूमा भिन्नताहरू हुनुपर्छ। के तपाईंले यो बुझ्नुभएको छ? यस कुराले हामीलाई दुईवटा खतराहरूबाट बचाइदिन्छः एक, हामी आफूलाई तुच्छ ठान्दैनौं (१ कोरिन्थी १२ः१५-२०); अनि दुई, हामी अरूलाई तुच्छ ठान्दैनौं (१ कोरिन्थी १२ः२१-२५)। हातको काम गर्न नसकेर खुट्टाले 'मलाई चाहिँदैन' भनेर आफूलाई निकम्मा ठान्नु विचित्रको कुरा हो। खुट्टाकै भारमा मानिस उभिन्छ, हिँड्छ, दगुर्छ, चढ्छ, नाच्छ र लात हान्न सक्छ; अनि खुट्टाका अरू थुप्रै कामहरू हुन्छन्।

**१ कोरिन्थी १२ः१६ः** अनि कानचाहिँ? कान आफू आँखा नभएको हुनाले शरीरको अङ्ग नहुने होइन। कानहरू सुन्न नछोड़ेसम्म हामीले प्रायः कानहरूको वास्ता गर्दैनौं। त्यसपछि मात्र कानहरूको काम कति ठूलो, कति उपयोगी हुँदो रहेछ भन्ने कुरा बुझिन्छ।

**१ कोरिन्थी १२ः१७ः** सम्पूर्ण शरीर आँखा हुँदा हो त त्यसको अनौठो रूपले गर्दा सर्कसमा प्रदर्शन गरिनु योग्य मात्र होला। पूरा रूपले कानैकान भएको शरीरमा नाक छैन भने त्यसले ग्यास निस्केको चालै पाउँदैन। यस्तो अवस्थामा यस प्रकारको शरीर मर्छ वा कम्तीमा अचेत हुन जान्छ र सुन्न पनि छोड्छ।

पावलले खास भन्न चाहेको कुरा यस प्रकारको छः सम्पूर्ण शरीर सबका सब जिब्रो मात्र भएको भए त्यसको रूप साह्रै बिग्रिनेथियो। त्यो त कत्रो विरूपता हुनेथियो। तर ठीक यही कुरा कोरिन्थका विश्वासीहरूले अन्य भाषाहरूमा बोल्ने वरदानमा बढ़ीभन्दा बढ़ी जोड़ दिएर गर्दथिए। वास्तवमा, उनीहरूको स्थानीय मण्डलीरूपी शरीर जिब्रैजिब्रो मात्र भइसकेको थियो। त्यसले बोल्न सक्थ्यो, तर बोल्नु छोड़ेर त्यसले अरू केही पनि गर्न सक्दैनथियो।

**१ कोरिन्थी १२ः१८ः** यस प्रकारको निर्बुद्धिमा परमेश्वरको के दोष थियो र? उहाँले विभिन्न अङ्गहरू शरीरमा मिलाएर राख्नुभयो। यसमा उहाँको असीम बुद्धि छ। यसमा उहाँको मनको इच्छा पनि छ। हामीले

शरीरको सुन्दर रचनाको खातिर उहाँलाई श्रेय दिनुपर्नेथियो; किनभने उहाँको सीप अपार छ। अनि उहाँले हामीलाई जुन-जुन वरदान दिनुभयो, त्यस वरदानका निम्ति हामी धन्यवादी हुनुपर्छ, अति कृतज्ञ हुनुपर्छ, रमाउनुपर्छ, अनि त्यस वरदानसित हामीले उहाँको महिमा गर्नुपर्छ र अरूको उन्नति गर्न खोज्नुपर्छ। अरू कसैले पाएको वरदानको विषयमा कसैको डाहा गर्नु पाप हो। यो त हाम्रो जीवनमा परमेश्वरको सिद्ध योजनाको विरोधमा विद्रोह गर्ने पाप पो हो।

**१ कोरिन्थी १२ः१९ः** एकै अङ्ग मात्र भएको शरीरको कल्पना गर्नु गाह्रो, अँ, यसको विषयमा सोच्नु असम्भव छ। यो कुरा कोरिन्थका विश्वासीहरूले याद गर्नुपर्नेथियो। उनीहरू सबैसँग अन्य भाषाहरूमा बोल्न सक्ने वरदान भएदेखि शरीर नचल्ने, निष्काम हुनेथियो। अरू साधारण वरदानहरू पनि त्यत्ति तमाशायुक्त, चमत्कारपूर्ण नभए पनि उस्तै दरकार हुनेछन्।

**१ कोरिन्थी १२ः२०ः** परमेश्वरले ठहराउनुभएअनुसार अङ्गहरू धेरै छन्, तर शरीर एउटै हो। मानिसको शरीरको सम्बन्धमा यी कुराहरू हामीलाई स्पष्ट हुन्छन्, तर ख्रीष्टको मण्डलीमा हाम्रो सेवाको सम्बन्धमा पनि यी कुराहरू हामीलाई उत्तिकै स्पष्ट हुनुपर्छ।

**१ कोरिन्थी १२ः२१ः** अरू कसैले पाएको वरदानको डाहा गर्नु मूर्खता हो। तर अरूले पाएको वरदानको हेला गर्नु वा आफूलाई अरूको आवश्यकता नपर्नु पनि मूर्खता हो। *'आँखाले हातलाई "मलाई तिम्रो खाँचो छैन" भन्न सक्दैन; न ता फेरि शिरले खुट्टाहरूलाई "मलाई तिमीहरूको खाँचो छैन" भन्न सक्छ।'* आँखाले गर्नुपर्ने कामहरू देख्न सक्छ, तर ती कामहरू पूरा गर्नै सक्दैन। त्यसका निम्ति आँखा हातमा भार पर्नुपर्छ। अनि शिरले कुन ठाउँमा जानुपर्छ, सो कुरा जान्दछ, तर खुट्टाहरूको भारमा परेर मात्र त्यहाँ पुग्न सक्छ।

**१ कोरिन्थी १२ः२२ः** शरीरका कतिवटा अङ्गहरू छन्, जुन अङ्गहरू अरूभन्दा कमजोर, कमसल देखिन्छन्। मिर्गौलाको कुरा गरौंः तिनमा पाखुराको बल छैन जस्तै देखिन्छ। तर पाखुराहरूविना बाँच्न सकिन्छ, तर मिर्गौलाविना बाँच्न सकिँदैन। हातखुट्टाहरूविना हामी बाँच्छौं, अँ,

जिब्रोविना हामी बाँच्न सक्छौं, तर मुटु, फोक्सो, कलेजो र मगजविना बाँच्दैनौं। तर शरीरका यी प्राणाधार अङ्गहरूको सेवा सधैं अदृश्य हुन्छ। यी अङ्गहरू अप्रत्यक्ष रूपले निरन्तर आ-आफ्नो काम गरिरहन्छन्।

**१ कोरिन्थी १२ः२३ः** शरीरका कतिवटा अङ्गहरू सुन्दर, आकर्षित छन्। अरू अङ्गहरू त्यत्ति ललित हुँदैनन्। यसकारण सुन्दर नदेखिने अङ्गहरू हामी वस्त्रले ढाक्छौं। यसरी नै हामीले सबै अङ्गहरूकहाँ बराबर स्याहार पुऱ्याउँछौं, र सुन्दर भएका र मनोहर नभएका अङ्गहरूको बीचमा भिन्नताहरू हटाइदिन्छौं।

**१ कोरिन्थी १२ः२४ः** शरीरका कतिवटा अङ्गहरू आफैआफ देखाउनु लायक हुन्छन्; ती अङ्गहरूमाथि हामीले बढ़ी ध्यान दिनुपर्दैन। तर परमेश्वरले यी विभिन्न अङ्गहरू लिएर शरीरलाई एकसाथ मिलाउनुभएको छ, र त्यसलाई सुव्यवस्थित यन्त्र तुल्याउनुभएको छ। कति अङ्गहरू सुन्दर छन्, कति अङ्गहरू सादा छन्। कुनै अङ्ग खुला पार्न सकिन्छ; त्यसलाई त्यो सुहाउँछ। कुनै अङ्ग खुलस्त पारिनुहुँदैन, त्यसलाई गुप्त राख्नु उचित छ। तर परमेश्वरले हामीलाई आफ्नो शरीरका सबै अङ्गहरूको सद्गुण बुझ्ने सहज-समझशक्ति दिनुभएको छ। यसकारण हामीले आफ्नो शरीरका सबै अङ्गहरू एक-अर्कोमाथि निर्भर रहन्छन् भन्ने कुरा बुझेका छौं; अनि हामी अङ्ग-अङ्गको बीचमा सुन्दर-असुन्दर भएका कुराहरू मिलाइहाल्छौं।

**१ कोरिन्थी १२ः२५ः** शरीरमा कुनै फाटो नहुनु हो भने, सबै अङ्गहरूले एक-अर्कोप्रति वास्ता गर्नुपर्छ, एक-अर्काको हेरचाह गर्नुपर्छ। एकजनाले अर्कोलाई उसलाई खाँचो परेको चीज दिन्छ र आफ्नो सहायता अरू कसैको अङ्गबाट पाउँछ, जसले उसलाई खाँचो परेको कुरा उसलाई दिन सक्छ। यस प्रकारले मण्डली चल्नुपर्छ। तर पवित्र आत्माको एकै वरदान उच्च पार्नेहरूले मण्डलीमा समस्या, झगड़ा र फूट ल्याउँछन्।

**१ कोरिन्थी १२ः२६ः** एउटा अङ्गलाई जुन असर परेको छ, त्यसको त्यो असर सबै अङ्गहरूलाई पनि धेरथोरै लाग्ने नै छ। मानिसको शरीर यसको उत्तम साक्षी हो। ज्वरोको कुरा गरौंः ज्वरो शरीरको एउटै अङ्गलाई मात्र होइन, तर त्यसले सारा शरीरलाई नराम्रो असर पार्छ। अरू रोगहरू र

दुःखदर्दहरूको विषयमा पनि कुरा त्यस्तै छ। आँखाको डाक्टरले कसैको आँखाको जाँच गर्दा त्यस मानिसको ब्रेन ट्यूमर, मिर्गौलाको रोग वा कलेजोको सङ्क्रमण-रोग भेट्टाउँदा रहेछन्। यसको खास कारण यो होः शरीरका सबै अङ्गहरू बेग्ल-बेग्लै भए तापनि र तिनीहरूको काम अलग-अलग भए तापनि ती अङ्गहरू एकै शरीरका अङ्गहरू हुन्, अनि अङ्ग-अङ्गको बीचमा एउटा प्राणाधार जीवित सम्बन्ध हुन्छ; यही कारणले एउटा अङ्गको असर सबै अङ्गहरूलाई असर पार्छ।

शरीरको कुरा यसो हो भने, आफ्नो भाग पर्ने अंशको विषयमा असन्तुष्ट हुनुभन्दा अथवा अरू विश्वासीहरूको सेवासङ्गतिमा आफ्नो खाँचो नदेख्नुभन्दा र आफूलाई स्वाधीन, स्वतन्त्र ठान्नुभन्दा हामीले ख्रीष्टको शरीरमा एकताको विषयमा काल्पनिक विचार अपनाउनुको सट्टामा वास्तविक तवरले आपसमा एकताको भावना, एक-अर्काप्रति परस्पर-निर्भरताको विचार राख्नुपर्छ। अर्को ख्रीष्ट-विश्वासीलाई जुन कुराबाट चोट लागेको छ, त्यस कुराले हामीमा ठूलो खेद र शोक पैदा गर्नुपर्छ। ठीक त्यस्तै अरू ख्रीष्ट-विश्वासीले आदर पाउँदा हामी इर्ष्यालु हुनुहुँदैन, तर ऊसँग रमाउनुपर्छ।

**१ कोरिन्थी १२ः२७ः** कोरिन्थका विश्वासीहरू ख्रीष्टको शरीर थिए। यो उनीहरूले यादमा राख्नुपर्ने कुरा थियो। तर उनीहरूमा ख्रीष्टको शरीर सीमित थिएन। उनीहरू उहाँको सिङ्गै शरीर थिएनन्। अनि यसबाट धेरै शरीरहरूमध्ये उनीहरू एउटा शरीर थिए भन्ने अनर्थ बुझ्नुहुँदैन; किनभने ख्रीष्टको एउटै मात्र शरीर छ। *'तिमीहरू ख्रीष्टको शरीर हौ'* भन्ने वाक्यको अर्थ कसरी लिनु उचित छ त ? उनीहरू सबै मिलेर ख्रीष्टको शरीरको लघु देह भएको वा त्यसको लघु रूप लिएको हुनुपर्छ। यसको अर्थ यही मात्र सम्भव छ। ख्रीष्टको शरीर एउटा बृहत् सहकारी सङ्घ हो, जसको सदस्य-सदस्या एक-एक विश्वासीले बन्न पाएको छ। यसकारण त्यस सङ्घमा हरेकले आ-आफ्नो काम पूरा गर्नुपर्छ। आफ्नो कर्तव्य पूरा गरेकोमा उसलाई न घमण्ड लाग्नु हुन्छ, न आफूलाई अरूबाट अलग, स्वतन्त्र भएको लाग्नु हुन्छ; उसमा डाहा आउनुहुँदैन, उसलाई निकम्मा लाग्नुहुँदैन।

**१ कोरिन्थी १२ः२८ः** प्रेरित पावलले यहाँ पवित्र आत्माका वरदानहरूको दोस्रो सूचि दिँदैछन्। यी दुईवटा सूचिहरूमा पवित्र आत्माका सबै वरदानहरू उल्लेख छैनन्, यी सूचिहरू अधूरा छन्। 'अनि परमेश्‍वरले मण्डलीमा पहिलो प्रेरितहरूलाई नियुक्त गर्नुभएको छ।' पहिलो भन्ने शब्दबाट बुझिन्छ, कि सबैजना प्रेरितहरू हुँदैनन्, तर दोस्रो र तेस्रो स्थानकाहरू पनि छन्। बाह्रजना प्रेरितहरू छन्, अनि प्रभु येशूले तिनीहरूलाई व्यक्तिगत रूपले आफ्ना राजदूतहरूको रूपमा छान्नुभयो र तिनीहरूलाई यस कामका निम्ति नियुक्त गर्नुभयो। प्रभु येशूको सेवकाइको अवधिभरि तिनीहरू उहाँसँग हुन्थे (प्रेरित १ः२१-२२); उहाँको बौरिउठाइ भएपछि यहूदा इस्करयोती छोड़ेर तिनीहरू सबैले प्रभु येशूलाई बौरिउठ्नुभएको अवस्थामा देखे (प्रेरित १ः२-३ र १ः२२)। तर यी बाह्रजनाहरूबाहेक अरू प्रेरितहरू पनि थिए, जस्तै पावल, अनि बर्नबास (प्रेरित १४ः४ र १४), अनि प्रभुको भाइ याकूब (गलाती १ः१९), अनि सिलास र तिमोथी (१ थेस्सलोनिकी १ः१ र २ः६)। यी प्रेरितहरू र नयाँ नियमका भविष्यवक्ताहरूले आफ्नो शिक्षाले मण्डलीको जग बसाले। तिनीहरूको शिक्षा प्रभु येशू ख्रीष्टमा केन्द्रित थियो (एफेसी २ः२०)। सही अर्थमा वर्तमान समयमा प्रेरितहरू छैनन्। तर प्रेरित शब्दमा खुकुलो अर्थ राखिन्छ भने हामीसँग प्रभुका राजदूतहरू र ठाउँ-ठाउँमा उहाँका मण्डलीहरू स्थापित गर्ने प्रचारक-मिशनेरीहरू छन्, जस-जसलाई उहाँले यस कामका निम्ति पठाउनुभएको छ। हामी उनीहरूलाई प्रेरितहरू भन्दैनौं, तर मिशनेरी भन्छौं; किनभने यसरी हामीले ती मिशनेरीहरूसँग पनि शुरुका प्रेरितहरूको विशेष ईश्‍वरीय अधिकार र अलौकिक शक्ति छ भन्ने भावना नकार्न चाहन्छौं।

अनि दोस्रो स्थानमा भविष्यवक्ताहरू आउँछन्। हामीले अघि बताएअनुसार भविष्यवक्ताहरू परमेश्‍वरका मुखपात्र, उहाँका प्रवक्ताहरू हुन्; किनभने जबसम्म परमेश्‍वरको वचनको लिखित रूप तयार भएको थिएन, तबसम्म उनीहरूले परमेश्‍वरको यही वचन मुखले भन्ने गर्थे। अनि शिक्षकहरूचाहिँ – तिनीहरू परमेश्‍वरको वचन लिएर सरल भाषामा यसको अर्थ मानिसहरूलाई बुझाउने गर्छन्। त्यसपछि यस सूचिमा

आश्चर्यकर्महरू वा सामर्थ्यका कामहरू आउँछन्। आश्चर्यकर्महरू मरेकोलाई बौराउनु, दुष्ट आत्माहरू निकाल्नु आदि अलौकिक कामहरू हुन्। अनि निको पार्ने वरदानहरूचाहिँ शरीरका रोगहरू तत्कालै निको पार्ने क्षमता हुन्; यसको चर्चा हामीले अघि गरिसक्यौं। सहायताहरूचाहिँ डिकनहरूले गर्ने काम हुन्, जस-जसको हातमा मण्डलीका भौतिक कामकुराहरूको जिम्मेवारी सुम्पिएको छ। तर अगुवाइ गर्ने कामहरूचाहिँ एल्डरहरू वा बिशपहरूका काम हुन्; किनभने यी मानिसहरूले भक्तिको साथ स्थानीय मण्डलीको आत्मिक देखरेख गर्छन्। अनि सूचिको अन्तमा किसिम-किसिमका भाषाहरूमा बोल्ने वरदान आउँछ। अनि यस सूचिको क्रममा महत्त्व छ भन्नेमा हाम्रो दृढ़ विश्वास छ। प्रेरितहरू यस सूचिको पहिलो स्थानमा छन्, तर अन्य भाषाहरूमा बोल्ने वरदान अन्तिम छ। तर कोरिन्थका विश्वासीहरूले अन्य भाषाहरूमा बोल्ने वरदान प्रथम स्थान दिएर प्रेरितहरूको श्रेणी घटाएर तिनीहरूलाई तुच्छ ठाने।

**१ कोरिन्थी १२ः२९-३०ः** 'के हरेक विश्वासीसँग एकै किसिमको वरदान छ' भनेर पावलले प्रश्न गर्छन्। के सबैजना प्रेरितहरू, भविष्यवक्ताहरू, शिक्षकहरू, अचम्मका/सामर्थ्यका काम गर्नेहरू, निको पार्नेहरू, सहायता गर्नेहरू, अगुवाइ गर्नेहरू, अन्य भाषाहरू बोल्नेहरू वा भाषाहरूको अनुवाद गर्नेहरू हुन् त? उनले यी प्रश्नहरूबाट पाउनुपर्ने नकार्ने एउटै उत्तर सम्भव छ, जुन उत्तर 'हुँदैनन्' हो; ग्रीकको व्याकारण-अनुसार यस प्रश्नको सम्भव हुने एकमात्र उत्तरचाहिँ 'हुँदैनन्' भन्ने उत्तर अनिवार्य हो [46)]। यसकारण विभिन्न भाषाहरूमा बोल्न सक्ने वरदान सबैले पाउनुपर्छ भन्ने जुनसुकै सुझाउ, चाहे मुखले भनेको वा कसैले यसको सङ्केत मात्र दिएको होस्, त्यस प्रकारको सुझाउचाहिँ परमेश्वरको वचनको विपरीत, त्यसको विरोधमा छ, अनि ख्रीष्टको शरीर कसरी चल्छ, यसको विचार बिलकुलै नबुझेको देखाउँछ; किनभने ख्रीष्टको शरीरका अङ्गहरू धेरै हुन्छन्, विभिन्न हुन्छन्, र एक-एक अङ्गको काम अलग-अगल छ।

हरेकसँग विभिन्न भाषाहरूमा बोल्न सक्ने वरदान हुँदैन भन्ने कुरा यस ठाउँमा सफासँग बताइएको छ; तब पवित्र आत्माको बप्तिस्मा पाएको

चिन्ह-लक्षण अन्य भाषाहरू बोल्नु हो भन्ने कुरा सिकाउनु पनि गलत हो रहेछ। किनकि यसो भए सबैजनाले यस प्रकारको बप्तिस्माको आशा नगरे पनि हुन्छ। तर यस सम्बन्धमा सत्यता यस प्रकारको छः पवित्र आत्माद्वारा हरेक विश्वासीको बप्तिस्मा भइसकेको छ (१ कोरिन्थी १२:१३)।

**१ कोरिन्थी १२:३१:** *'तर सबैभन्दा असल वरदानहरूका निम्ति उत्सुकतापूर्वक लालसा गर!'* भन्ने पावलको आज्ञा छ। यसो भनेर तिनले कोरिन्थका विश्वासीहरूलाई स्थानीय मण्डलीको रूपमा सम्बोधन गरेका छन्, व्यक्ति-व्यक्तिको रूपमा होइन। क्रियापदको बहुवचनको माग यही हो। अनि सठीक अर्थ पनि यही हो। तिनको सुझाउअनुसार स्थानीय मण्डलीले आफ्नो बीचमा पवित्र आत्माका विभिन्न उच्च स्तरीय उन्नतिशील वरदानहरूको इच्छा गर्नुपर्छ। उपयोगी, काममा आउने वरदानहरू सर्वोच्च वरदानहरू हुन्; यी वरदानहरू तमाशा गर्ने वरदानभन्दा कहाँ-हो-कहाँ उत्तम छन्। सबै वरदानहरू पवित्र आत्माको देन हुन्। यसैले कुनै वरदान तुच्छ ठान्नुहुँदैन। तर शरीरको उन्नति गर्ने सम्बन्धमा कुनै वरदानको लाभ धेरै वा थोरै हुन सक्छ। यो पक्का हो। अनि हरेक स्थानीय मण्डलीले यी बढ़ी उपयोगी, बढ़ी उन्नतिशील वरदानहरू प्रभु-बाट माग्नुपर्छ। उहाँले यस्ता दानवरदानहरू भएका व्यक्तिहरूलाई तिनीहरूको बीचमा उठाउनुपर्छ।

'तर योभन्दा अझै पनि सर्वोत्तम मार्ग छ, जुन मार्ग म तिमीहरूलाई अहिले देखाउँदैछु' भन्ने वाक्यले प्रेमको अध्यायको परिचय गर्छ (१ कोरिन्थी १३:)। वरदानहरू पाउनु एउटा कुरा हो; तर यी वरदानहरूको प्रयोग अर्को कुरा हो, खास कुरा हो। किनभने हामीले यी वरदानहरू प्रेममा प्रयोग गर्नुपर्छ। प्रेम गर्ने व्यक्तिले अरूको विचार गर्छ, आफ्नो विचार गर्दैन। पवित्र आत्माको उच्च वरदान पाएको मानिसलाई देख्न पाउनु अचम्मको कुरा हो, तर यस मानिसले अरूको ध्यान आफूमाथि खिच्नुभन्दा यो उच्च वरदान अरूको उन्नतिका निम्ति सदुपयोग गरेको देख्नु अझै उदेकलाग्दो कुरा हुन्छ।

तेह्र अध्याय आफ्नो सन्दर्भदेखि विच्छेद गर्नुहुँदैन। कतिले यसमा एउटा अन्तराल मात्र देख्छन्, र यो अध्याय कोष्ठक-चिन्हहरूभित्र

राखेको कुरा हो भन्छन्। चौध अध्यायमा अन्य भाषाहरू बोल्ने प्रसङ्ग उठाउनुभन्दा अगाड़ि यस विषयमा उम्लेको जोश शीतल पार्ने काम गर्छ भन्छन्। तर कुरा खास यस्तो होइन। पावलको तर्कको प्रवाह यसमा बगिरहेको छ, अघि बढ़िरहेको छ। यो अध्याय तिनको तर्क पुष्टि गर्ने महत्त्वपूर्ण बुँदा पेश गर्छ।

अन्य भाषाहरूको वरदानको दुरुपयोग कोरिन्थको मण्डलीमा झगड़ाको कारण बनेको थियो। उनीहरूले आफ्ना वरदानहरू आफ्नो खूबीको प्रदर्शन गर्न, आफ्नो उन्नति गर्न र आफ्नै सन्तुष्टिका निम्ति प्रयोग गर्दथिए। यी वरदानप्राप्त व्यक्तिहरूले प्रममा चल्दैनथिए। आफूले कहिल्यै नसिकेका भाषाहरू सभाहरूमा खुल्लमखुल्ला बोलेर यी बोल्नेहरूको अभिलाषा तृप्त हुन्थ्यो। तर यसरी यिनीहरू तिनीहरूको कष्टको कारण बने, जसले यिनीहरूको मुखबाट आफूले नबुझेको कुरा धीरजसँग सुन्नुपरेको थियो। यसकारण सबै वरदानहरूको प्रयोग प्रेमको साथ हुनुपर्छ भन्ने माग पावलको आग्रह हो। आफ्नो स्वार्थ होइन, तर अरूको उन्नति, अरूको सहायताचाहिँ प्रेमको लक्ष्य र उद्देश्य हो।

अनि कसले जान्दछ? हुन सक्छ, अन्य भाषाहरूमा बोल्न नसक्नेहरूको प्रतिक्रिया पनि प्रेमले पूर्ण थिएन होला। तिनीहरूको प्रतिक्रिया पनि तातो रिसको थियो होला। सबै अन्य भाषाहरू शैतानका हुन् भन्ने सम्म पनि तिनीहरूले भने होलान्। अनि तिनीहरूको गालीजस्तै सुनिने कटु ग्रीक भाषाचाहिँ अन्य भाषाहरूको आवाजभन्दा कति नमीठो थियो होला। अन्य भाषाहरूको वरदानको दुरुपयोगभन्दा तिनीहरूको प्रेमरहित व्यवहार नै खराब थियो।

यसकारण पावल यहाँ एउटा बुद्धिमान् काम गर्छन्। सम्झना रहोस्ः सबैमा प्रेम हुनुपर्छ; दुवै पक्ष र विपक्ष हुनेहरूमा प्रेम हुनुपर्छ। उनीहरूले एक-अर्कोलाई प्रेम गरेका भए उनीहरूको समस्या समाधान हुनेथियो। अन्य भाषाहरू बोल्ने समस्या एक-अर्कालाई बहिष्कार गर्ने वा आपसमा फाटो सृजना गर्ने विषय हुनुपर्दैन, तर यसबाट एक-अर्कालाई प्रेम गर्न सिक्नुपर्छ। प्रेमचाहिँ यस समस्याको उत्तर हो।

**१ कोरिन्थी १३ः१ः** कसैले मानिसहरूका त के, स्वर्गदूतहरूका पनि सबै भाषाहरू बोल्न सके, तर आफ्नो यो क्षमता अरू मानिसहरूको भलाइका निम्ति प्रयोग गरेन भने, त्यो त ठ्याङठ्याङ गर्ने पित्तल र झ्याइँझ्याइँ गर्ने झ्याम्टाजस्तै मात्र हुन्छ; त्यसबाट कसैलाई केही लाभ हुँदैन। त्यसमा त्योभन्दा रमणीय के पो हुन्छ र? जहाँ बोलिएको कुरा बुझिँदैन, त्यहाँ त्यसबाट फाइदा पनि हुँदैन। त्यो त दिक्कैलाग्दो झ्याउँझ्याउँ मात्र हो, जसबाट कसैको लाभ हुँदैन। अन्य भाषाहरू बोलेको कुरा लाभदायक हुनु हो भने त्यसको अनुवाद हुनैपर्छ। बोलेको कुरा गफ हुनुहुँदैन, तर त्यसबाट कसैको उन्नति हुनुपर्छ। यो अनिवार्य हो। स्वर्गदूतहरूका भाषाहरू के हुन्? यो त उच्च स्तरीय भाषणको साङ्केतिक परिभाषा हुन सक्छ, तर यसको अर्थ नजानिएको भाषा हुन सक्दैन। किनभने पवित्र बाइबलमा जब स्वर्गदूतहरूले मानिसहरूसँग कुरा गर्थे, तब तिनीहरूले सामान्य, सजिलो बुझ्न सक्ने भाषामा बोल्ने गर्थे।

**१ कोरिन्थी १३ः२ः** त्यस्तै गरी, कसैले परमेश्वरबाट अद्भुत प्रकाशहरू पाउन सक्छ; उसले परमेश्वरका रहस्यहरू बुझेको होला, जुन प्रकाशहरू आजको दिनसम्म कहिल्यै प्रकट नगरिएका महान् सत्यताहरू हुन्। तर अब यी उदेकका कुराहरू उसकहाँ प्रकट भए। उसको जीवनमा आध्यात्मिक ज्ञानको धारा अलौकिक रूपले बग्दै गरेको होला। ऊसँग पहाड़हरू हटाउन सक्ने विश्वासको वीरता होला। तर यी अचम्मका वरदानहरू आफ्नै फाइदाका निम्ति प्रयोग गर्दा तिनमा कुनै मूल्य हुँदैन; वरदानप्राप्त व्यक्ति पनि केही पनि हुँदैन। जबसम्म उसले आफ्ना वरदानहरू ख्रीष्टको शरीरका अङ्गहरूको उन्नतिका निम्ति सदुपयोग गर्दैन, तबसम्म अरूका निम्ति ऊ उपयोगी हुँदैन, उसबाट कुनै लाभ हुँदैन।

**१ कोरिन्थी १३ः३ः** प्रेरित पावलजस्तो मानिसले आफ्नो सारा सम्पत्ति गरिबहरूलाई खुवाएका भए वा आफ्नो शरीर आगोमा होम्न दिएका भए, जबसम्म यी कल्यान-कार्य र बहादुरी कामहरू प्रेमको भावले गरिँदैनन्, तबसम्म ती अद्भुत कामहरूबाट तिनलाई कुनै पनि लाभ हुनेछैन। मानिसहरूको ध्यान आफूमाथि आकर्षण गर्ने र आफ्ना निम्ति नाम कमाउने उद्देश्यले देखाइएको सद्गुणमा पनि कुनै मूल्य हुँदैन।

**१ कोरिन्थी १३ः४ः** कसैले यसो भनेका छन्ः 'यो खण्ड प्रेमको निबन्धको रूपमा लेखिएको लेख होइन, तर नयाँ नियमभित्र हालिएका अरू साहित्य रत्नहरूजस्तो स्थानीय परिस्थितिको सन्दर्भमा लेखिएको, कुनै समस्याले प्रेरित भएको लेख हो।' अनि श्री चार्लस होड्चले के देखाएका छन् भने, कोरिन्थीका विश्वासीहरू अधीरजी, असन्तुष्ट, ईर्ष्यालु, घमण्डले फुलिएका, स्वार्थी, रूखो, अरू मानिसहरूको भावना, चाहना र खाँचोप्रति अलिकति पनि विचार नगर्ने, शङ्कालु, रिस राख्ने र अरूलाई जाँच्ने मानिसहरू थिए।

यसकारण पावलले यहाँ उनीहरूका सबै अवगुणहरू काट्न सक्ने साँचो प्रेमका सद्गुणहरू पेश गर्छन्। प्रेमका सद्गुणहरूमा पहिले आउँछन्ः सहनशीलता र दया। *'प्रेमले खूबै सहन्छ र दयालु हुन्छ।'* सहनशीलताचाहिँ रिस, द्वेष, बेखुशी, ताप र जलन आदि खराब मनोभावना उठाउने प्रतिकूल परिस्थितिमा धैर्य धारण गर्ने शक्ति हो। दयाचाहिँ अरूको कल्याण खोज्ने क्रियाशील भलाइ हो। *'प्रेमले कसैसँग डाहा गर्दैन।'* प्रेमचाहिँ अरूको सम्मान, अरूको पदोन्नति, अरूको प्रगति र सफलतामा आनन्द लिन्छ। *'प्रेमले आफ्नो प्रशंसा गर्दैन, घमण्डले फुलिँदैन।'* हामीसँग जे छ, त्यो सबै परमेश्वरको देन हो। अनि मानिसमा कुनचाहिँ सद्गुण होला, जसको विषयमा हामी घमण्ड गर्न सक्छौं? मानिसमा घमण्ड गर्न सक्ने केही पनि छैन। पवित्र आत्माका वरदानहरू पाउनुमा मानिसको हात छैन, तर पूरापूर परमेश्वरको सर्वाधिकारभित्र राखिएको कुरा हो। यस सम्बन्धमा पनि घमण्ड नलाग्नुपर्ने हो। हामीसँग भएको वरदान जति उच्च, जति प्रभावशाली, जति विशेष किन नहोस्, हामीले यसमा फुल्नुहुँदैन।

**१ कोरिन्थी १३ः५ः** *'प्रेमले रूखो व्यवहार गर्दैन।'* प्रेमको साँचो व्यवहारको माग शिष्टाचार र विचारशीलता हो। *'प्रेमले आफ्नै भलाइ खोज्दैन।'* प्रेम गर्ने मानिसको ध्यान अरूको कल्याणमाथि रहन्छ। *'प्रेम झड़्ङ्ग रिसाउँदैन;'* त्यसले बरु अनादर र अपमान सहन्छ। *'प्रेमले खराबीको हिसाब राख्दैन।'* त्यसले अरू मानिसहरूका मनोभावनाहरूमा कुनै खराबी देख्दैन, र तिनीहरूमाथि र तिनीहरूका कामहरूमाथि कुनै शङ्का गर्दैन। प्रेम कपटरहित, छलरहित हुन्छ।

**१ कोरिन्थी १३ः६ः** *'प्रेम अधर्ममा आनन्दित हुँदैन, तर सत्यतामा आनन्दित हुन्छ।'* मानिसको स्वभावमा एउटा अति नीच अवगुण छः अधर्ममा आनन्द लिनु। कुनै अधर्मबाट आफूलाई फाइदा हुन्छ भने, त्यसमा मानिसलाई झन् आनन्द लाग्छ। यो प्रेमको भावना होइन। सत्यको जय प्रेमको आनन्द हो।

**१ कोरिन्थी १३ः७ः** *'प्रेमले सबै कुराहरू सहन्छ'* भन्ने वाक्यको सामान्य अर्थ त्यही नै हो; तर सहनुको अर्थ यस प्रकारको पनि हुन सक्छः प्रेमले अरूको गल्ती छोपिदिन्छ। किनभने 'सहनु' अनुवाद गरिएको शब्दको अर्थ छोप्नु पनि हो। यसर्थ प्रेमले अरू मानिसहरूका भूलहरूको प्रचार गर्दैन; तर आवश्यक परेको खण्डमा प्रेम गर्ने व्यक्ति सुदृढ़ रहन्छ र गल्तीको दोष देखाउँछ र ईश्वरीय रीतिले भूल गर्नेलाई अनुशासन गर्छ।

*'प्रेमले सबै कुराहरू विश्वास गर्छ।'* प्रेम गर्नेले सबै कामकुराहरूमा यथासम्भव सकारात्मक अर्थ लगाइदिन्छ। *'प्रेमले सबै कुराहरूको आशा गर्छ।'* सबै कुराहरू मिलेर भलाइ उत्पन्न गर्नुपर्छ भन्ने उत्कट आकाङ्क्षा गर्नु यस वाक्यको अर्थ हो। *'प्रेमले सबै कुराहरूमा धीरज धर्छ।'* सतावटमा परेको बेलामा वा खराबी आइपर्दा प्रेमचाहिँ धैर्यवान् हुन्छ।

**१ कोरिन्थी १३ः८ः** जस-जसले आफ्नो आत्मिक वरदानहरू प्रेमको साथ सदुपयोग गर्छन्, तिनीहरूका सद्‌गुणहरू के-के हुन्, सो कुरा सूचित गरेपछि प्रेरित पावलले पवित्र आत्माका वरदानहरू अस्थायी छन्, अँ, अल्पकालिक छन्, तर प्रेमचाहिँ अनन्त हुन्छ भन्ने कुरा आफ्नो विषय तुल्याउँछ; किनकि *'प्रेम कहिल्यै टल्दैन।'* अनन्त-अनन्तसम्म हामीले प्रभु येशूलाई प्रेम गरिरहनेछौं र एक-अर्कालाई प्रेम गर्ने नै छौं। तर पवित्र आत्माका वरदानहरू अनन्त हुँदैनन्, तर यी वरदानहरू अल्पकालिक हुन्छन्।

यस खण्डका प्रमुख व्याख्या दुईवटा छन् (१ कोरिन्थी १३ः८-१३)। उहिलेदेखि चल्दै आएको व्याख्या यस प्रकारको छः जब ख्रीष्ट-विश्वासीहरूले परलोकरूपी अनन्तकालभित्र प्रवेश गर्नेछन्, तब भविष्यवाणीको वरदान, विभिन्न भाषाहरू बोल्न सक्ने वरदान र ज्ञानको वरदान समाप्त हुनेछन्।

अर्को व्याख्या यस्तो छः पवित्र धर्मशास्त्ररूपी कानुन तयार भएपछि यी वरदानहरू बन्द भइसके। दुवै धारणाहरू सँगसँगै राखेर हामी तिनको बीचका भिन्नताहरू प्रकट गर्छौं। यसो गर्न १ कोरिन्थी १३ःट-१२ पदको खण्ड निम्न भावानुवादको रूपमा प्रस्तुत गरिन्छः

### धारणा एकः

८ प्रेम कहिल्यै टल्दैन, शेष हुनेछैन नै। तर भविष्यवाणीहरू यस्ता हुँदैनन्; किनभने ती भविष्यवाणीहरू वर्तमान समयमा सीमित हुन्छन्। तर जब परमेश्वरका जनहरूले स्वर्गीय घरमा प्रवेश गर्नेछन्, तब भविष्यवाणीहरू बन्द हुनेछन्। हालैमा ज्ञानको वरदान छँदैछ; तर एक दिन त्यो पनि शेष हुनेछ, जुन दिनमा हामी स्वर्गको महिमारूपी आफ्नो गन्तव्यस्थलमा पुग्नेछौं। (जब पावलले 'ज्ञान बितेर जानेछ' भनेर भन्छन्, तब 'स्वर्गमा ज्ञान हुनेछैन' यस वाक्यको अर्थ हुनै सक्दैन। तिनले यहाँ ज्ञानको वरदानको कुरा गरेका हुनुपर्छ, जुन वरदानमार्फत कसैलाई अलौकिक रूपले परमेश्वरको सत्यताको विषयमा ज्ञानको प्रकाश दिइएको थियो।)

९ यस जीवनमा हाम्रो ज्ञान अधूरो हुन्छ-हुन्छ; यहीअनुसार भविष्यवाणीहरू पनि अधूरो हुन्छन्। पवित्र बाइबलमा नबुझ्ने धेरै कुराहरू रहन्छन्, अनि युग-युगअनुसार परमेश्वरको प्रबन्ध के-के हो, सो विषयमा कति रहस्यहरू रहिरहन्छन्।

१० तर जब सिद्ध भएको कुरा आउँछ, अर्थात् जब हामीले अनन्तकालमा प्रवेश गरेर आफ्नो सिद्ध अवस्था धारण गर्नेछौं, तब अधूरो ज्ञान प्रकट गर्ने र अधूरो भविष्यवाणी गर्ने वरदानहरू हटाइनेछन्।

११ यो जीवन बाल्यावस्थासित तुलना गर्न सकिन्छ, जुन अवस्थामा हाम्रो बोली स्पष्ट हुँदैन र हाम्रो बुझ्ने र सोच्ने शक्ति सीमित हुन्छ; किनकि हामी परिपक्व भएका छैनौं। स्वर्गमा पुगेपछि हाम्रो अवस्था परिपक्व प्रौढ़को हुनेछ। तब हाम्रो वर्तमान बालकीय अवस्था बिति-सकेको कुरा गनिनेछ।

**१२** जबसम्म हामी यस संसारमा छौं, तबसम्म हामी कुराहरू स्पष्ट देख्दैनौं, तर मैला भएको ऐनामा देखेजस्तै धमिलो देख्छौं। तर स्वर्गमा सबै कुराहरू आमुन्ने-सामुन्ने देखिनेछन्। तब हाम्रो दृश्य धमिलो पार्ने कुनै कुरा बीचमा खड़ा हुनेछैन। अहिले हाम्रो ज्ञान अधूरो छ; तर त्यस बेलामा हामी जान्नेछौं, जसरी परमेश्वरद्वारा हामी हालैमा राम्रोसँग चिनिएका छौं। स्वर्गमा पनि हाम्रो ज्ञान सिद्ध र पूर्ण हुनेछैन। किनभने परमेश्वर मात्र सर्वज्ञानी हुनुहुन्छ। तर अहिलेको भन्दा त्यस बेलामा हाम्रो ज्ञान कता-हो-कता बढ़ी हुनेछ।

## धारणा दुईः

८ प्रेमे कहिल्यै टल्दैन, कहिल्यै बन्द हुनेछैन। पावलको समयमा भविष्यवाणी गर्ने वरदान थियो; तर नयाँ नियमको अन्तिम पुस्तक तयार भएपछि वर्तमान युगमा यस प्रकारका दिव्य प्रकाशहरूको खाँचो नपर्लो। अनि विभिन्न भाषाहरूमा बोल्न सक्ने वरदान पनि पावलको समयमा थियो। तर पवित्र बाइबलका छैसट्ठी पुस्तकहरू लेखिसकेपछि अन्य भाषाहरू बोल्ने कुरा आफैआफ बन्द भयो। किनभने अबचाहिँ प्रेरितहरू र भविष्यवक्ताहरूले प्रचार गरेको वचन पुष्टि गर्न यस प्रकारको वरदानको आवश्यकता छैन (हिब्रू २ः३-४)। परमेश्वरले प्रेरितहरू र भविष्यवक्ताहरूलाई त्यस समयसम्म प्रकट नभएका तथ्यहरूको ईश्वरीय ज्ञान दिनुहुन्थ्यो। तर अब ख्रीष्टीय शिक्षाको समूह एकैपल्ट सधैंका निम्ति सुम्पियो; अनि त्यस समयपछि नयाँ प्रकाशहरू प्रकट गर्ने ज्ञानको वरदान पनि बन्द भयो।

९ प्रेरितहरूले पाएको ज्ञान अधूरो थियो; यसकारण तिनीहरूले सीधै परमेश्वरबाट आत्माप्रेरित ज्ञानका प्रकाशहरू पाउँथे। यसकारण भविष्यवाणी पनि अधूरो हुन्थ्यो; किनभने अघि पाइसेको प्रकाशमा बेला-बेलामा नयाँ प्रकाशहरू थपिन्थे।

**१०** तर जब सिद्ध कुरा आयो, अर्थात् नयाँ नियमको अन्तिम पुस्तक लेखियो र पवित्र बाइबलको कानुनमा थपियो, तब बेला-बेलामा

दिइएका सत्यताका यी अधूरा प्रकाशहरू बन्द भए, र यी नयाँ-नयाँ तथ्यको सुनाउने काम पनि बन्द भयो। अबचाहिँ अधूरा प्रकाशहरूको दरकार छैन; किनभने परमेश्वरको वचन पूरा रूपले तयार भयो र उपलब्ध छ।

**११** चिन्हरूपी वरदानहरू मण्डलीको शुरुमा चाहिएको थियो, जब ख्रीष्टको मण्डली बाल्यावस्थामा थियो। यी वरदानहरू बालसुलभ थिएनन्; पवित्र आत्माका यी वरदानहरूको आवश्यकता थियो। तर जब परमेश्वरको पूरा प्रकाश पवित्र बाइबलमार्फत तयार र उपबल्ध भयो, तब यी चिन्हरूपी वरदानहरूका निम्ति ठावैं रहेन र ती वरदानहरू हटाइए। यहाँको बालक **47)** स्पष्टसँग बोल्न नसक्ने नानी हो।

**१२** प्रेरितहरूको जमानाभरि ऐनामा देखेजस्तै अस्पष्ट देखिन्थ्यो, र कुनै प्रेरितसँग पूरा प्रकाश भएको थिएन। त्यो प्रकाशचाहिँ बेला-बेलामा अलि-अलि गरेर तिनीहरूलाई दिइन्थ्यो, गोरखधन्दाका टुक्राटुक्रीजस्तै। तर जब पवित्र धर्मशास्त्रको कानुन पूरा भयो, तब सबै अस्पष्टता हटाइयो र सम्पूर्ण प्रकाशरूपी चित्र सफासँग देखिन थाल्यो। उहिले प्रेरितहरू र भविष्यवक्ताहरूको ज्ञान अधूरो थियो। तर नयाँ नियमको अन्तिम पुस्तक तयार भएकोदेखि उता ज्ञानको पूर्णता उपभोग गर्न सकिन्छ। हामीसँग अन्तरिक ज्ञानको आत्मीयता भएको छ; योभन्दा अघि कहिल्यै यस्तो भएको थियो।

**१ कोरिन्थी १३ः१३ः** *'विश्वास, आशा र प्रेमचाहिँ'* – यी प्रमुख नैतिक विशेषताहरू श्री विलियम केल्लीअनुसार इसाई धर्मको चिनारी हुन्। पवित्र आत्माका यी सद्‌गुणहरू पवित्र आत्माका सबै वरदानहरूभन्दा महान् छन्; अनि यी सद्‌गुणहरू अल्पकालिक होइनन्, तर लामो समयसम्म टिक्छन्। छोटकरीमा भन्नु हो भने, पवित्र आत्माको फल पवित्र आत्माका वरदानहरूभन्दा महत्त्वपूर्ण हुन्छ।

प्रेम सर्वोच्च सद्‌गुण हो; अनि यो सद्‌गुण अरू सबै गुणहरूभन्दा उपयोगी हुन्छ। प्रेम आत्मकेन्द्रित हुँदैन। प्रेम परोपकारी हुन्छ।

यो अध्यायबाट बिदा लिनुभन्दा अघि हामीले केही टीका-टिप्पणी गर्नु उचित देखिन्छ। हामीले १ कोरिन्थी १३ः८-१२ पदको खण्डका

दुईवटा मुख्य सर्वमान्य व्याख्या प्रस्तुत गर्‍यौं। त्यसको पहिलो व्याख्यानले वर्तमान समयका अधूरा परिस्थितिहरू र अनन्तकालको सिद्ध अवस्थाको बीचमा भिन्नता राख्छ।

तर धेरै भक्तजन र ख्रीष्ट-विश्वासीहरूले दोस्रो धारणाअनुसार विश्वास गर्छन्। तिनीहरूको विश्वासअनुसार परमेश्वरको वचनले आफ्नो अन्तिम रूप लिएर त्यसको लिखित रूपमा तयार नभएसम्म चिन्हरूपी वरदानहरूले प्रेरितहरूद्वारा प्रचार गरिएको वचन पुष्टि गर्दथिए। तर नयाँ नियमको पुस्तक तयार भएपछि यी चिन्हरूपी वरदानहरूको आवश्यकता भएन। यो धारणा साँच्चै यसमाथि विचार पुर्‍याउनु लायकको छ; तर यसलाई निश्चित रूपले प्रमाणित गर्न सकिँदैन। ठीक छ, हामी मानिलिौंः प्रेरितहरूको समयमै चिन्हरूपी वरदानहरू बिस्तार-बिस्तारै लुप्त भए; तर परमेश्वरले चाहनुभएर पनि वर्तमान समयमा यी वरदानहरू कहिल्यै प्रयोग गर्नुहुन्न भन्ने कुरा हामी किटेर कसरी भनौं? त्यो हामी कुनै हालतमा पनि मान्न र स्वीकार गर्न सक्दैनौं।

अनि यी धारणाहरूमा तपाईं कुनचाहिँ अपनाउनुहुन्छ, त्यसको परवाह छैन नै; तर यहाँबाट हामीले सिक्नुपर्ने दीर्घकालिक पाठ यो होः पवित्र आत्माका वरदानहरूको लाभ आंशिक हो र ती वरदानहरू अस्थायी हुन्छन्, तर पवित्र आत्माको फल अनन्त र सर्वोच्च हुन्छ। हामी प्रेममा हिँड्छौं भने हामीलाई दिइएका वरदानहरू दुरुपयोग गर्दैनौं। अनि प्रेमचाहिँ हामीलाई वरदानको बेप्रयोगबाट उत्पन्न हुने झगड़ा र फाटो-हरूबाट बचाउँछ।

**१ कोरिन्थी १४ः१ः** तेह्र अध्यायसित यस अध्यायको सम्बन्ध सुस्पष्ट छ। ख्रीष्ट-विश्वासीहरू प्रेमको पछि लाग्नुपर्छ, जसले गर्दा उनीहरू अरूको सेवा गर्न सधैं तत्पर रहन्छन्। अनि स्थानीय मण्डलीको रूपमा उनीहरूले उत्सुकतापूर्वक उच्च आत्मिक वरदानहरूको चाहना गर्नुपर्छ। हो, आफ्नो इच्छाअनुसार यी वरदानहरूको वितरण पवित्र आत्माको पेवा हो; तर स्थानीय मण्डलीका निम्ति हामीले सबैभन्दा उपयोगी र लाभदायक वरदानहरू माग्न पाउँछौं। यो पनि सत्य हो। यसकारण पावलले भविष्यवाणीको वरदान बढ़ी चाहना गर्नु लायक हो भनेर भन्छन्।

पावलको विचारमा, अन्य भाषाहरूमा बोल्ने वरदानबाट भन्दा भविष्यवाणी गर्ने वरदानबाट लाभ ठूलो हुन्छ।

**१ कोरिन्थी १४ः२ः** जुन मानिस कुनै अन्य भाषा बोल्छ, तर त्यसले अन्य भाषामा बोलेको कुराको अनुवाद छैन भने त्यस मानिसले बोलेको कुराबाट मण्डलीलाई कुनै लाभ हुँदैन। परमेश्‍वरले त्यसले भनेको कुरा बुझ्नुहुन्छ, तर परमेश्‍वरका जनहरूले बुझ्दैनन्; किनभने उनीहरूका निम्ति यो त कुनै अन्य, नबुझिने भाषा हो। त्यस मानिसले कहिल्यै नसुनिएका अद्‌भुत आत्मिक तथ्यहरू प्रस्तुत गर्ला, तर त्यसबाट कुनै लाभै हुँदैन; किनभने त्यसको बोलीवचन नबुझिने हुन्छ।

**१ कोरिन्थी १४ः३ः** अर्को मानिस छ, जसले भविष्याणी गर्छ। उसले परमेश्‍वरका जनहरूको उन्नति गर्छ। उसले तिनीहरूलाई उत्साह दिन्छ; उसले तिनीहरूलाई सान्त्वना दिन्छ। उसले बोलेको भाषा सबैले बुझ्ने भाषा हो; अनि खास यस कुरामा भिन्नता छ। भविष्यवाणी बोल्ने मानिसले उन्नति गर्छ, जगाउँछ र मलहमपट्टि गर्छ। यी कामहरूले उसको सेवकाइको परिभाषा दिने होइनन्। तर जब परमेश्‍वरका जनहरूले बुझ्ने भाषामा कुनै सन्देश दिइन्छ, तब त्यसबाट उनीहरूलाई यी प्रकारका लाभहरू हुन्छन्। तिनले भन्न चाहेको यति हो।

**१ कोरिन्थी १४ः४ः** यो पद आफ्नो उन्नतिका निम्ति अन्य भाषाहरूमा बोल्ने वरदानको निजी प्रयोग पारित गर्ने पदको रूपमा लिइन्छ। तर यस अध्यायमा मण्डली भन्ने शब्द नौ पल्ट पाइन्छ (१ कोरिन्थी १४ः४, ५, १२, १९, २३, २८, ३३, ३४ र ३५)। यसबाट कुरा स्पष्ट छः पावलले यहाँ कसैको व्यक्तिगत जीवनको भक्तिको अभ्यासको सन्दर्भमा होइन, तर स्थानीय मण्डलीका सभाहरूमा अन्य भाषाहरूको वरदानको सदुपयोगको सन्दर्भ कुरा गरेका छन्। यस सन्दर्भमा नजर राख्नु हो भने, आफ्नो उन्नतिका निम्ति अन्य भाषाहरू बोल्ने वरदानको प्रयोगको पक्ष लिनु त परै जाओस्, अरूको उन्नतिमा केही टेवा नपुर्‍याइदिने यस अन्य भाषाहरू बोल्ने वरदानको प्रयोग पावलले पूरा रूपले रद्द गरेका छन्। प्रेमले कहिल्यै आफ्नो कुरा खोज्दैन, तर सदैव अरूको उपकार गर्ने कुरा सोच्छ। अन्य

भाषाहरूमा बोल्न सक्ने वरदानको प्रयोग प्रेमको हो भने, त्यसबाट अरूले आशिष पाउनुपर्छ। आफ्नो लाभका निम्ति ठावैं छैन यहाँ।

*'जसले भविष्यवाणी गर्छ, उसले मण्डलीको उन्नति गर्छ।'* किनकि उसले यस वरदानसित आफ्नो खूबी देखाउँदैन, आफ्नो फाइदा खोज्दैन, तर उसले बोलेको वचनमा निर्माणकारी तत्त्वहरू छन्, अनि उसले बोलेको भाषा मण्डलीका विश्वासीहरूले बुझ्न सक्छन्।

**१ कोरिन्थी १४:५:** पावलले अन्य भाषाहरूमा बोल्न सक्ने वरदानलाई हेला गर्दैनन्, तुच्छ पनि ठान्दैनन्। यो त पवित्र आत्माको एउटा वरदान हो। अनि पवित्र आत्माबाट आएको कुनै थोक तिनले तुच्छ ठान्न सक्दैथिए, तुच्छ गन्दैथिए। जब तिनले 'तिमीहरू सबैजनाले भाषाहरू बोलेका म चाहन्छु' भनेर भन्छन्, तब तिनले यो वरदान आफूमा वा कुनै-कुनै विशेष अनुग्रह पाएका भाइबहिनीहरूमा सीमित नराख्ने तिनको इच्छा प्रकट गर्छन्। तिनको चाहना मोशाको चाहनाजस्तै छ, जसले भनेका थिएः *'परमप्रभुका सबै मानिसहरू भविष्यवक्ता भएका भए, र परमप्रभुले आफ्नो आत्मा तिनीहरूमाथि राखिदिनुभएको भए कति असल हुनेथियो'* (गन्ती ११:२९[ख])। तर पावललाई राम्ररी थाहा थियो, कि सबै विश्वासीहरूले एकै वरदान पाउने परमेश्वरको इच्छा थिएन (१ कोरिन्थी १२:२९-३०)।

खास गरी कोरिन्थका विश्वासीहरूले अन्य भाषाहरू बोलेको भन्दा भविष्यवाणी गरेको तिनको चाहना थियो। यसरी उनीहरूले एक-अर्काको उन्नति गर्नेथिए। जहाँ अनुवाद छैन, त्यहाँ अन्य भाषाहरूमा बोलिएको कुराबाट आफ्ना कानले कुरा सुन्ने, तर भनिएको कुरा नबुझ्नेहरूलाई कुनै लाभ हुँदैन। वरदानको प्रदर्शनभन्दा त्यसबाट हुने उन्नतिमा पावलको चासो थियो। यस विषयमा श्री विलियम केल्लीले यसो भनेका छन्ः

> 'आत्मिक विचार भएको व्यक्तिका निम्ति आश्चर्यचकित पार्ने कुराभन्दा आत्मिक उन्नति ल्याउने कुरा महत्त्वपूर्ण हुन्छ।' **48)**

*'मण्डलीले उन्नति पाओस् भन्ने हेतुले त्यसले अनुवाद गरेन भने ...'* भन्ने वाक्यको अर्थ कि ता 'अन्य भाषाहरूमा बोल्नेले अनुवाद गरोस् वा अरू कसैले अनुवाद गरोस्, नत्र त्यो बोल्नुहुँदैन' हो।

**१ कोरिन्थी १४ः६ः** अन्य भाषाहरूमा बोल्दै गरेका पावल यसरी कोरन्थमा आएका भए उनीहरूलाई के लाभ? तिनले बोलेको कुरा उनीहरूले बुझ्नेथिएनन्। तिनले प्रकाशको कुरा गरे, तिनले ज्ञानको कुरा गरे, तिनले भविष्यवाणी गरे वा तिनले शिक्षा दिए ता पनि उनीहरूले यो बुझ्नुपरेको थियो, नत्र यो सबका सब अर्थहीन हुनेथियो। प्रकाश र ज्ञान मनको समझशक्तिसित सम्बन्धित छन्, तर भविष्यवाणी र शिक्षाचाहिँ मनले ग्रहण गरेको कुरा व्यक्त गर्ने माध्यम हुन् भन्ने कुरामा टिप्पणीकारहरू सहमत छन्। पावलले जोड़ गरेको कुरा यस प्रकारको छः मण्डलीको उन्नति हुनुपर्छ; यसकारण सन्देश बुझ्न सकिने हुनुपर्छ। आउँदा पदहरूमा तिनले यो कुरा पुष्टि गर्छन्।

**१ कोरिन्थी १४ः७ः** सङ्गीतका बाजाहरू यसको पहिलो उदाहरण हुन्। बाँसुरी वा वीणाबाट बाजा-बाजाअनुसारको स्पष्ट ध्वनि निस्केन भने कसैले पनि त्यो बाँसुरीको आवाज हो कि वीणाको आवाज हो भनेर छुट्ट्याउन सक्दैन। कुनै सङ्गीतबाट मिठास पाउनलाई त्यसको धुन हुनुपर्छ, त्यसको ताल हुनुपर्छ र त्यसको लयमा केही स्पष्टता हुनुपर्छ।

**१ कोरिन्थी १४ः८ः** अब तुरहीको कुरा आयो। हातहतियारहरू उठाउने सङ्केत-ध्वनि चर्को र सुस्पष्ट हुनुपर्छ, नत्र ता लड़ाइँका निम्ति कोही पनि तयार हुँदैन। तुरही फुक्न उभिरहेको व्यक्तिले एकै सुरमा लामो आवाज निकालिबस्यो भने कोही पनि जाग्दैन।

**१ कोरिन्थी १४ः९ः** मानिसको मुख-जिब्रोसित कुरा पनि यस्तो छ। बोलीको उच्चारण बुझ्न सकिने हुनुपर्छ, नत्र ता भनिएको कुरा कसैले बुझ्दैन। त्यो त अर्थहीन, हावामा कुरा गरिएको जत्तिकै हुन्छ। याद गर्नुहोस्ः यहाँ, नौ पदमा जिब्रोको कुरा गरिएको छ, अन्य भाषाको होइन। यो सबैमा एउटा व्यवहारिक पाठ देखिन्छः वचनको सेवकाइ र हामीले दिएको शिक्षा स्पष्ट र सरल हुनुपर्छ। त्यो साह्रै गहन र मानिसहरूको समझशक्तिदेखि बाहिरको हो भने त्यसबाट उनीहरूलाई केही फाइदा हुँदैन। यस प्रकारको प्रवचनबाट बोल्ने वक्तालाई मज्जा लाग्ला, तर परमेश्वरका जनहरूलाई कुनै सहायता मिल्दैन।

**१ कोरिन्थी १४:१०:** अब पावलले त्यही तथ्य पुष्टि गर्न अर्को उदाहरण लिन लागेका छन् । तिनले यसो गर्न संसारका अति धेरै, विभिन्न आवाजहरू आफ्नो सहारा तुल्याउँछन् । यहाँको कुरा मानिसहरूका भाषाहरूमा सीमित छैन, तर अरू प्राणीहरूका आवाजहरू पनि समावेश गर्छ । शायद पावलले विभन्न चराहरूका चिरचिर आवाजहरू अनि ङ्यारङ्यार गर्ने, घुरघुर गर्ने, म्याँ-म्याँ गर्ने पशुप्राणीहरूका आवाजहरू-माथि आफ्नो विचार पुर्‍याएका हुन सक्छ । चरा-विज्ञानको कुरा होः कति चराहरूले जोड़ी खोज्ने बेलामा, स्थानान्तरण गर्ने बेलामा र बच्चाहरूलाई चारो दिने बेलामा आफ्नो आवाज फेर्दा रहेछन् । अनि पशुप्राणीहरूमा खतरा-ध्वनि पनि हुन्छ । पावलले भन्न चाहेको कुरा एउटै होः यी सबै आवाजहरूमा आफ्नो-आफ्नो अर्थ हुन्छ । *'तिनमा एउटै पनि मतलब-विनाको हुँदैन ।'* हरेक आवाजमा कुनै न कुनै सुनिश्चित सन्देश हुन्छ-हुन्छ ।

**१ कोरिन्थी १४:११:** मानिसको बोली पनि यस्तै हो । कसैको बोलीमा स्पष्ट शब्दहरू छुट्ट्याउन सकिँदैन भने कसैले पनि त्यसको कुरा बुझ्दैन । हुन सक्छ, उसले कुनै भाषा बोलेको होइन, तर केवल अर्थ न बर्थको बकबक गरेको हुन सक्छ । हामीले बोल्ने भाषा नबुझ्ने मानिससँग कुरा गर्न खोज्नु जत्तिकै कष्टपूर्ण अनुभव अरू के हुन सक्ला ? तपाईं आफै भन्नुहोस् !

**१ कोरिन्थी १४:१२:** ठीक छ; किरिन्थका विश्वासीहरूमा आत्मिक वरदानहरूका निम्ति जोश थियो । त्यसमा उनीहरूले मण्डलीको उन्नति गर्न पाओ भन्ने इच्छा थप्नुपर्नेथियो । मोफ्फटको अनुवादअनुसार 'हे सर्वश्रेष्ठ हुने चाहना गर्नेहरूहो, मण्डलीको उन्नति आफ्नो लक्ष्य बनाओ !' पावलले आत्मिक वरदानहरूका निम्ति देखाएको उनीहरूको जोशको आगोमा कहिल्यै पानी हालेनन्, तर तिनले उनीहरूलाई यस सम्बन्धमा अगुवाइ दिन र उनीहरूलाई अर्ती दिन खोजे; किनभने यी वरदानहरूको सदुपयोग सिकेर उनीहरू आफ्नो जीवनको उद्देश्यको चरमबिन्दुमा आइपुग्न सक्नेथिए ।

**१ कोरिन्थी १४:१३:** अन्य भाषामा बोल्ने व्यक्तिले यसको अनुवाद गर्न पाऊँ भनेर प्रार्थना गरोस् ! कि त कसैले अनुवाद गरोस् भन्ने प्रार्थना

गर्नुपर्छ। 49) यसैबाट अन्य भाषाहरूमा बोल्ने वरदान भएको व्यक्तिसँग अनुवाद गर्ने वरदान पनि हुनु सम्भव देखिन्छ। तर कुरा प्रायः यस्तो हुँदैन, कहिलेकाहीं मात्र यस्तो हुन्छ। किनभने विभिन्न अङ्गहरूका काम पनि फरक-फरक छन् भन्ने कुरा मानिसको शरीरको बनावटबाट बुझिन्छ।

**१ कोरिन्थी १४ः१४ः** पावलको उदाहरण यस प्रकारको छः मण्डली-सभामा एकजनाले अन्य भाषामा बोलेर प्रार्थना गर्छ; तब उसको आत्माले प्रार्थना गर्छ। उसले प्रयोग गरेको भाषा नबुझिने भाषा भए पनि उसको अन्तरात्माले धाराप्रवाहको रूपमा शब्दहरू उच्चारण गर्छ; तर उसको समझ निष्फल रहन्छ। उसले बोलेको कुराबाट अरू कसैलाई पनि कुनै फाइदा हुँदैन। किनभने मण्डलीका विश्वासीहरूले उसले प्रार्थना गर्दा के भनेको हो, सो केही पनि जान्दैनन्। अनि हामी यसको अर्थको सम्बन्धमा १ कोरिन्थी १४ः१९ पदबाट पछि यसको स्पष्टीकरण दिन्छौं। किनभने हाम्रो बुझाइअनुसार यहाँ 'मेरो समझ'को अर्थ 'मेरो विषयमा अरू मानिसहरूले के बुझेको' हुन सक्छ।

**१ कोरिन्थी १४ः१५ः** तब भन्न खोजेको तात्पर्य के हो? पावलले आत्मामा मात्र होइन, तर समझले पनि प्रार्थना गर्थे, अर्थात् अरूले बुझ्ने गरी प्रार्थना गरेका थिए। 'म समझले पनि प्रार्थना गर्नेछु' भन्ने वाक्यको अर्थ यो हो। तिनले आफ्नो समझले प्रार्थना गरेको यस वाक्यको अर्थ नहोला, तर अरूले बुझ्ने गरी तिनले प्रार्थना गरेको हुनुपर्छ। अनि ठीक त्यस्तै, तिनले आत्मामा गीत गाउँथे, अनि तिनी यस प्रकारले गाउँथे, कि तिनले गाएको कुरा अरूले बुझ्थे।

**१ कोरिन्थी १४ः१६ः** पन्ध्र पदको सठीक अर्थ यही हो भन्ने कुरा यस पदले पुष्टि गर्छ; यहाँबाट छरलङ्ग हुन्छ। प्रस्तुत उदाहरणअनुसार मानौं पावलले आत्मामा प्रार्थना गर्छन्, तर अरूले नबुझ्ने गरी तिनले यसो गर्दछन् भने कसैले पनि त्यसको अन्तमा 'आमेन' भन्न सक्दैन; किनभने कसैले पनि तिनले प्रार्थनामा प्रयोग गरेको भाषा बुझ्दैन।

त्यो अज्ञात मानिस को होला? ऊ प्रार्थनाको सभामा बस्ने कुनै भाइबहिनी हुनुपर्छ, जसले प्रार्थना गर्ने मानिसको भाषा बुझ्दैन।

संयोगवश यस पदले मण्डलीका सभाहरूमा 'आमेन' भन्ने शब्दको उचित प्रयोगको अनुमति दिएको छ।

**१ कोरिन्थी १४:१७:** कुनै अन्य भाषामा बोल्ने मानिसले साँचो तवरले परमेश्वरलाई धन्यवाद चढ़ाउला, तर धन्यवाद दिएर के भनिएको हो, सो अरूले बुझ्दैनन् भने, त्यसबाट अरू कसैको उन्नति हुँदैन।

**१ कोरिन्थी १४:१८:** यस पदबाट कुरा स्पष्ट हुन्छः उनीहरू सबैजनाभन्दा प्रेरित पावल धेरै अन्य भाषाहरू बोल्न सक्थे। हामीलाई थाहा छ, कि पावल कति भाषाहरू बोल्थे, जुन भाषाहरू तिनले सिकेका थिए, तर यहाँ तिनले अन्य भाषाहरूमा बोल्न सक्ने वरदानको कुरा गरेका हुनुपर्छ। यसमा शङ्का छैन।

**१ कोरिन्थी १४:१९:** पावलसँग भाषा बोल्ने सम्बन्धमा उनीहरूको भन्दा बढ़ी सीप भए ता पनि तिनले यसो भन्छन्ः *'मण्डलीमा **अन्य भाषामा दस हजार शब्दहरू बोल्नुभन्दा त बरु** अरूलाई पनि सिकाउन सकूँ भन्ने हेतुले **म आफ्नो समझले पाँचवटा शब्द बोल्न चाहन्छु।**'* तिनले यो अन्य भाषामा बोल्न सक्ने वरदान आफ्नो खूबी देखाउनका निम्ति पटक्कै चलाउन चाहँदैनथिए। तिनको मूल-उद्देश्य परमेश्वरका जनहरूको वृद्धिमा सहयोग पुऱ्याउनु थियो। यसकारण जब तिनी आफ्नो मुख खोल्थे, तब तिनी अरूले तिनको कुरा बुझ्ने गरी बोल्थे।

'मेरो समझले' भन्ने शब्दमा हामी एकक्षण ध्यान दिऔं! 'मेरो' एक सम्बन्ध-कारक शब्द हो **50)** , र हाम्रो विचारमा, त्यो शब्द कर्तासित होइन, तर कर्मसित सम्बन्धित छ। यसर्थ 'मेरो समझ' नभएर यसको अर्थ 'मैले बोलेको अरूले बुझेको' हुनुपर्छ।

श्री चार्लस होड्चले यस शब्दको सन्दर्भको माग स्पष्ट पारेका छन् र पावल अन्य भाषामा बोलेको कुरा तिनको समझले बुझ्नुपर्ने होइन, तर तिनले बोलेको कुरा अरू मानिसहरूको समझले बुझ्नुपरेको थियो भन्ने कुरा यसो भन्दै प्रमाणित गरेका छन्ः

> 'पावललाई यो वरदान प्रशस्त गरी दिइएकोमा तिनले अन्य भाषाहरूमा बोल्न सक्ने वरदानका निम्ति परमेश्वरलाई धन्यवाद चढ़ाए। तर के यो वरदान आफूले नबुझ्ने भाषाहरूमा बोल्न सक्ने क्षमता थियो, जसको

प्रयोगबाट न तिनलाई न अरूलाई कुनै लाभ हुन्थ्यो ? हामीलाई विश्वास लाग्दैन। (तिनले यहाँ प्रस्तुत गरेको नियमअनुसार, र हाम्रो बुझाइअनुसार)। यस पदबाट अझै पनि स्पष्ट हुन्छ, कि अन्य भाषाहरूमा बोल्नुचाहिँ समझको बेहोशी अवस्थामा बोल्ने कुरा होइन। अन्य भाषाहरूमा बोल्न सक्ने वरदानको सम्बन्धमा यस खण्डसित मेल खाने एकमात्र सर्वमान्य शिक्षा यो हुनुपर्छ। पावलले भने, कि कोरिन्थका विश्वासीहरूले भन्दा तिनले धेरै अन्य भाषाहरूमा बोल्न सके तापनि तिनले मण्डलीमा अन्य भाषाका दस हजार शब्दहरूभन्दा बरु आफ्नो समझले पाँचवटा शब्द बोल्न चाहन्थे। आफ्नो समझले बोल्नु भनेको बोधगम्य, बुझ्न सकिने वा समझमा आउने गरी बोल्नु हो। "अरूलाई पनि सिकाउन सकूँ" भनेको 'अरूलाई मुखले शिक्षा दिन सकूँ' हो (गलाती ६:६)। आफ्नो समझले बोल्नु भनेको के रहेछ, सो यसैबाट स्पष्ट भएको छ। अरूले शिक्षा पाउने गरी बोल्नु यसको खास अर्थ हो।' **51)**

**१ कोरिन्थी १४:२०:** *'तिमीहरू समझमा केटाकेटीहरूजस्तै नहोओ !'* कोरिन्थका विश्वासीहरूका निम्ति यो पावलको अर्ती हो। केटाकेटीहरूको रुचि मनोरञ्जनमा छ – त्यो कुरा काम लागोस् कि काम नलागोस्, जेसुकै होस् ! तिनीहरूलाई झिलिमिली चाहिन्छ; तिनीहरू सकलीभन्दा नकली मन पराउँछन्। तर यहाँ पावलले भन्न चाहेको कुरा यो होः 'आफ्नो खूबी देखाउन प्रयोग गरेका ती तमाशायुक्त वरदानहरूमा आनन्द लिनु केटाकेटीहरूको व्यवहार हो; यसो नगर न ! नानीजस्तै हुनु हो भने, तिमीहरू एउटै कुरामा मात्र त्यस्ता होओः केवल वैरभाव वा खराबीको सम्बन्धमा नानीजस्तै होओ ! तर अरू कुराहरूको सम्बन्धमा तिमीहरूको सोचाइ पूरा बढ़ेका प्रौढ़को सोचाइ होस् !'

**१ कोरिन्थी १४:२१:** अबचाहि प्रेरित पावलले यशैयाको पुस्तकबाट केही पद उद्धृत गर्छन्। अन्य भाषाहरू बोल्ने काम विश्वासीहरूका निम्ति होइन, तर अविश्वास गर्नेहरूका निम्ति चिन्ह हो भन्ने कुरा देखाउन तिनले यसो गर्छन्। परमेश्वरले भन्नुभयो, कि इस्राएलीहरूले परमप्रभु परमेश्वरको वचन इन्कार गरेका र त्यससित ठट्टा गरेका हुनाले परमेश्वरले

तिनीहरूसँग अर्को भाषामा बोल्नुहुनेछ (यशैया २८:११)। जब अश्शूरका सेनाहरूले इस्राएल देशमाथि हमला गरेर त्यसभित्र प्रवेश गरेका थिए, तब इस्राएलीहरूले आफ्नो बीचमा अश्शूरी भाषा सुन्न पाए। परमप्रभुको यो वचन पूरा भयो। तिनीहरूका निम्ति यो तिनीहरूले परमेश्वरको वचन रद्द गरेको चिन्ह थियो।

**१ कोरिन्थी १४:२२:** यहाँ पावलको तर्कको बुँदा यस प्रकारको छः अन्य भाषाहरूचाहिँ विश्वास नगर्नेहरूका निम्ति परमेश्वरले ठहराउनु-भएको चिन्ह थियो भने, कोरिन्थका विश्वासीहरूले यो वरदान आफ्ना सभाहरूमा किन यति बढ़ी मात्रा चलाइरहन्छन् त? यसमा 'यसो नगर' भन्ने पावलको आग्रह थियो। उनीहरूले भविष्यवाणी गरेका भए असल हुनेथियो; किनभने भविष्यवाणी गर्नु विश्वास नगर्नेहरूका निम्ति होइन, तर विश्वासीहरूका निम्ति चिन्ह, उनीहरूलाई चिनाउने चिनारी हो।

**१ कोरिन्थी १४:२३:** मानौं सारा मण्डली एक ठाउँमा भेला भएको छ, र सबै ख्रीष्ट-विश्वासीहरू अनुवाद नगरी अन्य भाषाहरूमा बोल्दैछन्। तब सभामा उपस्थित अन्य व्यक्तिहरूले यो कुरा कसरी लिन्छन् होलान्? यो कुरा पक्का पनि बाहिरकाहरूका निम्ति गवाही बन्नेथिएन। तिनीहरूले अवश्य पवित्र जनहरू सबै बौलाएछन् कि कसो भन्ठान्नेथिए।

१ कोरिन्थी १४:२२ पद र १४:२३-२५ पदको खण्डको बीचमा एउटा मेल नखाने कुरा देखिन्छ। बाइस पदमा हामीलाई बताइएको छ, कि अन्य भाषाहरू विश्वास नगर्नेहरूका निम्ति चिन्ह हो भने विश्वासीहरूका निम्ति हुने चिन्ह भविष्यवाणी हो। तर १ कोरिन्थी १४:२३-२५ पदको खण्डमा पावलले के भन्छन् भने, मण्डली-सभामा सबैजना अन्य भाषाहरूमा बोले भने विश्वास नगर्नेहरू यसको विषयमा अलमल्ल पर्छन् र यसमा ठेस खान्छन्; तर उनीहरूले भविष्यवाणी गरेका भए यसबाट विश्वास नगर्नेहरूलाई लाभ हुनेथियो।

यस सम्बन्धमा मेल नखाएको कुरा हल गर्ने हाम्रो स्पष्टीकरण यस प्रकारको छः बाइस पदमा विश्वास नगर्नेहरू परमेश्वरको वचन रद्द गरेकाहरू हुन्, जसले परमेश्वरको सत्यताप्रति आफ्नो हृदय थुनेका थिए। अनि तिनीहरूका निम्ति अन्य भाषाहरूचाहिँ तिनीहरू परमेश्वरको न्यायमा

परेको चिन्ह हुन् । तिनीहरू यशैयाको खण्डको सन्दर्भ हुन् (१ कोरिन्थी १४:२१) । तर १ कोरिन्थी १४:२३-२५ पदको खण्डमा प्रस्तुत गरिएका विश्वास नगर्नेहरू यस्तै होइनन्; तिनीहरू सुन्न र सिक्न तयार छन् । परमेश्वरको वचन सुन्न तिनीहरू इच्छुक छन्, नत्र तिनीहरू मण्डली-सभामा किन उपस्थित छन् त? तर अनुवाद नगरीकन ख्रीष्ट-विश्वासीहरूलाई अन्य भाषाहरूमा बोलेका सुनेर तिनीहरूलाई लाभ हुनुको सट्टामा बरु विश्वास गर्न बाधा पो हुन्छ ।

**१ कोरिन्थी १४:२४:** मानौं कुनै मण्डली-सभामा अन्य व्यक्तिहरू उपस्थित छन्; अनि ख्रीष्ट-विश्वासीहरू अन्य भाषाहरूमा बोल्ने होइनन्, तर उनीहरू भविष्यवाणी गर्छन् भने उपस्थित पाउनाहरूले ध्यानसित सुन्छन् र बोलेको कुरा बुझ्छन् । सबैजनाद्वारा तिनीहरू दोषी ठहरिन्छन्; अनि सबैद्वारा तिनीहरूको जाँच हुन्छ । यहाँ प्रेरित पावलले जोड़ दिने कुरा यस प्रकारको छः वचन सुन्नेहरूले भनिएको कुरा बुझ्नुपर्छ, नत्र पापको विषयमा तिनीहरू कहिल्यै कायल हुनेछैनन् । अनुवाद नगरी अन्य भाषाहरू बोलिन्छन् भने, उपस्थित पाहुनाहरूलाई कुनै लाभ हुँदैन । तर भविष्यवाणी गर्नेहरूले चल्ती भाषामा यसो गर्छन्, र वचन सुन्नेहरू प्रभावित हुन्छन् ।

**१ कोरिन्थी १४:२५:** भविष्यवाणीद्वारा मानिसको हृदयका गुप्त कुराहरू प्रकट हुँदा रहेछन् । उपस्थित मानिसलाई 'यहाँले मेरो विषयमा पो कुरा गर्दैछन् कि के हो' भन्ने अनुभव हुन्छ । परमेश्वरको आत्माले उसको मनमा काम गर्नुहुन्छ र उसलाई कायल पार्नुहुन्छ । *'अनि भुँइमा घोप्टो परेर उसले परमेश्वरलाई दण्डवत् गर्नेछ, र परमेश्वर साँच्चै यी मानिसहरूको बीचमा हुनुहुँदो रहेछ भनी घोषणा गर्नेछ ।'*

अनि यसरी नै पावलले १ कोरिन्थी १४:२२-२५ पदको खण्डबाट के देखाएका छन् भने, अनुवाद नगरी अन्य भाषाहरू बोलेको कुराले विश्वास नगर्नेहरूको मनमा कायल पार्ने काम गर्दैन, तर भविष्यवाणीले साबित गराउने काम गर्छ ।

**१ कोरिन्थी १४:२६:** अन्य भाषाहरूमा बोल्ने वरदानको सम्बन्धमा कोरिन्थको मण्डलीमा दुरुपयोगहरू निक्कै चल्ती थिए; यसकारण

परमेश्वरको आत्माले यस वरदानको सदुपयोगका निम्ति यहाँ यसको नियन्त्रण गर्ने केही नियमहरू दिनुभएको छ। अनि १ कोरिन्थी १४ः२६-२८ पदको खण्डमा यो वरदान वशमा ल्याउने नियमहरू प्रस्तुत गरिएका छन्।

शुरुको मण्डली भेला हुँदा के-के गरिन्थ्यो? छब्बीस पदबाट के बुझिन्छ भने, मण्डली-सभाहरूको ढङ्ग रीतिबद्ध होइन, तर स्वतन्त्र र खुला थियो। परमेश्वरको आत्माले त्यस मण्डलीलाई दिनुभएका विभिन्न वरदानहरू स्वतन्त्रतापूर्वक प्रयोग गर्न सक्नुहुन्थ्यो। एकजना भाइले एउटा भजन पढ्थ्यो; अर्को भाइले केही न केही शिक्षा दिन्थ्यो। फेरि अर्को एकजना अन्य भाषामा बोल्थ्यो; अनि एक भाइले प्रभुबाट पाएको प्रकाश प्रस्तुत गर्थ्यो; अनि अर्को भाइले अन्य भाषाको अनुवाद गर्थ्यो। परमेश्वरको आत्माले विभिन्न भाइहरूद्वारा बोल्न सक्नुहुने खुला सभामा पावलले यहाँ आफ्नो मौन अनुमोदन दिन्छन्। तर यति भनिसकेपछि तिनले पवित्र आत्माका वरदानहरूको सदुपयोगको सम्बन्धमा पहिलो प्रतिबन्धरूपी नियम प्रस्तुत गर्छन्ः

**क)** सबै कुराहरू उन्नतिका निम्ति गर्नुपर्छ। केही कुरा तमाशायुक्त उत्तेजक वस्तु भएमा त्यस कुरालाई मण्डली-सभामा कुनै स्थान दिनुपर्दैन। कुनै सेवकाइ ग्रहणयोग्य हुनु हो भने त्यस सेवकाइबाट परमेश्वरका जनहरूको केही न केही उन्नति हुनुपर्छ। अनि उन्नति भन्नाले आत्मिक वृद्धि बुझिन्छ।

**१ कोरिन्थी १४ः२७ः ख)** दोस्रो प्रतिबन्धयुक्त नियमः मण्डली-सभामा धेरैभन्दा धेरै तीनजना अन्य भाषाहरूमा बोल्न पाउँछन्। *'यदि कसैले अन्य भाषामा बोल्छ भने, दुईजना अथवा धेरैभन्दा धेरै तीनजना होऊन्।'* यस प्रकारको मण्डली-सभा मनाही गरिएको छ, जहाँ थुप्रै मानिसहरू उठेर अन्य भाषाहरूमा बोल्ने आफ्नो खूबी देखाउन खोज्छन्।

**ग)** यी अन्य भाषाहरूमा बोल्न पाउने दुई वा तीनजनाले मण्डली-सभामा पालोपिलो गरेर बोल्नुपर्छ। तिनीहरू एकै समयमा बोल्न पाइँदैन, तर एकपछि अर्को हुँदै एक-एक गरी बोल्नुपर्छ। एकैचोटि एकसाथ बोलेकोबाट होहल्ला र गड़बड़ मच्चिन्छ। कुनै हालतमा पनि यसो हुनुहुँदैन।

**घ)** अन्य भाषाहरूको प्रयोगमा प्रतिबन्ध लगाउने चौथो नियम यस प्रकारको छः यसको अनुवाद हुनुपर्छ। *'एकजनाले अनुवाद गरोस् !'* यसर्थ अन्य भाषामा बोल्न खोज्ने भाइले पहिले आफूले बोल्न लागेको कुराका निम्ति कुनै अनुवादकलाई पाउनुपर्छ, निश्चित गर्नुपर्छ।

**१ कोरिन्थी १४:२८:** *'तर अनुवाद गर्ने कोही छैन भने, मण्डलीमा ऊ चुप रहोस् !'* चुप लागेर बस्नुपरेको खण्डमा उसले मन-मनमा अन्य भाषा बोलेर आफूसँग र परमेश्वरसँग बोल्न पाउँछ; तर अरू विश्वासीहरूको सामु खुल्लमखुल्ला बोल्नु उसलाई सख्त मनाही छ।

**१ कोरिन्थी १४:२९:** अबको खण्डमा भविष्यवाणीको वरदानको प्रयोग सञ्चालन गर्ने नियमहरू प्रस्तुत गरिन्छन् (१ कोरिन्थी १४:२९-३३[क])। प्रथम, दुईजना वा तीनजना भविष्यवाणी गर्ने भाइहरूले बोल्न पाउँछन्, र अरूले तिनीहरूले बोलेको कुरा जाँच्नुपर्छ। एकै मण्डली-सभामा तीनजनाभन्दा बढ़ी बोल्नुहुँदैन। अनि भविष्यवाणी सुन्नेहरूले बोलेको कुरा जाँच्नुपर्छ। के यो परमेश्वरको वाणी हो कि भूटो अगमवाणी हो, सो जाँचेर पत्ता लगाउनुपर्छ।

**१ कोरिन्थी १४:३०:** पहिले हामीले भनिसकेका छौंः भविष्यवक्ताले बेला-बेलामा सीधा प्रभुबाट केही प्रकाश पाउने गर्थे, जुन प्रकाश तिनले भविष्यवाणीको रूपमा मण्डलीका विश्वासीहरूलाई सुनाउँथे।

हुन सक्छ, यहाँ, यस ठाउँमा मण्डली-सभामा आफ्नो प्रकाश व्यक्त गरेपछि भविष्यवाणी बोल्ने भाइ चुप लागेन, तर मानिसहरूलाई वचनको प्रचार गर्थ्यो होला। यसकारण प्रेरितलाई अर्को नियम पेश गर्न करै लाग्योः ऊ बोल्दा-बोल्दै उपस्थित भाइहरूको बीचमा अर्कोलाई प्रकाश मिलेमा पहिलोचाहिँ चुप लाग्नुपर्छ; नयाँ प्रकाश पाउनेले पालो पाउनुपर्छ। किनभने पहिलो व्यक्ति बोलेको-बोलेकै गर्दा उसले आत्माको प्रेरणाले होइन, तर परिपाठ गरेर आफ्नो मनको प्रेरणाले बोल्नु बढ़ी सम्भव थियो। लामो समयसम्म बोल्दाखेरि परमेश्वरको वचनबाट तर्किएर आफ्नै कुरा गर्न पुग्ने डर हुन्छ।

आत्मिक वरदानहरूको सम्बन्धमा अरू सबैभन्दा प्रकाशचाहिँ सर्वोच्च कुरा हो।

**१ कोरिन्थी १४ः३१ः** भविष्यवाणी बोल्नेहरू पनि पालोसँग बोल्नुपर्छ। एकजनाले सभाको पूरा समय लिनुहुँदैन। तब मण्डलीलाई सबैभन्दा बढ़ी लाभ हुन्छ, र यसरी सबैजनाले सिक्न पाउँछन्, अनि सबैजनाले अर्ती वा सान्त्वना पाउँछन्।

**१ कोरिन्थी १४ः३२ः** यस पदमा एउटा महत्त्वपूर्ण व्यवहारिक नियम प्रस्तुत गरिन्छ। कोरिन्थका विश्वासीहरूको विषयमा हामी निम्न सन्दर्भबद्ध अनुमान लगाउँछौंः उनीहरूको त्रुटिपूर्ण विचारअनुसार परमेश्वरको आत्माको नियन्त्रणमा भएको मानिस कसैलाई दुष्ट आत्मा लागेझैं गरी आफ्नो होश हराउँछ। आत्मिक उन्मादले भरिएको मानिस बहकिएको जान्छ। जत्ति बढ़ी आत्माको प्रभाव, त्यत्ति नै बढ़ी मानिसको समझशक्ति र होश गुमाइन्छ रे। श्री एफ. एल. गोडेटको भनाइअनुसार उनीहरूको धारणा यस प्रकारको थियोः पवित्र आत्माको वशमा मानिसको अवस्था निश्चेष्ट हुन्छ, अनि मानिसले आफ्नो बोली नियन्त्रण गर्न सक्दैन, झन् बोल्ने अवधि, आफ्नो चाल आदि आफ्ना गतिविधिहरू नियन्त्रण गर्नै सक्दैन अरे।

तर हाम्रो सामु पवित्र शास्त्रको एउटा खण्ड राखिएको छ, जुन खण्डले यस प्रकारको धारणा पूरा नकार्छ। *'भविष्यवक्तहरूका आत्माहरू भविष्यवक्ताहरूकै अधीनतामा हुन्छन्।'* आत्माको भरपूरीमा कुनै मानिस आफ्नो अनुमतिविना र आफ्नो इच्छाको विरोधमा बहकिएर जाने होइन। कोही पनि यस अध्यायमा पेश गरिएका नियमहरूबाट उम्कन सक्दैन; अबदेखि उसो 'मैले कुरा रोक्नै सकिनँ' भनेर कसैले बहाना गर्न पाउनेछैन। कहिले बोल्नुपर्ने हो र कति बोल्नुपर्ने हो, सो कुरा हरेकले निश्चय गर्न सक्छ र निश्चय गर्नुपर्छ।

**१ कोरिन्थी १४ः३३ः** *'किनकि परमेश्वर गड़बड़को परमेश्वर हुनुहुन्न, तर शान्तिको परमेश्वर हुनुहुन्छ।'* कुनै मण्डली-सभामा होहल्ला र गड़बड़ीको वातावरण भएदेखि यो सभा पक्का पनि परमेश्वरको आत्माको नियन्त्रणमा छैन भन्ने कुरामा सुनिश्चित हुन सकिन्छ।

**१ कोरिन्थी १४ः३४ः** सर्वविधित कुरा होः नयाँ नियममा पदहरू छुट्ट्याउने र विराम आदि चिन्हहरू लगाउने काम धेरै समयपछि गरिएको

थियो। यो मूल गुरुलिपिहरू लेखिएका सयौं वर्षहरूपछि भएको कुरा हो। हाम्रो विचारमा, तेत्तीस पदको अन्तिम वाक्य चौतीस पदसित मिलाउन अझ बढ़ी अर्थपूर्ण हुनेथियो। अनि केही ग्रीक पाण्डुलिपिहरूमा र ए.एस.भी.जस्तै कुनै न कुनै अङ्ग्रेजी बाइबलमा पनि यस प्रकारले विरामचिन्ह-विधान लगाइएको छ, जस्तै 'पवित्र जनहरूका सबै मण्डलीहरूमा भएजस्तै तिमीहरूका स्त्रीहरू मण्डली-सभाहरूमा चुप लागून्।' हाम्रो विचारमा, सबै मण्डलीहरूमा सर्वव्यापी परमेश्वरको उपस्थिति हुन्छ भन्ने सामान्य ज्ञानभन्दा कोरिन्थको मण्डलीको व्यवहारमा सुधार ल्याउने कुरामा बढ़ी अर्थ भएको देखिन्छ। पावलले कोरिन्थका पवित्र जनहरूलाई दिएका आदेशहरू उनीहरूमा मात्र सीमित थिएनन्। पवित्र जनहरूका सबै मण्डलीहरूमा यी आदेशहरू लागू हुन्छन्। नयाँ नियमभित्र स्त्रीहरूको विषयमा एकै साक्षी छः स्त्रीहरूलाई धेरै महत्त्वपूर्ण सेवकाइहरू दिइएका छन्, तर तिनीहरू सारा मण्डलीको सामु सेवा गर्न पाउँदैनन्। घर सम्हाल्ने र छोराछोरीहरूलाई स्याहारसुसार गर्ने सेवा तिनीहरूको अत्यन्त महत्त्वपूर्ण जिम्मेवारी हो। तर तिनीहरूलाई मण्डली-सभामा बोल्ने अनुमति छैन। तिनीहरू पुरुषहरूको अधीनतामा रहनुपर्छ।

हाम्रो विचारमा, स्त्री पुरुषको अधीनतामा रहने सन्दर्भमा *'व्यवस्थाले पनि यस्तै भन्छ'* भन्ने वाक्य लेखिएको हो; किनभने यो कुरा व्यवस्थाले सफासँग सिकाएको छ। यहाँ, यस ठाउँमा व्यवस्था भन्नाले 'पेन्टटुक' भन्ने मोशाले लेखेका पाँच-ग्रन्थ बुझिन्छ, जहाँ यसो लेखिएको छः *'तिम्रो चाहना तिम्रो पतितर्फ हुनेछ, र उसले तिमीमाथि शासन चलाउनेछ'* (उत्पत्ति ३:१६)।

यहाँ, यस पदमा पावलले दिदीबहिनीहरूलाई मण्डली-सभा हुँदा कुराकानी र गफसफ नगर्नू भन्ने आदेश दिएका हुन् भनेर कसै-कसैले खण्डन गर्लान्। तर यस प्रकारको अर्थ बेठीक हो। 'उनीहरूलाई बोल्ने अनुमति छैन' भन्ने वाक्यमा बोल्नु गफसफ गर्नु होइन। यो ग्रीक भाषाको कुरा हो। यही 'ललेओ' भन्ने क्रियापद 'म बोल्नेछु' भनेर एकाइस पदमा परमेश्वरको सम्बन्धमा प्रयोग गरिएको छ, र हिब्रू १:१ पदमा यस शब्दले परमेश्वर भविष्यवक्ताहरूद्वारा र आफ्नो पुत्रद्वारा अधिकारसहित बोल्नु-भएको अर्थ लिएको छ।

**१ कोरिन्थी १४ः३५ः** हो, स्त्रीहरूले मण्डली-सभामा प्रश्नहरू सोध्नुहुँदैन। *'तिनीहरू केही सिक्न चाहन्छन् भने तिनीहरूले आफ्ना पतिहरूलाई सोधून् !'* किनकि केही प्रश्नहरू सोध्ने बहाना गरेर कति स्त्रीहरूले बोल्न नपाउने आदेश काट्न खोज्लान्। अरूलाई सामान्य प्रश्न सोध्ने निहुँ गरेर कुनै स्त्री शिक्षा गर्न पुग्ली। तर यस पदले यस नियमबाट यसरी उम्कन खोजेको निहुँ गर्नेहरूको मुख वा यसको विषयमा आफ्नो आपत्ति जनाउन चाहनेहरूको मुख बन्द गर्छ।

कतिजनाले हामीलाई यसो सोधेका छन्ः 'अविवाहिता र विधवाको विषयमा केकसो ?' तिनीहरूलाई हाम्रो उत्तर यस प्रकारको छः पवित्र धर्मशास्त्रमा यहाँ सर्वमान्य नियम प्रस्तुत गरिएको छ, र वचनले एक-एक व्यक्ति विशेषको अवस्थासित व्यवहार गर्दैन। कुनै स्त्रीको पति छैन भने उसले आफ्नो बुबालाई, आफ्नो दाजुलाई अथवा मण्डलीको कुनै एल्डरलाई सोध्न सक्छे। वास्तवमा, यस वाक्यको अक्षरशः अर्थ यस प्रकारको हुन सक्छः 'तिनीहरूले घरमा आफ्ना लोग्ने मानिसहरूलाई सोधून्।' **52)** *'स्त्रीहरूका निम्ति मण्डली-सभामा बोल्नु शर्मको कुरा हो'*; सर्वमान्य नियम र सम्झना गर्नुपर्ने कुरा यो हो।

**१ कोरिन्थी १४ः३६ः** प्रेरित पावललाई थाहा थियो, कि तिनले यहाँ पेश गरेको शिक्षाले निक्कै वादविवाद उब्जाउँछ। तिनको कुरा सही थियो। वादविवाद गर्नेहरूको मुख बन्द गर्ने गरी तिनले निम्न प्रश्न तेर्साउँछन्ः *'अथवा के परमेश्वरको वचन तिमीहरूबाट निस्क्यो, कि तिमीहरूकहाँ मात्र आयो ?'* अर्को शब्दमा भन्नु हो भने, यस विषयमा कोरिन्थका विश्वासीहरूसँग प्रेरित पावलको भन्दा बढ़ी ज्ञान थियो भने त के परमेश्वरको वचनको रचना उनीहरूले मण्डलीको रूपमा गरेको काम हो र ? अथवा के उनीहरूले मात्र परमेश्वरको वचनको प्रकाश पाए त ? उनीहरूको व्यवहारबाट उनीहरूले यी कुराहरूको सम्बन्धमा एकमात्र सर्वाधिकारी हामी नै हौं भन्न खोजेको कुरा बुझिन्छ। तर सत्य के थियो ? परमेश्वरको वचन कुनै मण्डलीको रचना होइन, अनि परमेश्वरको वचन कुनै मण्डलीको एकमात्र पेवा पनि होइन।

**१ कोरिन्थी १४ : ३७ :** उपरोक्त आदेशहरूमा प्रेरित पावलले आफ्नो विचार वा आफ्ना रायहरू व्यक्त गरेका होइन, तर तिनले प्रभुका आज्ञाहरू पेश गरेका हुन्। अनि प्रभुको जुनसुकै भविष्यवक्ता वा जुनसुकै आत्मिक भाइबहिनीले यी आदेशहरू प्रभुका आज्ञाहरूको रूपमा स्वीकार गर्नेछ। पावलले दिएका कति शिक्षाहरूमा आफ्नो दृष्टिकोण र विशेष गरी स्त्रीहरूको विषयमा आफ्नो पूर्वविचार व्यक्त गरेको आरोप चुप गराउन यो पद यथेष्ट छ। पावलले लेखेका आदेशहरू तिनको निजी विचार होइनन्, तर प्रभुका आज्ञाहरू हुन्।

**१ कोरिन्थी १४ : ३८ :** यस सम्बन्धमा कुरा यस्तो छः कतिजना मानिसहरू यी आदेशहरू प्रभुका आज्ञाहरूको रूपमा ग्रहण गर्न तयार छैनन्। यसकारण प्रेरित पावलले यी शब्दहरू थपेर भन्छन्ः *'तर कुनै मानिस अज्ञात हो भने ऊ अज्ञातै रहोस्!'* पावलले लेखेका यी खण्डहरूमा कुनै मानिसले परमेश्‍वरको आत्माको प्रेरणाले लेखिएका लेखहरू स्वीकार गर्न सक्दैन भने ऊ अनजानको अनजानमै रहनुबाहेक उसका निम्ति अरू कुनै उपाय छैन।

**१ कोरिन्थी १४ : ३९ :** पवित्र आत्माका वरदानहरूको प्रयोगमा दिएका उपरोक्त आदेशहरूको सार दिएर पावलले अब भाइहरूलाई यसो भन्छन्ः *'भाइहरूहो, उत्सुकतापूर्वक भविष्यवाणी गर्ने लालसा गर, तर भाषाहरू बोल्नलाई मनाही नगर!'* यस पदले दुईवटा वरदानहरूमाथि नजर लगाउँछ। अनि यी दुईमा उनीहरूले एउटालाई उत्सुकतापूर्वक चाहना गर्नुपरेको थियो, र दोस्रोलाई चाहिँ उनीहरूले निषेध गर्नुहुँदैनथियो। अन्य भाषाहरूभन्दा भविष्यवाणी नै महत्त्वपूर्ण वरदान थियो; किनभने यस वरदानद्वारा पापी मानिसहरू कायल हुन्थे र पवित्र जनहरूको उन्नति हुन्थ्यो। अनुवादविना अन्य भाषाहरूको के काम? अन्य भाषाहरू परमेश्‍वरसित र आफूसित बोल्नुबाहेक अरू केही कामको हुँदैनन्।

**१ कोरिन्थी १४ : ४० :** यस सम्बन्धमा पावलको अन्तिम आग्रह यस प्रकारको छः *'सबै कुराहरू शिष्टतापूर्वक र क्रमअनुसार गरिऊन्!'* यस अध्यायमा यस प्रकारको प्रतिबन्ध पढ्न पाउनुमा ठूलो महत्त्व छ। किनभने धेरै वर्षअघिदेखि कुरा यस्तो छः अन्य भाषाहरूमा बोल्ने हामी हौं भन्ने

कुरा दाबी गर्नेहरूका सभाहरूमा प्रायः शिष्टता कायम राखिएको देखिँदैन। तर हाय, तिनीहरूका सभाहरूमा प्रायः हल्लाखल्ला र आवेगको सीमा हुँदैन र धेरैजसो ठूलो गड़बड़ भएको देखिन्छ।

तब यसको सार निकालौं! स्थानीय मण्डलीमा अन्य भाषाहरूमा बोल्ने वरदानको प्रयोग केही मात्रामा प्रतिबन्धमा राख्नलाई प्रेरित पावलले निम्न नियमहरू दिएका छन्ः

**क)** अन्य भाषाहरूमा बोल्नु मनाही गर्नुहुँदैन (१ कोरिन्थी १४ः३९)

**ख)** कसैले अन्य भाषामा बोल्न चाहन्छ भने, यसका निम्ति अनुवादक पनि हुनुपर्छ (१ कोरिन्थी १४ः२७-२८)

**ग)** कुनै मण्डली-सभामा धेरैभन्दा धेरै तीनजनाले अन्य भाषाहरूमा बोल्न पाउँछन् (१ कोरिन्थी १४ः२७)

**घ)** अन्य भाषाहरूमा बोल्दाखेरि पालोपिलोसँग बोल्नुपर्छ (१ कोरिन्थी १४ः२७)

**ङ)** जे बोलिन्छ, त्यसबाट मण्डलीको उन्नति हुनुपर्छ (१ कोरिन्थी १४ः२६)

**च)** मण्डली-सभामा स्त्रीहरू चुप लाग्नुपर्छ (१ कोरिन्थी १४ः३४)

**छ)** सबै कुराहरू शिष्टतापूर्वक र क्रमिक रूपले गर्नुपर्छ (१ कोरिन्थी १४ः४०)

वरदानहरूको प्रयोग नियन्त्रणमा राख्ने यी नियमहरू वर्तमान समयमा पनि ख्रीष्टको मण्डलीमा लागू हुन्छन्।

# खण्ड ४) १ कोरिन्थी १५ अध्यायः मरेकाहरूको पुनरुत्थान इन्कार गर्ने-हरूलाई प्रेरित पावलको जवाफ

यो अध्यायचाहिँ पुनरुत्थानको शिक्षाको सम्बन्धमा महान् अध्याय गनिन्छ। यस अध्यायको सन्दर्भ यस प्रकारको छः कुनै शिक्षकहरू कोरिन्थको मण्डलीमा आएका थिए, जसले शारीरिक बौरिउठाइ हुन्छ भन्ने कुरा इन्कार गर्थे। तिनीहरूले मृत्युपछि अर्को जीवन छ भन्ने तथ्य अस्वीकार गर्दैनथिए, तर परलोकको जीवन वास्तविक शरीरविनाको अमर मृतात्माको अवस्था होला भन्ने सुझाउ दिने गर्थे। तिनीहरूलाई प्रेरित पावलले यहाँ चिरसम्मत उत्तर दिन्छन्।

## क) १ कोरिन्थी १५ः१-३४ः पुनरुत्थानको विषयमा पूरा निश्चयता छ

**१ कोरिन्थी १५ः१-२ः** पहिलो कुराः उनीहरूलाई सम्झना भएको होस्ः पावलले उनीहरूलाई सुचमाचार प्रचार गरेका थिए, अनि उनीहरूले

त्यो सुसमाचार ग्रहण गरे, अनि हालैमा त्यस सुसमाचारको सत्यतामाथि खड़ा थिए। अनि त्यो सुसमाचारचाहिँ कोरिन्थका विश्वासीहरूका निम्ति कुनै नयाँ कुरा थिएन। तर उनीहरूलाई यस आत्मिक आपत्कालमा यसको सम्झना गराउनु आवश्यक थियो। किनभने कोरिन्थीहरूले यस सुसमाचारद्वारा मुक्ति पाए। त्यसपछि पावलले कुरा बढ़ाएर यसो भन्छन्ः *'यदि तिमीहरूले मैले प्रचार गरेको वचन बलियो गरी पक्र्यौ भने; नत्र तिमीहरूले व्यर्थैमा विश्वास गर्‍यौ।'* वास्तवमा बौरिउठाइको सुसमाचारले उनीहरूलाई बचायो; तर कसैको बौरिउठाइ हुँदै नभएको भए उनीहरूको मुक्ति पाउने जग हटाइयो; तब कसैले मुक्ति पाउन सक्दैन। यस पदमा 'यदि' भन्ने शब्द उनीहरूको मुक्तिमा शङ्का पैदा गर्न खोज्ने शब्द होइन, न ता त्यस शब्दले सुसमाचारको वचन बलियो गरी पक्रेकोमा मुक्ति पाइन्छ भन्ने शिक्षा दिन्छ। तर यदि कुनै बौरिउठाइ हुँदैन भने त उनीहरूले कुनै हालतमा मुक्ति पाउन सक्दैनन् भन्ने कुरा पावलले यहाँ भन्न खोजेका हुन्। अर्को शब्दमा भन्नु हो भने, जस-जसले मरेकाहरूको बौरिउठाइ छँदैछैन भन्छन्, तिनीहरूले सीधा सुसमाचारको सत्यतामाथि हमला गरेका हुन्छन्। पावलका निम्ति पुनरुत्थानको शिक्षा आधारभूत शिक्षा थियो। पुनरुत्थानविना इसाईधर्मको अस्तित्व हराउँछ। यसकारण यस पदले कोरिन्थका विश्वासीहरूलाई चुनौती दिन्थ्योः उनीहरूले अघिको समयमा पाएको सुसमाचार अहिले यस्तो समयमा बलियो गरी पक्रिराख्नुपरेको थियो, जुन समयमा सुसमाचारको सत्यतामाथि यी विरुद्धी आक्रमणहरू चलिरहेका थिए।

**१ कोरिन्थी १५ः३ः** जुन सुसमाचार पावलले कोरिन्थीहरूलाई सुम्पेका थिए, त्यो सुसमाचार तिनले ईश्वरीय प्रकाशद्वारा पाएका थिए। सुसमाचारको मुटु सम्झिएको प्रथम शिक्षा यस प्रकारको छः पवित्र धर्मशास्त्रअनुसार ख्रीष्ट येशू हाम्रा पापहरूका निम्ति मर्नुभयो। ख्रीष्ट येशूको मृत्यु हाम्रो स्थानमा भएको थियो। यस पदको जोड़ यसैमा छ। उहाँ आफ्ना पापहरूका निम्ति मर्नुभएन। उहाँ शहीद भएर पनि मर्नुभएन। तर उहाँ हाम्रा पापहरूका निम्ति मर्नुभयो। क्रूसमा मरेर उहाँले हाम्रा पापहरूले कमाएको सजायबाट हामीलाई छुटकारा दिने दाम तिर्नुभयो।

अनि उहाँको मृत्यु पवित्र धर्मशास्त्रअनुसार थियो । पवित्र धर्मशास्त्र भन्नाले यहाँ पुरानो नियमका शास्त्रहरू बुझ्नुपर्छ; किनभने यो पत्र लेख्ने मितिसम्म नयाँ नियम लेखिएको थिएन । के पुरानो नियमका शास्त्रहरूले मानिसहरूका पापहरूका निम्ति हुने ख्रीष्टको मृत्युको विषयमा भविष्यवाणी गरे त ? यस प्रश्नको उत्तर 'हो, गरे' हुन्छ । यशैया ५३ः५-६ पदको खण्ड यो कुरा प्रमाणित गर्न यथेस्ट छ ।

**१ कोरिन्थी १५ः४ः** अनि ख्रीष्ट गाड़िनुभएको कुराको विषयमा केकसो ? यसको भविष्यवाणी यशैया ५३ः९ पद हो । अनि भजन १६ः९-१० पदको खण्ड उहाँको बौरिउठाइको मुख्य भविष्यवाणी हो । के तपाईंले याद गर्नुभयो ? पावलले पवित्र धर्मशास्त्रहरूको गवाहीमाथि पूरा जोड़ गरेका छन् । हाम्रो विश्वासको सम्बन्धमा सबै कुराहरू जाँच्ने एकमात्र कसी सधैं 'पवित्र धर्मशास्त्र बाइबलले के भन्दछ' भन्ने प्रश्न हो ।

**१ कोरिन्थी १५ः५ः** अबको खण्डले प्रभु येशूको बौरिउठाइका प्रत्यक्ष साक्षीहरूको सूचि दिन्छ (१ कोरिन्थी १५ः५-७) । बौरिउठ्नुभएको प्रभु येशू सर्वप्रथम पत्रुसकहाँ देखा पर्नुभयो । यो हाम्रो हृदयमा छुने मर्मस्पर्शी कुरा हो । प्रभु येशूलाई तीनपल्ट इन्कार गरेका यी अविश्वासी चेलाले परमेश्वरको अनुग्रहमा बौरिउठ्नुभएको प्रभु यिनीकहाँ पहिले देखा पर्नुहुने सौभाग्य पाए । साँच्चै प्रभु येशू ख्रीष्टको अनुग्रह कति महान् छ ! त्यसपछि प्रभु येशू बाह्रजना चेलाहरूकहाँ देखा पर्नुभयो । वास्तवमा, त्यस विशेष घड़ीमा बाह्रैजना भेला भएकै थिएनन् । बाह्रजना भन्नाले प्रेरितहरूको समूह बुझिन्छ; यो शब्द तब पनि प्रयोग गरिएको छ, जब कुनै न कुनै समयमा तिनीहरू सबै पूरा सङ्ख्यामा त्यहाँ उपस्थित थिएनन् । सुसमाचारका चारवटा पुस्तकहरूमा प्रभु येशूको बौरिउठाइको सम्बन्धमा उल्लेख गरिएका सबै घटनाहरू यहाँ प्रस्तुत गरिएका छैनन् । ख्रीष्ट येशू कस-कसकहाँ देखा पर्नुभयो, यी सबै घटनाहरूबाट छानेर परमेश्वरको आत्माले ती घटनाहरू मात्र पेश गर्नुहुन्छ, जुन घटनाहरू उहाँको दृष्टिमा बढ़ी उपयोगी ठहरिएका छन् ।

**१ कोरिन्थी १५ः६ः** सर्वमान्य विश्वासअनुसार, प्रभु येशू एकै समयमा पाँच सयभन्दा बढ़ी भाइहरूकहाँ देखा पर्नुभएको घटना गालीलमा

घटेको थियो। पावलले यो पत्र लेख्दाखेरि यी भाइहरूमध्ये प्रायः सबै जीवित थिए; तीमध्ये कोही-कोही भाइहरू मात्र प्रभुमा सुतेका थिए। यसकारण पावलले यहाँ पेश गरेको कुरा कसैले खण्डन गर्न चाह्यो भने, प्रत्यक्ष साक्षीहरू जीवित थिए; तिनीहरूलाई सोध्न सकिन्थ्यो।

**१ कोरिन्थी १५ः७ः** यहाँ, यस पदमा कुनचाहिँ याकूबको कुरा गरिएको छ, सो जान्न सकिँदैन। प्रायः सबै टिप्पणीकारहरूले तिनी प्रभुको भाइ थिए भन्ने अनुमान लाउँछन्। यही पदमा प्रभु येशू एकपल्ट फेरि सबै प्रेरितहरूकहाँ देखा पर्नुभएको जानकारी पनि छ।

**१ कोरिन्थी १५ः८ः** त्यसपछि पावलले यहाँ आफ्नो व्यक्तिगत भेट बौरिउठ्नुभएको ख्रीष्ट येशूसित भएको जानकारी दिन्छन्। दमस्कसको बाटोमा तिनले स्वर्गबाट ठूलो ज्योति चम्केको देखेका थिए र त्यस बेलामा महिमित प्रभु येशूसित तिनको भेट आमुन्ने-सामुन्ने भएको थियो। 'म, मानूँ समय पूरा नभई जन्मेको मान्छे' भनेको गर्भ तुकेको वा बेलै नभई जन्मेको हो। यस विषयमा श्री डब्ल्यू. ए. वाइनले निम्न स्पष्टीकरण दिएका छन्ः

> 'समयको हिसाबले जसरी बेला पूरा नभई जन्मेको मानिसचाहिँ समय पूरा भएर जन्मेको मानिसको तुलनामा मूल्यहीन हुन्छ, त्यसरी नै पावलले आफूलाई अरू प्रेरितहरूको तुलनामा कम भएको सम्झन्थे। यसकारण तिनले आफ्नो बितेको जीवन नियाल्दा आफूलाई गर्भपतनको फलजत्तिकै तुच्छ ठान्थे; किनकि तिनले ख्रीष्टको मण्डलीलाई सताउँथे।'

**१ कोरिन्थी १५ः९ः** मुक्तिदाता प्रभुलाई आमुन्ने-सामुन्ने भेट्न पाएको सम्झनाले प्रेरित पावलमा आफू कति अयोग्य रहेछु भन्ने अनुभूति सृजना गरेको छ। परमेश्वरको मण्डलीलाई सताएको तिनलाई आलो सम्झना छ। यस्तो भए पनि प्रभु येशूले तिनलाई प्रेरित हुन बोलाउनुभयो। यसकारण तिनी अति नम्र भई झुक्छन्, र आफूलाई धूलोसित बराबर तुल्याउँछन्ः प्रेरितहरूमध्ये सबैभन्दा सानो र प्रेरित भनिनु अयोग्य तिनी।

**१ कोरिन्थी १५ः१०ः** तर हतार गरेर तिनले स्वीकार गरेर भन्छन्ः *'म जे छु, परमेश्वरको अनुग्रहद्वारा नै छु।'* तर तिनलाई दिइएको अनुग्रह व्यर्थ

भएन। तिनलाई मुक्ति दिने त्यस अनुग्रहले तिनलाई ठूलो बाध्यतामा पार्‍यो । अनि तिनले ख्रीष्ट येशूको सेवामा अथक परिश्रम गर्थे । तर यति विघ्न परिश्रम गर्ने खास स्रोत पावलमा थिएन, तर परमेश्वरको अनुग्रहमा थियो, जुन अनुग्रहले तिनलाई अभिप्रेरित गरेको थियो ।

**१ कोरिन्थी १५ः११ः** अबचाहिँ पावलले आफूलाई अरू प्रेरितहरूसँग एक तुल्याएर घोषणा गर्छन्ः प्रचार गर्ने तिनी कि उनीहरू होऊन्, यसको मतलब छैन । सुसमाचारको विषयमा सबैजनाले दिएको साक्षी एउटै होः ख्रीष्ट येशू मरेकाहरूबाट बौरिउठ्नुभएको हो ।

**१ कोरिन्थी १५ः१२ः** यस खण्डमा पावलले शारीरिक बौरिउठाइ हुँदैन भन्ने इन्कारबाट नकारात्मक परिणामहरू के-के हुन्, सो पेश गर्छन् (१ कोरिन्थी १५ः१२-१९) । पहिले, मरेकाहरू बौरिँदैनन् भने ख्रीष्ट येशू पनि बौरिउठ्नुभएन । पावलले राखेको यस तर्कले सबै वादविवादहरू चुप गराउँछ। तिनको तर्कका बुँदाहरू मजबुत थिएः 'ठीक छ, शरीरको बौरिउठाइ हुँदैन भन्नेहरू छँदैथिए। तर तिनीहरूको कुरा साँचो ठहरियो भने ख्रीष्ट येशू पनि बौरिउठ्नुभएन । हे कोरिन्थीहरूहो, के तिमीहरू यो कुरा मान्न तयार छौ ?' पक्का पनि उनीहरू यो मान्न तयार थिएनन् । तर्कको विषयमा नियम यस प्रकारको छः कुनै कुराको विषयमा त्यो हुन सक्छ भन्ने प्रमाण दिन चाहने मानिसले त्यही कुरा अघि कुनै समयमा एकपल्ट घटेको देखाउनुपर्छ। यसकारण शरीरको बौरिउठाइ हुनेछ भन्ने कुरा प्रमाणित गर्न पावलले ख्रीष्ट येशू मरेकाहरूबाट बौरिउठ्नुभएको कुरा, त्यो भइसकेको सत्य घटना नै यहाँ आफ्नो तर्कको बलियो जग तुल्याएका छन् ।

**१ कोरिन्थी १५ः१३ः** *'तर यदि मरेकाहरूको बौरिउठाइ हुँदैन भने* (कुरा स्पष्ट छ), *ख्रीष्ट पनि बौरिउठ्नुभएन ।'* तर यस प्रकारको निष्कर्षले कोरिन्थका विश्वासीहरूलाई निराशा र हतोत्साहमा डुबाइदिनेछ ।

**१ कोरिन्थी १५ः१४ः** *'अनि यदि ख्रीष्ट बौरिउठ्नुभएन भने, हाम्रो प्रचार* (अर्थात् प्रेरितहरूको प्रचार) *पनि व्यर्थ हो ।'* तिनीहरूको प्रचार आधारहीन हुनेथियो । अनि तिनीहरूको प्रचार किन व्यर्थ भयो ? एक,

किनभने प्रभु येशूले तेस्रो दिनमा मरेकाहरूबाट बौरिउठ्नेछु भनी भन्नुभएको थियो। तर आफूले भन्नुभएको घड़ीमा येशू आफू बौरिउठ्नुभएन भने, उहाँ कि त ठग हुनुभएको, कि त भूलमा पर्नुभएको हुनुपर्छ। जस्तो भए पनि उहाँमाथि भरोसा पर्न उहाँ अयोग्य ठहरिनुहुनेथियो। दुई, मानिसहरूको मुक्ति ख्रीष्ट येशूको बौरिउठाइमा आधारित थियो। उहाँको बौरिउठाइविना मुक्ति छैन। यसकारण प्रभु येशू मरेकाहरूबाट बौरिउठ्नुभएन भने उहाँको मृत्युबाट के लाभ हुनेथियो ? तब अरू मानिसहरूको मृत्यु र उहाँको मृत्युको बीचमा के भिन्नता हुनेथियो ? उहाँको मृत्युको ठूलो मूल्य कसरी जानिन्थ्यो ? तर परमेश्वरले प्रभु येशूलाई मरेकाहरूबाट बौराएर उठाउनुभयो, र यसरी नै उहाँले ख्रीष्ट येशूको त्राणको काममा आफ्नो पूरा सन्तुष्टि प्रकट गर्नुभयो।

तर्कको कुरा होः प्रेरितहरूको सन्देश सत्य थिएन भने त्यसमाथि राखिएको विश्वास व्यर्थ हुनेथियो; किनभने कुनै झूटो समाचार वा व्यर्थ खबरमाथि विश्वास राख्नु मतलबहीन हुन्छ।

**१ कोरिन्थी १५ः१५ः** प्रेरितहरूले झूटो सन्देश प्रचार गरेको कुरा परै जाओस्, तिनीहरूले परमेश्वरको विषयमा झूटो साक्षी दिनेथिए। किनभने परमेश्वरले ख्रीष्ट येशूलाई बौराएर उठाउनुभयो भन्ने गवाही तिनीहरूले परमेश्वरको विषयमा दिएका थिए। तर परमेश्वरले ख्रीष्टलाई बौराएर उठाउनुभएन भने, प्रेरितहरूले परमेश्वरको विरोधमा झूटो साक्षी दिएका साबित हुनेथियो।

**१ कोरिन्थी १५ः१६ः** मरेकाहरूको पुनरुत्थान हुँदै-हुँदैन भने कसैको बौरिउठाइ हुनु सम्भव छैन। यस नियमभित्र नपर्ने एकैजना छैन। तर कसैको बौरिउठाइ भएको छ भने, अर्थात् ख्रीष्ट येशूको बौरिउठाइ साँचो हो भने, मरेकाहरूको बौरिउठाइको विषयमा अब कुनै शङ्का रहनेछैन।

**१ कोरिन्थी १५ः१७ः** *'यदि ख्रीष्ट बौरिउठ्नुभएन भने तिमीहरूको विश्वास व्यर्थै हो।'* अनि उनीहरूको विश्वासमा शक्ति हुनेथिएन। तब पापहरूको क्षमा हुँदैन। यसकारण मरेकाहरूको बौरिउठाइ इन्कार गर्दा मानिसले ख्रीष्ट येशूको त्राणको काम मतलबहीन तुल्याउँछ।

**१ कोरिन्थी १५ः१८ः** अनि ख्रीष्टमा मरेकाहरूको विषयमा केकसो ? मरेकाहरूको बौरिउठाइ हुँदैन भने तिनीहरूको अवस्था आशाबिहीन हुनेथियो। ख्रीष्ट येशू बौरिउठ्नुभएन भने, तिनीहरूको विश्वास व्यर्थै थियो। 'ख्रीष्टमा सुतेकाहरू' भन्नाले ख्रीष्ट-विश्वासीहरूका मृतशरीरको सुतेको अवस्था बुझिन्छ। नयाँ नियमअनुसार कुनै आत्मा कहिल्यै सुत्दैन। मृत्युको घड़ीमै ख्रीष्ट-विश्वासीको आत्मा ख्रीष्ट येशूकहाँ उहाँसित मिल्न जान्छ, तर उसको मृतशरीर चिहानभित्र सुत्छ।

अनि यहाँ नष्ट हुने शब्दको विषयमा एक-दुई कुरा भन्नु दरकार देखिन्छ। नष्ट हुनुको अर्थ कहिल्यै, अँ, कहिल्यै सर्वनाश हुनु वा अस्तित्व मेटिनु हुँदैन। यस विषयमा श्री डब्ल्यू. ए. वाइनले आफ्नो स्पष्टीकरण दिएर यसो भनेका छन्ः

> 'नष्ट हुनुको अर्थ कहिल्यै अस्तित्व मेटिने मतलब लिँदैन, तर कसैको अस्तित्वमा ठूलो हानि भएको अर्थ लिन्छ। जुन उद्देश्यका निम्ति कुनै प्राणी वा कुनै थोकको रचना भयो, त्यो उद्देश्य ध्वस्त, नष्टभ्रष्ट भएको हो।'

**१ कोरिन्थी १५ः१९ः** ख्रीष्ट येशू बौरिउठ्नुभएन भने, बाँचिरहेका ख्रीष्ट-विश्वासीहरूको हालत नाजुक हुनेथियो, मरेकाहरूको अवस्था-भन्दा राम्रो हुनेथिएन। किनभने तिनीहरू पनि धोकामा पर्नेथिए। तिनीहरू सबै मानिसहरूभन्दा अभागी हुनेथिए। निश्चय ख्रीष्ट-विश्वासीहरूका पीड़ा, शोक, दुःख र कष्टहरू, उनीहरूका परीक्षाहरू र उनीहरूले सहनुपरेका सतावटहरूमाथि पावलले यहाँ आफ्नो विचार पुऱ्याएका छन्। कुनै उचित कारणविना यत्रो भारी दुःखकष्टहरूबाट भएर जानु कति दुःखलाग्यो कुरा हो।

**१ कोरिन्थी १५ः२०ः** अब विवादको आपत्तिले उत्पन्न गरेको तनाउ हल्का भयो, जाती भयो, र पावलले जयध्वनिको साथ घोषणा गर्छन्ः *'तर अबचाहिँ ख्रीष्ट मरेकाहरूबाट बौरिउठ्नुभएको हो !'* हल्लेलूयाह ! !

त्यसबाट सकारात्मक परिणामहरू के-के हुन्, सो कुरा अहिले पेश गरिन्छ। बौरिउठ्नुभएको *'ख्रीष्ट सुतिजानेहरूमध्ये पहिलो फल हुनुभएको छ।'* पवित्र धर्मशास्त्र बाइबलअनुसार मरेकाहरूको बौरिउठाइ र

मरेकाहरूबाट बौरिउठ्नुमा भिन्नता छ। यहाँसम्म मरेकाहरूको बौरिउठाइ हुन्छ कि हुँदैन भन्ने कुरा विषयवस्तु थियो, जुन खण्डमा पावलले मरेकाहरूको बौरिउठाइ अवश्य हुन्छ भन्ने सर्वमान्य कुरा प्रमाणित गरे। तर अब ख्रीष्ट मरेकाहरूबाट बौरिउठ्नुभएको कुरा आयो। यस कुराको विशेष अर्थ यस्तो छः उहाँ बौरिउठ्नुभयो, तर अरू मरेकाहरू बौरेनन्। कसैको बौरिउठाइ हुने, तर अरूको बौरिउठाइ नहुनुबाट के बुझिन्छ भने, पुनरुत्थानको पनि सीमा हुँदो रहेछ, अनि मरेकाहरूको बौरिउठाइ एकैपल्टमा नहुँदो रहेछ। सबै मरेकाहरूको बौरिउठाइ हुने नै छ, तर ख्रीष्ट येशू र ख्रीष्ट-विश्वासीहरूको पुनरुत्थान मात्र मरेकाहरूको बीचबाट भएको छ र हुनेछ।

**१ कोरिन्थी १५ः२१ः** एकजना मानिसद्वारा मृत्यु यस संसारमा आयो। अनि त्यो मानिस आदम थियो। आदमको पापले गर्दा मृत्यु सबै मानिसहरूको भाग हुने भयो। परमेश्वरले आफ्नो पुत्रलाई मानिसको रूपमा यस संसारमा पठाउनुभयो। यसमा उहाँको निम्न उद्देश्य थियोः पहिलो मानिस आदमले जुन काम बिगार्‍यो, त्यस कामको क्षतिपूर्ति गर्न र ख्रीष्ट-विश्वासीहरूलाई आफ्नो पतित अवस्थाबाट उठाएर आशिषै-आशिषको स्तरमा राख्न प्रभु येशू आउनुभयो – यस्तो उच्च र उत्तम स्तरमा, जुन आशिषको स्तर उनीहरूले आदमका सन्तान भएको नाताले कहिल्यै उपभोग गर्न सक्नेथिएनन्। *'यसकारण मानिसद्वारा नै मरेकाहरूको बौरिउठाइ पनि आयो।'* त्यो अर्को एकजना मानिस ख्रीष्ट येशू हुनुहुन्थ्यो। उहाँद्वारा मरेकाहरूको बौरिउठाइ आयो।

**१ कोरिन्थी १५ः२२ः** आदम र ख्रीष्ट दुवै सामूहिक शिरहरू हुन्। उनीहरूले आफ्ना मानिसहरूको प्रतिनिधि गरेर काम गर्छन्। अनि जुन सामूहिक शिरसित मानिसहरूको नाता पर्छ, त्यस सामूहिक शिरका कामहरूले तिनीहरू सबैलाई असर पार्छन्। आदमको वंशका सबैजना मर्छन् भने ख्रीष्टमा भएका सबैजना जीवित पारिनेछन्। यस पदमाथि आधारित सबै मानिसहरूले मुक्ति पाउनेछन् भन्ने कुशिक्षा सिकाइन्छ। त्यस शिक्षाअनुसार आदममा मर्नेहरू ख्रीष्टमा जीवित पारिनेछन्, फलस्वरूप सबैले मुक्ति पाउनेछन् भन्ने तर्क गरिन्छ। तर यस पदमा यसो भनिएको

छैन। यसको अर्थ खोल्ने चाबी 'आदममा' र 'ख्रीष्टमा' भन्ने शब्द हुन्। आदममा हुनेहरू सबै मर्छन् र ख्रीष्टमा हुनेहरू सबै जीवित पारिनेछन्। यसर्थ प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्नेहरू मात्र मरेकाहरूबाट बौराएर उठाइनेछन् र अनन्त-अनन्तसम्म उहाँसँग रहनेछन्। ख्रीष्टमा जीवित पारिनेहरू को हुन्, सो कुरा तेइस पदले स्पष्ट पार्छः ख्रीष्ट येशूको दोस्रो आगमनमा उहाँका हुनेहरू। ख्रीष्ट येशूका शत्रुहरूले यस पहिलो बौरिउठाइमा भाग लिनेछैनन्; तर पछिबाट तिनीहरू उहाँका पाउमनि पारिनेछन् (१ कोरिन्थी १५ : २५)। तब अज्ञात व्यक्तिको व्यङ्‌ग्यअनुसार 'तिनीहरू उहाँका पाउमनि पारिनेछन्' भन्ने वाक्य तिनीहरू मुक्ति पाई स्वर्ग पुगेको कुरा बयान गर्ने कति अनौठो परिभाषा मान्नुपर्ला, होइन र?

**१ कोरिन्थी १५ : २३ :** पहिलो बौरिउठाइमा को-को भाग लिनेछन्? सर्वप्रथम ख्रीष्ट येशूको बौरिउठाइ भएको हो। उहाँ पुनरुत्थानको पहिलो फल हुनुहुन्छ। खेतबारीको पाकेका अन्न काट्नुभन्दा अघि पहिलो काटेको बालीको एक मुट्ठी पाकेको अन्नचाहिँ पहिलो फल भनिन्छ। पहिलो फल पछि हुने फसलको प्रण, अग्रिम अंशरूपी बैना र पूर्वस्वाद दिने काम गर्छ। ख्रीष्ट येशू पहिलो फल हुनुहुन्छ भनेको बौरिउठेकाहरूमा उहाँ समयमा प्रथम हुनुपर्छ भन्ने अर्थ बुझ्नु अनिवार्य होइन। किनभने पुरानो नियमको समयमा मरेकाहरू बौरिउठेका थिए। अनि नयाँ नियमको समयमा लाजरस, नाइनकी विधवाको छोरा र याइरसकी छोरी पनि बौरिउठे। तर यी सबैजनाको बौरिउठाइ र ख्रीष्ट येशूको बौरिउठाइको बीचमा ठूलो भिन्नता के हो भने, तिनीहरू बौरेर फेरि सबै मरे, तर प्रभु येशू बौरेपछि फेरि कहिल्यै मर्नुहुनेछैन। उहाँ बौरिउठ्नुभयो र अनन्त जीवनको शक्तिद्वारा सधैं जीवित रहनुहुनेछ। उहाँ महिमित शरीरमा बौरिउठ्नुभयो।

पहिलो बौरिउठाइमा ख्रीष्ट येशूको आगमनमा उहाँका हुनेहरू दोस्रो स्थानमा आउँछन्। उहाँका हुनेहरू एक, मण्डली उठाइलगिएको समयमा बाँचिरहेका ख्रीष्ट-विश्वासीहरू र त्यस बेलामा बौरिउठ्नेहरू हुन्, अनि दुई, सङ्कष्टकालको समयमा मर्ने विश्वासीहरू हुन्, जो त्यस सङ्कष्टको अवधिको अन्तमा बौरिउठ्नेछन्, जब ख्रीष्ट येशू राज्य गर्न फर्केर आउनुहुनेछ। ख्रीष्ट येशूको दोस्रो आगमनको पहिलो र दोस्रो भाग छ;

ठीक त्यस्तै उहाँका पवित्र जनहरूको बौरिउठाइमा पनि पालोहरू हुन्छन् । पहिलो बौरिउठाइमा सबै मरेकाहरू बौरिउठ्नेछैनन्, तर उनीहरू मात्र बौरिउठ्नेछन्, जो ख्रीष्ट येशूमाथि विश्वास गर्ने विश्वासी भएर मरे र मर्छन् ।

कति इसाई शिक्षकहरूअनुसार पहिलो बौरिउठाइमा ख्रीष्ट येशूमा विश्वासयोग्यहरू र जयवन्त ख्रीष्ट-विश्वासीहरू मात्र बौरिउठ्नेछन् । तर पवित्र धर्मशास्त्र बाइबलले यस प्रकारको धारणा स्वीकार गर्दैन, तर सफासँग खण्डन गर्छ । ख्रीष्ट येशूको आगमनमा ख्रीष्टका हुनेहरू सबै बौरिउठ्नेछन् ।

**१ कोरिन्थी १५ : २४ :** *'त्यसपछि अन्त हुनेछ ।'* हाम्रो विश्वासअनुसार यहाँ, यस पदमा 'अन्त'को अर्थ बौरिउठाइको अन्त भएको हुनुपर्छ । बौरिउठाइको यस अन्तले हामीलाई ख्रीष्ट येशूको हजार वर्षको राज्यको अन्तमा लैजान्छ, जुन समयमा उहाँले आफ्ना सबै शत्रुहरूलाई परास्त गरिसक्नुहुनेछ । त्यस समयमा दुष्ट भएर मर्ने मानिसहरूको बौरिउठाइ हुनेछ । त्योचाहिँ अन्तिम बौरिउठाइ नै हुनेछ, त्यसपछि कुनै बौरिउठाइ हुनेछैन नै । आफ्नो अविश्वासमा मर्नेहरू सबै न्यायका निम्ति ठूलो सेतो सिंहासनको सामु उभिनेछन्, र आफ्नो अनन्त दण्डको फैसाला सुन्नेछन् ।

हजार वर्षको राज्य बितिसकेपछि र शैतानको विनाश भइसकेपछि प्रभु येशूले राज्य परमेश्वर पिताको हातमा सुम्पिदिनुहुनेछ (प्रकाश २०:७-१०) । त्यस बेलासम्म उहाँले सबै शासन, सबै अधिकार र शक्ति नष्ट पारिसक्नुहुनेछ । त्यस घड़ीसम्म प्रभु येशू ख्रीष्टले मानिसको पुत्र भई परमेश्वरको मध्यस्थको रूपमा राज्य गर्नुहुनेछ । तर हजार वर्षको राज्यको अन्तमा पृथ्वीमाथि परमेश्वरका सबै उद्देश्यहरू उहाँले चित्ताउनुभएअनुसार पूरा भइसक्नेछन् । किनभने त्यस बेलासम्म सबै विरोधीहरू पाउमनि पारिएका र सबै शत्रुहरू नष्ट पारिएका हुनेछन् । अनि मानिसको पुत्रको रूपमा राज्य गर्नुभएको ख्रीष्ट येशूको राज्य हट्नेछ, र स्वर्गको अनन्त राज्यलाई आफ्नो ठाउँ दिनेछ । अनि स्वर्गमा परमेश्वरको पुत्रको रूपमा ख्रीष्ट येशूको राज्यको अन्त कहिल्यै हुनेछैन, तर अननत-अनन्तसम्म रहिरहनेछ ।

**१ कोरिन्थी १५ः२५ः** यस पदले भर्खरै भनिएको उक्त कुरा पुष्टि गर्छ। पृथ्वीबाट सबै विद्रोह र शत्रुता त्यसको नामनिसानसमेत नहटाएसम्म ख्रीष्ट येशूले राज्य गर्नुपर्नेछ।

**१ कोरिन्थी १५ः२६ः** ख्रीष्ट येशूको हजार वर्षको राज्यकालमा पनि मानिसहरू मर्दा रहेछन्; विशेष गरी ती मानिसहरूको मृत्यु हुनेछ, जसले खुला रूपले प्रभुको विरोधमा विद्रोह गर्नेछन्। तर न्याय हुँदा मृत्यु र पाताल ठूलो सेतो सिंहासनदेखि आगोको तालमा फ्याँकिनेछन्।

**१ कोरिन्थी १५ः२७ः** परमेश्वरको हुकुम र उर्दीअनुसार सबै कुराहरू प्रभु येशूका पाउमा पारिनेछन्, अर्थात् परमेश्वरबाहेक सबै कुराहरू उहाँको पाउमा पारिनेछन्; किनकि यसमा परमेश्वर आफू अवश्य पर्नुहुनेछैन। सत्ताइस पदको एक-एक सर्वनाम कसको हुने भयो, सो छुट्ट्याउन गाह्रो पर्ला; यसकारण यस पदको परिभाषा हामी यहाँ यस प्रकारले दिन्छौंः 'परमेश्वरले सबै कुराहरू ख्रीष्ट येशूका पाउमा पार्नुभएको छ। तर जब परमेश्वरले 'मैले सबै कुराहरू ख्रीष्टको चरणमा पारेको छु' भनेर भन्नुहुन्छ, तब कुरा स्पष्ट छः यसमा परमेश्वर आफू बाहेक हुनुहुन्छ, जसले सबै कुराहरू ख्रीष्टको अधीनमा पारिदिनुहुन्छ।'

**१ कोरिन्थी १५ः२८ः** अनि सबै कुराहरू परमेश्वरको पुत्रको अधीनतामा आइसकेपछि पनि उहाँ अनन्तसम्म परमेश्वरको अधीनतामा रहिरहनुहुनेछ।

> 'परमेश्वरले ख्रीष्ट येशूलाई शासक तुल्याउनुभएको छ, अँ, उहाँको प्रशासक, जसले उहाँका सबै योजनाहरू र अभिप्रायहरू पूरा गर्नुहुनेछ। सबै अधिकार र सत्ता ख्रीष्ट येशूको हातमा दिइएको छ। अनि एक दिन आउनेछ, जब उहाँले परमेश्वरलाई आफ्नो जिम्मामा सुम्पिएको यस कार्यभारको लेखा दिनुहुनेछ। अनि सबै कुराहरू आफ्नो अधीनतामा ल्याइसकेपछि उहाँले राज्य परमेश्वर पिताकहाँ फर्काउनुहुनेछ। तब सारा सृष्टि सिद्ध अवस्थामा परमेश्वरकहाँ फर्काइनेछ। छुटकारा र पुनर्स्थापनाको काम पूरा गर्न उहाँ मानिस हुनुभयो; यो काम सिद्धिसकेर पनि उहाँ मानिसको पुत्रको रूपमा जसरी अधीनस्थ हुनुहुन्थ्यो, त्यसरी नै उहाँ पिताको अधीनतामा अधीनस्थ रहिरहनुहुनेछ। परमेश्वरका सबै

उद्देश्य र मनसायहरू पूरा गर्नुभएपछि उहाँ मानिस हुन छोड्नुहुन्छ भने परमेश्वर र मानिसहरूको बीचमा सम्बन्ध जोड्ने कड़ी रहनेथिएन।'

सङ्कलित

**१ कोरिन्थी १५ः२९ः** हुन सक्छ, यो पद सारा पवित्र धर्मशास्त्र बाइबलको सबैभन्दा बुझ्न गाह्रो पर्ने पद होला। यसको व्याख्या किसिम-किसिमले गरिएको छ र गरिन्छ। यसको सिलसिलामा व्याख्यान कहाँसम्म पुग्न सकिन्छ, यसको एउटा अनौठो व्याख्या हामी यहाँ प्रस्तुत गर्छौंः 'कतिजना विश्वासीहरू पानीको बप्तिस्मा नलिईकन मरे; यसकारण बाँचिरहेका विश्वासीहरूले तिनीहरूको नाममा बप्तिस्मा लिए रे। यस प्रकारको अबाइबलीय विचार पवित्र धर्मशास्त्रदेखि बाहिर छ। एकै पदमाथि आधारित यो व्याख्या, र एकै पदमाथि मात्र आधारित अरू जुनसुकै व्याख्या हामीले इन्कार गर्नुपर्छ। जुनै सठीक व्याख्याले बाइबलका अरू पदहरूको समर्थन पाउनुपर्छ। अर्को व्याख्या यस प्रकारको छः मरेकाहरूका निम्ति हुने बप्तिस्माको अर्थ 'हामीले आफूलाई मरेको ठान्नुपर्छ' हो। यो अर्थ सम्भव, तर सन्दर्भसित नमिलेको देखिन्छ।

अब हामी यस पदको सन्दर्भसित सबैभन्दा राम्रोसँग मेल खाने व्याख्या प्रस्तुत गर्छौंः पावलले यो पत्र लेखेको बेलामा खुल्लमखुल्ला ख्रीष्टको नाम लिनेहरू सबै घोर सतावटमा परेका थिए। अनि बप्तिस्मा लिने बेलामा सतावट झन् चर्को हुन्थ्यो। ख्रीष्ट येशूमाथिको विश्वास पानीको बप्तिस्माद्वारा खुला रूपले प्रकट गर्नेहरूले धेरैपल्ट यसका निम्ति आफ्नो जीवन दिनुपरेको थियो; बप्तिस्मा लिएकै बेलामा वा त्यसको थोरै समयपछि तिनीहरूमध्ये धेरैजना शहीद भएर मर्नुपर्थ्यो। तर के यस प्रकारको सतावटले अरू मानिसहरूलाई मुक्ति पाउन र येशूको नाममा बप्तिस्मा लिनुदेखि रोक्न सक्यो त? अहँ, रोक्नै सकेन। तर शहीद भएकाहरूको रित्तो स्थान लिनेहरूको ताँती लाग्थ्यो। यसकारण कुरा यस्तो थियोः पानीको बप्तिस्मा लिन कदम चाल्नेहरूले वास्तवमा मरेकाहरूका निम्ति अथवा झन् बढ़ी मरेकाहरूको सट्टामा वा स्थानमा बप्तिस्मा लिन्थे। ग्रीकमा 'हुपेर टोन नेक्रोन', जसको अर्थ मरेकाहरूका निम्ति, मरेकाहरूको खातिर वा मरेकाहरूको सट्टामा हुन्छ। अनि यहाँ, यस पदमा बताइएका

मरेकाहरूचाहिँ तिनीहरू हुन्, जो ख्रीष्ट येशूका निम्ति दिएको आँटिलो, बलियो साक्षीको खातिर मर्नुपरेको थियो । अनि यहाँ प्रेरित पावलको तर्क यस प्रकारको छः मरेकाहरूको बौरिउठाइ नभएदेखि पानीको बप्तिस्मा लिनु र त्यसका निम्ति मर्नु वा मारिनु मूर्खता ठहरिनेथियो। त्यो त लड़ाइँमा हारिरहेको सेनामा त्यसका मरेका सिपाहीहरूको सट्टामा नयाँ फौजीहरू पठाउनु बराबर हुनेथियो । त्यो त हारैहार खानुपरेकै-परेको भएर पनि लड़ाइँ गर्न कतै नछाड्नु जत्तिकै हो ।

**१ कोरिन्थी १५ : ३०:** *'मरेकाहरू बौरिउठ्दै-उठ्दैनन् भने त तिनीहरू मरेकाहरूका निम्ति बप्तिस्मा किन लिने ? अनि हामीचाहिँ किन हर घड़ीमा जोखिममा परिरहने त ?'* प्रेरित पावलको जीवन जोखिमपूर्ण जीवन थियो। तिनले डरविना ख्रीष्टको सुसमाचार प्रचार गर्थे। यसकारण जताततै तिनको विरोधमा धेरै शत्रुहरू उठ्ने गर्थे। तिनलाई मार्न खोज्नेहरूले तिनको विरोधमा सुटुक्कै षड्यन्त्र रच्थे। यो सबको सब ख्रीष्ट येशूको अङ्गीकारको फल थियो । अनि मरेकाहरूको बौरिउठाइ छैन भने यसमा के लाभ हुन्थ्यो र ? बरु ख्रीष्टको नामको अङ्गीकार छाड्नु बुद्धिको कुरा हुनेथियो ।

**१ कोरिन्थी १५ : ३१:** *'हाम्रा प्रभु ख्रीष्ट येशूमा तिमीहरूका निम्ति मलाई जुन गर्व छ, त्यसैको आधारमा म दृढ़तापूर्वक भन्छुः म दिनहुँ मर्छु ।'* यस वाक्यको भावानुवाद यस प्रकारको छः 'निश्यच तिमीहरू ख्रीष्ट येशूमा मेरा छोराछोरीहरू भएकोमा म रमाउँछु, मलाई गर्व लाग्छ; ठीक त्यस्तै, निश्चय नै दिनदिनै मेरो जीवन मृत्युको मुखमा पुगेको हुन्छ-हुन्छ ।'

**१ कोरिन्थी १५ : ३२:** यस विषयमा तिनलाई एफेससको आलो सम्झना आउँछ, जहाँ तिनले बितेको समयमा घोर सतावटको सामना गर्नुपरेको थियो। तिनी स्टेडियममा जङ्गली जनावरहरूसँगै परेको हामीलाई लाग्दैन, तर तिनले दुष्ट मानिसहरूलाई जङ्गली पशुहरूसित तुलना गरेको अनुमान छ। किनभने रोमी नागरिक भएको नाताले पावललाई जङ्गली जनावरहरूसँग भिड्न लगाउन असम्भव थियो। तर तिनले यहाँ कुन घटनाको सन्दर्भमा बोलेको हामीलाई थाहा छैन। तर

तिनको तर्कको बुँदा स्पष्ट छः मरेकाहरूबाट तिनको बौरिउठाइ छ; यसको विषयमा तिनलाई निश्चयता नभएदेखि यस प्रकारको डरलाग्दो घातक लड़ाइँमा पस्नु तिनका निम्ति मूर्खता ठहरिनेथियो। बरु तिनका निम्ति निम्न नीति अपनाउनु ठीक हुनेथियोः *'यदि मरेकाहरू बौरिउठ्दैनन् भने त बरु खाऔं र पिऔं; किनकि भोलि त हामी मर्छौं।'*

खीष्ट-विश्वासीहरूको बीचमा कहिलेकाहीं के सुनिन्छ भने, यही जीवन सर्वस्व भएको भए तिनीहरू त्यस अवस्थामा ख्रीष्टका चेलाचेली भएर जिउन चाहन्छन्। तर त्यससित पावलको विचार मिल्दैन। मरेकाहरूको बौरिउठाइ छैन भने यस जीवनका सुखहरू सकभर उपभोग गर्नु बेस। खाइसार कि लाइसार मरेपछि लम्पसार। खाएर होस् वा लाएर होस्, मज्जा गर्नु नै जीवनको उद्देश्य हुनेथियो। कतिजनाका निम्ति स्वर्ग भने पनि, जे भने पनि यहीं हो। तर मरेकाहरूको बौरिउठाइ हुने नै छ। यसकारण यी बितिजाने सुखहरूमा हामी आफ्नो जीवन बरबाद नगरौं! हामी अहिलेका निम्ति होइन, तर पछिको जीवनका निम्ति जिउनुपर्छ।

**१ कोरिन्थी १५ः३३ः** आफ्नो जीवनको उद्देश्यको सम्बन्धमा कोरिन्थका विश्वासीहरूले धोकामा पर्नुहुँदैनथियो। *'खराब सङ्गतहरूले असल चरित्रहरू बिगार गर्छन्।'* उनीहरूको सङ्गत कोरिन्थको मण्डलीमा आएका झूटा शिक्षकहरूसँग भएको थियो, जसले मरेकाहरूको बौरिउठाइ इन्कार गर्थे। दुष्ट मानिसहरू, खराब कुराहरू वा झूटा शिक्षाहरूसितको सङ्गतले अवश्य बिगार्छ भन्ने कुरा हरेक ख्रीष्ट-विश्वासीले बुझ्नुपर्छ। खराबीको सङ्गतमा नबिग्रिनु असम्भव छ। हामी हरेकको जीवनमाथि झूटो शिक्षाको खराब असर अनिवार्य हो। यस कुरामा खेलाँची गर्नुहुँदैन। झूटो शिक्षाले हामीलाई पवित्रतामा अगाड़ि बढ़ाउँदैन।

**१ कोरिन्थी १५ः३४ः** कोरिन्थका विश्वासीहरू जाग्नु थियो; उनीहरू पापका निम्ति होइन, तर धार्मिकताका निम्ति उठ्नु थियो। उनीहरू झूटा शिक्षाको जालमा फस्नुहुँदैनथियो। दुःखलाग्दो कुराः उनीहरूको बीचमा कतिजनासँग परमेश्वरको ज्ञान थिएन। अनि यस्ताहरूसित सङ्गत गर्नु शर्मको कुरा थियो।

'कतिजनासँग परमेश्वरको ज्ञान छैन' भन्ने वाक्यको अर्थ प्रायः यस प्रकारले दिइन्छः संसारमा सुसमाचार नसुनेका धेरै मानिसहरू छन्, जसलाई हामीले सुसमाचार प्रचार नगरेको हुनाले हामीलाई शर्म लाग्नुपर्छ अरे। त्यो कुरा साँचो हुन सक्छ। तर हाम्रो विचारअनुसार यस वाक्यको प्रमुख अर्थ अर्को हुनुपर्छ, जस्तैः कोरिन्थको मण्डलीका कतिजना थिए, जससँग परमेश्वरको ज्ञान थिएन। तिनीहरू साँचो विश्वासी थिएनन्, तर भेड़ाको भेष लिने व्याँसाहरू अर्थात् झूटा शिक्षकहरू थिए, जो सुटुक्कै मण्डलीभित्र पसेका थिए। यी मानिसहरूलाई आफ्नो बीचमा ठाउँ दिएर तिनीहरूलाई आफ्नो दुष्ट शिक्षा फैलाउन दिनु कोरिन्थका विश्वासीहरूका निम्ति लाजको कुरा थियो। उनीहरूको लापरबाहीले गर्दा भक्तिहीन मानिसहरू मण्डलीभित्र पसे; फलस्वरूप मण्डलीको नैतिक स्तर घटेर गएको थियो र यसले सबै प्रकारका खराबीहरूका निम्ति मण्डलीमा पस्ने ढोका खोल्यो र बाटो तयार गऱ्यो।

## ख) १ कोरिन्थी १५:३५-५७: पुनरुत्थानको विषयमा उठेका आपत्तिहरूको विषयमा पावलका तर्कहरू

**१ कोरिन्थी १५:३५:** यस खण्डमा प्रेरित पावलले मरेकाहरूको बौरिउठाइ कुन तरिकाले हुन्छ, सो कुरा झन् बढ़ी बेलिबिस्तार गर्छन् (१ कोरिन्थी १५:३५-४९)। शारीरिक बौरिउठाइको सम्बन्धमा 'मरेकाहरू कसरी बौरिउठ्छन्? अनि उनीहरू कस्तो शरीरमा आउँछन्' भन्ने दुईवटा प्रश्न यस विषयमा उठ्नु अनिवार्य हो, विशेष गरी ती मानिसहरूको मनमा, जसले बौरिउठाइको विषयमा शङ्का-उपशङ्का गर्छन्।

**१ कोरिन्थी १५:३६:** यी दुईवटा प्रश्नमा पहिलोचाहिँको उत्तर यस पदमा दिइएको छ। यसका निम्ति प्रकृतिबाट सामान्य उदाहरण लिइको छ, जसले बौरिउठाइ हुन्छ भन्ने कुरा प्रमाणित गर्छ। बीउ जमिनमा परेर मर्नुपर्छ, नत्र कहिल्यै कुनै बोट उम्रिँदैन। कति अचम्मको कुरा होः एउटा मसिनो बीउभित्र जीवनको सारा रहस्य लुकेको हुन्छ। हामीले कुनै बीउ लिएर, त्यसलाई भाग लगाएर माइक्रोस्कोप नामक अणुवीक्षण-यन्त्रले

त्यसका सबै गुणहरू अध्ययन गरे पनि त्यसको जीवनको शक्ति केमा छ, सो पत्ता लगाउन सक्दैनौं। यो अथाहा रहस्य रहेको छ। हामी यति नै जान्दछौंः जब बीउ जमिनमा पर्छ; अनि यस प्रकारको आशानलाग्यो शुरुआतबाट अर्थात् बीउको मृत्युबाट बोट-बिरुवाको जीवन निस्कन्छ।

**१ कोरिन्थी १५ः३७ः** दोस्रो प्रश्नको जवाफ यस प्रकारको छः *'तिमी जे छर्छौ, पछिबाट हुने शरीर होइन, तर नाङ्गो दाना पो छर्छौ, चाहे त्यो गहुँको होस्, चाहे त्यो अरू कुनै अन्नको होस्।'* पावलको यस स्पष्टीकरणबाट हामी के बुझ्छौं? के बोट र बीउ एउटै कुरा हो? होइन नि! बोट बीउजस्तो हुँदैन। तर यी दुईवटा कुराहरूको बीचमा अभिन्न, अकाट्य प्राणाधार सम्बन्ध छ। बीउविना बोट हुँदैन। अनि बोटका सबै गुणहरू त्यसको बीउबाट आएका हुन्। मरेकाहरूको बौरिउठाइमा कुरा पनि त्यस्तै छ।

> 'बौरिउठेको मानिसको शरीर उसको माटोमा छरिएको मरणशील शरीरजस्तै छ, तिनीहरूको तत्त्व उस्तै-उस्तै छ। तर त्यो शरीर आफ्नो विनाशी अवस्थाबाट, आफ्नो आदरहीन र कमजोर अस्तित्वबाट पूरा रूपले शुद्ध पारिएको शरीर हो, र अविनाशी, महिमित, शक्तिशाली र आत्मिक शरीर बनेको छ। शरीर त त्यही हो, जुन शरीर एउटा रूपमा छरिएको थियो र अर्को रूपमा बौराइएको छ।' सङ्कलित

**१ कोरिन्थी १५ः३८ः** छरिएको एक-एक बीउअनुसार परमेश्वरले हरेकलाई आ-आफ्नो शरीर दिनुहुन्छ। यसरी हरेक बीउले आ-आफ्नो बोटरूपी शरीर पाएको हुन्छ। बोटको आकारप्रकार, रङरूप, अँ, पातदेखि लिएर त्यसको फूल र फलसम्म त्यसका सबै गुणहरू छरिएको बीउभित्र राखिएका छन्।

**१ कोरिन्थी १५ः३९ः** बौराइएको शरीरको महिमा अहिलेको हाम्रो शरीरको भन्दा फरक हुन्छ भन्ने कुरा देखाउन प्रेरित पावलले यहाँ विभिन्न मासुहरूको उदाहरण पेश गर्छन्। सबै मासु एकै किसिमको हुँदैन। मानिसहरूको मासु, पशुहरूको मासु, माछाहरूको मासु र चराहरूको मासु अर्कै हुन्छ। तिनीहरू सबैको मासु मासु नै हो, तर तिनीहरूको मासु भिन्नै हुन्छ। एक प्रकारको मासु अर्को प्रकारको मासुसित मिल्न खोज्छ, तर ती एक-अर्कोको दुरुस्त अनुरूप होइनन्।

**१ कोरिन्थी १५ः४०ः** अनि आकाशका घाम, जून र ताराहरू अनि पृथ्वीमा भएका शरीरहरूको बीचमा महिमा अर्कै हुन्छ। ठीक त्यस्तै ख्रीष्ट-विश्वासीको पार्थिव शरीर र परलोकमा पाउने स्वर्गीय शरीर अर्कै हुन्छ।

**१ कोरिन्थी १५ः४१ः** अनि आकाशका घाम, जून र ताराहरूको बीचमा पनि महिमा अर्कै हुन्छ। जूनभन्दा घाम तेजिलो हुन्छ। अनि एक ताराको तेज र अर्को ताराको तेज अर्कै हुन्छ।

पावलले यहाँ हाम्रो वर्तमान शरीरको महिमा र पछि बौराइने हाम्रो शरीरको महिमा फरक छ भन्ने कुरामा अझै पनि जोड़ गरेको प्रायः सबै टिप्पणीकारहरूले मानिलिएका छन्। तर स्वर्गमा विश्वासी-विश्वासीको बीचमा पनि महिमा फरक-फरक हुनेछ भन्ने कुरामाथि आफ्नो विचार पुर्‍याउन सकेका छैनन्। तर हामी यहाँ श्री जोनथन होल्स्टनसँग मिल्छौं, जसले यस विषयमा यसो लेखेका छन्ः 'आकाशका ताराहरूको बीचमा एक-एकको तेज अर्कै हुन्छ भन्ने कुरामा पावलले जोड़ गरेकोमा हामीले बौरिउठेका विश्वासीहरूको बीचमा उस्तै प्रकारले एक-एकको महिमा पनि फरक भएको अनुमान लगाउन सक्छौं।' किनभने पवित्र धर्मशास्त्र बाइबलका अरू खण्डहरूबाट स्पष्ट बुझिन्छ, कि स्वर्गमा हामी सबैजना एकसमान हुनेछैनौं, दरुस्तै उस्तै हुनेछैनौं। नैतिक हिसाबले हामी सबैजना प्रभु येशूजस्तै हुनेछौं, किनभने हामी पापरहित हुनेछौं। तर हाम्रो शरीरको रूपरङ र प्रभु येशूको शरीरको रूपरङ नमिल्ला। अनन्त-अनन्तसम्म प्रभु येशूलाई चिनिनेछ; ठीक त्यस्तै हरेक विश्वासीको व्यक्तित्व रहिरहनेछ र यसैबाट उसलाई स्पष्ट गरी चिनिनेछ। तर हरेक विश्वासी सेवामा कति विश्वासयोग्य रहेको थियो, त्यसअनुसार हरेकको इनाम ख्रीष्टको न्यायआसनको सामु फरक-फरक हुनेछ। अनि स्वर्गमा हाम्रो सबैको आनन्द भरपूर हुनेछ, तर कतिजनाले चाहिँ स्वर्गको त्यो आनन्द अरूले भन्दा बढ़ी उपभोग गर्न सक्नेछन्। मानिसहरूका पापहरूअनुसार नरकमा मानिस-मानिसले भोग्नुपर्ने पीड़ामा भिन्नता हुनेछ। ठीक त्यस्तै स्वर्गमा पनि ख्रीष्ट-विश्वासीहरूका कामहरूअनुसार विश्वासी-विश्वासीले उपभोग गरेको आनन्दमा भिन्नता हुनेछ।

**१ कोरिन्थी १५ः४२ः** अबको खण्डमा विश्वासीको वर्तमान शरीर र उसको अनन्तकालिक शरीरको बीचमा तुलना गरिन्छ (१ कोरिन्थी १५ः४२-४९)। *'विनाशी दशामा छरिन्छ, अविनाशी दशामा बौरिन्छ।'* वर्तमान समयमा हाम्रो शरीरलाई रोग लाग्छ, र त्यसमा मृत्यु आउँछ। अनि मृतशरीर चिहानमा राखिन्छ; लाशहरू कुहुन थाल्छन् र माटोसित मिल्न जान्छन्। तर बौराइने शरीर यस्तै हुनेछैन। त्यसमा कुनै रोग वा मृत्यु कहिल्यै आउनेछैन, त्यो कहिल्यै कुहुनेछैन।

**१ कोरिन्थी १५ः४३ः** हाम्रो शरीर अनादरमा छरिन्छ, र मृतशरीरमा कुनै शोभा वा महिमा हुँदैन। तर त्यसको दिन आउँछ, जब त्यही शरीर महिमामा बौराइनेछ। महिमित शरीरमा कुनै चाउरी, कुनै दाग वा खोट हुनेछैन। त्यो शरीर बूढ़ो हुनेछैन; त्यो शरीर बढ़ी मोटो, बोस्याइलो हुनेछैन। त्यसमा पापको गन्धसमेत लाग्नेछैन।

*'दुर्बलतामा छरिन्छ, शक्तिमा बौराइन्छ।'* हाम्रो उमेर जति बढ़्छ र हामी वृद्ध हुँदै जान्छौं, हाम्रो शरीर पनि उत्तिकै कमजोर हुँदै जान्छ। अनि मृत्यु हुने बेलामा हामीसँग रहेको सबै शारीरिक बल मृत्युले शेष पारिदिन्छ। तर अनन्तकालमा हाम्रो शरीर कहिल्यै बूढ़ो र कमजोर अथवा मृत्युको वशमा हुनेछैन। वर्तमान शरीरको बल सीमित छ, तर बौराइएको शरीरको शक्ति अलौकिक हुनेछ। हाम्रा प्रभु येशू ख्रीष्ट बौरिउठ्नुभएपछि झ्याल-ढोकाहरू पूरा बन्द भएको कोठाभित्र पस्नुभएको कुरा यसको उदाहरण हो।

**१ कोरिन्थी १५ः४४ः** *'एक प्राकृतिक शरीर छरिन्छ, एक आत्मिक शरीर बौराइन्छ।'* आत्मिक शरीर भन्नाले यसबाट त्यो शरीर कुनै भौतिक वस्तु नभएको कुरा सम्झनुहुँदैन। किनभने कति मानिसहरूको धारणा-अनुसार बौरिउठाइमा हामी शरीरविनाका आत्माहरू मात्र हुने रहेछौं अरे। तर यहाँ, यस पदको अर्थ यस्तो हुँदैन, न यस प्रकारको धारणा साँचो हो। बौरिउठ्नुभएको प्रभु येशूको शरीरमा मासु र हड्डीहरू थिए भन्ने कुरामा हामी निश्चित छौं। किनकि उहाँले यसो भन्नुभयोः *'भूतका मासु र हड्डीहरू हुँदैनन्, जस्तो मसँग भएका तिमीहरू देख्दछौ'* (लूका २४ः३९)। प्राकृतिक र आत्मिक शरीरको बीचको भिन्नता यसैमा छः

प्राकृतिक शरीर यस संसारमा जिउनका निम्ति उपयोगी हुन्छ भने आत्मिक शरीरचाहिँ स्वर्गमा जिउनका निम्ति सुयोग्य हुन्छ। प्राकृतिक शरीर प्रायः मानिसको पापी स्वभावको वशमा हुन्छ, तर आत्मिक शरीरमा आत्माले राज्य गर्नेछ। यसरी नै आत्मिक शरीरचाहिँ आत्माको आज्ञापालन गर्ने दास हुनेछ।

जब परमेश्वरले मानिसलाई सृष्टि गर्नुभयो, तब उहाँले उसलाई आत्मा, प्राण र शरीर हुने गरी बनाउनुभयो, जसमा मानिसको आत्मा सधैं शिरमा र शरीर सधैं पुच्छरमा राखिन्छ। किनभने उहाँको विचारमा मानिसको आत्मा सधैं प्रथम स्थान पाउनुपर्छ, सबै कुरा आत्माको अधीनतामा हुनुपर्छ। तर जब मानिसमा पाप पस्यो, तब एउटा अनौठो कुरा हुन गयोः त्यसले मानिसमा परमेश्वरले ठहराउनुभएको क्रम उल्टो पारिदियो। अबचाहिँ मानिसले सधैं शरीरलाई पहिलो स्थान दिन्छ, र ऊ शरीर, प्राण र आत्मा पो भएछ। मानिसले शरीरलाई आत्माको स्थान दिएको छ। तर मरेकाहरूको बौरिउठाइमा यस्तै हुनेछैन। मानिसको आत्माले सधैं परमेश्वरले त्यसका निम्ति ठहराउनुभएको आफ्नो स्थान ओगट्नेछ। सबै कुरा त्यसको नियन्त्रणमा रहनेछ।

**१ कोरिन्थी १५ः४५ः** *'अनि यस्तो लेखिएको छः "पहिलो मानिस आदम जीवित प्राणी बन्यो"; अन्तिम आदमचाहिँ जीवित पार्नुहुने आत्मा बन्नुभयो।'* यहाँ प्रथम मानिस र अन्तिम मानिस – आदम र प्रभु येशू ख्रीष्टको बीचमा तुलना गरिन्छ। परमेश्वरले आदमको नाकका प्वालहरूमा जीवनको सास फुकिदिनुभयो, र मानिस जिउँदो प्राणी बन्यो (उत्पत्ति २ः७)। अनि आदमका सबै सन्तानहरूमा आदमको स्वभाव र गुणहरू छन्। अनि मुक्तिदाता प्रभु त्यो अन्तिम मानिस हुनुहुन्छ। उहाँ जीवन दिनुहुने आत्मा हुनुभयो (यूहन्ना ५ः२१ र २६)। पहिलो घटनामा आदमको शरीरमा जीवन आएको थियो भने, दोस्रो घटनामा ख्रीष्ट येशूले अरूलाई अनन्त जीवन दिनुहुन्छ। यस विषयमा श्री चार्लस आर. एर्डम्यानले यसो भन्दै कुरा स्पष्ट पारेका छन्ः

> 'आदमका सन्तान भएको नाताले हामी आदमजस्ता छौंः मरणशील शरीरभित्र वास गर्ने जीवित प्राणी हौं; हाम्रा अग्रिम पुर्खाको प्रतिरूप हौं।

तर ख्रीष्ट येशूका चेलाहरू भएको नाताले हामीलाई एउटा अमर शरीर दिइनेछ र तब हामी आफ्ना स्वर्गीय प्रभुको प्रतिरूप धारण गरेका हुनेछौं।' 53)

**१ कोरिन्थी १५:४६:** अबचाहिँ प्रेरित पावलले परमेश्वरको विश्वव्यापी एक आधारभूत नियम पेश गर्छन्: *'तर आत्मिक होइन, प्राकृतिकचाहिँ पहिलो थियो, त्यसपछि आत्मिक।'* यस वाक्यको अर्थ दुई-तीन प्रकारले बुझ्न सकिन्छ। एक, आदममा प्राकृतिक मानिस पहिलो इतिहासरूपी मञ्चमा देखा परे, त्यसपछि येशू आउनुभयो, जो ती आत्मिक मानिस हुनुहुन्छ। दुई, यस संसारमा हामी प्राकृतिक मानिस भएर जन्मेका हौं; अनि जब येशूमा हाम्रो नयाँ जन्म भएको हुन्छ, तब हामी एउटा नयाँ, आत्मिक सृष्टि हुन्छौं। अनि अन्तमा, हाम्रो पहिलो शरीर एक प्राकृतिक शरीर हो, तर बौरिउठाइमा हामी एउटा आत्मिक शरीर पाउनेछौं।

**१ कोरिन्थी १५:४७:** *'पहिलो मानिस पृथ्वीबाटको, माटोले बनेको थियो।'* पहिलो मानिसको उत्पत्ति पृथ्वीबाट थियो, अनि उसका गुणहरू र जड़-पदार्थ पृथ्वीका थिए। ऊ भूमिको माटोले बनेको थियो। अनि मानिसको जीवन खास गरी पृथ्वीमा सीमित रहेको थियो। *'दोस्रो मानिस स्वर्गबाटका प्रभु* 54) *हुनुहुन्छ।'*

**१ कोरिन्थी १५:४८:** पैंतालीस पदमा दुईजना मानिसको कुरा गरिएको छ। अनि ती दुईजनामा प्रभु येशू दोस्रो हुनुहुन्छ। उहाँ अनादिकालदेखि हुनुहुन्थ्यो; तर मानिसको पुत्रको रूपमा उहाँ आदमपछि आउनुभयो। उहाँ स्वर्गबाट आउनुभयो; अनि जे-जे उहाँले गर्नुभयो र जे-जे उहाँले भन्नुभयो, यी सबै कुराहरू आत्मिक थिए, र स्वर्गसित सम्बन्धित थिए, पृथ्वीसँग सम्बन्धित थिएनन्।

यी दुईजना सामूहिक शिरहरूको हालत तिनीहरूको पक्षमा हुनेहरूको हालत हुनेछ। आदमबाट जन्मेकाहरूका गुणहरू आदमका हुनेछन् भने ख्रीष्ट येशूबाट जन्मेकाहरू ख्रीष्टका स्वर्गीय गुणले युक्ति स्वर्गका नागरिकहरू हुन्।

**१ कोरिन्थी १५:४९:** *'जसरी हामीले माटोले बनेको मानिसको रूप धारण गरेका छौं, त्यसरी नै हामी स्वर्गीय मानिसको रूप पनि धारण*

*गर्नेछौं।'* 55) हाम्रो जन्मअनुसार हाम्रा जन्मसिद्ध गुणहरू आदमका थिए; तर बौरिउठाइको शरीरमा हामी ख्रीष्टको रूप धारण गर्नेछौं।

**१ कोरिन्थी १५:५०:** अहिलेचाहिँ प्रेरित पावलले प्रभु येशूको दोस्रो आगमन हुने बेलामा मरिसकेका र बाँचिरहने विश्वासीहरूका शरीरहरू कसरी परिवर्तन हुनेछन्, सो कुरा आफ्नो विषयवस्तु बनाउँछन्। *'रगत र मासु परमेश्वरको राज्यको हकदार हुन सक्दैन'* भन्ने भूमिका आधारित पावलले आफ्ना टिप्पणीहरू लेख्न लागेका छन्। हाम्रो वर्तमान शरीर परमेश्वरको राज्यको योग्य हुँदैन भन्ने अर्थमा तिनले यसो भनेका हुन्। यहाँ, यस पदमा परमेश्वरको राज्यको अन्तिम रूप हाम्रो स्वर्गको अनन्त घर हुनेछ, जसको योग्य हाम्रो रगत र मासुले युक्त शरीर कहिल्यै हुनेछैन। *'विनाश अविनाशको हकदार हुन सक्दैन'* भन्ने कुरा पनि सत्य हो। हाम्रो वर्तमान शरीर रोगी हुन्छ र मर्छ, अनि हाम्रो मृतशरीर कुहुनेछ, अँ, फेरि माटोसित मिल्न जानेछ। तब त्यो शरीर कसरी त्यस जीवनको योग्य हुन सक्नेछ, जहाँ भ्रष्टता र विनाशको गन्ध हुनेछैन। यस कुराले एउटा समस्या सृजना गरेको छः तब बाँचिरहेका ख्रीष्ट-विश्वासीहरूका शरीरहरू कसरी स्वर्गका योग्य हुनेछन्, यस अविनाशी जीवनका लायक हुनेछन्।

**१ कोरिन्थी १५:५१:** यस प्रश्नको उत्तर रहस्यको रूपमा आउँछ। हामीले पहिले बताएअनुसार एउटा रहस्यचाहिँ पहिले प्रकट नभएको सत्यता हो, जुन सत्यता अबचाहिँ परमेश्वरले आफ्ना प्रेरितहरूलाई प्रकट गर्नुभएको छ र तिनीहरूले हामीलाई त्यसको जानकारी दिएका छन्।

*'हामी सबैजना सुतिजानेछैनौं'* अर्थात् सबै विश्वासीहरूको मृत्यु हुनेछैन। प्रभु येशूको दोस्रो आगमनमा उनीहरूमध्ये कतिजना जीवित हुनेछन्। तर हाम्रो मृत्यु अघि भइसकेको अथवा त्यस घड़ीमा हामी बाँचिरहेका मतलब छैन; हामी सबैजना बदली हुनेछौं। मरेकाहरूको बौरिउठाइ नयाँ तथ्य होइन, किनभने पुरानो नियममा पनि कतिजना मरेकोहरूबाट बौरिउठे। तर यस सम्बन्धमा नयाँ कुरा के हो त? सबै ख्रीष्ट-विश्वासीहरू मर्नुपर्नेछैन, साथै प्रभु येशूको दोस्रो आगमनमा बाँचिरहेका पवित्र जनहरू बदली हुनेछन् भन्ने तथ्य अघि कहिल्यै प्रकट गरिएको थिएन।

**१ कोरिन्थी १५ः५२ः** त्यो परिवर्तन एकै क्षणमा हुनेछ, आँखाको भिमिकमा, आखिरी तुरही बज्दाखेरि हुनेछ। यहाँ, यस पदमा आखिरी तुरही भनेको संसारको अन्त होइन, अनि प्रकाशको पुस्तकको अन्तिम तुरही पनि होइन। तर १ थेस्सलोनिकी ४ः१६ पदअनुसार यो आखिरी तुरही परमेश्वरको तुरही हो, जुन तुरही फुकिनेछ र ख्रीष्ट येशू आफ्ना पवित्र जनहरूलाई लिन आकाशमा आउनुहुनेछ। *'त्यो तुरही फुकिनेछ र मरेकाहरू अविनाशी दशामा बौरिउठ्नेछन्, अनि हामी बदली हुनेछौं।'* ख्रीष्ट येशूमाथि विश्वास गर्नेहरू सबैलाई, जो दुई हजार वर्षभित्र मरेर माटोमा मिले, पृथ्वीको स्थल र समुद्रले छोड्नुपर्नेछ। त्यो महान् क्षण सम्भनुहोस्! यस प्रकारको भव्य घटनाको महानता मानिसको दिमागले भ्याउन नसक्ला, र त्यस अमूल्य क्षणको कल्पना गर्नु त्यसको हददेखि बाहिर होला। तर ख्रीष्ट-विश्वासीहरूले विनम्रसाथ यस तथ्यलाई विश्वास गर्छन्, स्वीकार गर्छन्।

**१ कोरिन्थी १५ः५३ः** यस पदको अर्थ दुई प्रकारका विश्वासीहरूमाथि लागू हुन्छ। यस पदको भूमिका ख्रीष्ट येशूको दोस्रो आगमन हो। अनि 'यस विनाशीले' माटोमा मिल्नेहरूका शरीरलाई सङ्केत गर्छ। तिनीहरूले अविनाशलाई पहिरनेछन्। अनि 'मरणशीलले' बाँचिरहेका विश्वासीहरूका शरीरहरूलाई सङ्केत गर्छ। तिनीहरूका शरीरहरू मरणशील छन्। अनि यी शरीरहरूले अमरतालाई ओढ्नेछन्।

**१ कोरिन्थी १५ः५४ः** ख्रीष्टमा हुनेहरू, जो मरेका छन्, बौरिउठ्नेछन्, अनि बाँचिरहेका विश्वासीहरूका शरीरहरू बदली हुनेछन्; *'तब यो लेखिएको वचन पूरा हुनेछः "मृत्यु विजयमा निलियो" '* (यशैया २५ः८)। अहो, कति भव्य, मङ्गलमय शुभ दिन! श्री सी. एच. म्याकिन्तोशले यसो भन्दै टिप्पणी गरेका छन्ः

> 'यस महान् महाशक्तिको तुलनामा मृत्यु के, चिहान के, शरीरको सड़ावट के हो त? हजारौं वर्षअघिदेखि नै माटो भइसकेका लाखौंलाख शरीरहरूको तुलनामा चार दिन मरिसकेको लासरसलाई मरेकाहरूबाट बौराउनु मामुली कुरा थियो। तर हाम्रा परमधन्य प्रभुको शक्तिशाली

सोरको सामर्थ्यले एकै क्षणमा अनगिन्ती विश्वासीहरू जीवित हुनेछन्, अनि अमर जीवन पाई माटोबाट निस्केर उनीहरूले अनन्त महिमामा प्रवेश गर्नेछन् ।' **56)**

**१ कोरिन्थी १५ः५५ः** *'हे मृत्यु, तेरो खील कहाँ छ? हे चिहान, तेरो विजय कहाँ छ?'* भन्ने शब्दहरू ख्रीष्ट-विश्वासीहरूले गाउने उपहासको गीतका भाखा हुनेछन्, जब उनीहरू मरेकाहरूबाट बौरिउठ्नेछन् र प्रभु येशूलाई आकाशमा भेट्न जानेछन् । उनीहरूले मृत्युसित ठट्टा गर्नेछन्; किनभने उनीहरूका शरीरमा त्यसको खील रहनेछैन । उनीहरूले पातालको खिल्ली उड़ाउनेछन्; किनकि त्यो लड़ाइँमा हारेको छ र त्यसले उनीहरू सबैलाई छोड्नुपरेको छ; किनभने उनीहरू त्यसका होइनन् । अब उनीहरूका निम्ति मृत्युमा कुनै डरत्रास छैन; किनभने उनीहरूलाई थाहै छः उनीहरूका पापहरू क्षमा भएका छन् र उनीहरू परमेश्वरको सामु निर्दोष अवस्थामा, उहाँको पुत्रको योग्यतामा ग्रहणयोग्य भएको अवस्थामा उभिनेछन् ।

**१ कोरिन्थी १५ः५६ः** पाप नभएको भए कसैको जीवनमा मृत्युको खील के हुन्थ्यो र? मानिसहरू किन मर्नुदेखि डराइरहेका छन्? किनभने तिनीहरूको जीवनमा स्वीकार नगरेका पापहरू, क्षमा नभएका पापहरू छन्, र त्यो कुरा तिनीहरूले जान्दछन् । किनकि हाम्रा पापहरूको क्षमा भएदेखि हामीले हिम्मतसँग मृत्युको सामना गर्न सक्छौं । तर हाम्रो विवेकले हामीलाई कुनै पापको दोष देखाउँछ भने मृत्यु डरलाग्दो हुन्छ, र मृत्युको पीड़ाबाट अनन्त दण्ड शुरु हुन्छ ।

*'पापको शक्ति व्यवस्था हो;'* किनभने व्यवस्थाले पापी मानिसलाई दोषी ठहराउँछ । व्यवस्थाले परमेश्वरका पवित्र आदेशहरू पालन गर्नुमा चुक्नेहरू सबैलाई दण्डको आज्ञा दिन्छ । पाप नभएको भए कसैको मृत्यु हुनेथिएन । अनि व्यवस्था नभएको भए कसैलाई दण्डको आज्ञा हुनेथिएन ।

'मृत्युको आसन दुईवटा जगमाथि बसालिएको छः पाप र व्यवस्थामाथि । पापले दण्डको आज्ञा निम्त्याउँछ र व्यवस्थाले दण्डको

आज्ञा घोषणा गर्छ। यसकारण मुक्तिदाता प्रभुको त्राणको काम यी दुईवटा विरोधी तत्त्वहरूसित सम्बन्धित छ।' 57)

**१ कोरिन्थी १५ः५७ः** ख्रीष्ट येशूमाथि राखेको विश्वासद्वारा मृत्यु र चिहानमाथि हाम्रो विजय भएको छ। मृत्युबाट त्यसको खील खोसियो। कीटपतङ्गको कुरा होः मौरी, बारुलाजस्तै चिल्ने कीराहरूले मानिसलाई चिल्दा तिनीहरूको खील मानिसको मासुमा गाड़ेर छोड्छन्। अनि यसरी तिनीहरू छोड़िएको खीलविना मर्छन्। अनि वास्तवमा, मृत्युले क्रूसमा हाम्रा प्रभु येशू ख्रीष्टभित्र आफ्नो खील मार्‍यो, र फलस्वरूप आफूमाथि मृत्यु ल्यायो। यसकारण अब आतङ्कहरूको राजाको रूपमा मानिएको मृत्युदेखि लाग्ने डरत्रास त्यसबाट खोसिएको छ, ख्रीष्ट-विश्वासीबाट हटेको छ।

## ग) १ कोरिन्थी १५ः५८ः पुनरुत्थानबाट अभिप्रेरित आह्वान

**१ कोरिन्थी १५ः५८ः** मरेकाहरूको बौरिउठाइ सुनिश्चित छ; अनि ख्रीष्ट येशूमाथि राखिएको विश्वास व्यर्थै हुँदैन; यसकारण प्रेरित पावलले आफ्ना प्रिय भाइहरूलाई यसो भन्दै अर्ती दिन्छन्ः *'हे मेरा प्रिय भाइहरूहो, स्थिर होओ, अचल होओ र सधैंभरि प्रभुको काममा प्रशस्त हुँदै जाओ! यो जानेर कि प्रभुमा तिमीहरूको परिश्रम व्यर्थ हुँदैन।'* पुनरुत्थानको सत्यताले हरेक कुरामा भिन्नता ल्याउँछ, र सबै कुराप्रति दृष्टिकोण बदलाउँछ। आशा र दृढ़ता त्यसैले दिन्छ, अनि हामीलाई छोप्न र डुबाउन खोजेका कठिन परिस्थितिहरू पार गर्ने शक्ति दिन्छ।

# खण्ड ५ ) १ कोरिन्थी १६ अध्यायः प्रेरित पावलको अन्तिम सल्लाह

### क) १ कोरिन्थी १६ः१-४ः चन्दा उठाउने सम्बन्धमा दिइएको सल्लाह

**१ कोरिन्थी १६ः१ः** यो पद यस चन्दाको विषयमा लेखिएको छ, जुन चन्दा कोरिन्थको मण्डलीले उठाउन र दरकार परेका पवित्र जनहरूका निम्ति यरूशलेममा पठाउन लागेको थियो। यी पवित्र जनहरूको गरिबीको कारण के थियो, सो यहाँ दिइएको छैन। कतिको रायअनुसार यो अवस्था अनिकालको नराम्रो असर भएको हुनुपर्छ (प्रेरित ११ः२८-३०)। ख्रीष्ट येशूमाथि विश्वास गर्ने यहूदीहरू आफ्नो समाजबाट बहिष्कार गरिएका र आफन्तहरू, इष्टमित्रहरू र भाइबन्धुहरूद्वारा अलग गरिएका यसको अर्को सम्भव कारण हुन सक्छ। निस्सन्देह तिनीहरूले आफ्नो काम र जागिर गुमाएका हुनुपर्छ; तिनीहरूलाई आफूले स्वीकार गरेको ख्रीष्ट येशूमाथिको विश्वास त्याग्न लाउने अनगिन्ती उपाय र युक्तिहरू हुन्छन्, जसमध्ये तिनीहरूलाई आर्थिक सङ्कष्टको घेराभित्र हाल्नु केवल एउटा हो।

यस चन्दाको सम्बन्धमा पावलले गलातियामा भएका मण्डलीहरूलाई आज्ञा गरिसकेका थिए। अनि अहिले चाहिँ तिनले कोरिन्थका विश्वासीहरूलाई गलातियाका पवित्र जनहरूले गरेझैं गर्नू भन्ने आदेश दिन्छन्।

**१ कोरिन्थी १६:२:** यस पदमा दिइएको आदेश विशेष उद्देश्यले उठाइएको चन्दाको सिलसिलामा दिइएको हो। तर यसको सम्बन्धमा स्थापित गरिएका नियमहरू दीर्घकालिक र मूल्यवान् छन्। *पहिलो नियमः* हप्ताको पहिलो दिनमा यसका निम्ति रकमहरू अलग गर्नुपरेको थियो। यस पदबाट के बुझिन्छ भने, शुरुका ख्रीष्ट-विश्वासीहरूले सातौं दिन विश्रामदिनको रूपमा मात्र छोड़िसके। प्रभु येशू हप्ताको पहिलो दिनमा बौरिउठ्नुभएको थियो। पेन्टेकोष्टको दिन हप्ताको पहिलो दिनमा परेको थियो। अनि चेलाहरू हप्ताको पहिलो दिनमा प्रभुभोज मनाउन भेला हुन्थे (प्रेरित २०:७)। अनि यहाँ, हप्ताको पहिलो दिनमा उनीहरूले खाँचोमा परेका पवित्र जनहरूका निम्ति कुनै रकम अगल गर्नुपरेको थियो।

*दोस्रो महत्त्वपूर्ण नियमः* यस चन्दाको सम्बन्धमा दिइएका आदेशहरू सबैजनाका निम्ति लागू हुन्थे। के धनी, के गरिब, के दास, के स्वतन्त्र मानिस, सबैजनालाई आफ्नो सम्पत्तिबाट बलिदानयुक्त दान दिने हिस्सा हुन्थ्यो।

*तेस्रो नियमः* चन्दा उठाउने काम व्यवस्थित, नियमित हुनुपर्छ। हरेक हप्ताको पहिलो दिनमा केही रकम अलग गर्नुपर्छ र जम्मा गर्नुपर्छ। विचार नगरीकन होइन, तर यो रकम छुट्ट्याउने काम पूरा तयारीको साथ हुनुपर्छ। यसका निम्ति विशेष कारण चाहिँदैन, यसको विशेष मौका पर्खनुपर्दैन। चन्दाचाहिँ बाँकी रुपियाँपैसाबाट छुट्ट्याउनुपर्छ, र यस विशेष कल्याण-कार्यका निम्ति समर्पण गर्नुपर्छ। उनीहरूले अनुपातअनुसार अंशदान दिनुपर्छ, जसरी *'जुन-जुन कुरामा उसलाई फलिफाप हुन्छ, त्यहीअनुसार'* भन्ने वाक्यको सङ्केत गर्छ।

*'यस हेतुले कि म आउँदाखेरि चन्दा उठाउने कामहरू नहोऊन्।'* चन्दा उठाउने काम पलको फल नभएको प्रेरित पावलको चाहना थियो।

किनभने चन्दा उठाउने काममा हतार गरे उनीहरूको मन तयार नभएको अथवा उनीहरूको पैसाको थैली, गोजी कि खल्ती रित्तो भएको सम्भव थियो ।

**१ कोरिन्थी १६ः३ः** अबका दुई पदहरूमा मण्डलीले उठाएका चन्दाहरूको विषयमा कति होशियार हुनुपर्छ, सो सम्बन्धमा हामी धेरै मूल्यवान् जानकारी पाउँछौं। पहिले, यो चन्दा एकजनाको जिम्मामा सुम्पनुहुँदैन। पावल पनि एकलैले चन्दाको जिम्मा उठाउँदैनथिए। दोस्रो, दानको जिम्मा कस-कसलाई दिनुपर्छ, सो कुरामा प्रेरित पावलको हात थिएन। यो निर्णय दान दिने स्थानीय मण्डलीको हो। उनीहरूले निर्धारित गरेका दूतहरूलाई तिनले यरूशलेममा पठाउनेथिए।

**१ कोरिन्थी १६ः४ः** *'म पनि जानु उचित छ भने तिनीहरू मसँग जानेछन्।'* पावल पनि यरूशलेममा जानु उचित छ भन्ने मण्डलीको इच्छा र चाहना भएदेखि स्थानीय मण्डलीले ठहराएका भाइहरू तिनीसँग जानेथिए। 'म तिनीहरूसँग जानेछु' नभएर 'तिनीहरू मसँग जानेछन्' भनिएको छ। हुन सक्छ, यसो भन्दा पावलले प्रेरित भएको नाताले यहाँ आफ्नो अधिकारको स्थान लिए होलान्। कति टिप्पणीकारहरूको सुझाउअनुसार पावल यरूशलेममा जाने वा नजाने कुराको निर्णयचाहिँ दानको रकममाथि निर्भर गर्थ्यो अरे। तर हाम्रा निम्ति यो कुरा विश्वास गर्नु गाह्रो छ। यस प्रकारको तुच्छ भावना प्रभु येशूको महान् प्रेरितको प्रेरणा भएको हामीलाई लाग्दैन।

## ख) १ कोरिन्थी १६ः५-९ः पावलको व्यक्तिगत योजनाको सम्बन्धमा दिइएको सल्लाह

**१ कोरिन्थी १६ः५ः** अबको खण्डमा पावलले आफ्ना व्यक्तिगत योजनाहरू पेश गर्छन् (१ कोरिन्थी १६ः५-९)। एफेससदेखि म्यासिडोनियाबाट भएर जाने तिनको योजना थियो। (तिनले एफेससमा यो चिट्ठी लेख्दैथिए।) त्यसपछि त्यहाँबाट तिनी कोरिन्थमा आउने सम्भावना तिनले व्यक्त गर्छन्।

**१ कोरिन्थी १६ः६-८ः** पछि आउँदाखेरि तिनले कोरिन्थका पवित्र जनहरूसँग हिउँद बिताउने र उनीहरूको सहायताले अन्य स्थानतिर प्रस्थान गर्ने ठूलो सम्भावना थियो। अहिलेचाहिँ म्यासिडोनियामा जाँदा बाटोमा तिनले उनीहरूलाई भेट्ने समय पाउँदैनथिए। पछि प्रभुको इच्छा भए तिनले उनीहरूसँग समय बिताउने र केही समय बस्ने आशा तिनले यहाँ प्रकट गरेका छन्। तर म्यासिडोनिया जानुभन्दा पहिले पावल पेन्टेकोस्टको दिनसम्म एफेससमा रहने तिनको विचार थियो। तिनले यो चिट्ठी एफेससमा लेखेको कुरा आठ पदबाट बुझिन्छ।

**१ कोरिन्थी १६ः९ः** एफेससमा पावललाई ख्रीष्टको सेवा गर्ने सुअवसर मिलेको थियो, तर विरोधीहरू पनि धेरै थिए। ख्रीष्ट येशूका निम्ति गरिने सेवकाइको सुचित्र यो होः कटनीका निम्ति फसल पाकेर पहेंलपुर हुन्छ भने बाधा दिन, फाटो सृजना गर्न र विरोध गर्न शत्रु पनि रातदिन जागो रहन्छ।

## ग) १ कोरिन्थी १६ः१०-२४ः अन्तिम अर्तीहरू र अभिवादन

**१ कोरिन्थी १६ः१०ः** प्रेरित पावलले तिमोथीको विषयमा एक-दुई कुरा जोड्छन्। यी जवान प्रभुको भक्त सेवक थिए। यसकारण तिमोथी कोरिन्थमा आए भने उनीहरूले यिनलाई स्वागत गर्नुपर्छ; यिनी उनीहरूको बीचमा निडर रहून्। हुन सक्छ, तिमोथीको डराउने बानी थियो कि? यसर्थ पावलको यस भनाइले यिनको डर बढ़ाउने कुनै कामकुरा नगर्नू भन्ने अर्थ लिएको थियो। हुन सक्छ, तिमोथी उनीहरूकहाँ आउँदा उनीहरूले यिनलाई प्रभुको सेवकको रूपमा ग्रहण नगर्ने यिनलाई डर लागेको थियो कि? *'किनकि यिनी पनि मैले गरेजस्तै प्रभुको काम गर्छन्'* भन्ने पावलका शब्दहरूबाट यसको सठीक अर्थ यो भएको हुनुपर्छ, सो स्पष्ट बुझिन्छ।

**१ कोरिन्थी १६ः११ः** तिमोथी ख्रीष्ट येशूको सेवामा विश्‍वासयोग्य थिए; यसकारण कसैले यिनलाई तुच्छ ठान्नुहुँदैनथियो; बरु उनीहरूले यिनलाई शान्तिसित समयमा पावलकहाँ पठाउन सकभर प्रयास गर्नुपर्नेथियो। प्रेरित पावलले तिमोथीसित लगायत भाइहरूसितको चाँड़ै हुने भेटघाटको बाटो हेरिरहेका थिए।

**१ कोरिन्थी १६:१२:** अब भाइ अपोल्लोसको विषयमा कुरा आयो। पावलले उनलाई भाइहरूको साथमा कोरिन्थमा जाने आग्रह गरेका थिए। तर अपोल्लोसले तिनको कुरामा परमेश्वरको इच्छा देख्न सकेनन्। तर उनले आफ्नो समयमा मौका मिलेमा कोरिन्थमा जाने कुरा प्रकट गरे। यो पद हाम्रा निम्ति मूल्यवान् छ; किनभने यस पदबाट प्रभुका सेवकहरूको बीचमा आत्मीयता र प्रेमको भावना भएको स्पष्ट बुझिन्छ। हाम्रो परिचयमा नरहेको एक व्यक्तिले यहाँ तिनीहरूको बीचमा प्रेम र सम्मानको द्वेषरहित सम्बन्धको सुन्दर चित्रण देख्न सके। त्यत्ति मात्र होइन, तर प्रभुको हरेक सेवक प्रभुको इच्छा र अगुवाइ बुझ्नुमा पूरा स्वतन्त्र थिए; कसैले तिनीहरूलाई अराउपराउ गरेको थिएन, गर्नु पनि थिएन। प्रेरित पावलसित पनि अपोल्लोसलाई 'यो गर, त्यो गर' भन्ने आदेश दिने अधिकार थिएन। यस सम्बन्धमा श्री एच. ए. आइरनसाइडले यस प्रकारको टिप्पणी गरेका छन्:

> 'यो अध्याय आफ्नो बाइबलबाट कहिल्यै नहटोस्! किनभने परमेश्वरले आफ्ना सेवकहरूलाई उहाँको सेवकाइमा कसरी अगुवाइ गर्नुहुँदो रहेछ, सो सम्बन्धमा कुरा बुझ्नुमा यसले मलाई साथ दिन्छ।' **58)**

**१ कोरिन्थी १६:१३-१४:** अबचाहिँ पावलले पवित्र जनहरूका निम्ति केही छोटा, तर अर्थपूर्ण आज्ञाहरू छोड्छन्। हरदम *'जागा रहो! विश्वासमा अटल भई उभ! बहादुरी देखाओ! अँ, बलियो होओ!'* हुन सक्छ, पावलको मन यहाँ फेरि पनि यी झूटा शिक्षकहरूकहाँ र तिनीहरूबाट उठेको खतरामा पुगेको छ होला। पवित्र जनहरू सब समयमा सतर्क रहनुपर्छ। उनीहरूले शत्रुको हातमा आफ्नो विश्वासको कुनै क्षेत्र, एक इन्चसम्म पनि छोड़िदिनुहुँदैन। उनीहरूले हिम्मत बाँध्नुपर्छ, अनि प्रभुमा बलिया हुनुपर्छ। उनीहरूले गर्ने सबै कामकुराहरूमा प्रेमको प्रदर्शन हुनुपर्छ, यहाँसम्म कि उनीहरूको जीवनबाट परमेश्वरलाई श्रद्धाभक्ति र अरू मानिसहरूलाई कल्याण मिलेको होस्। यसका निम्ति उनीहरूले आफूलाई पूरा रूपले समर्पण गर्नुपर्छ।

**१ कोरिन्थी १६:१५:** अब स्टिफनसको घरानाको कुरा आयो। स्टिफनसको घरानाकाहरू अखैयाको पहिलो फल थिए अर्थात् अखैयामा

यी प्रिय विश्वासीहरू प्रभुकहाँ फर्केकोमा प्रथम थिए। अनि त्यस समयदेखि उसो यिनीहरूले आफूलाई पवित्र जनहरूको सेवामा अर्पण गरेका थिए। यिनीहरू परमेश्वरका जनहरूको सेवा गर्नुमा लीन थिए। स्टिफनसको घरानाको विषयमा हामी १ कोरिन्थी १:१६ पदमा पढ़िसक्यौं। पावलले यिनीहरूलाई बप्तिस्मा दिएका थिए। अनि स्टिफनसको घरानामा अवश्य नानीहरू भएका हुनुपर्छ भन्ने कुरामा धेरै मानिसहरूले जिद्दी गर्छन्। तर यस्ताहरूले यहाँ आफ्नो बाल-बप्तिस्माको विधिका निम्ति पुष्टि गर्ने एउटा जग खोजेका छन्। तर यहाँ, यस पदबाट कुरा स्पष्ट हुन्छः स्टिफनसको घरानामा कुनै बालबालिका थिएनन्; किनभने यिनीहरूले आफूलाई पवित्र जनहरूको सेवाका निम्ति अर्पेका थिए। अनि नानीहरू यसो गर्न सक्दैनन्।

**१ कोरिन्थी १६:१६:** यिनीहरूको विषयमा प्रेरित पावलको अर्ती यस प्रकारको छः *'यस्ताहरूको अधीनतामा बस! साथै तिनीहरू सबैको अधीनतामा पनि बस, जसले हामीसँग काम गर्छन् र मेहनत गर्छन्।'* हामी यस विषयमा नयाँ नियमको सर्वमान्य शिक्षा सिकौंः परमेश्वरका सबै जनहरूले ख्रीष्ट येशूको सेवाका निम्ति अलग गरिएका उहाँका दासदासी-हरूलाई प्रेम र सम्मान देखाउनुपर्छ। त्यसो गरेमा, अँ, झन् बढ़ता गरी गरेमा द्वेष, झगड़ा र फाटो धेरै कम हुनेथियो।

**१ कोरिन्थी १६:१७:** स्टिफनस, फोर्टूनाटुस र अखैयस पावलकहाँ आएकोमा तिनलाई साह्रै खुशी तुल्याएका थिए। कोरिन्थका विश्वासी-हरूबाटको कमी तिनीहरूले यसरी पूरा गरिदिए। एक, कोरिन्थका विश्वासीहरू आफूले पावललाई देखाउनुपर्ने दयामा झुकेका हुन सक्छन्, तर यी भाइहरूले हालैमा प्रेरित पावललाई आफ्नो दया देखाए। अथवा दुई, जुन दया पावलबाट टाढ़ा रहेका कोरिन्थका विश्वासीहरू तिनलाई देखाउन असमर्थ थिए, त्यो दया यी भाइहरूले तिनलाई देखाइदिए। अर्थ दुई बढ़ी सम्भव भएको देखिन्छ।

**१ कोरिन्थी १६:१८:** अनि यी भाइहरूले पावललाई कोरिन्थका विश्वासीहरूको हालखबर सुनाए। अनि यिनीहरूले पावलको खबर स्थानीय मण्डलीकहाँ लाँदैथिए। *'यस्ताहरूलाई आदर गर'* भन्दै पावलले

यिनीहरूलाई स्थानीय मण्डलीको प्रेम र सम्मान पाउनुको पूरा योग्य भएका सिफारिस गर्छन्।

**१ कोरिन्थी १६:१९:** एशियाका मण्डलीहरू भनेको एशिया माइनरमा परेको एशिया नाम भएको प्रान्तका मण्डलीहरू बुझिन्छ, जुन प्रान्तको सदरमुकामचाहिँ एफेसस थियो। यस समयमा अक्विला र प्रिस्किल्ला एफेससमै थिए। एक समयमा तिनीहरू कोरिन्थमा बसेका थिए, र यही कारणले उनीहरू तिनीहरूसित सुपरिचित थिए। अक्विला तम्बू बनाउने काम गर्थे। अनि बिगत समयमा उनी र पावल कुनै समय सँगसँगै काम गर्दथिए। *'तिनीहरूको घरमा भएको मण्डली'* भन्ने वाक्यले शुरुको मण्डलीको साधारण जन-जीवनको झलक दिन्छ। ख्रीष्ट-विश्वासीहरू सेवा-सङ्गति, आराधना र प्रार्थनाका निम्ति कसैको घरमा भेला हुन्थे। त्यहाँबाट निस्केर उनीहरूले आफ्नो काम गर्ने ठाउँमा, बजारमा, स्थानीय जेलमा र परमेश्वरले उनीहरूलाई जुन-जुन ठाउँमा राख्नुभएको थियो, ती ठाउँहरूमा सुसमाचार प्रचार गर्थे।

**१ कोरिन्थी १६:२०:** एफेससको मण्डलीका सबै भाइबहिनीहरूले कोरिन्थमा भएका सङ्गी-विश्वासीहरूलाई प्रेमको अभिवादन पठाउँदैछन्। अब प्रेरित पावलले आफ्ना पाठकहरूलाई *'पवित्र चुम्बनले एक-अर्कालाई अभिवादन गर'* भन्ने आदेश दिन्छन्। त्यस जमानाको कुरा होः चुम्बन गर्नुचाहिँ त्यस समयमा पुरुषहरूको बीचमा पनि अभिवादन गर्ने सामान्य तरिका थियो। अनि पवित्र चुम्बनले अभिवादन गर्नु भन्नाले कपटरहित र शुद्धतासहित एक-अर्कालाई अभिवादन गर्नु हो। तर व्यभिचारले ग्रस्त, कामविकृत हाम्रो समाजमा चुम्बनचाहिँ अभिवादनको तरिकाको रूपमा अपनाउनु आफूलाई कि अरूलाई पापमा फसाउने पासो थाप्नु बराबर हो र कसैको नैतिक पतनका निम्ति तयारी गर्नु हो। यसकारण अङ्ग्रजी-जगत्मा ख्रीष्ट-विश्वासीहरूले हात मिलाउँछन् भने नेपाल र भारतमा 'जय मसीह' भन्दै दुईवटा हात जोड़िन्छन्। सांस्कृतिक विचार-धारणाहरूले हामीलाई कहिल्यै पवित्र धर्मशास्त्र बाइबलका शब्दहरू अक्षरशः रूपले पालन गर्नुदेखि रोक्नुहुँदैन। तर यहाँ, यस ठाउँमा बाइबलको वचन अक्षरशः रूपले प्रतिपालन गरेकोमा कुनै लाभ देखिँदैन,

किनकि त्यसले पापको परीक्षा पो सृजना गर्ला वा अरू कुनै समाजमा त्यो खराब देखिन्छ। यसकारण चुम्बनको सट्टामा हात मिलाउने वा जय मसीह गर्न दुई हात जोड्ने अभिवादनको तरिका सठीक होला।

**१ कोरिन्थी १६ः२१ः** पावलले प्रायः आफ्ना चिट्ठीहरू आफूले लेख्दैनथिए, तर आफ्ना सहकर्मीहरूमध्ये कसैलाई लेख्न लगाइदिन्थे। पत्रको अन्तमा तिनले आफ्नो हातले केही शब्दहरू लेखेर तिनलाई चिनाउने अभिवादन लगाइदिन्थे। अनि यहाँ पनि तिनले यस्तै गरेका छन्।

**१ कोरिन्थी १६ः२२ः** ग्रीक भाषाको अनाथेमा शब्दको अनुवाद 'श्रापित' हो। प्रभु येशूलाई प्रेम नगर्ने मानिसहरू दोषी ठहरिसकेका छन्, अनि प्रभु येशू ख्रीष्टको दोस्रो आगमनले तिनीहरूको विनाश प्रकट गर्नेछ। ख्रीष्ट-विश्‍वासीले मुक्तिदाता प्रभुलाई प्रेम गर्छ। उसले संसारमा भएको कुनै थोक वा कुनै व्यक्तिलाई भन्दा प्रभु येशूलाई बढ़ी प्रेम गर्छ। परमेश्‍वरको पुत्रलाई प्रेम नगर्नु परमेश्‍वरको विरुद्ध अपराध गनिन्छ। श्री जे. सी. राइलले टिप्पणी गरेर यसो लेखेका छन्ः

> 'ख्रीष्ट येशूलाई प्रेम नगर्ने मानिसका निम्ति उम्कने बाटो छैन; त्यसका निम्ति लुक्ने ठाउँ छैन। त्यसले कुनै बहाना गर्न सक्दैन। मानिसको दिमागमा ज्ञानका निम्ति धेरै ठाउँ नहोला, ठिक्कै छ; रपनि उसले मुक्ति पाउन सक्छ। उसमा साहस नहोला, ऊ मानिसहरूसँग डराउला, पत्रुसजस्तै। ऊ दाऊदजस्तो ठूलो पापमा पतित होला, र पनि ऊ फेरि उठ्न सक्छ। तर ख्रीष्ट येशूलाई प्रेम नगर्ने मानिसले जीवनको बाटोमा पाइला टेकेको छैन। त्यसमाथि श्राप परेको छ। त्यो मानिस विनाशमा पुर्‍याउने फराकिलो बाटोमा हिँड़िरहेको हुन्छ।' [59)]

*'हाम्रो प्रभु आउनुहुन्छ'* वाक्य अरामाइक भाषाका दुईवटा शब्दहरूको अनुवाद हो। यी शब्दहरू शुरुका ख्रीष्ट-विश्‍वासीहरूले चलाउने गर्थे। यी शब्दहरूको हिज्जे दुई प्रकारको हुन्छः मारान आथा वा माराना था। 'मारान आथा'को अर्थ 'हाम्रा प्रभु आउनुभएको छ' हो भने 'माराना था'को अर्थ 'हाम्रा प्रभु, आउनुहोस्!' हो।

**१ कोरिन्थी १६ः२३ः** अनुग्रहचाहिँ पावलको मनपर्दो विषय थियो। तिनले आफ्ना चिट्ठीहरूको शुरु र अन्तमा *'तिमीहरूसँग अनुग्रह रहोस्'* भन्ने शुभेच्छा लेख्ने गर्थे। यो पत्र लेख्ने लेखक पावल नै थिए भन्ने सद्‌लक्षण यो पनि हो।

**१ कोरिन्थी १६ः२४ः** यस सम्पूर्ण पत्रभरि नै हामीले ख्रीष्ट येशूको यी भक्त प्रेरितको मुटुको ढुकढुकी केकस्तो हो, सो जान्न पाएका छौं। तिनले कसरी विश्वासमा आफ्ना छोराछोरीहरूको आत्मिक उन्नति खोजेका, उनीहरूलाई सान्त्वना दिएका, उनीहरूलाई अर्तीउत्साह दिएका र उनीहरूलाई चेताउनी दिएर होशियार गराएका छन्, सो हामीले बुझ्न पाएका छौं। तिनले उनीहरूलाई प्रेम गर्थे; यस कुरामा कुनै शङ्का छैन। अनि यी अन्तिम शब्दहरू पढ़ेपछि शायद उनीहरू यी झूटा शिक्षकहरूलाई भित्र आउन दिएकोमा लज्जित पनि भए होलान्, जुन शिक्षकहरूले पावलको प्रेरितपनाको विषयमा शङ्का-उपशङ्का उत्पन्न गरेका थिए र उनीहरूको मन तिनलाई पहिलो प्रेमले प्रेम गर्नदेखि पन्छाउन सफल भएका थिए।

# ENDNOTES:

**1** (1:18) Albert Barnes, Notes on the New Testament, 1 Corinthians, p. 14.

**2** (1:19) S. Lewis Johnson, “First Corinthians,” *The Wycliffe Bible Commentary*, p. 1232.

**3** (1:27) Erich Sauer, *The Dawn of World Redemption*, p. 91.

**4** (1:30) Robert Traill, *The Works of Robert Traill, Vol. 2,* Edinburgh: Banner of Truth Trust, reprinted 1975, p. 234.

**5** (1:30) Arthur T. Pierson, *The Ministry of Keswick, First Series*, p. 104.

**6** (2:14) Vance Havner, further documentation unavailable.

**7** (3:9) Charles R. Erdman, The First Epistle of Paul to the Corinthians, p. 40.

**8** (3:9) Charles R. Erdman, The First Epistle of Paul to the Corinthians, p. 40.

**9** (3:18) Frédéric L. Godet, *Commentary on First Corinthians*, p. 195.

**10** (4:8) H. P. Barker, *Coming Twice*, p. 80.

**11** (5:2) Erdman, *First Corinthians*, p. 55.

**12** (6:9) Some differentiate between “entering” the kingdom and “inheriting” the kingdom. They teach that a believer could conceivably not conquer a major sin in his life and yet be saved. He would “enter” the kingdom but have little or no inheritance (reward) in it. However, this passage deals with the unrighteous, i.e., the unregenerate.

**13** (6:13) Erdman, *First Corinthians*, p. 63.

**14** (6:17) A. T. Pierson, further documentation unavailable.

**15** (6:20) Edward Herbert Bates, *Spiritual Thoughts from the Scriptures of Truth,* p. 137.

**16** (6:20) The NU text omits the reference to the spirit here.

**17** (7:5) Larry Christenson, *The Christian Family*, p. 24.

**18** (7:14) W. E. Vine, *First Corinthians*, p. 97.

**19** (7:15) J. M. Davies, further documentation unavailable.

**20** (7:17) W. E. Vine, *The Divine Plan of Missions*, p. 63.

**21** (7:19) William Kelly, Notes on the First Epistle to the Corinthians, p. 123.

**22** (7:29) Harry A. Ironside, *First Epistle to the Corinthians*, p. 223.

**23** (7:29) Vine, *First Corinthians*, p. 104.

**24** (7:33) *Ibid*., p. 105.

**25** (7:36) However, the standard Greek word for *virginity* is the abstract noun *parthenia*, and if Paul meant this, one wonders why he used the simple word for "virgin," as in Matthew 1:23.

**26** (7:38) The "himself" has been supplied; it is not in the Greek.

**27** (8:12) Barnes, *1 Corinthians*, p. 147.

**28** (9:17) Charles C. Ryrie, The Ryrie Study Bible, New King James Version, p. 1771.

**29** (9:20) The NU text adds the explanatory words here, "though not being myself under the law."

**30** (9:20) William Arnot, *The Church in the House*, pp. 467, 468.

**31** (9:21) Charles C. Ryrie, *The Grace of God*, p. 83.

**32** (9:22) NU omits "as," but it seems important to Paul's argument—he didn't *actually* become weak.

**33** (9:27) Much of the problem stems from the KJV translation "castaway." The word *CF2* simply means "not-approved." As an athletic term, it translates very well by our English "disqualified."

**34** (10:5) Godet, *First Corinthians*, pp. 59, 60.

**35** (10:22) Kelly, *First Corinthians*,p. 166.

**36** (10:28) NU omits the repetition.

**37** (11:5) However, 11:2–16 is not specifically tied in with the

church service. Some believe it means that when a woman ministers (teaching women or children, e.g.) she should wear a covering to indicate subordination to the Lord and the church leaders.

**38** (11:7) Vine, Expository Dictionary, under Glory, , p. 154.

**39** (11:18) F. B. Hole, “The Administration of the Mystery” (booklet), p. 5.

**40** (11:19) The Greek word is *haireseis*, but here it does not have the *later* meaning “heresies.” See note on Titus 3:10.

**41** (11:19) Greek usually uses *opheiloμ* for *moral* necessity. Here Paul uses the regular word for *logical* necessity, *dei*.

**42** (11:26) Godet, *First Corinthians*, p. 163.

**43** (12:Intro) CF2 (“tongue”) is the ordinary Greek word for “language.” Similarly, formal English still occasionally says, e.g., “the French tongue.”

**44** (12:10) Much of what some people call “prophecy” today is either merely a re-wording of Bible texts or actual error that does not come true. Both are often in a poor imitation of King James English, as though God could not communicate in today’s language!

**45** (12:13) The Greek word *en* can be translated *in*, *with* or *by* with equal accuracy (context permitting), but we consider “in” the most “literal” because it is related to Greek *en*.

**46** (12:29, 30) These questions start with *meμ* in Greek, suggesting a paraphrase such as, “Surely, all don’t speak in tongues?”—and so forth.

**47** (13:11) The word is CF2 (cf. Heb. 5:13).

**48** (14:5) Kelly, *First Corinthians*, p. 229.

**49** (14:13) However, there is no indication in the original that the subject of “may interpret” is different from that of “speaks.”

**50** (14:19) The literal rendering is “understanding of me.” The “of me” is in the genitive and is the *object* of the action

suggested by the noun. The same *form* can be a *subjective* genitive. The context determines which is best.2

**51** (14:19) Charles Hodge, *First Corinthians*, p. 292.

**52** (14:35) The same Greek word *andres* can mean “husbands,” “males” or “men-(folks).”

**53** (15:45) Erdman, *First Corinthians*, p. 148.

**54** (15:47) NU text omits “the Lord.”

**55** (15:49) The majority of Greek mss. have an exhortation here: “Let us bear&elipsis;”

**56** (15:54) C. H. Mackintosh, The Mackintosh Treasury: Miscellaneous Writings by C. H. Mackintosh, p. 125.

**57** (15:56) Godet, *First Corinthians*, p. 446.

**58** (16:12) Ironside, *First Corinthians*, p. 542.

**59** (16:22) J. C. Ryle, *Holiness*, p. 235.

## BIBLIOGRAPHY

Barnes, Albert. *Notes on the New Testament*. (Vol. V, 1 Corinthians). London: Blackie & Son, n.d.

Bates, Edward Herbert. *Spiritual Thoughts from the Scriptures of Truth.* London: Pickering & Inglis, n.d.

Davies, J. M. *The Epistles to the Corinthians*. Bombay: Gospel Literature Service, 1975.

Erdman, Charles R. *The First Epistle of Paul to the Corinthians*. Philadelphia: Westminster Press, 1928

Godet, F. L. *The First Epistle to the Corinthians*. Grand Rapids: Zondervan Publishing House, 1971

Grant, F. W. "1 Corinthians," *The Numerical Bible*. Vol. 6, Acts to 2 Corinthians. New York: Loizeaux Bros., 1901

Hodge, Charles. *An Exposition on the First Epistle to the Corinthians*. New York: George H. Doran Company, 1857

Ironside, H. A. *Addresses on the First Epistle to the Corinthians*. New York: Loizeaux Brothers, 1955

Johnson, S. Lewis. "First Corinthians," in *The Wycliffe Bible Commentary*. Chicago: Moody Press, 1962

Kelly, William. *Notes on the First Epistle to the Corinthians*. London: G. Mor rish, 1878

Luck, G. Coleman. *First Corinthians*. Chicago: Moody Press, 1958

Morgan, G. Campbell. The Corinthian Letters of Paul: An Exposition of I and II Corinthians. New York: Fleming H. Revell Company, 1946

Morris, Leon. *The First Epistle of Paul to the Corinthians*. Grand Rapids: Wm. B. Eerdmans Publishing Company, 1966

Robertson, Archibald and Alfred Plummer. A Critical and Exegetical Commentary on the First Epistle of St. Paul to the Corinthians. Edinburgh: T. & T. Clark, 1911

Vine, W. E. *First Corinthians*. London: Oliphants Ltd., 1951



एन.बी.सी.आई द्वारा उत्पादित
आशाको नयाँ किरण
आत्मिक रेडियो कार्यक्रम
भरतपुरको रेडियो त्रिवेणी १००.६
मेगाहर्जमा हरेक बिहीबार बेलुकी
७:१५ मा प्रसारण भइरहेको छ ।
अवश्य सुन्नुहोला ।
Gospel through the radio
आशाको
नयाँ किरण
NEW RAY OF HOPE

विलियम म्याक डोनाल्डका अरू किताबहरू यस प्रकारका छन्ः

**१) साँचो चेलापन**
**२) मामुली जीवनभन्दा उच्च जीवन**
**३) आफ्नो भविष्यको विषयमा सोच्नुहोस् !**
**४) प्रश्नमाथि प्रश्न - जवाफ कसले दिने ?**
**५) अब यो परमेश्वरको अचम्मको अनुग्रह**
**६) मेरो हृदय, मेरो जीवन र मेरो सबै थोक**
**७) त्यो बिर्सेको आज्ञाः पवित्र होओ !**
**८) मत्तीको सुसमाचारको टिप्पणी**
**९) मर्कूसको सुसमाचारको टिप्पणी**
**१०) यूहन्नाको सुसमाचारको टिप्पणी**
**११) प्रेरितको पुस्तकको टिप्पणी**
**१२) रोमीको पुस्तकको टिप्पणी**
**१३) गलातीको पुस्तकको टिप्पणी**
**१४) हिब्रूहरूको पुस्तकको टिप्पणी**
**१५) प्रकाशको पुस्तकको टिप्पणी**

यी किताबहरू तपाईंले निम्न ठेगानाबाट पाउन सक्नुहुन्छः

Maranatha Books and Stationaries
Chabahil Chowk
P.O. Kathmandu
Nepal
Phone No. 00977/9841275267 or 00977/14478738